# 101 Good Practices of Rural Municipalities

# गाउँपालिकाहरुका १०१ असल अभ्यास

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

National Association of Rural Municipalities in Nepal
(NARMIN)

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
कमलादी, काठमाडौं

# ‘गाउँपालिकाहरूका १०१ असल अभ्यास’ को संगालो

संकलक/प्रकाशक

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

गाउँपालिका राष्ट्रिय महासंघ, नेपालद्वारा प्रकाशित

# "गाउँपालिकाहरूका १०१ असल अभ्यास"


**पुनरावलोकनकर्ता तथा सल्लाहकार**

| | |
|---|---|
| **दिनेशकुमार थपलिया** | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| **होमनारायण श्रेष्ठ** | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल |
| **वंशलाल तामाङ** | महासचिव, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल |
| **विमल पोखरेल** | कार्यकारी निर्देशक, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल |

**संकलन तथा सम्पादक मण्डल**

| | |
|---|---|
| **तारानाथ दाहाल** | संयोजक |
| **दयासागर श्रेष्ठ** | सदस्य |
| **विमल नेपाल** | सदस्य |
| **रञ्जित तामाङ** | सदस्य |
| **वसन्त न्यौपाने** | सदस्य |

**सम्पादक**

**गोपीकृष्ण ढुंगाना,** सञ्चारकर्मी

**संयोजन**

**राजेन्द्र प्याकुरेल** — वरिष्ठ कार्यक्रम अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

**व्यवस्थापक**

**भुवनराम लोहार** — प्रशासन तथा वित्त अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

**असल अभ्यास संकलन सहयोग**

स्थानीय सरकार सबलीकरण
Australian Aid
The Asia Foundation

**प्रकाशन सहयोग**

जर्मन सहयोग
giz

**डिजाइन/मुद्रण** — जुगल प्रिन्टर्स, बागबजार, काठमाडौं

**प्रकाशित प्रति** — १२००


© सर्वाधिकार : गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल


**प्रकाशक**

**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल**

गणेशस्थान, कमलादी, काठमाडौं, नेपाल

फोन नं.: ०१-४२२९८४१, फ्याक्स: ४२४५८८९

इमेल: info@narmin.org.np, वेभसाइट: www.narmin.org.np

**मा. लालबाबु पण्डित**


मन्त्री

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार

सिंहदरवार, काठमाडौं

नेपाल



# शुभकामना

ufpkflnsf /fli6«o dxf;3 gkfnn] cfkmgf ;b:o ufpkflnsfx¿af6 ;Dkfbg eO/x]sf c;n sfo{nfO{ k|tlglwTj sfo{sf] ¿kdf ;d]6/ ©ufpkflnsfx¿sf !)! c;n cEof;Ë sf] ;+ufnf] k|sfzg ug{nfu]sf]hfgsf/L kfpFbf cTolws v'zL nfu]sf] 5 .

;3Lotf sfof{Gjog;Fu} ;DkGg ePsf tLgj6} txsf] lgjf{rgk"rft dh'sf ljsf; / ;d[4sf] gofFoudf k|j]z u/]sf] 5 . ©;d[4 gkfn ;'vL gkfnLË ;kgfnfO{ ;fsf/ kfg{ oltaf]hf tLgj6}txsf ;/sf/n]ljsf;sf ultljlwnfO{ tLa|tf lbO/x]sf 5g\. gful/ssf] ;ae}Gbf glhs ePsf] gftfn] :yfgLo ;/sf/ gful/ssf x/]s ;d:ofdf cGo txsf ;/sf/eGbf eGbf} a9L ;+j]bgzLn xg'kb{5 . ;lj+wfgn] klg gful/ssf] glhs /x]sf ;/sf/nfO{ ;fy}ladf]hdsf] clwsf/ k|bfg u/]sf] 5 . :yfgLo txsf]lgjf{rg ;DkGg ePsf]5f]6f] cjlwd}:yfgLo ;/sf/sf ultljlw k|e}tgLo /x]sf]kfPsf] 5' .

tLg txsf] ;3Lotfsf] cEof; xfdf| nflu gofF/ ljZjsf] cEof;df k|ys 5 . Psn] csf{af6 l;Sg] / l;sfpg] cEof;af6}\ ;3LotfnfO{ ;d[4 agfpg]dh'ssf] ljsf; ug{;S5f}+. Pp6f ufpkflnsfn] ;Dkfbg u/]sf cg'e/0fLo sfo{¿sf] cge'j cfbfgkbfgn] cGo :yfgLo ;/sf/nfO{ cg'z/0fofo]lo l;sfO xg';S5 . dxf;3sf]o; k|sfzgdf ;dfj]z !)! c;n cEof;sf] ;+ufnf]n] kSs}klg gjLgtd ;f]r /fVg] :yfgLo ;/sf/nfO{;Gbe{;fdfu| aGg]5 eGg] ljZjf; lnPsf] 5' .

:yfgLo txsf ;/sf/x¿sf] ;Dks{dGqfno ePsf] gftfn] klg ;3Lo dfldnf tyf ;fdfGo k|zf;g dGqfnon] :yfgLo ;/sf/x¿sf]ultljlw glhsaf6 lgofNg] cfjZos lg]bdf ;xhLs/0f ug[/ /fdf cEof;sf]k|rf/k|;f/ u/L k|f];flxt ug[sfo{ul//x]sf] 5 . ;3Lotf sfof{Gjogsf] ;?cftL r/0fdf /x]sf sf/0f klg :yfgLo ;/sf/x¿ k|efjsf/L k|0ffnL :yflkt ug[ gful/ssf]tfTsflns cfjZostf kl/kl't{ub}{lbuf]:yfgLo ljsf;sf]vfsf sf]]sfo{df cfkmhfO{s]Gb|t ug{5{. ufpkflnsfx¿nfO{o;}dfuf{df pTk|]/t ub}{cfjZos ;xhLs/0f ug[sfo{df ufpkflnsf /fli6«o dxf;3 gkfnn]dxTjk0f{;xhstf{sf]eldsf v]Ng]5 eGg]ljZjf; lnPsf] 5' .

k|tt't ;+ufnf]df ;dfj]z ul/Psf ufpkflnsfsf c;n cEof; ;du| :yfgLo ;/sf/dfq geO{k|b]z tyf ;3Lo ;/sf/nfO{ ;d]t :yfgLo cfjZostf cge'tt ug{ / k|yldstf lgwf{/0f ug[ ;Gbe{;fdfu| aGg]5g\. c;n cEof;x¿ sfof{Gjog ug[ufpkflnsfx¿, ;+sng tyf ;Dkfbg ug[6f]hLsf ;fy}k|sfzg tyf k|rf/k|;f/ ug[sfo{df ;+nUg ;a}nfO{xflb{s wGojfb JoQm ub}{dxf;3sf]o; k|sf/sf ultljlwsf]lg/Gt/tfsf] ;d]t ck]Iff ub{5' .

wGojfb

df= nfnafa' kl08t

dGqL

;3Lo dfldnf tyf ;fdfGo k|zf;g dGqfno

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००३०९ / ४२००२८१

पत्र संख्याः–

चलानी नं.:–

मिति: २०७५/१०/२७



## शुभकामना

नेपालका ४६० गाउँपालिकाहरुको छाता संगठन गाउँपालिका राष्ट्रिय महासंघ नेपालले देशभरीका गाउँपालिकाहरुले विगत १ वर्षमा सम्पादन गरेका उपलब्धीमूलक, अनुकरणीय, सिर्जनशील एवं नविनतम असल कार्यहरु संकलन गरी (१०१ असल अभ्यासहरु) पुस्तकको रुपमा प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ । यसरी संकलित र सम्पादित असल अभ्यासहरुको पाण्डुलिपि अध्ययन गर्दा मैले अधिकांश विषयहरुले स्थानीय समुदायको ईच्छा, चाहाना, आकांक्षा र अपेक्षाहरुलाई प्रतिविम्वित गरेको महसुस गरे । यस्तो लाग्यो नागरिकहरु सार्वभौम छन् । उनीहरु स्थानीय सरकार मार्फत आफ्ना सरोकारका विषयहरुको सम्बोधन होस् भन्ने चाहन्छन् । शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता र अपनत्व बलियो हुँदै गएको छ । स्थानीय सरकारबाट नागरिकको चासो, सरोकार र ईच्छा बमोजिमका कार्यहरु सम्पादन हुन थालेका छन् । यथार्थमा उत्तरदायी नागरिक सरकारको अभ्यास प्रारम्भ भएको छ र यसबाट शान्ति, विकास र समृद्धिको यात्रा सहज र सुगम बन्दैछ । स्थानीय तहहरु सस्तो लोकप्रियता र प्रचारमुखी कार्यमा भन्दा दिगो विकासको लक्ष्य हासिल गर्न उद्यत हुनु पर्छ भन्ने स्पष्ट संकेतहरु देखिन थालेका छन् र यसको चित्त बुझ्दो जवाफ अब स्थानीय तहका काम कारवाही र कृयाकलापबाट हुनेछ । समग्रमा सहभागितामूलक लोकतन्त्रको सार्थक अभ्यास गर्ने स्थानीय तहले नागरिकको विश्वास र भरोसा आर्जन गर्न थालेका छन, यो सुखद् पक्ष हो ।

हामीले रोजेको संघीय शासन प्रणाली र हामीले खोजेको स्थानीय तहको अधिकार र जिम्मेवारीले गाउँपालिकाहरुबाट जनताको नजिकको सरकारको भुमिका निर्वाह हुने हुँदा सोही अनुरुप स्थानीय आवश्यकताहरुको परिपूर्ति गर्न तत्काल पहलकदमी लिन सक्षम हुन्छन् गाउँपालिकाहरु । यसलाई तथ्यमा रुपान्तरण गर्न गाउँपालिका राष्ट्रिय महासंघले यो पुस्तिकाको प्रकाशन गरेर महत्वपूर्ण कार्यको थालनी गरेको छ । यो संकलनले स्थानीय तहहरुवीच सकारात्मक प्रतिस्पर्धाको अवसर सिर्जना गरेको तथा गाउँपालिकाहरु राजनीतिक, वित्तीय, प्रशासनिक, विकास व्यवस्थापन र सेवा प्रवाहको दृष्टिले सक्षम, प्रभावकारी, जनमुखी र जवाफदेही शासकीय इकाई भएकोले अबको समृद्धिको यात्रा स्थानीय तहबाटै प्रारम्भ हुन्छ र यसको नेतृत्व स्थानीय सरकारले गर्न सक्छ भन्ने विश्वास दिलाएको छ । केही स्थानीय तहमा भएका सामान्य कमजोरीलाई उछालेर स्थानीय सरकार प्रतिको धारणा बनाउनु भन्दा अधिकांश गाउँपालिकाहरुले प्रारम्भ गरेको असल र राम्रा कामहरुबाट स्थानीय सरकार प्रतिको दृष्टिकोणलाई बदल्नु उपयुक्त हुन्छ भन्ने कुरा पनि यस प्रकाशनले देखाएको छ । म सबै गाउँपालिकाहरुलाई सिकाई र अनुभवको आदान प्रदान गर्न, वितरणमुखी भन्दा उत्पादनमुखी, निर्वाहमुखी भन्दा दिगो परिणाममुखी कार्यक्रम मार्फत आर्थिक सामाजिक रुपान्तरणको खाका प्रस्तुत गर्न आग्रह गर्दछु ।

अन्तमा यस प्रकाशनमा संलग्न सबैलाई धन्यवाद दिदैं पुस्तिकामा समेटिएका विषयवस्तुले स्थानीय जनप्रतिनिधिहरुलाई राम्रो कार्यमा लाग्न उत्प्रेरित गर्ने र समग्रमा देशको उन्नति, प्रगति र समृद्धिमा योगदान गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

.................................

**दिनेश कुमार थपलिया**

सचिव

# भूमिका

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल देशभरका चार सय ६० गाउँपालिकाको साझा संगठन हो । सदस्य गाउँपालिकाबीच आपसी सञ्जालीकरण गर्ने, सदस्य गाउँपालिकाहरूको क्षमता अभिवृद्धि गर्ने, स्थानीय सरकारका अधिकारको क्षेत्रमा नीतिगत पैरवी गर्ने र असल अभ्यासहरूको अनुभव आदानप्रदान गर्ने यस महासंघका मुख्य कार्यक्षेत्र हुन् ।

स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएको डेढ वर्षभन्दा बढी र अन्तिम चरणको निर्वाचन भएको पनि एक वर्षभन्दा बढी भइसकेको छ । यसबीच गाउँपालिकाहरूले कानुनी तथा संस्थागत संरचना र जनशक्तिको अभावबीच पनि असल कामको सुरुआत गरेका छन् । निर्वाचन भएर शपथ लिँदै गर्दा बस्ने कार्यालयको समेत अभाव व्यहोरेका स्थानीय जनप्रतिनिधिले क्रमशः कार्यालय व्यवस्थापन, कानुन तर्जुमा, स्रोत साधनको व्यवस्थापन गर्दै आगामी कार्यकालको स्पष्ट मार्गचित्र कोर्न सफल भएका छन् ।

तर, अझै पनि संविधानतः कर्मचारी समायोजन नहुँदा कर्मचारीको अभावका कारण कार्यान्वयन पक्ष फितलो बनिरहेको छ । संविधानतः प्राप्त एकल अधिकारहरूको कार्यान्वयनमा समेत बाधा अड्चन आइरहेको छ भने साझा अधिकारको बाँडफाँट गर्ने कानुन तथा तीन तहका सरकारबीच समन्वय गर्ने संघीय कानुन हालसम्म पनि नबन्दा स्थानीय सरकारहरूले प्रभावकारीता बढाउन पाइरहेका छैनन् ।

उल्लेखित सीमा र अभावबीच पनि गाउँपालिकाहरूले विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन अधिकतम प्रयास गरिरहेका छन् । स्थानीय कानुन निर्माण, प्रभावकारी योजना तर्जुमा, आर्थिक, सामाजिक तथा पूर्वाधार योजनाको कार्यान्वयन, न्याय सम्पादन, सेवा प्रवाह, सुशासन तथा पारदर्शिता, राजश्व संकलन तथा बजेट निर्माण, सूचना प्रविधिको प्रयोग तथा अन्तरसरकार समन्वयको क्षेत्रमा गाउँपालिकाहरूले उल्लेख्य सुधारको सुरुआत गरेका अनेकौं दृष्टान्त देखिन्छन् ।

व्यक्ति वा संस्था कोही पनि आफैंमा पूर्ण हुँदैन । एक अर्काबीचको अनुभव तथा सिकाइको आदानप्रदानले अझै राम्रो गर्ने उत्प्रेरणा प्राप्त हुन्छ । अनुभव तथा सिकाइको आदानप्रदान कार्यले एउटा गाउँपालिकाले गरेका असल अभ्यास अन्य सबैको लागि अनुकरणयोग्य हुनसक्छ ।

असल अभ्यासको अनुभव आदानप्रदानको यही महत्वलाई मध्यनजर गर्दै गाउँपालिकाहरूले गरेका असल तथा अनुकरणीय कार्यहरूको संगालोको रूपमा "गाउँपालिकाहरूका १०१ असल अभ्यास" संकलन गरेका छौं । गाउँपालिकाहरूले सम्पादन गरेका कार्यमध्ये उत्कृष्ट १०१ वटा कार्य छनोट गरी यस पुस्तकमा प्रकाशन गरिएको छ । यस कार्य सम्पादनका लागि महासंघले उत्कृष्ट कार्यहरू संकलन, छनोट, सम्पादन तथा प्रकाशनसम्बन्धी कार्यविधि बनाई कार्य अगाडि बढाएको थियो ।

कार्यविधिअनुसार, गाउँपालिकाहरूबाट सम्पादन भएका उत्कृष्ट कार्यहरू संकलन, छनोट तथा सम्पादनका लागि स्थानीय विकास, पूर्वाधार विकास र लोकतन्त्रका विषयमा जानकार पत्रकारहरू सम्मिलित एक कार्यदल गठन गरिएको थियो । कार्यविधिबमोजिम असल कार्यहरूको संलग्न फारामअनुसार सूचना पठाउन सबै गाउँपालिकाहरूलाई पत्राचार, फोन सम्पर्क तथा व्यक्तिगत भेटघाटमार्फत सञ्चार गरिएको थियो ।

कार्यदलमा रहनुभएका सदस्यहरूलाई प्रदेशअनुसार सबै गाउँपालिकाहरूबाट असल अभ्यासको विवरण संकलन गर्न दिइएको जिम्मेवारीअनुसार पहिलो चरणमा २ सयभन्दा बढी अभ्यासहरूका विवरण संकलन भएका थिए । कतिपय कार्यहरू राम्रा हुँदाहुँदै पनि संकलन गरिएका अभ्यासहरूलाई १०१ को संख्यामा सीमित गराउनुपर्ने भएको कारण यहाँ अटाउन सकिएको छैन ।

एउटा गाउँपालिकाको एउटा मात्र राम्रो अभ्यासलाई समेट्ने, सकेसम्म सबै जिल्लालाई समेट्ने र कामको विषयगत क्षेत्रअनुसार सबै क्षेत्रलाई समावेश गर्ने कार्यविधिको व्यवस्थाअनुसार कतिपय गाउँपालिकाले गरेका दुई वा दुईभन्दा बढी असल अभ्यासलाई पनि एउटामा मात्र सीमित गर्नु हाम्रो बाध्यता हो । त्यसैगरी, कतिपय गाउँपालिकामा सूचना पठाउन गरिएको अथक प्रयासका बाबजुद पनि असल अभ्यासको विवरण प्राप्त हुन नसकेको तथा प्राप्त भएकामध्ये छनोट गर्दा १०१ भित्र पर्न नसकेको कारण सबै जिल्लाका असल अभ्यास यसमा समावेश हुन सकेन । समय, जनशक्ति र स्रोत साधनको सीमितताबीच सम्बन्धित गाउँपालिकामा गएर प्रत्यक्ष भेटघाटमार्फत असल कार्यको खोजी गर्न नसकेको कारण पनि कतिपय अझ राम्रा अभ्यासहरूलाई यहाँ समावेश गर्न सकिएको छैन ।

सम्बन्धित गाउँपालिकाबाट पठाइएका सूचनाहरू र यस कार्यमा संलग्न साथीहरूले सम्बन्धित गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूसँग गरिएको टेलिफोन तथा भेटघाटबाट प्राप्त सूचनालाई नै स्रोत मानी यो संगालो तयार पारिएको हो ।

प्रकाशित असल अभ्यासहरू सबै गाउँपालिकालाई अनुकरणीय छन् । एउटा गाउँपालिकाले गरेको एउटा राम्रो कामको प्रचारप्रसारले बाँकी गाउँपालिकालाई अनुशरण गर्न प्रेरित गर्नेछ । गाउँपालिकाहरूको समग्र विकास निर्माण र सेवा प्रवाहको गतिलाई प्रभावकारी बनाउनेछ भन्ने महासंघको विश्वासलाई यसले सार्थकता प्रदान गर्ने आशा गरेका छौं ।

असल अभ्यासहरूको सँगालो प्रकाशन गर्ने कार्य हाम्रो पहिलो अभ्यास भएको तथा स्रोत साधन र समयको सीमितताको बाबजुद प्रकाशन गरिएको यो सँगालोले भोलिका दिनमा यस्ता प्रकाशनहरूलाई सुधार गर्न प्रशस्त सिकाइ हुनेछ भन्ने विश्वास पनि लिएका छौं ।

प्रस्तुत कार्य अत्यन्त कठिन हुँदाहुँदै पनि समयमै मेहनतका साथ असल अभ्यासहरूको संकलन, छनोट, सम्पादन तथा प्रकाशन गर्ने कार्यको संयोजन गरिदिनु भएकोमा वरिष्ठ पत्रकार तारानाथ दाहालप्रति हार्दिक आभार व्यक्त गर्दछौं । उहाँको टोलीमा रहेर सक्रिय भूमिका निर्वाह गर्नु हुने सञ्चारकर्मीहरू गोपीकृष्ण ढुंगाना, दयासागर श्रेष्ठ, विमल नेपाल, रञ्जित तामाङ तथा वसन्त न्यौपानेका अमूल्य योगदानप्रति पनि हार्दिक आभारी छौँ ।

भाषा सम्पादनको भूमिका लिएर जिम्मेवारी पूरा गर्नु हुने गोपीकृष्ण ढुंगाना धन्यवादको पात्र हुनुहुन्छ । यस प्रकाशनका लागि आ-आफ्ना पहल र अभ्यासको जानकारी एवं तस्वीरहरू पठाइदिनुहुने सम्पूर्ण गाउँपालिकाका पदाधिकारीप्रति पनि महासंघ हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

हामीलाई थप उत्साह प्रदान गरी यस प्रकाशनमा शुभकामना मन्तव्य राखिदिनु भएकोमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री माननीय लालबाबु पण्डितप्रति हार्दिक आभार व्यक्त गर्दछौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेशकुमार थपलियाले यस कार्यको संक्षिप्त पुनरावलोकन गरी थप सुझाव प्रदान गरिदिनुभएको छ । उहाँप्रति पनि महासंघ हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

प्रस्तुत अवधारणालाई सहजै स्वीकार गरी असल अभ्यास संलकन तथा सम्पादन गर्न द एशिया फाउण्डेशन र प्रकाशन गर्न जर्मन आर्थिक सहयोग तथा विकास मन्त्रालयको आर्थिक सहयोग र CD-Mun मार्फत GiZ को सहयोग प्रति हार्दिक आभारी छौं । सदाझैं महासंघको गतिविधिमा सहयात्रीको रूपमा अपेक्षा राख्दछौं ।


महासंघले आगामी दिनमा यस प्रकारको अभ्यासको समीक्षा गरी स्थानीय सरकारहरूले सम्पादन गरेका अनुकरणीय कार्यहरूको विभिन्न माध्यमद्वारा प्रचारप्रसार गर्ने र एक अर्काको अनुभव र सिकाइ आदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिने नै छ ।

# प्रदेश १





| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| १. | इलाम, तेह्रथुम, पाँचथर | | अन्तरस्थानीय सरकार समन्वयमा "सन्दकपुर मोडल" | १ |
| २. | सुनसरी | कोशी | कोशी कटानमा गाईभैंसी सुन्दरी प्रतियोगिता ! | २ |
| ३. | झापा | कमल | महिला हिंसामुक्त बन्दै गाउँहरू | ३ |
| ४. | संखुवासभा | भोटखोला | अँध्यारो चिर्दै उज्यालोमा रम्दै | ४ |
| ५. | सोलुखुम्बु | नेचासल्यान | स्थानीय कानुन निर्माणमा अग्रणी | ५ |
| ६. | पाँचथर | कुम्मायक | काकाकुल स्थानीयलाई पानी पिलाउँदै जनप्रतिनिधि | ६ |
| ७. | तेह्रथुम | आठराई | पहाडी बस्तीमा खानेपानी दिलाउन डीप बोरिङ प्रोजेक्ट | ७ |
| ८. | धनकुटा | छथर जोरपाटी | वृद्धवृद्धालाई घरमै औषधोपचार | ८ |
| ९. | ओखलढुंगा | सुनकोशी | भत्तामा हुने अनियमितता निर्मुल बनाइँदै | ९ |
| १०. | खोटाङ | जन्तेढुंगा | पहिले बाटो न घाटो, अहिले बाटैबाटो | १० |
| ११. | भोजपुर | हतुवागढी | सबै सामुदायिक विद्यालयमा 'इ-लाइब्रेरी' | ११ |
| १२. | धनकुटा | चौबिसे | सुख र समृद्धिका लागि 'एक छाक एक मुट्ठी' अभियान | १२ |
| १३. | ताप्लेजुङ | याङवरक | सबै स्वास्थ्य केन्द्रमा ल्याब सुविधा | १३ |
| १४. | इलाम | रोङ | मौरी जोनमा परिणत हुँदै रोङ | १४ |
| १५. | मोरङ | ग्रामथान | एउटा पृथक अभियान 'दोस्रो छोरी बचाउ' | १५ |
| १६. | झापा | हल्दिवारी | हल्दीबारीको बाचा झापा भरी माछा | १६ |
| १७. | तेह्रथुम | फेदाप | एसियाकै गन्तव्य बन्दै ह्यात्रुङ झरना | १७ |
| १८. | सुनसरी | बर्जु | दीगो विकास लक्ष्यअनुसार प्रत्येक वडाको विकास | १८ |
| १९. | सोलुखुम्बु | थुलुङ दुधकोशी | विदेश बिर्साउने बस्ती | १९ |



साझा सरोकारका आयोजनाहरू निर्माणका लागि समन्वय समितिले 'साझेदारी विकास कोष' समेत स्थापना गर्ने निर्णय गरेको छ ।

# अन्तरस्थानीय सरकार समन्वयमा 'सन्दकपुर मोडल'

**इलाम, तेह्रथुम, पाँचथर**

इलाम जिल्लाको सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडासँग आपसमा जोडिएका स्थानीय तहबीच आपसी समन्वय गरी पर्यापर्यटनको प्रवर्द्धन, राष्ट्रिय रणनीतिक सडक मेची करिडोर र अन्य भौतिक विकास गर्न अन्तरस्थानीय सरकार समन्वय समिति गठन गरिएको छ ।

इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका मेची करिडोरअन्तर्गत पर्ने सन्दकपुर, माइजोगमाई, फालेलुङ, पाथिभारा याङवरक र सिदिङ्वा गाउँपालिकाहरू एकापसमा मिली साझा सवालहरूमा एकीकृत ढंगले लागि पर्ने प्रतिबद्धतासहित समिति गठन गरेको सन्दकपुर गाउँपालिकाका अध्यक्ष उदयबहादुर राईले जानकारी दिनुभयो ।

मंसिर ९ गते सन्दकपुर डाँडामा भएको पहिलो भेलाले उच्चपहाडी तथा पर्यटकीय सम्भावना भएका क्षेत्रहरूको एकीकृत विकास गर्न 'सन्दकपुर घोषणापत्र' जारी गरेको छ । घोषणापत्रमा कञ्चनजंगा बेसक्याम्प पदमार्ग निर्माणमा सहजीकरण गर्ने, खानेपानी, सडक तथा विद्युत् बिस्तार लगायतका साझा पूर्वाधार निर्माण संयुक्त रूपमा सञ्चालन गर्ने रहेका छन् ।

त्यसैगरी, चौरी संस्कृतिको उचित व्यवस्थापन गर्ने, पर्यटकीय आवास (होमस्टे) सञ्चालनका लागि उचित क्षेत्रहरू पहिचान गर्ने, मौलिक संस्कृति र मौलिक उत्पादनको प्रवर्द्धन गर्न संयुक्तरूपमा लागि पर्ने प्रतिवद्धता गरेका छन् । सन्दकपुर घोषणपत्रले रेड पाण्डा, जडीबुटी, पानीको मुहान, जलस्रोत तथा वातावरण संरक्षणमा समेत हातेमालो गरेर अघि बढ्ने जनाएको छ ।

सन्दकपुर घोषणापत्र जारी गरेलगत्तै पौष १ गते सन्दकपुरमै बसेको बैठकले फालेलुङ गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा 'सन्दकपुर अन्तरस्थानीय सरकार समन्वय समिति' गठन गरेको फालेलुङका अध्यक्ष एवं संयोजक सञ्चकुमार केरुङले जानकारी दिनुभयो । समितिमा ५ वटै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरू सदस्य रहने व्यवस्था गरिएको छ । त्यसैगरी, चौरी संस्कृतिको उचित व्यवस्थापनका लागि फालेलुङ गाउँपालिकाकी उपाध्यक्ष हिमा अधिकारीको संयोजकत्वमा अध्ययन टोली गठन गरेको छ ।

साझा सरोकारका आयोजनाहरू निर्माणका लागि समन्वय समितिले 'साझेदारी विकास कोष' समेत स्थापना गर्ने निर्णय गरेको छ । साझेदारी विकास कोष सञ्चालन कार्यविधिको मस्यौदा तयार गर्न सन्दकपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश राईको संयोजकत्वमा कार्यदल गठन गरेको छ । कार्यविधिलाई समन्वय समितिले स्वीकृत गर्नेछ र सबै गाउँपालिकाले आ-आफ्नो गाउँसभाबाट अनुमोदन परेपश्चात लागू हुनेछ ।

सन्दकपुर अन्तरस्थानीय सरकार समन्वय समितिको कार्य सञ्चालन प्रकृया पनि निश्चित गरिसकेको छ । समन्वय समितिको बैठक बस्नुअघि सबै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूको बैठकले एजेण्डाहरू तय गर्नेछ र समन्वय समितिमा पेश गर्नेछ ।

समन्वय समितिको संरक्षकमा संघीय सांसद बसन्तकुमार नेवाङ रहने व्यवस्था गरेको छ भने सल्लाहकारको रूपमा सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्यहरू र जिल्ला समन्वय समितिका प्रमुखहरूलाई तोकेको छ ।

संविधानको मर्म र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्थामा पनि दुई वा दुईभन्दा बढी स्थानीय सरकारले आपसमा समन्वय गरी संयुक्त गतिविधिहरू सञ्चालन गर्न सक्ने रहेको छ । स्थानीय सरकारबीच साझेदारी, समन्वय र साझा सवालमा सहकारीतासम्बन्धी सन्दकपुर मोडल देशका अन्य स्थानीय सरकारहरूलाई पनि अनुकरणीय बन्ने विश्वास लिइएको छ ।

चरीचरन क्षेत्र बालुवामा परिणत भएपछि के खाउँ के लाउँ बनेका कोशीवासीले बचेका गाईभैंसी पनि बेचे । सबैजसो घरका युवा रोजगारीका लागि विदेश पलायन भए ।



# कोशी कटानमा गाईभैंसी सुन्दरी प्रतियोगिता !

**कोशी गाउँपालिका, सुनसरी**

झट्ट सुन्दा अचम्म लाग्नसक्छ, गाउँपालिका अर्थात् स्थानीय सरकारले पनि सुन्दरी प्रतियोगिता गराउँछ भनेर । त्यो पनि मान्छेको होइन, गाईभैंसीको । तर यो 'सुन्दरी' शब्दभित्र गहिरो 'दुःख' जोडिएको छ ।

२०६५ भदौ २ गते आएको विशाल बाढीले सुनसरीका थुप्रै गाउँलाई बगरमा परिणत गरायो । गाउँलेका घरमात्र बगाएन, उठिबासै लगायो । एक किसिमले विशेषगरि युवामा 'डिप्रेसन' नै छायो । यसै पनि यो क्षेत्रमा खेतीपातीभन्दा बढी गाईभैंसी पालन गरिन्थ्यो ।

कोशी टप्पु वन्यजन्तु आरक्षणसँग जोडिएको ७५.९८ वर्गकिलोमिटर क्षेत्रफलको यो गाउँपालिकामा ४३ हजार सात सय जनसंख्या छ । कोशी नदीछेउको भूगोल भएकाले पनि स्थानीय विगतदेखि पशुपालनमा केन्द्रित छन् ।

चरीचरन क्षेत्र बालुवामा परिणत भएपछि के खाउँ के लाउँ बनेका कोशीवासीले बचेका गाईभैंसी पनि बेचे । सबैजसो घरका युवा रोजगारीका लागि विदेश पलायन भए ।

तर यही चुनौतीबीच तत्कालीन हरिपुर गाविसका पूर्वअध्यक्ष देवनारायण बहरखेर (यादव) ले भने भैंसीपालन थाल्नुभयो । एक टुक्रो जमिन पनि नबचेका उहाँले शून्यबाट सुरु गरेर पनि सबैको उदाहरणीय हुने काम गर्नुभयो ।

यो गाउँपालिका पूर्व-पश्चिम राजमार्गले पनि छोएको ठाउँ । बजारको सम्भावना पनि राम्रो भएपछि क्रमशः अरू पनि ताते । खेतीयोग्य जमिनबाहेक जहाँ चरिचरन बनाउन सकिन्छ त्यहाँका लागि अध्यक्ष ऐयुब अन्सारीले 'अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रम' ल्याउनुभयो ।

कार्यक्रमले चालु आर्थिक वर्षमा पाँच लाख खर्चिने गरी बालुवामा कस्तो घाँस (वनस्पती) उमार्ने, गाईभैंसी कसरी पालन गर्ने, पालनका विविध सीप र घाँसकुँडो के कसरी आदि विषयमा सहयोग गर्नेछ । 'गाउँगाउँमा वडाहरूबाट सीप सिकाउँदै सर्भेक्षण गर्ने, बिउ दिने आदि काम अघि बढाइसकेका छौं', अध्यक्ष अन्सारी भन्नुहुन्छ, 'वर्षभरिमा जसको गाई वा भैंसी उत्कृष्ट हुन्छ वा नमूनायोग्य हुन्छ, त्यसलाई पुरस्कृत गर्ने र त्यसबाट क्रमशः युवा जमातलाई यसतर्फ आकर्षित गर्ने सोच हो ।'

माघ महिनामा पहिलोपटक गाई र भैंसीको छुट्टाछुट्टै सुन्दरी प्रतियोगिता भएको छ । कृषि मेलाको अवसरमा प्रत्येक वर्ष गरिने प्रतियोगितामा प्रथम हुने कृषकलाई २५ हजार, दोस्रो हुनेलाई १५ हजार र तेस्रो हुनेलाई १० हजार दिइएको छ ।

प्रत्येक सहभागीलाई पनि ५ सयका दरले दिइने छ । गाईभैंसीलाई स्थान हेरी घाँस, चोकर आदि खानेकुरा पनि दिइन्छ । कोशी कटानहुँदा गाईभैंसी पालन विस्थापित भएकाले यस्तो प्रतियोगिता गरिएको अध्यक्षको भनाइ छ । पहिलो चोटी भएकाले दुई सय भैंसी प्रतियोगितामा सहभागी गराइएको थियो ।

कोशीले कटान गरेपछि वडा नम्बर ४ को राजमार्ग जोडिएको एउटा स्थानमा युवा लागूऔषध प्रयोगकर्ताको जमघट केन्द्र र कारोबार स्थल बन्यो । अहिले प्रदेश सरकार र कोशी गाउँपालिकाले हाइवेका लागि केन्द्रित गरेर रिफ्रेसमेन्ट सेन्टरमा रूपान्तरण गर्दैछ ।

'अहिले त्यो ठाउँ नाइट भिजनसहितको सिसी क्यामेराको निगरानीमा छ', नायवसुब्बा राजकिशोर मेहता भन्नुहुन्छ, 'कृषिमा आधारित रहेर आकर्षित पार्दै स्वरोजगार र आत्मनिर्भर बनाउन प्रतियोगिता थालिएको हो ।'



‘जनप्रतिनिधि भएकी छु, अब सबै खालका लैंगिक हिंसा रोक्ने काम स्थानीय सरकारले पाँच वर्षभित्र गर्नेछ’, कमल गाउँपालिकामा अध्यक्ष बनेकी काफ्ले भन्नुहुन्छ, ‘यस अवधिमा कमल गाउँपालिकालाई महिलाहिंसामुक्त बनाउने गरी काम थालेका छौं । महिलाले पनि गर्न सक्छन् भन्ने सन्देश मुलुकभर पुऱ्याउनु छ ।’

# महिला हिंसामुक्त हुँदै गाउँहरू

**कमल गाउँपालिका, झापा**

भाइकी छोरीलाई बलात्कार गरेको घटना पनि अब नौलो रहेन । तर अचम्म त यो छ की त्यस घटनामा बाबुछोरा दुवै संलग्न ! घटना सार्वजनिक भएपछि कमल गाउँपालिका-३ को यो परिवार अहिले घरमा ताल्चामात्र झुण्डिएको छ ।

बाबु-छोरा फरार छन् । बलात्कृतकी ठूलीआमा समाजमा बस्न सकिनन्, विरक्तिएर माइतीमा पुग्नुभएको छ । महिला आन्दोलनमै लागि परेकी मेनुका काफ्ले पनि यस्ता हिंसा थुप्रै देख्न, सुन्न र पचाउन बाध्य हुनुभयो । गाउँमै एक युवतीलाई ५/६ जना युवकले सामूहिक बलात्कार गरे । सामूहिक बलात्कारको मुद्दामा परेका उनीहरू पनि आजसम्म फरार छन् ।

‘जनप्रतिनिधि भएकी छु अब सबै खालका लैंगिक हिंसा रोक्ने काम स्थानीय सरकारले पाँच वर्षभित्र गर्नेछ’, कमल गाउँपालिकामा अध्यक्ष बनेकी काफ्ले भन्नुहुन्छ, ‘यस अवधिमा कमल गाउँपालिकालाई महिलाहिंसामुक्त बनाउने गरी काम थालेका छौं । महिलाले पनि गर्न सक्छन् भन्ने सन्देश मुलुकभर पुऱ्याउनु छ ।’ वर्ष दिन नाघेको छ, यसबीच पालिकाभित्र महिला यस्ता हिंसाप्रति सचेत हुन थालेका छन् । महिला हरेक हिंसाका कानुनी कुरा गर्न थालेका छन् । केहीलाई कठघरामा उभ्याएपछि हिंसाविरुद्धका बहस सुरु भएका छन् ।

बहुविवाह गर्ने, दाइजो नल्याएको निहुँमा बुहारीलाई कुटपिट गर्ने वा नजानिँदो ढंगले मानसिक यातना दिने, छोरा नजन्माएको भन्दै दबाब र मानसिक यातना दिने, जाँडरक्सी सेवन गरी घरमा झगडा गर्ने, विद्रोह नगर्ने भन्ने बुझेपछि पढेलेखेकै महिलालाई पनि विभिन्न बहानामा हिंसा गर्नेजस्ता थुप्रै काम गाउँमा हुन्थे । पालिका सन्थाल, धिमालजस्ता जनजातिको बाहुल्यता भएको गाउँ हो । ७ वटा वडा भएको १०४ वर्गकिलोमिटर क्षेत्रफलको गाउँपालिकामा करिब ५० हजार जनसंख्या छ । आधाभन्दा बढी संख्या महिलाको छ । ‘अहिले केही महिलामा ‘अन्याय भयो’ भनेर सहेर बस्नु हुँदैन भन्ने जागरुकता आइसकेको छ, छलफल हुन थालेको छ’, अध्यक्ष काफ्ले भन्नुहुन्छ, ‘आजसम्म महिला नेतृत्वमै आएका थिएनन्, स्थानीय सरकारको प्रमुख हुनुको नाताले पनि मैले विगतको परिवेशबाट मुक्ति दिलाउन महिलाहिंसामुक्त गाउँपालिका बनाउने निर्णय गाउँसभाबाटै गराएको छु ।’

हिंसामुक्त बनाउन चालु आर्थिक वर्षमा १५ लाख बजेट छुट्याइएको छ । महिलालाई सीपमूलक र आयआर्जनका काम गर्न तरकारी खेती, ड्राइभिङ, प्लम्बर, वाइरिङ, बाख्रापालन जस्ता कामको तालिम र प्रोत्साहन गर्ने काम भइरहेको छ । यी सबैका लागि गाउँपालिकामा महिला शाखा स्थापना गरिएको छ भने गाउँपालिका अन्तर्गत रहेको महिला विकास कार्यालयबाट पनि यी काम हुनेछन् ।

गाउँपालिकाका बैठकहरूमा हिंसाका विषयले प्रवेश पाउन थालेका छन् । वडामात्र होइन, टोल विकास संस्था बनाएर, आमा समूह बनाएर हिंसाविरुद्ध काम अघि बढाइएको छ । उनीहरूलाई प्रशिक्षण दिइएको छ । आवधिक योजना बनाइसकेको कमल गाउँपालिकाले साढे तीन वर्षभित्रमा कम्तिमा देखिने/महसुस हुने गरीको काम गरिरहेको अध्यक्ष काफ्लेको भनाइ छ ।

‘त्यसो त झापाका १५ गाउँपालिका र नगरपालिकाले एकजुट भई जिल्लालाई नै मदिरा निषेधित बनाउन प्रतिवद्धता जाहेर गरी काम अघि बढाइसकेको छ’, उहाँ थप्नुहुन्छ । जिल्लाव्यापी यो अभियान कमल गाउँपालिकाको विशेष प्रयासले ‘होस्टे’ मा ‘हैंसे’ हुनेछ ।




# अँध्यारो चिर्दै उज्यालोमा रम्दै

**भोटखोला गाउँपालिका, संखुवासभा**

हिजोसम्म सल्लोको दियालो, मालिंगोको सिटा वा मट्टितेल हालेर टुकी बाल्नुको विकल्प थिएन भोटखोलावासीको । समयसँगै फाट्टफुट्ट सोलार भित्रिन थाले । ब्याट्री भएकाले केहीको घरमा रेडियो भित्रिए तर बिजुली नभएकाले थिएनन् टेलिभिजन कहीँकतै । चार्जको अभावमा पछिसम्म मोबाइल फोनको प्रयोग पनि असंभवजस्तै थियो यो गाउँमा । राइसकुकरमा भात पकाएर खाने त धैरैको कल्पना पनि थिएन । अचम्म लाग्छ, दुई दसकपछि निर्वाचित जनप्रतिनिधिले 'अँध्यारोमुक्त भोटखोला' अभियान थालेपछि त भोटखोला गाउँपालिकाका थुप्रैले तातोपानीले समेत नुहाउन थालेका छन् ।

६३९ वर्गकिलोमिटर क्षेत्रफलमा पाँचवटा वडामा फैलिएको भोटखोलामा ६५७६ जनसंख्या छ । अध्यक्ष तेम्बा भोटे भन्नुहुन्छ, 'अहिले लगभग पूरै गाउँ झलमल्ल छ, टेलिभिजन हेर्नदेखि ल्यापटप, कम्प्युटर चलाउन अनि बिजुलीमै खाना पकाउनदेखि पानी तताएर नुहाउनसम्म सजिलो भएको छ ।' कतिसम्म भने ७५ किलोवाटको चेपुवा लघुजलविद्युत् माइक्रोहाइड्रोको सबै उत्पादन खपत हुँदैन । भोटखोला २ चेपुवामा १८७ मात्र घर छन् । केहीले सोलार बाले पनि सबै खपत भएन । 'खपत नभएरै बाटोमा समेत बालेका छौं', अध्यक्ष भोटे थप्नुहुन्छ । यो त जनप्रतिनिधि नआउँदैको कुरो भयो । आएपछि वडा नं. ३ मा १२५ किलोवाटको हुङमुङ लघुजलविद्युत् आयोजना बनिरहेको छ ।

चर्चित नाका किमाथाङ्का भोटखोला गाउँपालिका १ मा पर्छ । चीन सरकारले यहाँ विगतदेखि विद्यालय, गुम्बा आदि सार्वजनिक संस्थामा सोलार अनुदानस्वरूप वितरण गर्दियो । ९७ घरधुरी भएको किमाथाङ्का सीमा नजिक भएकाले सोलार प्रयोगमा अभ्यस्त छन् । वडा ४ को पाँच बस्तीमा प्रतिघर ५/६ हजार उठाएर जनश्रमदानमा पेल्ट्रीसेट सञ्चालनमा ल्याएको छ । दुर्गम क्षेत्र विकास समितिले ८१ लाख र पालिकाले करोड जति लगानी गरेर बिजुली पुऱ्याउने काम गरिरहेको तेम्बाको भनाइ छ ।

कर्मचारीको अभावमा दावा लामाले सबै पाँचै वडाको सचिवको भूमिका निभाउनु भएको छ । उहाँका अनुसार, वडा २ मा बनिरहेको ७५ किलोवाटको हिक्चुखोला लघुजलविद्युत् आयोजना अबको नौ महिनाभित्र सम्पन्न हुँदैछ । यसले ६६० घर अर्थात् तीनवटा गाउँलाई उज्यालो दिनेछ । दावा भन्नुहुन्छ, 'अब छरप्रष्ट त्यस्तै ५०-६० घरको व्यवस्थापन गर्न सके लगभग पूरै गाउँ अँध्यारोमुक्त हुनेछ ।' यसका लागि यही वर्षमा परिणाम आउने गरी १७ लाख खर्चिएर सोलारको काम अघि बढाइएको उहाँको भनाइ छ ।

डिसहोम जोडेर टेलिभिजन हेरेर देशविदेश बुझ्ने अवसर पाएका छन् । मोबाइलमार्फत् फेसबुकजस्ता सामाजिक सञ्जालमा जोडिएर विश्वलाई मुट्ठीमा राखेका छन् । भर्चुअल दुनियाँमा मख्ख छन् । विदेशिएका छोरा, श्रीमान् र टाढाका आफन्तसँग भिडियो हेर्दै गफिन र सूचना साट्न पाउँदा खुसी छन् । बासिन्दाको समग्र जीवनशैली नै गुणस्तरीय हुँदै भएको छ । दावा थप्नुहुन्छ, 'दुर्गम क्षेत्र भएकाले थुप्रै असुविधा र समस्या हुँदाहुँदै पनि एउटै बिजुलीले धेरै सुविधा दिएकोमा भोटखोलावासी रमाएका छन् ।'

**अचम्म लाग्छ, दुई दसकपछि निर्वाचित जनप्रतिनिधिले 'अँध्यारोमुक्त भोटखोला' अभियान थालेपछि भोटखोला गाउँपालिकाका थुप्रैले तातोपानीले समेत नुहाउन थालेका छन् ।**


नेचासल्यान गाउँपालिका
सोलुखुम्बु जिल्ला,
प्रदेश नं. १
नेपाल
स्थानीय सरकारबाट प्रकाशित

नेचासल्यान राजपत्र

**खासगरी नेतृत्व र जिम्मेवारीमा रहेका अध्यक्ष डुफकुमार बास्तोलालाई पहिलो गाँसमै ढुंगा लाग्यो ।**

# स्थानीय कानून निर्माणमा अग्रणी

**नेचासल्यान गाउँपालिका, सोलुखुम्बु**

नेचासल्यान गाउँपालिकाले शिक्षालाई विकासको प्राण ठान्यो र थाल्यो शिक्षाबाट सुधार गर्न । शिक्षाको विकासका लागि जे निर्णय गऱ्यो त्यसमा अधिकांश शिक्षक र अभिभावक सहमत भए । तर केही शिक्षकले विपक्षी दललाई गुहारेर विरोधमा उत्रिए, विद्यालयमा ताल्चा लगाउनेसम्मका हर्कत भए । खासगरि नेतृत्व र जिम्मेवारीमा रहेका अध्यक्ष डुफकुमार बास्तोलालाई पहिलो गाँसमै ढुंगा लाग्यो ।

तर यसले यति धैरै 'सजगता' दिलायो कि बास्तोलालाई लाग्यो, 'कुनै पनि काम गर्न सबै विषय र क्षेत्रमा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका बनाउनै पर्छ, त्यसैले पालिकाले हालसम्म ३४ वटा कानुन स्थानीय राजपत्रमै प्रकाशित गरिसकेको छ । संभवत यति छोटो समयमा यति धेरै ऐन बनाउने यो पहिलो गाउँपालिका हो । जसमा गाउँपालिका शिक्षा ऐन, गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, गैरसरकारी संस्था समन्वयसम्बन्धी ऐन, न्यायिक समितिले उजुरीको किनारा लगाउने ऐन, गाउँपालिका सहकारी ऐन, गाउँपालिका स्थानीय सेवा ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, सम्पत्ति कर व्यवस्थापन कार्यविधि बनेका छन् ।

यसैगरी, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, एफएम सञ्चालन कार्यविधि, पूर्वाधार व्यवस्थापनसम्बन्धी ऐन, नेचासल्यान गाउँपालिका पदाधिकारीको आचारसंहिता, नेचासल्यान गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, बालसमूह गठन तथा सहजीकरण निर्देशिका, घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रसम्बन्धी कार्यविधि, गाउँपालिका (कार्य विभाजन) नियमावली, गाउँपालिका (कार्य सम्पादन) नियमावली, नेचासल्यान गाउँ सभा सञ्चालन कार्यविधि, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, नेचासल्यान गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण नियमावली, गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यविधि छन् ।

विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, व्यवसाय कर संकलन निर्देशिका, स्काभेटरलगायत भारी उपकरण प्रयोगसम्बन्धी मापदण्ड, गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, गाउँ कार्यपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, स्थानीय उर्जा विकाससम्बन्धी निर्देशिका, गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, स्थानीय राजपत्रसम्बन्धी कार्यविधि, संस्था दर्ता ऐन र व्यावसायिक उद्यमीहरूका लागि अनुदान सहयोग निर्देशिका समेत गाउँपालिकाले बनाइसकेको छ ।

पालिकाको बजेट ३४ करोड छ । २७५५ घरधुरीमा १५ हजार पाँच सय २९ जनसंख्या छ । आफ्नै जनस्रोत (विज्ञ) परिचालन गरेर ऐनकानुन बनाएको पालिका अध्यक्ष बास्तोला बताउनुहुन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ आदिको नमूना कानुनको प्रयोग भएको छ । डिजाइन र कम्प्युटर आदिमा चार लाखबाहेक खर्च भएको छैन ।

'ऐनअघि कुन काम कसरी केका आधारमा गर्ने ? भोलि कुनै समस्या आए वा अदालत पुग्नु परे प्रमाण के ? केही थिएन', उहाँ भन्नुहुन्छ, 'अब गाउँपालिका सञ्चालनका लागि लगभग ऐनकानुन बनेका छन् । संभवत यति छिटो यतिका कानुन अरू गाउँपालिकाका लागि उदाहरणीय हुनसक्छ । बाँकी आवश्यकताअनुसार बनाउने छौं ।' नेचासल्यानले ३४ कानुनमध्ये शिक्षा, स्वास्थ्य, कृषि, विपत् जोखिम, पूर्वाधार व्यवस्थापन लगायतका ११ वटा कानुन पनि बनाइसकेको छ ।

‘पाँचथरका सबै स्थानीय तहले गाडी किने तर हामीले आफ्ना नागरिक प्यासले तड्पिरहँदा सवारीको सहजता छोडेर त्यो रकम ट्यांकर र ट्र्याक्टरमा खर्चियौं ।’




# काकाकुल स्थानीयलाई पानी पिलाउँदै जनप्रतिनिधि

**कुम्मायक गाउँपालिका, पाँचथर**

स्थानीय निर्वाचनताका उपाध्यक्षका लागि भोट माग्न कुम्मायक गाउँपालिकाको ढाडे पुग्नुभयो सीता आचार्य । उहाँको समूहले एउटा घरमा खाना खायो । जब गृहिणी गाग्रोमा पानी लिएर आइन् तब थाहा भयो भिसमिसे (जाँदा ओरालो आउँदा उकालो बाटो) गएकी उहाँलाई एक गाग्री पानीका लागि साढे ९ बजेसम्म लाग्यो । ‘मलाई त त्यो पानीले हात धुन पनि मन लागेन, कपडाले पुछेर हिँडौंजस्तो लागेको थियो । त्यतिका हामीलाई कसरी खाना खुवाए होला ?’, आचार्यले भन्नुभयो ।

‘तिहारको मुखमा ढाडेवासी आएर भने, हजुर हाम्रो त्यही एउटा मूल पनि सुक्यो । अब कसरी बाँच्ने ? भनेपछि मलाई झन् पीडा भएको थियो’, उपाध्यक्ष आचार्य भन्नुहुन्छ, ‘भोट माग्दा हामी सबै जनप्रतिनिधिले देखेभोगेको कुम्मायकवासीको पीडा भएकाले गाउँसभाको पहिलो निर्णय नै गाउँवासीलाई पानी खुवाउने गऱ्यौं ।’ कुम्मायकलाई नेपाल सरकारले नै ‘सुख्खाग्रस्त क्षेत्र’ घोषणा गरिसकेको छ । पाँचवटा वडामा विभाजित कुम्मायकमा १६८०० जनसंख्या छ । पानी नभएकै कारण तीन सय घरपरिवार बसाई सरिसकेको उहाँ बताउनुहुन्छ । यो क्रम जारी छ ।

तमोर नदी कुम्मायक भएर बग्छ । यसको विकल्प छोरुङ्गा खोलामात्र हो । कुनै कुनै वडामा फाट्टफुट्ट मूल छन् त्यो पनि बस्तीभन्दा पर । केन्द्र रहेको यासोक बजारमै दुई/तीन दिनमा पानी आउँछ त्यो पनि ६०/७० लिटरमात्र । खानपिउनमात्र होइन, नुवाउन पनि पानीको कुनै विकल्प छैन ।

सवारी हुनेले ट्र्याक्टरमा ट्यांकी राखेर पानी बेचे र प्रतिलिटर दुई/तीन रूपैयाँसम्म तिरेर जसोतसो प्यास मेटाउँछन् कुम्मायकवासी । सुख्खा ठाउँमा आम्दानी नै पो के हुन्छ ? अधिकांशको न पेशा न व्यापार व्यवसाय । महंगो पानी किनेर खान पनि समस्या । बसाई सर्नुको विकल्प पनि देखेनन् तीन सयले ।

‘पाँचथरका सबै स्थानीय तहले गाडी किने तर हामीले आफ्ना नागरिक प्यासले तड्पिरहँदा सवारीको सहजता छोडेर त्यो रकम ट्यांकर र ट्र्याक्टरमा खर्चियौं’, आचार्य भन्नुहुन्छ, ‘ट्र्याक्टरमा ट्यांकी राखेर वितरण गर्छौं, अरूबेला ट्र्याक्टरले अरू काम गर्न मिल्छ ।’ गाउँपालिकाले आफ्ना बासिन्दालाई प्रतिलिटर ६० पैसामा खानेपानीको सुविधा दिएको छ । केन्द्र यासोकबाट पौने घण्टासम्म धाएर ट्यांकर र ट्र्याक्टरले पानी भर्छन् र बढीमा दुई घण्टासम्म लगाएर पानी पुऱ्याउँछ पालिका । गाउँले बर्खाको बेला छाना आदिको पानी प्लाष्टिकको पोखरी वा ड्रमहरूमा जोहो गर्छन्, के गर्न कति नै पुग्छ र त्यसले ?

ढुवानी र सवारी मर्मतलाई पालिकाले सात लाख बजेट छुट्याएको छ । खानेपानी मन्त्रालयले यसअघि नै तमोरबाट उत्पादन गर्न ५२ करोडको लगानीमा प्रतिसेकेन्ड २० लिटर उत्पादन हुने गरी तमोर लिफ्ट नामको ठूलो परियोजना अघि बढाएको छ । रोकिँदै बढ्दै भए पनि ८० प्रतिशत काम सकिएको छ ।

‘तिहारको मुखमा ढाडेवासी आएर हजुर हाम्रो त्यही एउटा मूल पनि सुक्यो । अब कसरी बाँच्ने ? भनेपछि मलाई झन् पीडा भएको थियो ।’



आसपासका गाउँले अन्यत्रको बस्तीका लागि खानेपानी लैजान मुहान नदिने आमप्रवृत्ति भएजस्तै स्थानीय तेह्रथुमको यस पूर्वी गाउँमा पनि यही अवस्था विद्यमान थियो ।

# पहाडी बस्तीमा खानेपानी दिलाउन डीप बोरिङ

**आठराई गाउँपालिका, तेह्रथुम**

तेह्रथुम जिल्लाको सुदुरपूर्वमा रहेको प्रसिद्ध आठराई क्षेत्र समेटिएको यस गाउँपालिका नेपालका चर्चित राजनीतिज्ञहरूको उद्‌गम थलोका रूपमा चिनिन्छ ।

आदिवासी लिम्बू र ब्राम्हण समुदायको बाहुल्यता रहेको यस गाउँपालिका पूर्वमा ताप्लेजुङ र पाँचथर जिल्लासँग जोडिएको, तमोर नदी र यसका सहायक खोलाहरू बगेको भूभाग रहेता पनि पहाडका माथिल्ला बस्तीहरूमा खानेपानीका मुहानहरू सुक्दै जाने समस्याले आक्रान्त छ ।

स्थानीय निर्वाचनका समयमा दुर्गम गाउँबस्तीमा खानेपानी ल्याउने बाचा गरेसँगै निर्वाचित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूलाई खानेपानीका लागि दिगो स्रोतको व्यवस्थापन गर्ने चुनौती थियो ।

आसपासका गाउँले अन्यत्रको बस्तीका लागि खानेपानी लैजान मुहान नदिने आम प्रवृत्ति भएजस्तै स्थानीय तेह्रथुमको यस पूर्वी गाउँमा पनि यही अवस्था विद्यमान थियो ।

गाउँपालिकाका अध्यक्ष मानबहादुर लिम्बुका अनुसार विद्यमान समस्या समाधान गर्न वडा नं. १ को बुकीमा रहेका ७० घरधुरी र गाउँपालिका सदरमुकाम रहेको संक्रान्ति बजारलाई खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले बुकी क्षेत्रमा डीप बोरिङ परियोजना सुरु गरिएको थियो ।

पहाडको टुप्पामा यस्तो प्रविधिबाट खानेपानीको स्रोत प्राप्त हुनेमा स्वयं प्राविधिक र गाउँपालिका जनप्रतिनिधिमा पनि पूर्ण विश्वास थिएन तर पनि यो विकल्पको सफलतामा आशा चाँही थियो ।

यसका लागि गाउँपालिकाको ३० लाख बजेट, स्थानीयवासीको एक लाख लागत सहभागिता र विराटनगरस्थित भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजनले प्राविधिक सहयोग उपलब्ध गराएको थियो ।

यसप्रकार सबै पक्षको नियमित प्रयास र मेहनतबाट आठराई क्षेत्रको पहाडमा प्रतिघण्टा सात हजार लिटर क्षमताको मुहान प्राप्त भयो । खानेपानी संकट भोगिरहेका ग्रामीण बस्ती र बजारका बासिन्दाहरू लाभान्वित हुने भएका छन् ।

अध्यक्ष लिम्बूका अनुसार, यसका लागि चालू आर्थिक वर्षमा डीप बोरिङ गरिएको क्षेत्रमा रिजर्भवायर ट्यांक निर्माण गर्ने र वितरण प्रणाली सुधार गर्ने कार्यक्रम रहेको छ । खानेपानीको मुहान नभएका पहाडी इलाकामा पनि डिप बोरिङ प्रविधिबाट पानी निकाल्न सकिने रहेछ भन्नेमा प्रमाणित भएको छ ।

गाउँपालिकाका अन्य त्यस्ता क्षेत्रमा यो प्रविधिको प्रयोगबाट पानी निकाल्ने सोचमा गाउँपालिका रहेको अध्यक्ष लिम्बुले जानकारी दिनुभयो ।

"पहाडको टुप्पामा यस्तो प्रविधिबाट खाने पानीको स्रोत प्राप्त हुनेमा स्वयं प्राविधिक र गाउँपालिका जनप्रतिनिधिमा पूर्ण विश्वास थिएन तर पनि यो विकल्पको सफलतामा आशा चाहीँ थियो ।"



अहिले वृद्धवृद्धा र परिवारमा नियमित स्वास्थ्य परीक्षण र सही औषधिको सही ढंगले प्रयोग गरे बुढेसकालमा पनि स्वास्थ्य भएर बाँच्न सकिन्छ भन्ने बुझाइ बढेको छ । "

# वृद्धवृद्धालाई घरमै औषधोपचार

**छथर जोरपाटी गाउँपालिका, धनकुटा**

परेवादिन, हात्तीखर्क, ताङ्ख्वा, तेलीया, सिदुवा, जोरपाटी मिलेर बनेको छथर जोरपाटीका वृद्धवृद्धालाई रोगले सताए पनि खासै चिन्ता छैन । उनीहरूले न उपचारका लागि कुनै अस्पताल धाउनु परेको छ न औषधि किन्न खर्च नै गर्नु परेको छ । ६ वटा वडामा १०३ वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो गाउँपालिकामा करिब २० हजार जनसंख्या छ भने ७५ पुगेका तीन सयजति जेष्ठनागरिक छन् । उनीहरूको पूर्जी बनाएर व्यवस्थित स्वास्थ्य सेवासुविधा दिने गरिएको छ ।

जनप्रतिनिधिले स्थानीय सरकार सम्हालेपछि वृद्धवृद्धालाई सेवा, सुविधा दिने क्रममा यस्तो अवधारणा ल्याएका हुन् । यसका लागि सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा छजना एचए, चारजना नर्स र वडा सदस्यको टोली चार/चार महिनामा वृद्धवृद्धाको घर पुग्छ ।

वडाध्यक्ष र सदस्यले व्यवस्थापकीय पाटो हेर्छ भने स्वास्थ्यकर्मीले उपचार र औषधि । सन्तान र समाजलाई विगतमा दिएको योगदानको कदर स्थानीय सरकारले गरेकोमा वृद्धवृद्धा खुसी छन्, रोगले च्यापे पनि त्यसबाट मुक्ति पाउने सरल, सहज र सुविधा पाएर ।

लाग्छ, जनप्रतिनिधिको यो कर्मबाट उनीहरूले थप कामका लागि वृद्धवृद्धाबाट आशिर्वाद पाएका छन् । सुगर, प्रेसर, दम, यूरिक एसिडका साथै दीर्घ रोगको पनि उपचार र स्वास्थ्य परामर्श दिने काम भइरहेको छ छथरजोरपाटीमा ।

दम, ज्वरो, ग्याष्ट्रिक आदिले पीडित उनीहरूलाई उपचार र सल्लाहपछि नियमित औषधि सेवन, औषधिको मात्रा, खाने तरिका, समय सिकाइन्छ । 'कतिपयलाई परीक्षणका लागि स्वास्थ्य संस्था जानुपर्छ भन्ने पनि छैन, अब त्यस्तो सन्देश ग्रहण गरी जाने वातावरण पनि बनाएका छौं', अध्यक्ष शेरबहादुर लिम्बु भन्नुहुन्छ । उहाँका अनुसार, कतिपय परिवारमा 'बुढेसकालमा यस्तै हो, बुढाबुढी ऐन्या आथा गरिरहन्छन्' भनेको पनि पाइयो ।

स्वास्थ्य परीक्षणको चेतना नहुँदा रोग पालेर बस्ने चलन पाएको स्वास्थ्यकर्मीको अनुभव छ । भोट माग्न जाँदा जनप्रतिनिधिले यस्ता समस्या देखेपछि प्राथमिकतामा राखेको लिम्बुले जानकारी दिनुभयो ।

'जेष्ठनागरिकलाई के कार्यक्रम ल्याऔं ? भन्दा तीर्थयात्रा, खाजा, सम्मान, भत्ता धेरै कुरा आए तर नयाँ र उत्तम यही हुन्छ भनेर थालनी गरेका हौं', उहाँले थप्नुभयो ।

बिरामीहुँदा कुनै गाउँमा स्ट्रेचरमा हैरान व्यहोर्दै गाडीसम्म बोक्नुपर्ने अवस्थाले पनि यस्तो सोच आएको उहाँको भनाइ छ । अहिले वृद्धवृद्धा र परिवारमा नियमित स्वास्थ्य परीक्षण र सही औषधिको सही ढंगले प्रयोग गरे बुढेसकालमा पनि स्वास्थ्य भएर बाँच्न सकिन्छ भन्ने बुझाई बढेको छ ।

बुढापाकामा रोगलाई बेवास्ता गर्ने प्रवृत्तिमा सुधार आएको छ । धनकुटाका दुर्गम ठाउँमा कतिपय परिवारले औषधि, डाक्टर वा परीक्षण गर्ने मेसिनसमेत नदेखेको अध्यक्ष लिम्बुको भनाइ छ ।

'वृद्धवृद्धासँगै परिवारजनमा बुढेसकालमा राज्य (स्थानीय सरकार) ले वास्ता गर्न थाल्यो र म निको भएँ वा हुँदैछु भन्ने भाव देखिएको छ', अध्यक्ष लिम्बु भन्नुहुन्छ, 'परिवारबीच माया र सम्बन्धको विकास भएको छ, वृद्धवृद्धाप्रति हेर्ने र गर्नुपर्ने दायित्वमा परिवर्तन आउन थालेको पाएका छौं ।'



> ‘एक हजारले स्वास्थ्य नागरिक उत्पादन हुन्छ भने भोलि उसैले लाखौं, करोडौंको योगदान समाज र राष्ट्रलाई गर्नेछ’, उहाँ थप्नुहुन्छ, ‘सुत्केरी स्याहार भेटघाट कार्यक्रम लागू छ,

# भत्तामा हुने अनियमितता निर्मुल बनाइदैं

**सुनकोशी गाउँपालिका, ओखलढुंगा**

सामान्यतया जन्म दर्ता गरिन्छ तर मृत्यु दर्ता एकदमै न्यून । स्वाभावैले ढिलै भए पनि आफूलाई काम परेपछि जन्म दर्ता गरेको पाइन्छ तर मान्छे त मरिसक्यो दर्ताको झमेला कसले गर्ने ? राज्यप्रतिको दायित्व भुल्ने अवस्थाले सरकारसँग नागरिकको वास्तविक तथ्यांकसमेत छैन जसले गर्दा राष्ट्रिय नीति र योजनामा प्रभाव परिरहेकै छ । यसमा सजग बनेको छ, सुनकोशी गाउँपालिका ।

जन्मिँदा पनि भत्ता, मर्दा पनि भत्ता, जेष्ठनागरिकलाई पनि भत्ता अनि स्वयंसेविकालाई पनि भत्ता ! झट्ट सुन्दा अचम्म पनि लाग्छ र प्रश्न पनि उब्जन सक्छ, यस्तो किन ? यी सबै काम गरे पनि रकम वितरण नभएको बताउने सुनकोशीका अध्यक्ष रुद्रप्रसाद अधिकारीको तर्क जायज छ, ‘गाउँपालिकाभित्र कसैको निधन भयो, उसलाई कामकाजवापत पाँच हजार रूपैयाँ दिँदा र ाज्य त्यो परिवारप्रति जिम्मेवार पनि भयो, सँगै समवेदना पत्र दिँदा आत्मीयता कायम हुन्छ । त्यसै बखत मृत्यु दर्ता गर्ने काम कर्मचारीबाट हुन्छ ।’

दर्ता भएपछि तथ्यांक सही रहन्छ । मानौं, कुनै वडामा १० जनाको मृत्यु भए पनि दर्ता भएको छैन । एकले वृद्धभत्तावापत वर्षमा पाउने रकम २४ हजार । १० वडामा १० का दरले यस्तो अवस्था भयो भने दुई लाख ४० हजार । सरकारले पठाएको यस्ता रकम बीचैमा ब्वाम !

हो, थुप्रै यस्ता समाचार आएकै हुन् । ‘मृत्युको लगत देखिएपछि एक वर्षको एकैजनाको पनि २४ हजार जोगिन्छ भने एकमुष्ट पाँच हजार दिएर के बिग्रियो ?’, अध्यक्ष अधिकारी भन्नुहुन्छ, ‘जसले स्थानीय होस् वा संघीय, सरकारको बजेट त दुरूपयोग हुनबाट जोगियो नि । आखिर दुध कहाँ पोखियो ? भागमा । सानो लोभले वा कसले के भन्ला भन्ने डरले हामी धेरै ठाउँमा धेरैपटक चुकिसक्यौं ।’

बच्चा जन्मन्छ तर कुपोषण लाग्छ । उसलाई जीवनभर समस्या हुनसक्छ, परिवारले पनि उत्ति नै सास्ती खेप्नुपर्छ । यस्तो नागरिकबाट समाज र राज्यले के र कस्तो अपेक्षा गर्ने ? यसैले, जन्मिँदा हरेक बालबालिकाको परिवारले एक हजार पाउने व्यवस्था सुनकोशीले गरेको छ । किन त ?

‘एक हजारले स्वास्थ्य नागरिक उत्पादन हुन्छ भने भोलि उसैले लाखौं, करोडौंको योगदान समाज र राष्ट्रलाई गर्नेछ’, उहाँ थप्नुहुन्छ, ‘सुत्केरी स्याहार भेटघाट कार्यक्रम लागू छ, यसले गर्भावस्थामा नियमित चारपटक परीक्षण गराई बर्थिङ सेन्टरमा बच्चा जन्माए एक हजार दिन्छ, सुत्केरीलाई यातायातवापत एक हजार दिन्छ । गाउँपालिकाले कुनै पनि शिशु कुपोषणको शिकार नहोस् भनेर एक हजार थपिदिन्छ ।’

स्वास्थ्य सेवामा खटिने महिला स्वयंसेविकालाई थप जोशजाँगर बढाउन र जनस्वास्थ्यमा विशेष पहुँच र ख्याल होस् भनेर गाउँपालिकाले प्रोत्साहित गर्ने गरेको छ । पालिकाभित्र ७२ महिला स्वयंसेविका कार्यरत छन् । ‘गाउँपालिकाले सम्झियो भन्ने हुन्छ भनेर हो’, अधिकारी भन्नुहुन्छ, ‘यसले स्वयंसेविकाबाट बढी फाइदा पाउनेछन् भने दलित, अपांगता सबैलाई राज्यले गर्छ भन्ने महसुस हुन्छ ।’

> ‘मृत्युको लगत देखिएपछि एक वर्षको एकैजनाको पनि २४ हजार जोगिन्छ भने एकमुष्ट पाँच हजार दिएर के बिग्रियो ?’

'मान्छे बोक्न बोलेरो अनि समान ढुवानी गर्न ट्र्याक्टरको सुविधा भएको छ, अब दुई घण्टामै बेल्टार पुगिन्छ'



# पहिले बाटो न घाटो, अहिले बाटैबाटो

**जन्तेढुंगा गाउँपालिका, खोटाङ**

सबै समस्याको एउटै कारण, सडक । दुई चारवटा पनि सडक नहुँदा कति खड्किन्छ ? यसै भनिएको होइन, 'विकासको मुख्य आधार सडक ।'

सडक भएपछि बाँकी सबै खालका विकास क्रमशः जोडिएर आउँछन् । यस अर्थमा सुख, शान्ति र समृद्धि ल्याउने आधार पनि सडक नै । हिजोसम्म जन्तेढुंगावासीलाई सडकले छोएको बेल्टार (उदयपुर) पुग्न सात/आठ घण्टा पैदल हिंड्नै पर्थ्यो । दुधकोसीमा पुगेर नाउँ तरेर जानुपर्थ्यो । अहिले सडकको ट्र्याक खोलिएको छ भने नदीमा झोलुंगे पुल ।

'मान्छे बोक्न बोलेरो अनि समान ढुवानी गर्न ट्र्याक्टरको सुविधा भएको छ, अब दुई घण्टामै बेल्टार पुगिन्छ', अध्यक्ष शंखरबहादुर राई भन्नुहुन्छ, 'स्थानीय सरकारबाट सबै जनताले सुख र समृद्धि खोजेका छन्, यसको मुख्य आधार सडक देख्यौं र विकासको बाटो खोल्दैछौं ।' ४२ किलोमिटर सडक चार मिटर चौडा खन्न चार करोड खर्च लागेको उहाँको भनाइ छ ।

जन्तेढुंगाको केन्द्र चिसापानी । चिसापानीबाट बेल्टार जोडेर तराई पुग्ने बाटो खोलिएपछि पालिकावासी जनप्रतिनिधिको कामबाट खुसी छन् । भञ्ज्याङखर्क (भोजपुर र खोटाङको सीमाना) सम्म ३० किलोमिटर बाटो खोलिएको छ । 'अब सडकले तीन जिल्लालाई पनि जोडेको छ', उहाँ थप्नुहुन्छ, 'गाउँपालिकाभित्र सबै गरेर ७२ किलोमिटर सडक खोलेका छौं । चालु आर्थिक वर्षमा बजेट पुग्दैन तर कालोपत्रे गर्ने योजना पहिलो प्राथमिकतामा छ ।'

कालोपत्रे नगेर पनि यो बाटोमा अब बर्खा पनि गाडी हिंड्छ । विगतमा थपेर ६ वटै वडामा सडक पुर्‍याउने काम भएको उहाँको भनाइ छ । उहाँका अनुसार, केन्द्रबाट वडा नम्बर १ पुग्न ४० किलोमिटर, २ लाई ४०, ३ लाई १५, ४ लाई ३०, ५ लाई ३ र ६ लाई ३ किलोमिटर सडक आवश्यक पर्छ यसका लागि पालिकाले झन्डै डेढ करोड खर्चिएको छ । करिब २० हजार जनसंख्यालाई अब सडकले समृद्धिसँग जोडेको छ, सुख र सेवासुविधासँग जोडेको छ । उपचार नपाएर मर्नुपर्ने बाध्यता हट्दै गएको छ ।

विदेश पुगेका गाउँलेबाट एम्बुलेन्स दिन थालिएको छ । 'युके समाज खोटाङले चन्दा संकलन र आर्थिक सहयोग जोडेर चिसापानी प्राथमिक स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स दिएका छन्', उहाँले भन्नुभयो । बिरामी बोकाउँदा तिर्नुपर्ने ५/७ हजार रूपैयाँ बच्न थालेको छ । हिंडेर तराई पुग्दा लाग्ने सात/आठ दिन जोगिएका छन् । कुहिएर नाश हुने गाउँका उत्पादनले बजार र भाउ पाउन थालेका छन्, हिंड्ने बाटोसँगै आम्दानीको बाटो पनि खुलेको छ ।

प्रदेश १ सरकारले एक करोड ४० लाख दिएकाले केही सडक स्तरोन्नती गर्न पाउँदा बाह्रैमास गाडी हिंड्न पाएका छन् । 'जन्तेढुंगालाई तराई र तीनतिरका जिल्लासँग जोड्नुपर्छ भनेर प्रस्ताव ल्याएँ, सबैले समर्थन गर्नुभयो । परिणाम अहिले सबै बासिन्दा खुसी छन्', अध्यक्ष राई भन्नुहुन्छ । गाउँमा अहिले १५ बोलेरो र २० ट्र्याक्टर छन् ।

**स्थानीय सरकारबाट सबै जनताले सुख र समृद्धि खोजेका छन्, यसको मुख्य आधार सडक देख्यौं र विकासको बाटो खोल्दैछौं ।'**



'कुनै पनि अभिभावकले मेरो छोरा वा छोरी सामुदायिक विद्यालय पढेर कमजोर भयो भन्ने अवस्था नरहोस् भनेर पनि यस्तो योजना अघि सार्‍यौं ।'

# सबै सामुदायिक विद्यालयमा 'इ-लाइब्रेरी'

**हतुवागढी गाउँपालिका, भोजपुर**

हतुवागढी गाउँपालिकाभित्र ३८ वटा सामुदायिक विद्यालय छन् । केही बोर्डिङ स्कुल पनि छन् । विद्यालय हुँदैमा विद्यार्थीले आवश्यक सबै ज्ञान सिक्छन् ? पढ्न आए पनि पाठ्यक्रममा सीमित अध्यापनले तिनको कति व्यक्तित्व विकास होला ? कक्षाअनुसारका किताब र गाउँघरमात्र बुझेका विद्यार्थी नागरिक भएपछि समाज र देश विकासमा के कति र कसरी योगदान पुर्‍याउलान् ? यही सम्भावित सेरोफेरो बुझेपछि अध्यक्ष प्रेमकुमार राईले अघि बढाउनुभयो, सबै सामुदायिक विद्यालयमा इ-लाइब्रेरीको अवधारणा ।

'विद्यालयमा भएका पुस्तकालय पनि बिजोग अवस्थामा, तिनै पुराना र सीमित पुस्तक', अध्यक्ष राई भन्नुहुन्छ, 'कुनै पनि अभिभावकले मेरो छोरा वा छोरी सामुदायिक विद्यालय पढाएर कमजोर भयो भन्ने अवस्था नरहोस् भनेर पनि यस्तो योजना अघि सार्‍यौं ।' हालसम्म पालिकाभित्रका १५ विद्यालयमा इ-लाईब्रेरी स्थापना भइसकेको उहाँको भनाइ छ । गतवर्ष नौ र यस वर्ष ५ वटामा काम भयो भने आगामी आर्थिक वर्षभित्र सबै विद्यालयमा इ-लाईब्रेरी स्थापना भइसक्नेछ । आठ/१० विद्यालय रहेका ठाउँमा बिजुली नपुग्नु पनि यसको चुनौती हो ।

विद्यालयहरूमा पूर्वाधार तयार भएपछि नेपाल लाइब्रेरी फाउन्डेसन काठमाडौंसँगको सहकार्यमा गाउँपालिकाले सम्झौता गरी काम अघि बढाएको हो । एउटा विद्यालयमा कम्तिमा आठ/दस कम्प्युटर हुनुपर्छ । सुरु भएपछि अपडेट र मोनिटरिङ गर्ने काम गाउँपालिकाको हुन्छ । ३८ विद्यालयमा करिब चार हजार विद्यार्थी अध्ययनरत छन् । नौ वडामध्ये दुईवटामा माइक्रोहाइड्रो सञ्चालनमा आएका छन् । दुई वडामा बिजुली पुग्न बाँकी छ । पाँचवडा वडामा सोलार सिस्टम छ । नपुगेका ठाउँमा दातृसंस्थाको सहयोगमा पुर्‍याउने योजना पनि छ । केन्द्रीय लाइनमा हालै बिजुली जोडिएकाले अब बिस्तारमा सहज हुनेछ । 'चुनौती बिजुलीभन्दा पनि केही शिक्षक नै सूचनामैत्री नहुनु हो, विद्यार्थीलाई अभ्यस्त बनाउन पनि विविध वातावरण आवश्यक हुन्छ', उहाँले भन्नुभयो, 'सम्बन्धितलाई तालिमको व्यवस्था पनि गरेका छौं ।'

'गाउँले भाइ न्यूजील्याण्ड बस्ने र कुराकानीका क्रममा उहाँले नै म्याग्दीका विद्यालयमा इ-लाईब्रेरी बनाएको सुनाएपछि मैले निर्वाचित हुनुअघि पहल र प्रयास गरेको थिएँ तर संभव भएको थिएन', उहाँले भन्नुभयो, 'अब आफैंले थालेको काम सम्पन्न गर्नुपर्छ र नेतृत्व हुँदा नगरे कहिले गर्ने भन्ने चुनौतीले पनि काम हुँदैछ ।' पालिकाको आईटी अफिसरलाई फोकस पर्सनको जिम्मेवारी दिइएको छ ।

प्रविधिसँगै विश्वभरका सूचनासँग शिक्षक र विद्यार्थी अभ्यस्त हुँदै जाँदा उनीहरूको चौतर्फी विकास हुने भएकाले यस्तो कामलाई प्राथमिकता दिएको उहाँको भनाइ छ । 'तर लिनुपर्ने लाभ न विद्यार्थी न शिक्षक कसैले सकेका छैनन्', राईले थप्नुभयो, 'पुस्तकमात्रै बोक्ने र पढ्ने पुरानो ढाँचामा सुधार गर्दै बृहद र व्यापक ज्ञान लिएर विश्वव्यापी प्रतिस्पर्धामा उत्रने नागरिक बनाउने धोको पनि हो यो ।' इ-लाईब्रेरीसँगै दुर्गम र दुर्गमबासी विश्वसँग जोडिएको छ, यसले पनि शिक्षक, विद्यार्थी र अभिभावक उत्साहित छन् ।

**प्रविधिसँगै विश्वभरका सूचनासँग शिक्षक र विद्यार्थी अभ्यस्त हुँदै जाँदा उनीहरूको चौतर्फी विकास हुने भएकाले यस्तो कामलाई प्राथमिकता दिइएको हो ।**

श्रीमतीले रकम चलाएर तिर्न नसकेपछि उसलाई जगेर्ना गर्नुको सट्टा उल्टै उसैमाथि सौता हाल्ने काम पनि भएछन् ।



# सुख र समृद्धिका लागि 'एक छाक एक मुट्ठी' अभियान

**चौबिसे गाउँपालिका, धनकुटा**

धेरैलाई लाग्नसक्छ, एक मुट्ठी चामलले कति नै सुख देला ? समृद्धि कसरी होला ? यो त्यसरी नै सम्भव छ, जसरी थोपा थोपा मिलेर खोला, नदी र समुद्र बन्छ । भनिन्छ, नपत्याउने खोलाले बगाउँछ ।

चौबिसे गाउँपालिकाकी उपाध्यक्ष यज्ञकुमारी रुचालको यो सोच र कदमले सम्भावना देखाएको छ । आधारबिनै ठूलो सपना देख्नेहरू जहाँको तहीँ भएको पनि उदाहरण थुप्रै छन् । त्यसैले पनि रुचालले खासगरि विपन्न परिवारलाई सहकारीमार्फत् सुख र समृद्धि दिलाउने प्रयास गरेको हुनुपर्छ ।

केही वर्षअघि केही फाइनान्स गर्ने संस्था गाउँ पसे । 'यिनले त गाउँलेलाई धनी होइन, गरिब र कंगाल पो बनाउँदैरहेछन्', उपाध्यक्ष रुचाल भन्नुहुन्छ, 'ऋण खान चारजना साक्षी बस्नुपर्ने, एउटाले तिर्न नसकेपछि थप चारको पनि घर भाँडिने अवस्था भएको रैछ । न्यायिक समितिमा मुद्दा आएपछि पो थाहा पाएँ, आफ्ना नागरिक बसाई सराईदेखि आत्महत्या गर्नेसम्म पुगेका रैछन् ।'

उहाँका अनुसार, श्रीमतीले रकम चलाएर तिर्न नसकेपछि उसलाई जगेर्ना गर्नुको सट्टा उल्टै उसैमाथि सौता हाल्ने काम पनि भएछन् । फाइनान्सहरूले जनता उकास्नेभन्दा विकृति फैलाएपछि एक छाक एक मुट्ठी सुरु गरेको उहाँको भनाइ छ ।

'जुन महिलाले ऋण लिन्छिन्, तिर्न नसकेपछि उनलाई हेर्ने सामाजिक दृष्टिकोण फरक हुने । अन्ततः उनी परिवार छोडेर हिँड्नुपरेको घटना रहेछन्', रुचालको भनाइ छ । महिलाका निम्ति सहकारी अभियान सुरु भएको छ । चौबिसेको करिब २५ हजार जनसंख्यामा महिला झन्डै आधा छन् । चौबिसे महिला एकता केन्द्र बहुउद्देश्यीय सहकारी संस्थामा १९७ महिला आवद्ध भएका छन् । 'गरिब वा विपन्न जो सदस्य भएर जम्मा गर्न सक्दैनन् उनका लागि प्रत्येक छाक एक मुट्ठी चामल छुट्याउन लगाएका छौं यसले महिनामा दुई किलो भयो भने करिब डेढ सय रूपैयाँ जम्मा हुन्छ', उहाँ भन्नुहुन्छ, 'वर्ष दिनभित्र कम्तिमा एक हजार महिला सहभागी गराउने र अन्ततः एक घर एक महिला बनाउने छौं ।'

गरिबीले न यहाँका महिला स्वास्थ्य परीक्षण गर्छन् न स्वास्थ्य चेतना छन् । भरपेट खान नपाउने अवस्थाका महिलाले न शिक्षा न स्वास्थ्य केही पाउने सम्भावना छैन । भएकाको पनि अवस्था कमजोर छ । बहुउद्देश्यीय यो सहकारीले २५ जनाको समूह बनाउने र एकल व्यवसाय गराएर आम्दानी दिलाउनेछ । ठाउँ, अवस्था र सम्भावना हेरी कुनै समूहले बाख्रापालन त कसैले बंगुर अनि कसैले कुखुरापालन गराइनेछ ।

यसका लागि सहज दरमा ऋण दिने व्यवस्था हुनेछ । यी सबै कामका लागि पालिकाले १२ लाख रूपैयाँ छुट्याएको छ भने आगामी वर्ष पनि यही दरमा छुट्याउने छ । सदस्य भएका र तिनले काम थालेका ठाउँमा रोजगार र आम्दानी हुन थालेपछि गाउँले उत्साहित बनेको रुचालको भनाइ छ ।

> 'जुन महिलाले ऋण लिन्छिन्, तिर्न नसकेपछि उनलाई हेर्ने सामाजिक दृष्टिकोण फरक हुने । अन्ततः उनी परिवार छोडेर हिँड्नुपरेका घटना रहेछन् ।'



‘नागरिकको मुख्य समस्या पहिल्यै बुझेकाले निर्वाचनपछि अध्यक्षको जिम्मेवारी पाउने बित्तिकै यसलाई प्राथमिकतामा राखेर काम गर्दैछौं ।’

# सबै स्वास्थ्य केन्द्रमा ल्याब सुविधा

**याङवरक गाउँपालिका, ताप्लेजुङ**

ल्याब नहुँदा गाउँघरमा थुप्रै रोगको मार खेप्नुपर्‍यो आजसम्म । कर्मथलो सहर बनाउने गाउँघर फर्कदा सुगर र प्रेसर थाहा पाउन खोज्दा पनि नपाउने अवस्था । टाइफाइड भयो भने थाहा पाउने अवस्थासमेत नहुने । रगतको परीक्षण गर्नुपरे पनि कि जिल्ला सदरमुकाम वा अझै सुविधासम्पन्न ठाउँ दौडनुपर्ने बाध्यता ।

केशरकुमार सुब्बा यसअघि गाविस अध्यक्ष हुनुहुन्थ्यो । त्यही बेला अहेव भाइ देबेन्द्र स्वास्थ्य केन्द्रमा काम गर्थे । अस्पताल व्यवस्थापन समितिमा अध्यक्ष स्वतः पदेन अध्यक्ष हुने व्यवस्था थियो । त्यसैले ल्याब नहुँदा नागरिकले पाएका सास्तीबारे सुब्बा परिचित हुनुहुन्थ्यो । ‘नागरिकको मुख्य समस्या पहिल्यै बुझेकाले निर्वाचनपछि अध्यक्षको जिम्मेवारी पाउनेबित्तिकै यसलाई प्राथमिकतामा राखेर काम गर्दैछौं’, सुब्बा भन्नुहुन्छ, ‘सबै वडाका स्वास्थ्य केन्द्रमा ल्याबको व्यवस्था गर्दैछौं । यसका लागि क्रमशः काम गर्नुपर्ने हुनाले आवश्यक रकम छुट्याउँदै जानेछौं ।’

संघीय सरकारले १५ शैयाको अस्पताल बनाउन बजेट दिएको छ । भवन बन्दैछ । त्यसमा पनि ल्याबको व्यवस्था हुँदैछ । गाउँपालिकामा ६ वटा वडा छन् । ६ वटै स्वास्थ्य चौकी छन् । तर सबै केन्द्रको भवन छैनन्, भवन नहुँदा भाडाका कोठामा ल्याब बनाउन पालिकालाई चुनौती पनि छ । वडा नम्बर १ र २ मा केन्द्रको भवन छैन ।

एउटा स्तरीय र आधुनिक सामग्रीसहितको केन्द्रको भवन बनाउन २/३ करोड रूपैयाँ लाग्ने अध्यक्षको भनाइ छ । वडा नम्बर १ फेदम्बुमा एउटा ल्याब छ । त्यो पनि महिलाको भवनमा । यसमा आधारभूत परीक्षण हुन्छ । ‘सबै केन्द्रको ल्याबमा रगतको एलफटी प्रोफाइल, युरिन, क्रेटिनाइन, मृगौला, सुगर, टाइफाइड, दिसा, पिशाबजस्ता टेस्ट गर्न नागरिकले वडाभित्रै सुविधा पाउनुपर्छ’, राई भन्नुहुन्छ, ‘जेजतिमा काम भइरहेका छन्, बाँकी सबै केन्द्रमा पनि आगामी वर्षभित्र ल्याब टेस्टको सुविधा दिने गरि काम भइरहेको छ ।’ उहाँका अनुसार, एउटा ल्याबमा सात लाखजतिको उपकरण चाहिन्छ । कम्तिमा एउटा कोठा चाहिन्छ । हाल फेदम्बुबाहेक सदरमुकाम फुङलिङ बजारस्थित जिल्ला अस्पताल धाउनैपर्छ । कुनाकाप्चाबाट सदरमुकाम पुग्न बढीमा एक दिन लाग्छ ।

ल्याब सञ्चालन गर्न कोठा र उपकरणले मात्र पुग्दैन । दक्ष प्राविधिक जनशक्ति पनि चाहिन्छ । दुर्गम गाउँमा यो चुनौती रहेको अध्यक्षको भनाइ छ । ल्याबमा कम्तिमा दुईजना यस्तो जनशक्ति चाहिन्छ । ल्याब राख्ने काम थालेपछि खासगरि दुर्गमका बासिन्दाको अनुहारमा खुसी देखिएको उहाँको भनाइ छ ।

‘विकास भनेर धेरैले बाटो, पुल र भवनमात्र बुझेका छन् तर समग्र क्षेत्रको विकास नहुञ्जेल केही हुँदैन’, उहाँले भन्नुभयो, ‘एउटा योग्य नागरिक उत्पादन गर्न सबैभन्दा पहिले उसको स्वास्थ्य स्वस्थ्य हुनुपर्छ । त्यसैले स्वास्थ्यमा लगानी पहिलो प्राथमिकता भएको हो ।’

‘एउटा योग्य नागरिक उत्पादन गर्न सबैभन्दा पहिले उसको स्वास्थ्य स्वस्थ्य हुनुपर्छ । त्यसैले स्वास्थ्यमा लगानी पहिलो प्राथमिकता भएको हो ।’

रोङमा गरिबीको रेखामुनि रहेका बासिन्दालाई प्राथमिकता दिँदै मौरीपालन गराउने सोचले मौरी जोनको काम अघि बढाइएको हो ।



# मौरी जोनमा परिणत हुँदै रोङ

**रोङ गाउँपालिका, इलाम**

सुख र समृद्धि ल्याउन सडक खन्ने वा पूर्वाधार बनाउनेजस्ता विकासमात्रै पर्दैनन् । नागरिकको आम्दानी बढाउने र मन जित्ने जुन काम गरे पनि हुन्छ । पूर्वी नेपालको पहाडी जिल्ला इलामको रोङ गाउँपालिकाले मौरीपालनमा सम्भावना देखेर यसैलाई अघि बढाएको छ । जनप्रतिनिधिले रोङलाई जिल्लाको मात्र होइन, मुलुककै मौरी जोन बनाउने काम गरिरहेका छन् । यो मौरी स्रोत केन्द्रभन्दा ठूलो मात्रामा हुन्छ ।

गत वर्षदेखि प्राविधिक जनशक्ति राखेर काम थालेको रोङले कृषिअन्तर्गत मौरीका लागि ब्लक बनाएर काम गरिरहेको छ । चालु आर्थिक वर्षमा मात्रै २० लाख रूपैयाँ खर्चिदैछ । गाउँपालिका स्वयंले अनुदानमा प्राप्त करिब २५ रोपनी जग्गामा नमूना स्वरूप मौरीपालन गर्दैछ भने गाउँगाउँ घरघरमा पनि यो काम हुँदैछ । लघु उद्यम दर्ता गराएर मौरीपालनलाई व्यावसायिक रूपमै अघि बढाउने योजना गाउँपालिकाको छ । चारवटा वडामा मह काढ्नेसम्मका तालिम दिइसकेको अध्यक्ष शमशेर राईको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'अब सबै वडामा कार्यक्रम सुरु गर्दैछौं । मौरीपालनमा आइपर्ने समस्या के रोग कसरी लाग्छ ? उपचार कसरी गर्ने ? मौरीको आहारा, ठाउँ छोडेर जाने जस्ता सबै विषयमा जानकारी गराउँछौं ।'

पालिकाले वडामा एकजना किसान छनोट गरी उसकै नेतृत्वमा ३० जनाको समूह बनाउने छ । 'तालिम लिएका किसानलाई प्राविधिकले निरन्तर अनुगमन गर्नेछन्', अध्यक्ष राई भन्नुहुन्छ, 'अब एक किसानलाई कम्तिमा १० घारसम्म पाल्ने बनाउँछौं । प्रतिघारलाई ५० प्रतिशत छुट दिन्छौं ।' प्रतिघार चार हजार रूपैयाँ पर्छ । यसमा घार राख्ने स्ट्यान्ड पनि पाइन्छ । एउटा आधुनिक घारमा एक सिजनमा एकपटक काढ्दा पाँच किलोसम्म मह उत्पादन हुन्छ । तर पछिल्लो समयमा विषादीको प्रयोग समस्या निम्तिएको र त्यसको निदानबारे पनि जानकारी दिने व्यवस्था गाउँपालिकाले गरेको छ ।

राम्रो उत्पादन हुँदा एउटा घारबाट वर्षभरिमा सरदर २० किलो मह र १० घार भए दुई सय किलो मह हुन्छ । 'तर कुनै कुरामा कमी नहुँदा आठपटकसम्म काढ्न मिल्छ', राई थप्नुहुन्छ, 'प्रतिकिलो एक हजारदेखि १२ सयसम्म कमाइ हुँदा चार सय किलो बेच्न पाए एउटा किसानले वर्षमा यो अतिरिक्त कमाइ गर्नसक्छ ।' यसको सबैभन्दा राम्रो पक्ष हो, लगानी खासै पर्दैन । रोङमा गरिबीको रेखामुनि रहेका बासिन्दालाई प्राथमिकता दिँदै मौरीपालन गराउने सोचले पनि मौरी जोनको काम अघि बढाइएको हो ।

पालन सुरु गरेपछि किसान उत्साहित बनेको खासगरि सुकुम्बासीको मुहारमा खुसी बढेको छ । अबको पाँच वर्षभित्र गाउँपालिकाभरि मौरीपालन फैलाइसक्ने अध्यक्षको उद्घोष छ । 'सबै वडामा मौरीपालन गरेर मौरी स्रोत केन्द्रभन्दा बृहद् स्तरमा मौरी जोन बनाएर मुलुकमै नमूना प्रस्तुत गर्ने योजनाअनुरूप काम भइरहेको छ', अध्यक्ष राई भन्नुहुन्छ, 'पाँच वर्षसम्म बरु गाडी चढ्दैनौं तर विपन्नलाई निशुल्क पारिवारिक बिमासमेत गराएर सम्पन्नतातिर लैजान्छौं ।'

पालन सुरु गरेपछि किसान उत्साहित बनेको खासगरि सुकुम्बासीको मुहारमा खुसी बढेको छ ।



यसका लागि चालु आर्थिक वर्षमा गाउँपालिकाले सात लाख रूपैयाँ छुट्याएको छ भने आगामी वर्षहरूमा पनि आवश्यक रकम छुट्याउने अध्यक्षको प्रतिवद्धता छ ।

# एउटा पृथक अभियान 'दोस्रो छोरी बचाउ'

**ग्रामथान गाउँपालिका, मोरङ**

दोस्रो सन्तान छोरी भन्ने थाहा भयो कि मोरङ ग्रामथान गाउँपालिकाका बासिन्दालाई हुटहुटी भइहाल्छ । परीक्षण गर्दा थाहा पाएपछि गर्भ नै तुहाइदिने चलनले गाउँपालिकाले दोस्रो छोरी बचाउ अभियान सुरु गरेको हो । उनीहरू छोरा भएमात्र राख्छन् । 'छोरामात्र होइन छोरी पनि सन्तान हो' भन्ने भाव जगाउन यो अभियान चलाएको उपाध्यक्ष फूलकुमारी चौधरीको भनाइ छ । उनले गाउँसभाबाट पास गराएरै यस्तो काम अघि बढाएकी हुन् ।

यसरी गर्भ तुहाउँदा आमाको स्वास्थ्यसमेत जोखिममा पर्ने र छोरीलाई सामाजिक महत्व नदिने परिपाटीको विकास हुने भएपछि गाउँपालिकाले यस्तो काममा चासो देखाएको हो । 'छोरी मास्ने होइन, तिनको जगेर्ना गर्नुपर्छ, छोरीले पनि समाज र देशमा योगदान पुऱ्याउँछन् भन्ने सबैलाई बुझाउनु आवश्यक छ', उपाध्यक्ष चौधरीको भनाइ छ । पहिलो गर्भ छोरा होस् वा छोरी, ग्रामथानवासीलाई खासै सरोकार नहुने तर भिडियो एक्सरे गरेपछि दोस्रो सन्तान छोरी हुने बुझेपछि तुहाउने प्रवृत्तिले समस्या भएको अध्यक्ष शिवनारायण माझी थारु बताउँछन् । भन्छन्, 'दुई सन्तान ईश्वरका वरदान भन्ने मान्यतामा छौं, यसले परिवार सानो तर सुखी हुने भएकाले तेस्रो सन्तान के गर्छन् त्यो हाम्रो चासोको विषय बन्दैन ।' ग्रामथानका सातवटा वडामा ३५ हजार जनसंख्या छ भने करिब ९० प्रतिशत थारु समुदाय छ ।

यसअघि पनि छोरी बचाउने वा छोरीप्रति गरिने व्यवहारबारे चेतना फैलाउने काम भए । एनजीओ र संघसंस्थाले पहलकदमी चाले । सार्थक रूप नपाएपछि गाउँपालिका सरकारले नै यस्तो सामाजिक विकृतिविरुद्ध पहल गरेपछि नागरिक पनि सजग बनेका छन् । गाउँपालिकाले प्रत्येक दोस्रो सन्तान छोरीलाई जन्माए आमा (परिवार) लाई प्रोत्साहन स्वरूप तीन हजार एक सय पाँच रूपैयाँ प्रदान गर्ने निर्णय गाउँसभाबाटै गरेको हो ।

सोहीबमोजिम हालसम्म १७ परिवारलाई उक्त रकम प्रदान गरिसकिएको छ । यो रकम वडामार्फत् वितरण गर्ने व्यवस्था गरिएको छ । वडाबाट जाने टोलीले रकम वितरणसँगै जन्म दर्ता गरिदिन्छ । यसका लागि चालु आर्थिक वर्षमा गाउँपालिकाले सात लाख रूपैयाँ छुट्याएको छ भने आगामी वर्षहरूमा पनि आवश्यक रकम छुट्याउने अध्यक्षको प्रतिवद्धता छ । जनप्रतिनिधिले यसरी दिइने रकम सम्बन्धित परिवारले सम्बन्धित सन्तानको नाममा जम्मा गरिदेओस् भन्ने चाहेको अध्यक्षको भनाइ छ । बैंक खाता खोली उक्त रकममा प्रत्येक महिना कम्तिमा पाँच सयको दरले जम्मा गरिदिने हो भने छोरीको अध्ययनका लागि सहयोग पुग्ने उहाँको भनाइ छ ।

दोस्रो छोरी बचाउ अभियान सुरु भएपछि गाउँवासी खुसी भएको जनप्रतिनिधिको बुझाइ छ । छोरीलाई हेला गर्ने परम्पराको अन्त्य हुँदै थोरै भए पनि रकम पाएकोमा आमाबुबा खुसी छन् । 'सरकारले हामीलाई हेऱ्यो भन्ने सकारात्मक सन्देश एकातिर यसमा छ', अध्यक्ष भन्नुहुन्छ, 'अर्कोतिर छोरीलाई पनि छोरा समान हेर्नुपर्छ भन्ने बुबाहरूको दृष्टिकोण बनेको छ जुन सकारात्मक छ ।'

'छोरी मास्ने होइन, तिनको जगेर्ना गर्नुपर्छ, छोरीले पनि समाज र देशमा योगदान पुऱ्याउँछन् भन्ने सबैलाई बुझाउनु आवश्यक छ ।'

**अबको केही वर्षमा झापा र पूर्वी पहाडका जिल्लाहरूमा आवश्यक पर्ने माछा हल्दीवारीले आपूर्ती गर्ने सोचका साथ गाउँपालिका लागि परेको छ।**



# हल्दिवारीको बाचा झापा भरी माछा

**हल्दीबारी गाउँपालिका, झापा**

झापाको हल्दिबारी गाउँपालिकाले समृद्धिको मुख्य आधारको रूपमा कृषिलाई बनाएको छ। दोस्रो गाउँसभाद्धारा गाउँपालिकाको दीर्घकालीन सोचको रूपमा "हल्दीबारीको दृष्टि - कृषि र पर्यटनमार्फत समृद्धि" निर्धारण गरेको छ ।

कृषि क्षेत्रमा पनि माछाको व्यावसायिक उत्पादनमा गाउँपालिकाले जोड दिएको छ । "माछाको उत्पादन व्यवसायलाई प्रोत्साहित गर्दै गाउँपालिकाले हल्दीबारीका बाचा झापाभरी माछा भन्ने नारा नै तय गरेका छौं", गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देनले भन्नुभयो ।

"माछा उत्पादनलाई प्रोत्साहन गर्न ६० लाख रकम विनियोजन गरेका छौं, हल्दीबारीको वाचा झापाभरी माछा सञ्चालन कार्यविधि २०७५ जारी गरेका छौं", अध्यक्षको भनाइ छ । अबको केही वर्षमा झापा र पूर्वी पहाडी जिल्लामा आवश्यक पर्ने माछा हल्दीबारीले आपूर्ति गर्ने सोचका साथ गाउँपालिका लागि परेको छ ।

स्वीकृत बजेट र कार्यविधिअनुसार पुराना माछापालक कृषकहरूलाई माछा पालन प्रोत्साहनका लागि आवश्यक पर्ने सामाग्रीहरू (महाजाल, एरिएटर, पिएच मिटरलगायत) मा ५० प्रतिशत अनुदान दिने नीति लिएको छ । यसको लागि गाउँपालिकाले १७ जना कृषक परिवारका लागि १० लाख रकम अनुदान उपलब्ध गरेको छ ।

त्यसैगरी, नयाँ माछा पोखरी निर्माणका लागि ४२ कृषक परिवारबाट तीन सय ४८ कठ्ठामा पोखरी निर्माणमा सहयोग माग भएकोमा दुई सय ९७ कठ्ठामा पोखरी खन्न ३० लाख रकम अनुदान उपलब्ध गराएको छ ।

गाउँपालिकाको कार्यविधि अनुसार कम्तिमा तीन कठ्ठादेखि बढीमा १० कठ्ठासम्म माछा पोखरी निर्माण गर्ने कृषकहरूलाई प्रतिकठ्ठा १० हजार अनुदान दिइरहेको छ । हाल हल्दीवारी गाउँपालिकाभर सातवटा पोखरीमा कृषकहरूले माछा पालिरहेका छन् ।


गाउँपालिकाले निर्धारण गरेको कार्ययोजनाअनुसार माछा पालन व्यवसाय बिस्तार हुन सकेमा अबको ३ वर्षमा झापा जिल्लालगायत पूर्वी पहाडलाई पुग्ने माछा उत्पादन हुने अनुमान रहेको अध्यक्ष लिङदेनले जानकारी दिनुभयो ।

कृषि क्षेत्र अन्तर्गत पशुपालन तथा कृषिलाई प्रोत्साहन गर्न हल्दीबारीले किसानको खुशी पशुपालन र कृषि कार्यक्रम सञ्चालन कार्यविधि २०७५ पनि जारी गरेको छ ।

सिँचाइका लागि आवश्यक पर्ने मोटर खरिदमा ५० प्रतिशत अनुदान दिने प्रबन्ध मिलाएको छ जसको लागि ५० लाख वजेट विनियोजन गरेको जहाँ जहाँ कृषकले ५० लाख लगानी गर्नुपर्नेछ ।

हालसम्म एक सय ७५ वटा मोटरको लागि अनुदान उपलब्ध गराइसकेको छ भने प्रदेश सरकारले पनि ५ लाख ४० शशर्त अनुदान उपलब्ध गराएको छ ।

**गाउँपालिकाले कार्यविधि अनुसार कम्तिमा ३ कठ्ठा देखि बढीमा १० कठ्ठासम्म माछा पोखरी निर्माण गर्ने कृषकहरूलाई प्रति कठ्ठा १० हजार अनुदान दिईरहेको छ। हाल हल्दीवारी गाउँपालिकाभर सात वटा पोखरीमा कृषकहरूले माछा पालिरहेका छन्।**



> डीपीआरको काम अघि बढाएसँगै ह्यात्रुङ नेपालीका लागि गर्वको विषय बन्ने संभावना बढेको छ । 'ह्यात्रुङ फेदाप, तेह्रथुम र प्रदेश १ को मात्र होइन, पूरै नेपालले गर्व गर्ने विषय हो ।'

# एसियाकै गन्तव्य बन्दै ह्यात्रुङ झरना

**फेदाप गाउँपालिका, तेह्रथुम**

भनिन्छ, कस्तुरीले आफ्नै सुगन्ध थाहा नपाउने लोकोक्ति तेह्रथुमका लागि सिद्ध बनेको देखिन्छ । फेदाप गाउँपालिकामा पर्ने एसियाकै अग्लो झरना ह्यात्रुङ पाएर पनि सुगन्ध गुमाइरहेको छ ।

सन्दु र इसिबुको बीचमा पर्ने ३६५ मिटर अग्लो यो झरना भौतिक पूर्वाधार विकास र प्रचारप्रसारको अभावमा वर्षौंदेखि ओझेलमै छ । अन्य देशमा सामान्य झरनालाई पूर्वाधारमा बजेट खन्याएर भव्य बनाई वर्षेनी लाखौं पर्यटक तान्ने र करोडौं कमाउने गरेका उदाहरण हेर्ने हो भने फेदाप यहाँ कस्तुरी बनेर बासना खोजिरहेको छ भन्दा कुनै अत्युक्ति नहोला । झरना पुग्ने सडक भौगोलिक विकटताका कारण तत्काल सहज छैन । रमितेडाँडामुनिको आँपको रुखछेउबाट झरना झरेको छ । गाउँपालिकाले माथिबाट झर्ने पानी छरिएकाले गतवर्ष शिरबाट एकत्रित गरेर झार्ने व्यवस्था मिलाएको छ । यसले झरनाको सौन्दर्य बढेको छ ।

गाउँ विकास समिति हुँदादेखि नै गाविसको सहकार्यमा स्थानीयले पनि झरनाको समग्र विकासमा चासो दिएका थिए । ह्यात्रुङ झरना एकता समाज दर्ता गरी २०७० सालदेखि पर्यटन विकास कार्यालय झापाबाट वार्षिक पाँचदेखि १० लाखको बजेट खर्च गर्दै आएको सचिव ईश्वर खत्री बताउनुहुन्छ । सन्दुदेखि झरनाको पाथीडाँडासम्म चार किलोमिटर र इसिबुको छातेढुंगादेखि तीनडाँडासम्म डेढ किलोमिटर सडक चार मिटर चौडाको बनाएपछि झरना पुग्न अब सहज भएको उहाँको भनाइ छ ।

यसअघि सदरमुकाम म्याङलुङ बजारबाट एक दिन पैदल हिँड्नुपर्थ्यो । फेदाप गाउँपालिकाका अध्यक्ष हरिप्रसाद चोङवाङ लिम्बुले यो वर्ष गाउँपालिकाले ३० लाख र प्रदेशले २८ लाख ह्यात्रुङ झरनाको विकासका लागि छुट्याइएको बताउनुहुन्छ । 'छरिएको पानी एकत्रित गरेपछि झरनाको आकर्षणमात्र बढेको छैन, बाह्रैमास पानी झर्नेसमेत भएको छ यसले पर्यटकलाई सधैं आकर्षित गर्नेछ', अध्यक्ष लिम्बू भन्नुहुन्छ, 'मुहानको संरक्षण र व्यवस्थित गरेका छौं ।

झरना झर्ने ठाउँमा समितिमार्फत् १५ देखि २० मिटर लम्बाई र ७ देखि १० मिटर चौडाईको पोखरी बन्दैछ । जहाँ पर्यटक झरना जानुअघि कपडा फेर्ने ठाउँ साथै शौचालय बनाइँदैछ । फन पार्कको अवधारणा पनि गाउँपालिकाले अघि बढाएको छ । अग्लो झरना भएकाले तस्विर खिच्न ट्रसको पुल बनाइएको छ भने रेलिङसहितको पदमार्ग पनि बनाइएको छ । प्राकृतिक रूपमा झरेको यो झरनामा प्रत्येक दिन सप्तरंगी इन्द्रेणीको दृष्य देख्न सकिने स्थानीयवासीको भनाइ छ ।

झरना एसियाकै सम्पत्ति बनेको छ । संघीयतामा प्रवेश गरेको मुलुकको यो १ नम्बर प्रदेशमा पर्छ । प्रदेश सरकारले पनि यसमा चासो लिएको छ । डीपीआरको काम अघि बढाएसँगै ह्यात्रुङ नेपालीको लागि गर्वको विषय बन्ने संभावना बढेको छ । 'ह्यात्रुङ फेदाप, तेह्रथुम र प्रदेश १ कोमात्र होइन, पूरै नेपालले गर्व गर्ने विषय हो', अध्यक्ष लिम्बु भन्नुहुन्छ, 'गाउँपालिकाले गति लिएसँगै अब यो झरनाको पूर्वाधार विकास र प्रचारप्रसारमार्फत् दक्षिण एसियाकै पर्यटकीय गन्तव्य बनाउँदैछौं ।'

> 'गाउँपालिकाले गति लिएसँगै अब यो झरनाको पूर्वाधार विकास र प्रचारप्रसारमार्फत् दक्षिण एसियाकै पर्यटकीय गन्तव्य बनाउँदैछौं ।'

शिक्षा, स्वास्थ्य, शासन, समानता र विभेद, वातावरणीय स्थिरता, खाद्य तथा पोषण, रोजगार, गरिबी तथा सामाजिक मुद्दा, भौतिक संरचना/पूर्वाधार र द्धन्द्ध गरी १० मुद्दालाई वडाको समग्र विकासमा समेटेर योजना बनाएर गत वर्षदेखि नै काम थालेका छौं।'




# सहस्राब्दी विकास लक्ष्यअनुसार प्रत्येक वडाको विकास

**बर्जु गाउँपालिका, सुनसरी**

सन् २००० मा संयुक्त राष्ट्रसंघीय सम्मेलनले घोषणामार्फत् सहस्राब्दी विकास लक्ष्य हाँसिल गर्ने जनाएको थियो। जसमा १४७ देशका सरकारप्रमुख सहित १८९ देशका प्रतिनिधिले हस्ताक्षर गरेको यो लक्ष्य सन् २०३० भित्र प्राप्त हुने जनाइएको छ।

गरिबी निवारणदेखि दिगो मानव विकाससँगै समग्र विकास यसभित्र हुनेछ। सदस्य राष्ट्रका हिसाबले नेपालले पनि यस्तै १७ किसिमका दिगो विकास लक्ष्यहरू (एसडीजीज) पूरा गर्नेछ। संघीयतामा गएको नेपालमा अहिले स्थानीय सरकारको संख्या पनि ७५३ छ।

तिनैमध्येको एक सुनसरी जिल्लाको बर्जु गाउँपालिकाले सबै वडाको विकास एसडीजीजअनुसार गर्ने भएको छ। १७ लक्ष्यका लागि १६९ सूचक बनाइएका छन्। 'सन् २०१५ पछि कार्यसूचीका लागि सम्बोधन गर्न शिक्षा, स्वास्थ्य, शासन, समानता र विभेद, वातावरणीय स्थिरता, खाद्य तथा पोषण, रोजगार, गरिबी तथा सामाजिक मुद्दा, भौतिक संरचना/पूर्वाधार र द्वन्द्ध गरी १० मुद्दालाई वडाको समग्र विकासमा समेटेर योजना बनाएर गत वर्षदेखि नै काम थालेका छौं', प्रमुख प्रशासकीय अधिकृत रामचरित्र मेहेता भन्नुहुन्छ। 'कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार' भन्ने मूलनाराले सहस्राब्दी विकास लक्ष्य भेट्ने संकेत गरेको छ।

बर्जुले ३० मिनेटभित्रै स्वास्थ्य, शिक्षा लगायतका आधारभूत सुविधा लिन सक्ने गरी काम अघि बढाएको छ। चालु आर्थिक वर्षमै क्लीन इनर्जीका लागि सोलारको व्यवस्था गर्दैछ भने वातावरणको क्षेत्र स्वच्छ र हराभरा पार्ने साथै लैंगिक हिंसा नहुने अवस्था पनि सिर्जना गर्दैछ।

'सबै वडाको समग्र विकासका लागि गतवर्ष १० लाख बजेट छुट्याएका थियौं, चालु आवमा दोब्बर बनाएर काम गरिरहेका छौं', अधिकृत मेहेता थप्छन्, 'गाउँपालिकाको कूल वार्षिक बजेट ३३ करोड छ जसमा समग्र विकास बजेट १३ करोड छुट्याएका छौं।' आर्थिक र सामाजिक विकासमा बढी केन्द्रित भएको उहाँको भनाइ छ।

गाउँपालिकाका अध्यक्ष रघुनन्दन चौधरीले सरकारले पनि विश्वव्यापी अवधारणा अनुसार नै सन् २०३० को लक्ष्य राखेकोमा पालिकाले पनि त्यही ढाँचा अपनाएको बताउनुभयो। गरिबीको अन्त्य, शून्य भोकमरी, आरोग्यता तथा कल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, सफा पानी तथा सरसफाई, खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा, मर्यादित काम तथा आर्थिक वृद्धि, उद्योग, नवीन खोज र पूर्वाधार, न्यून असमानता, दिगो सहर र समुदायहरू, जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन, जलवायुसम्बन्धी कारबाही, जलमुनिको जीवन, जमिनमाथिको जीवन, शान्ति, न्याय र सशक्त संस्थाहरू र यी लक्ष्यका लागि साझेदारी गरी १७ वटा लक्ष्य भए पनि एक/दुई बुँदा नेपालका लागि अनुकूल छैनन्।

'यसको प्राप्तिका लागि वार्षिक योजनासँग मेल खाने गरी आवधिक योजना पनि बनाउँदैछौं, पाँच वर्षे हाम्रो समयावधिभित्र कम्तिमा ५० प्रतिशत काम गर्नेछौं', उहाँले भन्नुभयो।

'कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार' भन्ने मूलनाराले सहस्राब्दी विकास लक्ष्य भेट्ने संकेत गरेको छ।



**एकीकृत नमुना बस्तीका अतिरिक्त थुलुङ दुधकोशीमा अर्गानिक भिलेज घोषणा, 'इको भिलेज' का रूपमा सबै वडालाई विकास गरिनेछ।**

# विदेश बिर्साउने बस्ती

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु**

जनता समस्यासँग जुधिरहेकै छन् तर जति दूरदराजका जनता भए पनि अब नागरिक बनेर २१औं शताब्दीको समयअनुसार जीवन यापन गर्नुपर्छ। यही सोचलाई साकार पार्दै पर्यटकीय जिल्ला सोलुको तल्लो भेगमा पर्ने थुलुङ दुधकोशी गाउँपालिका सम्पूर्ण सुविधायुक्त एकीकृत नमूना बस्ती निर्माणमा जुटेको छ।

जिल्लाकै सबैभन्दा ठूलो यो गाउँपालिकाका अध्यक्ष अशिम राई पाँच वर्षभित्र नगरपालिका घोषणा गर्ने आधारसमेत तय गर्दै हुनुहुन्छ। करिब चार सय रोपनीमा बनाउन लागिएको विदेशी शैलीको यो बस्तीमा दुई/तीन सय घर बनाउने योजना छ।

'एउटै कलरका घर हुनेछन्, ढोका परिवर्तन गर्नु परे पनि गाउँपालिकाको अनुमति लिनुपर्नेछ', अध्यक्ष भन्नुहुन्छ, 'नेचर र कल्चर अर्थात् प्रकृति र संस्कृति प्रतिविम्बित होस् त्यो बस्तीमा।

२१औं शताब्दीका लागि आवश्यक आधारभूत सबै सुविधा त्यहाँ हुनेछ।' प्रकृति भन्नाले त्यहाँको हावापानी अनुसारको बसोबास र संस्कृति भन्नाले यहाँको सबै संस्कृति झल्कने गरी काम हुनेछ। विज्ञहरूको सुझावअनुसार बस्ती निर्माण हुँदैछ।

'दूरदराजका हाम्रा नागरिकले बस्तीमा सरेपछि साँच्चिकै सिंहदरबार गाउँमै पाउँदैछन्', राई थप्नुहुन्छ, '६० प्रतिशत जग्गामा खुला क्षेत्र, पार्क र खेलकुद, प्रशासनिक भवन, मूभि थिएटरजस्ता थुप्रै आवश्यक भौतिक संरचना बनाइनेछ।' गाउँपालिकाले उपलब्ध स्रोत र साधनको पहिचान, प्राप्ति र परिचालन गर्दै जनताको आधारभूत आवश्यकता र जनजीविकासँग सम्बन्धित सवाल सम्बोधन गरिरहेको छ।


एकीकृत नमुना बस्तीका अतिरिक्त थुलुङ दुधकोशीमा अर्गानिक भिलेज घोषणा, 'इको भिलेज' का रूपमा सबै वडालाई विकास गरी पहिलो वातावरणमैत्री स्थानीय तह निर्माण गर्ने, सेवा प्रवाहमा उच्चतम सूचना प्रविधिको उपयोग गर्दै विद्युतीय शासन लागू गरिनेछ।

यसैगरी, बृहत्तर ओगानेम विकास परियोजना, दुधकोशी सामुदायिक अस्पताल स्थापना, बर्खुघाटमा मोटरेवल पुल र गाउँपालिका केन्द्रबाट सबै वडाका केन्द्र जोड्ने सडक बनाउने काम पनि सँगै भइरहेका छन्। ५० शैयाको अस्पताल निर्माणका लागि महायज्ञमार्फत २० करोड रकम संकलन गरिनेछ।


'बस्तीभित्र बाटो फराकिलो हुनेछ, ढल, खानेपानी, सुरक्षा, पार्क, बत्ती सबै सुविधा हुनेछ जहाँ गाउँपालिकाको कार्यालयसँगै विषयगत कार्यालय पनि हुनेछन्', राई थप्नुहुन्छ, 'अमेरिकाको न्यूयोर्क सहरको डिजाइन अपनाएर काम अघि बढेको छ। ताकी अबको एक सय वर्षसम्म पनि उत्तिकै सान्दर्भिक देखियोस्।'

बस्तीको आकर्षणले सहर र हालको बसोबास छोडेर नागरिक आउने दाबी उहाँको छ। यो बृहद काम पाँच वर्षभित्रै सबै संभव नहुन सक्ने भएकाले बढीमा सात वर्ष लाग्न सक्ने अनुमान गरिएको छ। जातीय छुवाछुतमुक्त गाउँपालिका बनाउने र यसभित्र अर्गानिक भिलेज, किवी भिलेज, वाइन प्रशोधन केन्द्र र स्मार्ट सिटी आदि हुनेछन्।

# प्रदेश २




| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| २०. | पर्सा | पर्टेवासुगौली | सबै नागरिकको व्यक्तिगत लगत | २१ |
| २१. | धनुषा | बट्टेश्वर | विकाससँगै सुशासन र पारदर्शिता | २२ |
| २२. | सर्लाही | विष्णु | मदरसामा बालबालिकाको भविष्य | २३ |
| २३. | पर्सा | छिपहरमाई | भारततर्फको परनिर्भरता घट्दै | २४ |
| २४. | बारा | प्रसौनी | सामाजिक सुधार र आयआर्जन : नागरिकको सहज जीवन | २५ |



# सबै नागरिकको व्यक्तिगत लगत

**पर्टेवासुगौली गाउँपालिका, पर्सा**

पर्साको पर्टेवासुगौली गाउँपालिकाले सबै घरधुरीका नागरिकको लगत राख्न सुरु गरेको छ । वडा नं. २ बाट सुरु गरिएको लगत व्यवस्थित गर्ने काम सबै वडामा गरिने गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरीले बताउनुभयो ।

कुनै वडामा ६ सय नागरिक छन् भने ६ सय वटा नै फाईल वडा कार्यालयमा हुन्छ, उहाँले भन्नुभयो, "२ नं. वडाबाट सुरु भइसक्यो । अरू वडालाई पनि निर्देशन दिइसकेका छौं ।" लगतमा नागरिकता, लालपूर्जा, लाइसेन्स, जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता लगायतका विभिन्न व्यक्तिगत विवरणको प्रतिलिपी राख्न सुरु गरिएको छ ।

यसरी लगत राख्दा गाउँपालिकालाई आफ्नो नागरिकबारे यथार्थ जानकारी हुने र त्यसले यथार्थपरक योजना बनाउन सहयोग पुग्ने उहाँको विश्वास छ । "यथार्थ तथ्यांकबिना बनाइएको योजना हचुवा पनि हुन सक्छ," उहाँले भन्नुभयो, "यसले कतै बजेट बढी हुने कतै नपुग्ने समस्या हट्छ ।"

वडा कार्यालयमा व्यक्तिगत लगत राख्दा नागरिकता, लाइसेन्सलगायतका सामाग्री हराए पनि समस्या नहुने गाउँपालिकाको निष्कर्ष छ । हराइहालेमा वडा कार्यालयमा रहेको प्रतिलिपिले काम गर्न सक्नेछ ।

सामाजिक सुरक्षा भत्ता वितरणमा हुने अनिमितता रोक्न सकिने पनि उहाँले जानकारी दिनुभयो । "वडामा लगत भएपछि भत्ता पाउने नागरिकको मृत्यु भयो कि, भत्ता पाउने बालबालिकाको उमेरहद नाघ्यो कि भन्ने थाहा पाउन सकिन्छ," उहाँले भन्नुभयो ।


"सामाजिक सुरक्षा भत्ताको दुरूपयोग हट्नेछ । कुन दम्पतिको कति छोराछोरी छन्, कसको मृत्यु भयो, कसको विवाह भयो भनेर थाहा पाइन्छ", अध्यक्ष चौधरी भन्नुहुन्छ । वडाको लगत हेरेर कुन बालबालिका विद्यालय जाने उमेरको भयो, कुन युवाको नागरिकता बनाउने बेला भयो भनेर थाहा पाइने पनि अध्यक्ष चौधरीले जानकारी दिनुभयो ।

"रेकर्ड हेरेर विद्यालय जाने बेला हुँदा पनि बालबालिका किन विद्यालय गएन ? नागरिकता बनाउने उमेर भइसक्दा पनि किन नागरिकता बनाएन ? भनेर हामी खोजी गर्छौं," उहाँले भन्नुभयो, "यसले गाउँपालिकाको यथार्थ अवस्था थाहा पाइन्छ नै, यसबाहेक नागरिकको सेवाप्रवाह पनि प्रभावकारी हुन्छ ।"

लगतमा सबै नागरिकको मोबाइल नम्बर राखिनेछ । सोही आधारमा वडा वा गाउँपालिकाले आवश्यक परेको बेला नागरिकलाई सम्पर्क गर्न सक्नेछ । मोबाइल नम्बर राख्दा मुद्दा मामिला लगायतका काममा नागरिकलाई झिकाउन सजिलो हुने उहाँको विश्वास छ ।

"विगतमा जनप्रतिनिधि नहुँदा लगत र तथ्यांक भद्रगोल थियो । नागरिकसँगको सामिप्यता टाढा थियो," उहाँले भन्नुभयो, "व्यक्तिगत लगत राखेपछि समस्याहरू हल हुँदै जानेछन् ।"

**"वडामा लगत भएपछि भत्ता पाउने नागरिकको मृत्यु भयो कि भएन वा भत्ता पाउने बालबालिकाको उमेरहद नाघ्यो कि ठिक छ भन्नेजस्ता विषय थाहा पाउन सकिनेछ ।"**




> "गाउँसभा र कार्यपालिकाका निर्णयहरू, दैनिक आम्दानी खर्चको विवरण, दैनिक राजश्व असुलीको विवरण तथा पञ्जिकरण र अन्य गतिविधिको जानकारी हरेक दिन सूचना बोर्डबाट जानकारी गराउँदछौं," ''



# विकाससँगै सुशासन र पारदर्शिता

**बट्टेश्वर गाउँपालिका, धनुषा**

बट्टेश्वर गाउँपालिका धनुषाले आफ्ना नागरिकलाई गाउँपालिकाका सबै गतिविधिहरू आ-आफ्ना वडा कार्यालयमा बसेर हेर्न र अध्ययन गर्न पाउने सुविधा दिएको छ । गाउँपालिकाले विकासका गतिविधिसँगै आफ्ना गतिविधि र सेवा प्रवाहमा सुशासन र पारदर्शितामा जोड दिएको छ।

सबै वडा कार्यालयमा डिजिटल सूचना बोर्डमार्फत गाउँपालिकाको दैनिक गतिविधि प्रसारण गर्ने व्यवस्था मिलाएको छ । गाउँपालिकाका अध्यक्ष डम्बर राउतका अनुसार कुन वडामा यस वर्ष के कति योजनामा कति रकम विनियोजन भएको छ र उक्त योजनाको कार्यान्वयन प्रगति कति भएको छ भन्ने जानकारी डिजिटल नोटिस बोर्डबाट प्रकाशित गरिरहेको छ।

"गाउँसभा र कार्यपालिकाका निर्णयहरू, दैनिक आम्दानी खर्चको विवरण, दैनिक राजश्व असुलीको विवरण तथा पञ्जिकरण र अन्य गतिविधिको जानकारी हरेक दिन सूचना बोर्डबाट जानकारी गराउँदछौं," अध्यक्ष राउतले थप्नुभयो "विकासका हरेक गतिविधि र गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई सुशासन र पारदर्शितासँग जोड्ने प्रयत्न गरिरहेका छौं ।"

गाउँपालिकाका सबै कर्मचारीको नियमिततालाई ध्यान दिँदै गाउँपालिका मातहतका सबै कार्यालय/वडा कार्यालय तथा सबै विद्यालयमा इ-हाजिरीको पनि व्यवस्था गरेको छ। "इ-हाजिरीको प्रणाली स्थापना गरेसँगै कर्मचारी तथा शिक्षकहरूको उपस्थिति नियमित भएको छ । उपस्थिति नियमित हुनु भनेको पनि कार्यसम्पादनमा एक कदम सुधार हुनु हो," अध्यक्ष राउतले दावी गर्नुभयो ।

## विद्यालयको भौतिक पूर्वाधारलाई प्राथमिकता

गाउँपालिकाले आफ्नो क्षेत्रका १६ वटा विद्यालयको भौतिक सुधारलाई प्राथमिकता दिएको छ । विद्यालयमा गेट सहितको कम्पाउण्ड, शौचालय, फर्निचर र खानेपानीको सुविधा विस्तार गर्ने काम करिब ९० प्रतिशत सम्पन्न भएको अध्यक्ष राउतले जानकारी दिनुभयो। शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाले FIDA Nepal नामक गैरसरकारी संस्थासँगको साझेदारीलाई पनि प्राथमिकता दिएको छ।

उक्त संस्थाको साझेदारीमा "डिजिटल विद्यालय" अभियान सुरु गरेको छ । पहिलो वर्षमा पाँच वटा माध्यमिक विद्यालयलाई १५/१५ वटा कम्प्युटर वितरण गरिएको छ भने अंग्रेजी माध्यम र डिजिटल प्रविधिबाट अध्यापन गर्न सुरु गरिएको अध्यक्ष राउतले जानकारी दिनुभयो ।

चमार, मुसहर तथा दलित समुदायका विपन्न बालबालिका अझै पनि विद्यालय ल्याउन र टिकाउन नसकिरहेकाले त्यस्ता बालबालिकालाई खाने, लाउने तथा बस्ने सुविधासहित होस्टेलमै राख्ने गरी योजना गाउँपालिकाले बनाइरहेको छ।

यसका अलावा बट्टेश्वरले कृषिलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । अध्यक्ष राउतका अनुसार आफ्नो कार्यकालमा तीन हजार बिघा जमिनमा एकैपटक सिँचाई पुऱ्याउने लक्ष्य अनुसार काम गरिरहेको र यस वर्षको बजेटले पाँच वटा बोरिङ गाड्न ७५ लाख रूपैयाँ विनियोजन गरिएको छ।



"आकाशे पानीका भरमा खेती गर्न बाध्य यहाँका किसानलाई दुई वर्षभित्र गाउँपालिकाका सबै कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ काम गरिरहेका छौं।"

# मदरसामा बालबालिकाको भविष्य

**विष्णु गाउँपालिका, सर्लाही**

विष्णु गाउँपालिका सर्लाहीले मुस्लिम समुदायका बालबलिकाका लागि मदरसालाई सहयोग गरेको छ। साविकको सिमरा गाउँ विकास समिति रहेको हालको वडा नं. ५ मा तीन सय ५० भन्दा बढी मुस्लिम समुदायका बालबालिका अध्ययनरत छन्।

व्यक्तिको जग्गामा टहरा निर्माण गरी सकससँग चलिरहेको उक्त मदरसालाई गाउँपालिकाले ७० लाखको लागतमा पाँच कोठे सुविधासम्पन्न भवन निर्माण गरिदिएको अध्यक्ष जवाहरलाल यादवले जानकारी दिनुभयो।

अधिकांश समुदाय मुश्लिम रहेको उक्त क्षेत्रमा २०/२५ वर्षदेखि नै बालबालिकालाई उर्दु भाषामा अध्यापन गरिँदै आए पनि स्रोतसाधनको अभावमा त्यहाँको अवस्था दयनीय थियो। अध्यक्ष यादवले भन्नुभयो, "हामी निर्वाचित भएर आएसँगै उनीहरूको आवश्यकताअनुसार पहिला पक्की भवन र फर्निचरको व्यवस्था गरेका छौं।

सरकारी सुविधाको रूपमा एक जना बालविकास कोटाको सहजकर्ता मात्रै रहेको उक्त मदरसामा हालसम्म समुदायले नै सञ्चालन गरिरहेका थिए। समुदायको मात्र सहयोगले चल्न नसकी बन्द हुने अवस्था आएपछि गाउँपालिकाले पूर्वाधार विकासमा सहयोग गरेको अध्यक्ष यादवको भनाइ छ।

हाल उक्त मदरसामा एकदेखि पाँच कक्षासम्म उर्दु भाषामा अध्यापन हुँदै आएको यस मदरसालाई कक्षा थप गर्दै जाने योजना रहेको गाउँपालिकाले जनाएको छ। यस मदरसामा छिमेकी मुलुक भारतबाट समेत विद्यार्थी पढ्न आउने गरेका छन्।

यसरी बाहिरबाट पढ्न आउने विद्यार्थीका लागि होस्टेलको व्यवस्था छ। अब सरकारको तर्फबाट मुलवी पढाउने शिक्षक नियुक्ति गर्नुपर्ने आवश्यकता रहेको अध्यक्ष यादवको भनाइ छ।

## सिंचाइको लागि डिप बोरिङ

गाउँपालिकाले आफ्नो कृषियोग्य जमिनमा डीप बोरिङ प्रविधिबाट पानी तानी सिँचाइ गर्ने योजना अघि सारेको छ। ६० बिघा जमिनबराबर १ डीप बोरिङ बनाउन लागिएको अध्यक्ष जवाहरलाल यादवले बताउनुभयो। यसरी डिप बोरिङ निर्माण गर्दा गाउँपालिकाका सबै वडामा करिब ४६ वटा चाहिने सर्वेक्षणले देखाएको छ। चार बिघा जमिनबराबर एक प्वाइन्ट रहने भएकाले एउटा डीप बोरिङका लागि १६ वटा प्वाइन्ट राखिनेछ।

अध्यक्ष यादवका अनुसार डिप बोरिङ निर्माणका लागि आवश्यक बिजुलीको पोल, तार, ट्रान्सफर्मरको व्यवस्था भइसकेको र डिप बोरिङ गर्ने कार्य तत्काल सुरु गरिनेछ। उहाँले भन्नुभयो, "आकाशे पानीका भरमा खेत गर्न बाध्य यहाँका किसानलाई दुई वर्षभित्र गाउँपालिकाका सबै कृषियोग्य जमिनमा सिँचाई सुविधा उपलब्ध गराउने लक्ष्यका साथ काम गरिरहेका छौं।"

हाल उक्त मदरसामा एकदेखि पाँच कक्षासम्म उर्दु भाषामा अध्यापन हुँदै आएको यस मदरसालाई कक्षा थप गर्दै जाने योजना रहेको गाउँपालिकाले जनाएको छ। यस मदरसामा छिमेकी मुलुक भारतबाट समेत विद्यार्थी पढ्न आउने गरेका छन्।



# भारततर्फको परनिर्भरता घट्दै

**छिपहरमाई गाउँपालिका, पर्सा**

छिपहरमाई गाउँपालिका पर्साले पद बहाली भएको पहिलो वर्षमा आफ्ना सबै वडामा सडक सञ्जाल निर्माण गरेको छ ।

पर्साको दक्षिणी भारतको सीमावर्ती क्षेत्रमा अवस्थित यस गाउँपालिकाको पाँचवटा वडामध्ये चारवटा वडामा यसअघि कुनै पनि सडकले छोएको थिएन । यतिमात्र होइन, बाँकी चारवटा वडाका जनताहरू भारतको बाटो हुँदै गाउँपालिकाको कार्यालयमा आउनु पर्दथ्यो ।

"छिपहरमाईका अधिकांश भूभागका नागरिक गाउँपालिकाको केन्द्र वा जिल्ला सदरमुकाम आउन भारतको बाटो प्रयोग गर्नुपर्थ्यो", अध्यक्ष मनोज कुमार भन्नुहुन्छ "चारवटा वडाका नागरिकहरूलाई हामी नेपाली हौं भन्ने अनुभूति थिएन । सबै विषयमा भारतबाट प्रभावित हुन्थे । हामी निर्वाचित भएर आएको एक वर्षमा नागरिकलाई नेपाली भएको अनुभूति दिलाउन सकेका छौं ।"

गाउँपालिकाको कार्यालय वडा नं. ५ मा रहेको छ तर सडक सञ्जाल र ओराही खोलामा पुल नबन्दा बाँकी सबै वडाका नागरिक भारत हुँदै आउनुपर्थ्यो । अध्यक्ष मनोजका अनुसार यस वर्ष यूएनडीपीको सहयोगमा ओराही खोलामा पक्की पुल र गाउँपालिकाको सहयोगमा ३० फिट चौडाको नौ किलोमिटर सडक सञ्जाल निर्माण गरेपछि भारततर्फको परनिर्भरता हटेको छ ।

सडक सञ्जालको अभावमा स्वास्थ्य उपचारदेखि दैनिक जीवनयापनका लागि भारतकै भर पर्नुपर्थ्यो । रातको समयमा भारततर्फ सीमा बन्द हुने भएकाले विशेषगरी सुत्केरी बेथा लागेका महिलाहरूलाई अस्पताल लैजान ज्यादै समस्या थियो । खाटमा बोकेर ल्याउँदा कतिको बाटोमै ज्यान जानेसम्मको घटना भएका छन । मनोजका अनुसार, उक्त क्षेत्रमा यस वर्ष बर्थिङ सेन्टर नै स्थापना गरिएको छ भने नेपाल सरकार र गाउँपालिकाको संयुक्त कोषबाट एम्बुलेन्स खरिद गरिएको छ । त्यसैगरी, गाउँपालिकाले सडकमा ५०/५० मिटरको दुरीमा ८० वटा सोलार बत्तीसमेत जडान गरेको छ ।

अहिले छिपहरमाईको सबै वडाको सडकले वीरगञ्जको आत्मराम पथसँग जोडिएको छ । गाउँपालिकाले सडकको न्यूनतम मापदण्ड पनि तोकिसकेको छ । जहाँ राजमार्गसँग जोडिने ग्रामीण सडकको चौडाइ २० फिट तोकिएको अध्यक्षले जानकारी दिनुभयो ।

"यस वर्ष सडकको स्तरोन्नतिको कामसमेत सुरु भएको छ जहाँ ३६०० मिटर नाला निर्माण र २६०० मिटर बाटो ढलान गरिसकेका छौं र अबको २ वर्षमा सबै सडक पक्की बनाइसक्ने प्रतिवद्धता गरेका छौं ।"

गाउँपालिकाले सडकको अलावा एक बिघाभन्दा कम जमिन हुनेलाई साना किसान परिचयपत्र वितरण गर्ने, सबै वडामा नियमित रूपमा सार्वजनिक सुनुवाई गरी पारदर्शिता तथा सुशासनको अनुभुति दिलाउने र स्वास्थ्य शिक्षा तथा बालबालिका शिक्षा क्षेत्रमा उल्लेखनीय कार्य गरिरहेको छ ।

**यस वर्ष यूएनडीपीको सहयोगमा ओराही खोलामा पक्की पुल र गाउँपालिकाको सहयोगमा ३० फिट चौडाको नौ किलोमिटर सडक सञ्जाल निर्माण गरेपछि भारततर्फको परनिर्भरता हटेको छ ।**



*कम्प्युटर मर्मत, मोबाइल तथा घडी मर्मत, साइकल, मोटरसाइकल तथा ट्यूबेल मर्मत र अन्य सीप विकासका तालिम नियमित रूपमा सञ्चालन भइरहेको छ । यसलाई संस्थागत रूपमै बिस्तार गर्दै लैजान सीप विकास केन्द्र सञ्चालनमा ल्याउन लागिएको हो ।*

# सामाजिक सुधार र आयआर्जन : नागरिकको सहज जीवन

**प्रसौनी गाउँपालिका, बारा**

सामाजिक र आर्थिक हिसाबले पछाडि परेको प्रसौनी गाउँपालिका बाराले आफ्ना गतिविधिलाई सामाजिक सुधार र आयआर्जनमा केन्द्रित गरेको छ । गाउँपालिकाका अध्यक्ष भोला गुप्ताका अनुसार, स्थानीय स्तरमै आयआर्जनका अवसरहरू वृद्धि गर्न सीप विकास केन्द्र नै सञ्चालनमा ल्याउन लागेको हो ।

गाउँपालिकाभित्रै सीप विकास केन्द्र स्थापनाको काम यसै वर्ष सम्पन्न हुनेछ । जहाँ विभिन्न आय आर्जन तथा सीपमूलक तालिमहरू नियमित रूपमा सञ्चालन हुने भएका छन् । अध्यक्ष गुप्ताका अनुसार, कम्प्युटर मर्मत, मोबाइल तथा घडी मर्मत, साइकल, मोटरसाइकल तथा ट्यूबेल मर्मत र अन्य सीप विकासका तालिम नियमित रूपमा सञ्चालन भइरहेको छ । यसलाई संस्थागत रूपमै बिस्तार गर्दै लैजान सीप विकास केन्द्र सञ्चालनमा ल्याउन लागिएको हो ।

तराई क्षेत्रमा रहेको लैंगिक विभेदसम्बन्धी समस्यालाई मध्यनजर गर्दै गाउँपालिकाले 'बेटी बचाउ बेटी पढाउ' अभियान सञ्चालन गरेको छ । प्रदेश नं. २ को सरकारले समेत यो अभियान सञ्चालन गरिरहेको सन्दर्भमा प्रसौनीले छोरीहरूको पढाइलाई निरन्तरता र सहज बनाउन 'अभिभावक सचेतना अभियान' सञ्चालन गरिरहेको छ ।

'गरिब तथा दलित छात्राहरूलाई विद्यालय जान सजिलो होस् भन्नकै लागि गत वर्ष एक सय २५ जना छात्रालाई साइकल वितरण गरेका छौं', अध्यक्ष गुप्ताले भन्नुभयो । उहाँका अनुसार, छोरीलाई पनि छोरासरह बाँच्न पाउने र शिक्षा लिने अधिकारलाई पहिला प्राथमिकतामा राखेर छोरी जन्मेको ३५ दिनभित्र जन्म दर्ता गराएमा २० वर्षपछि मात्र झिक्न पाउने गरी बालिकाको नाममा १० हजार रूपैयाँ रकम मुद्दति खातामा जम्मा गरिदिने कार्यक्रम ल्याइएको छ । गाउँपालिकाले घर नभएका अत्यन्त गरिब दलित परिवारलाई घर बनाइदिने काम गरिरहेको छ । गत वर्ष प्रयोगको रूपमा दुई परिवारलाई घर निर्माण गरी हस्तान्तरण गरिएको छ ।

प्रतिघर निर्माण लागत करिब चार लाख रहेको र यस वर्ष १४ दलित परिवारलाई घर निर्माण गरी हस्तान्तरण गर्ने कार्य भइरहेको छ । प्रसौनी गाउँपालिकाले एकल दलित महिलाको आयआर्जनलाई प्रत्यक्ष सहयोग पुग्ने गरी चार सयलाई स्वरोजगारसम्बन्धी तालिम तथा सामग्री सहयोग गरिरहेको छ । प्रसौनीका सबै वडामा बर्थिङ सेन्टरको सुविधा उपलब्ध गराइसकेको छ । गाउँपालिकाले किरण आँखा अस्पतालसँगको साझेदारीमा 'अध्यक्ष नेत्रज्योति कार्यक्रम' सञ्चालन गरेका छ । जहाँ एक सय ५० जनाको निःशुल्क शल्यक्रिया गरी आँखा देख्ने बनाइसकेको छ ।

सामाजिक र आर्थिक रूपमा नागरिक सक्षम नभई विकास असम्भव रहेको कारण नै समाजमा रहेका विकृति, विसंगति, कुरीतिलाई जरैदेखि हटाई आयआर्जनका क्रियाकलापमा सहभागी गराउँदै लैजाने लक्ष्य रहेको अध्यक्ष गुप्ताले जानकारी दिनुभयो । गुप्ताका अनुसार, 'छुवाछूत, लैंगिक विभेद र परम्परागत रूपमा हुँदै आएको कुरीति र कुसंस्कार हाम्रो सम्वृद्धिको बाधक हो, यसलाई जरैदेखि उखेल्नु पहिलो प्राथमिकता भएकाले हाम्रो ध्यान त्यसैमा केन्द्रित छ ।'

**गाउँपालिकाले घर नभएका अत्यन्त गरिब दलित परिवारलाई घर बनाइदिने काम गरिरहेको छ । गत वर्ष प्रयोगको रूपमा दुई परिवारलाई घर निर्माण गरी हस्तान्तरण गरिएको छ ।**

# प्रदेश ३






| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| २५. | मकवानपुर | इन्द्रसरोवर | तनावमुक्त क्षेत्र बन्दै इन्द्रसरोवर | २७ |
| २६. | सिन्धुपाल्चोक | जुगल | निर्वाचित भएको दुई महिनामै शिक्षा ऐन जारी | २८ |
| २७. | नुवाकोट | ककनी | ककनीमा पर्यटन प्रर्वद्धन र कृषि उत्पादन | २९ |
| २८. | नुवाकोट | किस्पाङ | आत्मनिर्भरताका लागि लौंठसल्ला | ३० |
| २९. | सिन्धुपाल्चोक | लिसंखु पाखर | प्रदेशकै पहिलो आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका | ३१ |
| ३०. | मकवानपुर | मनहरी | विकासको आधार "प्रोजेक्ट बैंक" | ३२ |
| ३१. | सिन्धुली | मरिण | एकीकृत बस्ती हुने छैन सास्ती | ३३ |
| ३२. | काभ्रेपलान्चोक | रोशी | सूचना नै सम्पति : आफ्नै एफएम आफ्नै पत्रिका | ३४ |
| ३३. | दोलखा | तामाकोशी | मोबाइलबाटै ज्येष्ठ नागरिकको निःशुल्क उपचार | ३५ |
| ३४. | रामेछाप | सुनापाती | कृषि उत्पादनको पकेट क्षेत्रसँगै 'बीऊ बैंक' | ३६ |
| ३५. | रामेछाप | खाँडादेवी | संस्कृति जोगाउन थामी संग्राहलय | ३७ |
| ३६. | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल | पर्यटन प्रवर्द्धनको लागि "म्याराथन" | ३८ |
| ३७. | काभ्रे | तेमाल | तीन दशकअघिको विवादमा न्यायिक समिति सफल | ३९ |
| ३८. | रसुवा | उत्तरगया | प्रत्येक वडामा कृषि प्राविधिक | ४० |
| ३९. | सिन्धुपाल्चोक | इन्द्रावती | इन्द्रावती गाउँपालिका र अमेरिकाको जर्सी सिटीबीच भगिनी सम्बन्ध | ४१ |
| ४०. | दोलखा | शैलुङ | आलुको ग्रेडिङ र ब्रान्डिङमा गाउँले | ४२ |
| ४१. | धादिङ | त्रिपुरासुन्दरी | सबै वडामा हेलीप्याड | ४३ |
| ४२. | धादिङ | गजुरी | संसदीय अभ्यास गाउँसभामै | ४४ |



# तनावमुक्त क्षेत्र बन्दै इन्द्रसरोवर

**इन्द्रसरोबर गाउँपालिका, मकवानपुर**

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले आफ्नो क्षेत्रलाई तनावमुक्त क्षेत्रको रूपमा विकास गर्ने योजना बनाएको छ। आर्थिक वर्ष २०७४/७५ बाटै योजना बनाएर मानवनिर्मित ताल इन्द्रसरोबरमा बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य राखेर योजना बनाइएको गाउँपालिकाका अध्यक्ष जीवन लामाले जानकारी दिनुभयो ।

राजधानी नजिकै रहेको उक्त तालमा आन्तरिक एवं बाह्य पर्यटकलाई तनावमुक्त गराउने मुख्य लक्ष्य गाउँपालिकाको छ । गत वर्ष गाउँपालिकाले तालसम्म पुग्ने सिँढी निर्माण गरेको थियो भने तालमा सयर गर्न दुईवटा पाइडल डुंगा पनि खरिद गरेको थियो । अहिले इन्द्रसरोवरमा करिब ४० वटा डुंगा रहेको पनि उहाँले जानकारी दिनुभयो । "दुर्घटनालाई मध्यनजर गरेर रेस्क्यूका लागि यसपालि अर्को मोटरबोट पनि खरिद गरिएको र रेस्क्यू टीम पनि गठन गर्ने तयारी भइरहेको छ," उहाँले भन्नुभयो ।

"इन्द्रसरोवरको मुख्य आर्कषण भनेको तालको बीचमा एउटा थुम्को छ । त्यस थुम्कोसम्म पुग्न गत वर्ष केही बजेट विनियोजन गरिएको थियो", उहाँले भन्नुभयो, "यो वर्ष पनि केही बजेट विनियोजन गरेका छौं । डुंगा खरिद, रेस्क्यूलगायतका शीर्षकमा खर्च हुन्छ ।"

इन्द्रसरोवरको पर्यटन प्रर्वद्धनका लागि गत वर्ष पूर्वप्रधानमन्त्री झलनाथ खनालको प्रमुख आतिथ्यमा तीन दर्जन कवि र कवीयत्रीलाई निमन्त्रण गरेर कविता महोत्सव आयोजना गरिएको थियो । त्यसबेला डुंगामै मञ्च बनाएर महोत्सवको उद्घाटन गरिएको थियो । त्यस कार्यक्रमपछि साहित्यिक तथा बौद्धिक जगतमा इन्द्रसरोवरमा आउने पर्यटक बढेको अध्यक्ष लामाले बताउनुभयो ।

"शुक्रबार र शनिबार यहाँ गाडी पार्किङका लागि ठाउँ नै नपुग्ने गरी पर्यटकहरू आउँछन् । कहिलेकाँही होटलसमेत नपुग्ने अवस्था हुन्छ", उहाँले भन्नुभयो, "इन्द्रसरोवर आसपासका साना तथा मझौला होटलमा ठाउँ नपाउनेहरू चाँही चित्लाङको होमस्टेमा जान्छन् ।"

उहाँका अनुसार, इन्द्रसरोवरमा अहिले तारे होटल निर्माण भएको छ। होटल, रिर्सोटको लगानीलाई आकर्षित गराउन प्याकेजहरू ल्याउने तयारी पनि भइरहेको उहाँले जानकारी दिनुभयो। साथै होमस्टेलाई पनि बिस्तार र व्यवस्थित गर्ने उहाँले बताउनुभयो ।

"बढीजसो आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको छ। यसलाई थप व्यवस्थित गर्न गाउँपालिका प्रयासरत छ," अध्यक्ष लामाले भन्नुभयो, "सेमिनार, बैठकमा आधारित पर्यटनलाई पनि आकर्षित गर्ने योजना छ । साथै हाम्रो लक्ष्य बाह्य पर्यटक भित्र्याउने पनि हो ।"

इन्द्रसरोवरलाई प्रदेश नं. ३ को पर्यटन, वन तथा वातावरण मन्त्रालयले 'पुग्नै पर्ने मुख्य पर्यटकीय गन्तव्यको' सूचीमा समावेश गरेको छ । संघीय र प्रदेश सरकारसँग समन्वय गरेर इन्द्रसरोवर क्षेत्रको पर्यटनमा थप काम गर्ने पनि उहाँले बताउनुभयो ।

**२०७४/७५ बाटै योजना बनाएर मानवनिर्मित ताल इन्द्रसरोबरमा बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य गाउँपालिकाले राखेको छ।**

ऐनको प्रावधानबमोजिम परीक्षा प्रणाली पारदर्शी र निष्पक्ष भयो । योग्य र सक्षम शिक्षकहरू नियुक्त गर्न सफल भयौं । परीक्षा प्रणाली र नतिजाबारे स्थानीय स्तरमा कुनै गुनासो आएन । सबै परिक्षार्थीसमेत सन्तुष्ट देखिएको अध्यक्ष श्रेष्ठले दाबी गर्नुभयो ।




# निर्वाचन भएको दुई महिनामै शिक्षा ऐन जारी

**जुगल गाउँपालिका, सिन्धुपाल्चोक**

आफू निर्वाचित भएर पदबहालीको दुई महिनामै जुगल गाउँपालिकाले स्थानीय शिक्षा ऐन जारी गर्न सफल भएको छ । संविधानको अनुसूची ८ को एकल अधिकारमा रहेका आधारभूत तथा माध्यमिक शिक्षालाई प्रभावकारी बनाउन संविधानको धारा ५७ (४) र तत्कालीन स्थानीय तह सञ्चालन आदेश २०७४ बमोजिम शिक्षा ऐन जारी गरिएको अध्यक्ष होमनारायण श्रेष्ठले बनाउनुभयो ।

'जुगलको आधार शिक्षा क्षेत्रको सुधार' जनप्रतिनिधिको चुनावी संकल्प नै थियो । निर्वाचित भएपछि हाम्रो संकल्पअनुसार गुणस्तरीय शिक्षालाई सबैको पहुँचमा पुऱ्याउन खाका कोऱ्यौं, अध्यक्ष श्रेष्ठले भन्नुभयो, "जुगलको शिक्षा क्षेत्रमा धेरै विकृति थियो, जसमध्ये जथाभावी शिक्षक नियुक्ति विकृतिको मुख्य कारण भएको निष्कर्ष निकाली यसलाई व्यवस्थापन गर्न ऐन तयार पाऱ्यौं ।"

हामी गाउँपालिकामा बहाल भैसक्दा पनि कुनै सल्लाह र समन्वयबिना तत्कालीन जिल्ला शिक्षा कार्यालयले जुगलका विद्यालयहरूमा रिक्त शिक्षकहरूको पदमा पदपूर्तिको विज्ञापन निकाल्यो । अध्यक्ष श्रेष्ठले भन्नुभयो, "यसलाई रोक्नु पर्ने चुनौती देखियो र यसका कानुनी आधार हेऱ्यौं । संविधान पढ्यौं, तत्कालीन स्थानीय तह सञ्चालन आदेश-२०७४ को प्रावधान हेऱ्यौं । त्यहाँ आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय सरकारलाई दिएको थियो । शिक्षकको पदपूर्तिलगायतका काम गाउँपालिका आफैंले गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्यौं ।"

"त्यही बेला हामीले समाधानको उपाय सुरु गऱ्यौं र स्थानीय शिक्षा ऐन जारी गऱ्यौं भने गाउँपालिकाले अस्थायी र करार शिक्षकको पदपूर्ति गर्न सक्छौं भन्ने निष्कर्षमा पुग्यौं", अध्यक्षका अनुसार २०७४ साउन १७ गते जुगल गाउँसभाले स्थानीय शिक्षा ऐन २०७४ जारी गऱ्यो लगत्तै भदौमा यसैको नियमावली पनि बनायौं । "ऐन तथा नियमावलीका प्रावधानबमोजिम तीनपटक विज्ञापन गरी ३० जना करारमा शिक्षक छनोट गरी पदपूर्तिको काम सम्पन्न गऱ्यौं । साथै केही संख्यामा करार सूचीसमेत प्रकाशित गरिएको थियो ।"

ऐनको प्रावधानबमोजिम परीक्षा प्रणाली पारदर्शी र निष्पक्ष भयो । योग्य र सक्षम शिक्षकहरू नियुक्त गर्न सफल भयौं । परीक्षा प्रणाली र नतिजाबारे स्थानीय स्तरमा कुनै गुनासो आएन । सबै परिक्षार्थीसमेत सन्तुष्ट देखिएको अध्यक्ष श्रेष्ठले दाबी गर्नुभयो ।

जुगलको शैक्षिक क्षेत्रको समग्र विकास र स्थानीय शैक्षिक कानुनहरूको व्यवस्थाको गाउँपालिकाले गतवर्षनै बृहत शैक्षिक सम्मेलनसमेत आयोजना गरेको छ। विद्यार्थी शिक्षक अनुपात निर्धारण गरेर विद्यालय मर्ज गर्ने कार्य भएको छ । स्थानीय पाठ्यक्रम लागू गर्ने, प्राविधिक शिक्षालाई प्रोत्साहित गर्ने, व्यवहार र व्यवसायमुखी शिक्षाजस्ता कार्यहरूमा गाउँपालिकाले प्रयास गरिरहेको छ ।

जुगल गाउँपालिकाले जारी गरेको शिक्षा ऐन संविधानको अनुसूची ८ मा रहेको एकल अधिकार कार्यान्वयन गर्न स्थानीय सरकारहरूले जारी गरेका ऐनमध्ये सम्भवतः नेपालकै पहिलो भएको दाबी अध्यक्षको श्रेष्ठको छ ।

"अधिकार प्राप्तिमा मात्रै बहस गर्नुभन्दा प्राप्त अधिकारको कानुन बनाएर प्रभावकारी कार्यान्वयनमा अग्रसरता हुनु हाम्रो दायित्व हो", अध्यक्ष श्रेष्ठ भन्नुहुन्छ । स्थानीय सेवा ऐन जारी गरी सोहीबमोजिम स्वास्थ्य, कृषि तथा पशु क्षेत्रमा जनशक्ति व्यवस्थापन गरिसकिएको छ । योलगायत स्थानीय पूर्वाधार व्यवस्थापन ऐन, कृषि ऐन, सहकारी ऐन लगायतका कानुनहरू जारी भइसकेका छन् ।



# ककनीमा पर्यटन प्रवर्द्धन र कृषि उत्पादन

**ककनी गाउँपालिका, नुवाकोट**

संघीय राजधानी काठमाडौंसँगै जोडिएको गाउँपालिका हो नुवाकोटको ककनी । आन्तरिक पर्यटन र कृषि उत्पादनको प्रचुर सम्भावना बोकेको ककनी गाउँपालिकाले पर्यटन प्रवर्द्धन, ट्राउट माछा, मूला, काउली, किवी र स्ट्राबेरी उत्पादनलाई प्राथमिकता दिएको छ ।

रानीपौवाको मूला काठमाडौं उपत्यकासहित तराईका बजारसम्म बिक्री हुँदै आएको छ भने ककनीको ट्राउट माछा ठूला सपिङ मलदेखि पाँचतारे होटलको किचनसम्म पुग्छ । ककनी गाउँपालिकामा उत्पादन हुँदै आएको स्ट्रबेरी अन्तर्राष्ट्रिय बजारसम्म पुगिरहेको छ । किवी, काउली लगायतका फलफूल र तरकारीलाई पनि बजारको समस्या छैन ।

पर्यटन प्रवर्द्धन र कृषि उत्पादनलाई प्रथामिकतामा राखेर योजना बनाएको बताउनुहुन्छ गाउँपालिकाका अध्यक्ष मानबहादुर लामा । "ककनीको पहिचान भनेकै पर्यटन र कृषि उत्पादन हो । यस क्षेत्रमा होटलहरू खुल्दैछन् भने कृषि उत्पादन विगतदेखि नै उत्साहजनक छ", लामा भन्नुहुन्छ ।

"मलबिउ वितरण गर्ने, आवश्यक तालिम दिने, पर्यटन पूर्वाधारमा लगानी आकर्षित गर्नेजस्ता योजनाहरू सञ्चालन गरिरहेका छौं", उहाँले थप्नुभयो । गाउँपालिकाले पर्यटकीय क्षेत्र विकास तथा प्रवर्द्धनका लागि डीपीआर पनि तयार गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा गाउँपालिकाले पर्यटनका लागि ४० लाख रूपैयाँ र कृषिका लागि ३५ लाख रूपैयाँ विनियोजन गरेको छ । कृषिमा बजेट थोरै भयो कि भन्ने जिज्ञासामा लामा भन्नुहुन्छ, "दुर्गम वडाहरूमा सडक अव्यवस्थित हुँदा स्थानीय कृषि उत्पादन बजारसम्म पुग्न सकेको छैन । त्यसैले अहिले सडकमा भइरहेको लगानीलाई पनि कृषिसँगै जोडेर हेर्नुपर्ला ।"

गाउँपालिकामा रहेका कृषकहरूको व्यावसायिक कृषि प्रवर्द्धनका लागि बिउबिजन वितरण गर्नुका साथै अहिलेसम्म २२ हजारभन्दा बढी अलैंचीको बिरुवा वितरण गरिसकेको छ । लामाका अनुसार, ककनी गाउँपालिकाले एक व्यक्ति एक फलफूलको बिरुवा रोप्ने अभियानसमेत सञ्चालन गरेको छ ।

तरकारी र फलफूलबाहेक फापर पनि यस क्षेत्रको आकर्षक आम्दानी भएको बाली भएको लामाले जानकारी दिए । ककनीमै फापरको पीठो एक किलोको मूल्य साढे ३ सय रूपैयाँ पर्छ । फापर, मकै, कोदो लगायतका बाली उत्पादनका लागि पनि योजना बनाएको लामाले बताए ।

यी उत्पादनहरूको पकेट क्षेत्र २, ३, ४ र ५ नं. वडाहरू रहेको र चालू आर्थिक वर्षदेखि अन्य वडाहरूमा पुग्ने सडकलाई स्तरीकरण गर्ने योजना पनि छ । यस वर्षदेखि कृषि उत्पादनको निर्यातबाट गाउँपालिकाभित्र भित्रिने आम्दानीको पनि तथ्यांक व्यवस्थित गर्ने उनी बताउँछन् ।

**रानीपौवाको मूला काठमाडौं उपत्यकासहित तराईका बजारसम्म बिक्री हुँदै आएको छ भने ककनीको ट्राउट माछा ठूला सपिङ मलदेखि पाँचतारे होटलको किचनसम्म पुग्छ । ककनी गाउँपालिकामा उत्पादन हुँदै आएको स्ट्रबेरी अन्तर्राष्ट्रिय बजारसम्म पुगिरहेको छ ।**



# आत्मनिर्भरताको लागि लौठसल्ला

**किस्पाङ गाउँपालिका, नुवाकोट**

नुवाकोटको किस्पाङ गाउँपालिकाले लौंठसल्लाको व्यावसायिक उत्पादन गर्ने लक्ष्य राखेर करिब २५ हजार नर्सरी उत्पादन गरेर कृषकलाई वितरण गरेको छ ।

वन कार्यालयसँग समन्वय गरेर कृषकहरूको समूह गठन गरी नर्सरी वितरण गरिएको गाउँपालिकाका अध्यक्ष छत्रबहादुर लामाले जानकारी दिनुभयो । क्यान्सरको औषधि बनाउन प्रयोग हुने लौंठसल्ला उत्पादनपछि बिक्री गर्ने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो ।

"जटिबुटीको नर्सरी बनाउन गाउँपालिकाले थोरै बजेट दिएर समन्वयात्मक काम गरेको हो । वन कार्यालयले बिऊको व्यवस्थापन र प्राविधिक काम गऱ्यो," उहाँले भन्नुभयो, "कृषक समूहहरू गठन गऱ्यौं । समूह र त्यसका सदस्यहरूले रोप्ने र हुर्काउने काम गरिरहेको छ ।"

नर्सरी उत्पादनको कूल बजेटमध्ये ६० प्रतिशत वन कार्यालय, २० प्रतिशत वन समूह र २० प्रतिशत गाउँपालिकाले बेहोरेका छन् । साथै, सल्ला बिक्रीका लागि खरिदकर्ताहरूसँग छलफल गर्ने तयारी पनि भइरहेको उहाँले जानकारी दिनुभयो ।

"बजारको सम्भाव्यताबारे अनौपचारिक रूपमा जानकारी लिइरहेका छौं । अहिलेसम्म बुझ्दा बजारको समस्या छैन," उहाँले जानकारी दिनुभयो । लौंठसल्लाका साथै अन्य जटिबुटीलाई पनि प्राथमिकतामा राखेर उत्पादन गर्ने योजना रहेको अध्यक्ष लामाले बताउनुभयो ।

गाउँपालिकामा पाइने अर्गेली, लौंठसल्ला, चिराइतो, नीरमसी, जटामसीजस्ता जटीबुटीहरूको उत्पादन बढाउने र निर्यात गर्ने योजना रहेको पनि उहाँले बताउनुभयो । आगामी वर्षदेखि किस्पाङमा उत्पादन हुने तेजपत्ता, टिमुर, अकबरे खोर्सानीजस्ता विरुवा उत्पादन गर्ने पनि योजना रहेको उहाँले बताउनुभयो । "ग्रीन हाउस बनाएर विरुवा उत्पादनका लागि १० लाख रूपैयाँ जति बजेट विनियोजन गरेको छु", उहाँले भन्नुभयो ।

किस्पाङको माथिल्लो भेगमा जटिबुटी र तल्लो भेगमा तरकारी तथा नगदेबालीको सम्भावना छ । तल्लो भेगमा कृषि उत्पादन बढाउनका लागि पनि प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

गाउँपालिकाले यो वर्ष मात्र कृषिका लागि ४० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । किस्पाङको तल्लो भेगलाई अन्नबाली र तरकारीबाली उत्पादनमा आत्मनिर्भर बनाउने योजना रहेको उहाँले बताउनुभयो ।

**"जटिबुटीको नर्सरी बनाउन गाउँपालिकाले थोरै बजेट दिएर समन्वयात्मक काम गरेको हो । वन कार्यालयले बिऊको व्यवस्थापन र प्राविधिक काम गऱ्यो", उहाँले भन्नुभयो, "कृषक समूहहरू गठन गऱ्यौं । समूह र त्यसका सदस्यहरूले रोप्ने र हुर्काउने काम गरिरहेको छ ।"**



> "आँखा मात्रै नदेख्ने, कान मात्र नसुन्ने अपांगता भएकाहरूलाई पढाउन सकिँदोरहेछ । तर बहुअपांगता भएकालाई पढाउने विद्यालय संघीय सरकारसँग पनि रहेनछ ।"

# प्रदेशकै पहिलो आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका

**लिसंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक**

लिसंखुपाखर गाउँपालिका प्रदेश नं. ३ कै पहिलो आधारभूत शिक्षा सुनिश्चित भएको स्थानीय तह (सरकार) बन्न सफल भएको छ । साथै, देशभरमा आधारभूत शिक्षा सुनिश्चित गर्न सफल सातौं स्थानीय तह समेत बन्न सफल भएको छ ।

गाउँपालिकाका अध्यक्ष कमल नेपालका अनुसार, २०७५ भदौ ७ गते घोषणा गरिएको हो । आफूहरू निर्वाचित भएर आएदेखि नै आधारभूत शिक्षा सुनिश्चित गर्ने तयारी थालेको उहाँले बताउनुभयो । "हाम्रो प्रमुख चुनावी एजेण्डा भएकाले निर्वाचित भएर आएलगत्तै विद्यार्थीहरूको लगत संकलन गर्न सहजकर्ता र सम्बन्धित वडाका जनप्रतिनिधि खटायौं," उहाँले भन्नुभयो, "उहाँहरूले बालबालिकाहरूलाई विद्यालय पठाउन उत्प्रेरित गर्नेदेखि समस्याहरूको जानकारी पनि लिनुभयो ।"

सात वटा वडा रहेको यस गाउँपालिका भित्रका ४ देखि १३ वर्ष उमेर समूहका कोही बालबालिका विद्यालय शिक्षाबाट वञ्चित नहुन् भनेर अभियान सञ्चालन गरिएको हो । अभियानका क्रममा विद्यालय नजाने बालबालिकाको सूचना दिनेलाई पुरस्कार दिने गरी सूचना प्रकाशित गरेको थियो । जनप्रतिनिधि र सहजकर्तालाई निरन्तर खटाए पनि २०७४ मा आधारभूत शिक्षा सुनिश्चित भएको स्थानीय तह घोषणा गर्न नसकेको उहाँको अनुभव छ ।

कतिपय बालबालिकाको परिवारको आर्थिक अवस्था कमजोर भएका कारण विद्यालय जान नसकेको पाइएको थियो । कतिपय भने अपांगता भएकै कारण पनि विद्यालय जान सकेका थिएनन् । लिसङखुपाखर गाउँपालिकाभित्र ११ माध्यामिक र १६ वटा आधारभूत विद्यालयमा २ हजार ५५८ जना बालबालिका अध्ययनरत छन् । त्यसमध्ये ५ जना बहुअपांगता भएका बालबालिका छन् भने २ जनाको स्वास्थ्य अवस्था असाध्यै कमजोर छ । "आँखा मात्रै नदेख्ने, कान मात्र नसुन्ने अपांगता भएकाहरूलाई पढाउन सकिँदोरहेछ । तर बहुअपांगता भएकालाई पढाउने विद्यालय संघीय सरकारसँग पनि रहेनछ," उहाँले भन्नुभयो, "सकेसम्म उपचार गर्न जिल्ला बाहिरको ठूला अस्पतालमा पनि पठायौं । सकेसम्म प्रयास गरिरहेका छौं, तर उपचार गर्न कठिन रहेछ ।"

भर्ना भएका विद्यार्थीहरूको अध्ययनलाई निरन्तरता दिन नसकिने हो कि भन्ने उहाँको चिन्ता छ । बालबालिकाको पढाइलाई निरन्तरता दिन भर्ना हुनेबित्तिकै ३ हजार रूपैयाँ प्रोत्साहन रकम पनि उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो । "एकपटक भर्ना गर्नुभन्दा भर्ना भएका बालबालिकालाई निरन्तर विद्यालय जाने वातावरण बनाउन कठिन रहेछ," उहाँले भन्नुभयो, "अहिले २ वटा वडामा दिवा खाजाको व्यवस्था छ, अब सबै विद्यालयमा दिवाखाजाको व्यवस्था गर्नेबारे सोच बनाउँदैछौं ।" साथै विद्यार्थीसँग जोडिने अभिभावकको रोजगारी, स्वास्थ्य लगायतका विभिन्न पक्षलाई पनि विश्लेषण गरी योजना बनाउने पनि उहाँले जानकारी दिनुभयो ।

आगामी वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिने उहाँले बताउनुभयो । "आधारभूत शिक्षा सुनिश्चिततालाई निरन्तरता दिन विकट भौगलिक अवस्था, जनचेतनाको कमी, बजेट अभावजस्ता समस्याहरू छन्", उहाँ भन्नुहुन्छ, "समस्या नभएको भए काम नै गर्न पर्दैनथ्यो, त्यसैले समस्याहरूलाई हल गर्दै लैजाने हाम्रो निरन्तरको प्रयास जारी छ ।"

"मनहरि महेन्द्र राजमार्गसँगै जोडिएको सम्भावनायुक्त गाउँपालिका हो । कृषि, पर्यटन, खेलकुदलगायतका क्षेत्रमा प्रचुर सम्भावना छ", उहाँले भन्नुभयो, "कृषि, पर्यटन, खेलकुदका लागि बजेट छरेर सम्भव छैन । त्यसैले बहुवर्षीय महत्वकांक्षी योजनाहरू छानेका हौं ।"



# विकासको आधार 'प्रोजेक्ट बैंक'

**मनहरि गाउँपालिका, मकवानपुर**

स्थानीय तहले साना योजनामा बजेट छरेर बजेटलाई प्रभावहीन बनाएको गुनासो बढिरहेका बेला मकवानपुरको मनहरी गाउँपालिकाले अर्बौं रूपैयाँ लागतका डेढ दर्जन बहुवर्षीय आयोजनाको "प्रोजेक्ट बैंक" को रूपमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरेको छ ।

५ वर्षभन्दा बढी समय लाग्नसक्ने ती आयोजनाहरूको लागत मात्र ५ अर्ब रूपैयाँभन्दा बढी छ । मनहरीको वडा नं. ७ का राई र बोटे जातिका लागि बन्न लागेको ७५ वटा नमुना घरको लागत ७३ करोड ६ लाख रूपैयाँ छ । साथै, ७ नं. वडामै बन्ने क्षेत्रीय खेलकुद मैदानको लागत ६४ करोड ४१ लाख रूपैयाँ छ ।

यी आयोजनामध्ये केही आयोजना निर्माण सम्पन्न गर्न पाँच वर्षभन्दा पनि बढी समय लाग्न सक्ने मनहरि गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए । "यी आयोजनामध्ये कतिपयको निर्माण पाँच वर्षभन्दा बढी छ," उहाँले भन्नुभयो, "तर अधिकांश आयोजना हाम्रै कार्यकालभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य छ ।"

२८ करोड चार लाख रूपैयाँ लागतको मनहरी मूल सडक निर्माण आयोजनामा नाली काट्ने, दुवै किनारामा डोजर लगाउने काम सुरु भइसकेको छ । "यो मूल सडकले छोएका वडाहरूमा सिजनमा एकै दिन २५/३० गाडी तरकारी निर्यात हुन्छ", उहाँले भन्नुभयो ।

यसैगरी, गाउँपालिकाले पाँच सय बिघाको घाँसे मैदान पनि तयार पारेको छ । जहाँ हात्ती, बाघ लगायतका जंगली जनवार अवलोकन गर्न सकिने छ । त्यस घाँसे मैदानबाट गाउँपालिकाले जंगल सफारी गर्ने पर्यटक भित्र्याउने लक्ष्य राखेको छ ।

"मनहरि महेन्द्र राजमार्गसँगै जोडिएको सम्भावनायुक्त गाउँपालिका हो । कृषि, पर्यटन, खेलकुद लगायतका क्षेत्रमा प्रचुर सम्भावना छ," उहाँले भन्नुभयो, "कृषि, पर्यटन, खेलकुदका लागि बजेट छरेर सम्भव छैन । त्यसैले बहुवर्षीय महत्वाकांक्षी योजनाहरू छानेका हौं ।" मनहरिले तयार पारेको "प्रोजेक्ट बैंक" मा राखिएका आयोजनाहरूमा बजेट साझेदारी गर्न प्रदेश सरकार र संघीय सरकारलाई आग्रह गरिने अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो ।

"हामीले प्रदेश र संघीय सरकारलाई तत्तत् आयोजनामा सम्पूर्ण अनुदान तथा विशेष अनुदानको व्यवस्था गर्न अनुरोध गरिसकेका छौं", उहाँले भन्नुभयो, "मनहरी क्षेत्रभित्र संघ र प्रदेश सरकारले डीपीआर गरिएका "प्रोजेक्ट बैंक" मा रहेका आयोजनामा मात्र बजेट विनियोजन हुनेगरी समन्वय भइरहेको छ ।"

## आन्तरिक आय संकलन पनि उत्साहजनक

मुलुभरका स्थानीय तहको आन्तरिक आय संकलनको अवस्था दयनीय भएको चर्चा चल्दै गर्दा मनहरीले भने गत आर्थिक वर्षमा आन्तरिक आय संकलनमा उत्साहजनक प्रगति गरेको छ । गाउँपालिकाले अघिल्लो आर्थिक वर्ष ०७४/७५ को तुलनामा पाँच गुणा बढी आन्तरिक आय संकलन गर्ने लक्ष्य लिएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा जम्मा ३३ लाख ७२ हजार रूपैयाँ आन्तरिक आय संकलन गरेको मनहरीले निर्वाचित जनप्रतिनिधि आइसकेपछि भने गत आवमा दुई करोड ५४ लाख रूपैयाँ संकलन गरेको थियो तर चालु आवमा १० करोडभन्दा बढी आय संकलन हुने अनुमान गरेको छ । अध्यक्ष उप्रेतीले आन्तरिक कर संकलन गर्ने अभियान थालनी गरेको बताउनुभयो । जनप्रतिनिधि आउनुअघि घरजग्गा कर, व्यवसाय कर संकलन गर्ने अभ्यास शून्यजस्तै थियो ।

"वडा-वडामा गएर सबैलाई कर तिर्न आग्रह गर्‍यौं । कर वापतको रकम तपाईंहरूकै टोलमा खर्च गर्छौं भनेर प्रतिवद्धता जनायौं", उहाँले भन्नुभयो, "गाउँपालिकाको यो अभियानबाट कोही पनि असन्तुष्ट भएनन् । गतवर्ष मात्रै ७० लाख उठ्यो ।" करका दायराहरू बढाउन थप अध्ययन भइरहेको छ ।



त्यसरी छरिएर रहेका घर वा साना टोललाई सुगम स्थानमा ल्याएर एकीकृत बस्ती बसाल्न आवश्यक भइसकेको छ। जसले गर्दा राज्यले नागरिकलाई दिने सेवाको लागत घट्नुका साथै नागरिकले गुणस्तरीय सेवा पाउँछन्।

# एकीकृत बस्ती, हुने छैन सास्ती

**मरिण गाउँपालिका, सिन्धुली**

छरिएर रहेको बसोबासका कारण नेपालको ग्रामीण विकासको लागत महँगो छ। खासगरि पहाडी र हिमाली क्षेत्रमा मुख्य बस्तीभन्दा टाढा रहेका केही घरलाई राज्यले पुऱ्याइदिनु पर्ने खानेपानी, सडक, बिजुलीको लागत महँगो छ।

त्यसरी छरिएर रहेका घर वा साना टोललाई सुगम स्थानमा ल्याएर एकीकृत बस्ती बसाल्न आवश्यक भइसकेको छ। जसले गर्दा राज्यले नागरिकलाई दिने सेवाको लागत घट्नुका साथै नागरिकले गुणस्तरीय सेवा पाउँछन्।

खासगरि दोस्रो विश्वयुद्ध पछि तीव्र ढंगले विकास भएका मुलुकहरूले पनि छरिएर रहेका साना ग्रामीण बस्तीहरूलाई एकीकृत गरेको पाइन्छ। नेपालमा यो अवधारणा सामान्य बहसमा आए पनि कार्यान्वयन भएको छैन। यतिसम्म कि, संघीय सरकारले चौधौं योजना सकिँदा पनि बस्ती एकीकरण गरेर नागरिकलाई सस्तो लागतमा गुणस्तरीय सरकारी सेवा दिने नीति ल्याउन सकेको छैन।

संघीय सरकारले पनि सम्भव तुल्याउन नसकेको बस्ती एकीकरणको काम सिन्धुलीको मरिण गाउँपालिकाले गर्न थालेको छ। गाउँपालिकाका अध्यक्ष पानीराज बम्जनका अनुसार, मरिण खोलाको फूलबारी खहरे डाइर्भसन गरी करिब ३ सय बिघा बस्तीयोग्य जमिन तयार पार्न अध्ययन गर्न लागेको बताउनुभयो। मरिण गाउँपालिकाको ७ नं. वडामा रहेको खर्स्याल भन्ने ठाउँको खहरे डाइभर्सन गर्दा बस्ती बसाल्नयोग्य जग्गा तयार हुने उहाँले जानकारी दिनुभयो।

"चुरेको सानो एउटा ठाउँ कटान गरेर फूलबारी खहरे डाइभर्सन गर्दा बस्ती बसाल्नयोग्य प्रशस्त जग्गाको व्यवस्था गर्न सकिन्छ", उहाँले भन्नुभयो, "गरिबीका कारण दूरदराजमा छरिएर बसेका बासिन्दालाई त्यहाँ बसोबास गर्न सकियो भने थोरै लागतमा शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता समग्र अत्यावश्यक सेवा गुणस्तरको दिन सकिन्छ भन्ने हाम्रो निष्कर्ष हो।"

डाइभर्सनले हुने क्षतिको सम्भाव्यता अध्ययन थाल्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। पहाडी भेगको दूरदराजमा छरिएर रहेका केही घरधूरी र साना टोलहरूमा विकास निर्माणको काम गर्दा र सरकारी सेवाप्रवाह गर्दा लागत महँगो परिरहेका उहाँको अनुभव छ।

"एक दुई घर एउटा डाँडाको टुप्पामा छन्, अर्को एक दुई घर अर्को भीरको छेऊमा छन्। मरिणमा यसरी छरिएर रहेको अव्यवस्थित बस्ती धेरै छ", उहाँले भन्नुभयो, "एक दुई घरका लागि बाटो, सडक, स्कूल, स्वास्थ्य चौकी बनाउन वर्षेनी जति बजेट खन्याए पनि सहज देखिएन। एकीकृत बस्ती भए एउटै विद्यालय, एउटै बाटो, एउटै स्वास्थ्य चौकीले सेवा दिन सकिन्छ भन्ने निष्कर्ष हो।"

नेपालको अन्य ठाउँमा छरिएर रहेको केही बस्तीमा विकासका पूर्वाधार पुऱ्याए पनि मान्छेको कम चापका कारण प्रयोगविहीन भएर सडक, विद्यालय, स्वास्थ्य चौकीका संरचना बेबारिसे हुने गरेका छन्। जसले वर्षेनी बजेट खेर फाल्ने काम मात्र भइरहेको छ।

छरिएर रहेका बस्तीबाट एकीकृत बस्तीमा स्थानान्तरण गर्नु पर्ने जातजातिहरूमा तामाङ, मगर र दलित छन्। "बस्ती सार्दा खेरी हामीले सेवा सुविधा र प्राविधिक पक्षलाई मात्र नभई धार्मिक, साँस्कृतिक पक्षलाई पनि व्यवस्थापन गर्छौं," उहाँले भन्नुभयो, "जातजाति अनुसारको चिहान, घाट, मठमन्दिर, गुम्बाजस्ता पूर्वाधारको पनि व्यवस्थापन गर्छौं।"

“अहिलेको गाविसजस्तो होइन, क्षेत्रफल, जनसंख्या, सेवाप्रवाह लगायतका सबै कुरा पहिलेको भन्दा ठूलो छ”, उहाँले भन्नुभयो, “सञ्चार माध्यमबाट गाउँपालिकाको सूचना, समाचार प्रवाह गर्ने र सवाल जवाफ गर्दा सजिलो महसुस गरेका छौं ।”



# सूचना नै सम्पत्तिः आफ्नै एफएम आफ्नै पत्रिका

**रोशी गाउँपालिका, काभ्रे**

काभ्रेको रोशी गाउँपालिकाले एफएम रेडियो र साप्ताहिक पत्रिका सञ्चालन गरेको छ । गाउँपालिकाका अध्यक्ष दलबहादुर लामाले आफूहरू निर्वाचित भएपछि रोशी खबर साप्ताहिक र रोशी एफएम १०१.६ मेगाहर्ज सञ्चालन गरेको बताउनुभयो । पत्रिका र एफएम रेडियोका लागि ३० लाख रूपैयाँ खर्च भएको उहाँले जानकारी दिनुभयो ।

रेडियो र पत्रिकाबाट रोशी गाउँपालिकाभित्रका स्थानीय विकास, कृषिसँग सम्बन्धित विभिन्न विषयलाई समाचार र कार्यक्रम निर्माण गरि प्रकाशन/प्रशारण गर्दै आएको छ । रेडियो कार्यक्रममार्फत प्रत्येक हप्ताको आइतबार स्थानीयबासीले गाउँपालिका अध्यक्षसँग प्रत्यक्ष कुराकानी गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।

“रोशी गाउँपालिका भित्रको सडक, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्यसँग सम्बन्धित विविध विषयमा स्थानीयवासीसँग प्रत्यक्ष कुराकानी गरिरहेका छौं”, उहाँले भन्नुहुन्छ, “रेडियो कार्यक्रममा फोनमार्फत जनतासँग प्रत्यक्ष कुराकानी गर्न सकेसम्म म आफैं अग्रसर हुन्छु । मैले भ्याइनँ भने प्रमुख प्रशासकीय अधिकृतले गुनासो सुन्ने र सवाल जवाफ गर्नुहुन्छ ।”

रोशी गाउँपालिकाको क्षेत्रफल ठूलो र भौगोलिक हिसाबले दुर्गम पहाडी क्षेत्र भएकाले सूचनाका लागि सञ्चारमाध्यमको उपयोग गर्नु परेको उहाँ बताउनुहुन्छ । रोशी गाउँपालिकाको क्षेत्रफल १७६ वर्गकिलोमिटर छ । प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलगायत अधिकारीहरू सबै वडा र टोलमा सधैं पुगिरहन असम्भव भएकाले रेडियो र पत्रिकामार्फत सूचना प्रवाह गर्दा र गुनासो सुन्दा सहज भएको उहाँको अनुभव छ ।

“अहिलेको गाविसजस्तो होइन, क्षेत्रफल, जनसंख्या, सेवाप्रवाह लगायतका सबै कुरा पहिलेको भन्दा ठूलो छ,” उहाँले भन्नुभयो, “सञ्चार माध्यमबाट गाउँपालिकाको सूचना, समाचार प्रवाह गर्ने र सवाल जवाफ गर्दा सजिलो महसुस गरेका छौं ।”

एफएम रेडियोबाट ट्राफिक कार्यक्रम पनि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार रोशीमा ७० प्रतिशत जनसंख्या तामाङ जातिको छ । त्यसैले नेपाली भाषाबाहेक तामाङ भाषाका कार्यक्रमहरू, गीत संगीत प्रशारण गरिरहेको छ ।

बिपी राजमार्गको २२ किलोमिटर रोशी गाउँपालिकामा पर्छ । नेपालको पूर्वी क्षेत्रबाट राजधानी प्रवेश गर्ने मुख्य सडक भएकाले ट्राफिक कार्यक्रम सञ्चालन गरी सडकको अवस्थाबारे रेडियोले विभिन्न जानकारी दिँदै आएको छ । यसैगरी, ट्राफिक नियम पालनाबारे जनचेतनामूलक सूचनाहरू पनि प्रवाह गरिरहेको छ । रेडियो र पत्रिकाले सफल उद्योगी र व्यवसायीसँग अन्तरकृया गर्दै आएको छ । “हाम्रो रेडियो र पत्रिकाले लागूऔषधबारे जनचेतना अभिवृद्धि गर्ने, महिला हिंसा न्यूनीकरण गर्नेलगायत विभिन्न सामाजिक विषयहरूको पनि उठान गरिरहेको छ”, उहाँले भन्नुभयो ।

रेडियो र पत्रिका सञ्चालन गर्न लाग्ने खर्च व्यवस्थापनका लागि दिगो स्रोतको योजना बनाइरहेको पनि उहाँले जानकारी दिनुभयो । दिगो स्रोतका लागि गाउँपालिका भित्रका सरकारी निकाय, नागरिक समाज र निजी क्षेत्रसँग छलफल गर्ने तयारी भइरहेको छ ।

“सधैं गाउँपालिकाको बजेटले मात्रै रेडियो र पत्रिका चलाउँदा आर्थिक भार पर्न पर्छ । त्यसैले रेडियो र पत्रिकाको आजीवन सदस्यता दिने विचार गरेका छौं”, उहाँले भन्नुभयो, “साथै हाम्रो गाउँपालिकाभित्र रहेका सरकारी निकाय र निजी क्षेत्रसँग पनि स्रोत व्यवस्थापनका लागि छलफल गर्ने तयारी गरिरहेका छौं ।”



> "हरेक दिन स्वास्थ्यकर्मीले मोबाइलबाटै ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्थाको जानकारी लिइरहेका छन् । आवश्यकता परे जतिबेला पनि स्वास्थ्यकर्मी बिरामीको घरमा खटिइरहेका छन् ।

# मोबाइलमै ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था

**तामाकोशी गाउँपालिका, दोलखा**

तामाकोशी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिकको स्वास्थ्यबारे मोबाइलबाट जानकारी लिएर निःशुल्क उपचार सुरु गरेको छ । गत वर्षदेखि ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचार गरेको र यस वर्षदेखि मोबाइलबाट स्वास्थ्य अवस्थाको जानकारी लिन थालेको तामाकोशी गाउँपालिकाका अध्यक्ष ईश्वरचन्द्र पोखरेलले जानकारी दिनुभयो ।

"हरेक दिन स्वास्थ्यकर्मीले मोबाइलबाटै ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्थाको जानकारी लिइरहेका छन् । आवश्यकता परे जतिबेला पनि स्वास्थ्यकर्मी बिरामीको घरमा खटिइरहेका छन्", उहाँले भन्नुभयो, "नियमित उपचार गत वर्ष एकपटक मात्र गरिएको थियो । यो वर्षदेखि दुईपटक गर्छौं ।"

गाउँपालिकासँग भएको एउटा एम्बुलेन्स अहिले बिग्रेको र त्यसको मर्मत तथा नयाँ खरिदका लागि तयारी भइरहेको छ । आवश्यकता परे उपचारका लागि गाउँपालिका, कुनै संघसंस्था र व्यक्तिको गाडीसमेत प्रयोग गरिरहेको उहाँको भनाइ छ ।

"एम्बुलेन्स पर्खेर बसिरहेका छैनौं । जानकारी पाउना साथ मैले चढिरहेको वा अरू कार्यालयको गाडी नै उद्धारका लागि पठाइरहेका छौं," उहाँले भन्नुभयो, "आवश्यक परे व्यक्तिको गाडी नै पनि खोजेर पठाइरहेका छौं । जतिबेला आवश्यक पर्छ, त्यत्तिबेला गाउँपालिका तयारी अवस्थामा बसिरहेको छ ।"

गाउँपालिकाको स्वास्थ्य केन्द्रमा उपचार गर्न नसके अन्यत्र रिफर गर्ने र यातायातको आवश्यक प्रबन्ध गाउँपालिकाले नै गर्दै आएको छ । गत वर्ष एकपटक सबै वडामा एक हजार चार सय ३८ बिरामीको निःशुल्क उपचार गर्दा चार लाख ५५ हजार रूपैयाँ खर्च भएको थियो ।

यस वर्ष पनि त्यसैको अनुपातमा खर्च लाग्ने अनुमान गाउँपालिकाको छ । "स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार भएको कुरा संविधानमै पनि उल्लेख छ । त्यसमाथि स्वास्थ्यका हिसाबले ज्येष्ठ नागरिकहरू संवेदनशील अवस्थामा हुन्छन्", उहाँ भन्नुहुन्छ, "प्राथमिकतामा राखेर ज्येष्ठ नागरिकलाई घरमै निःशुल्क उपचारको व्यवस्था गरिएको हो । आवश्यकताअनुसार अरू उमेर समूहका नागरिकलाई पनि सकेसम्म छिटो र निःशुल्क स्वास्थ्य उपचारको सेवा दिइरहेका छौं ।"

गाउँपालिकाले कृषकलाई राहत प्रदान गर्न पशुपालन गर्ने कृषकका लागि अनुदान उपलब्ध गराएको छ । कम्तिमा ६० हजार रूपैयाँ पर्ने दुईवटा दुहुनो उन्नत जातको गाई र भैंसी पाल्ने किसानलाई २० हजार रूपैयाँ अनुदान दिएको गाउँपालिकाका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । त्यसैगरी, कम्तिमा दुईवटा माउ बंगुर पाल्नेलाई तीन हजार रूपैयाँ अनुदान दिइएको छ । १० वटाभन्दा धेरै भेडा र बाख्रा पाल्ने किसानलाई पनि तीन हजार रूपैयाँ दिइएको छ । १० घारभन्दा बढी माहुरी पालन गर्नेलाई प्रतिघार एक हजार ५ सय रूपैयाँ अनुदान दिइएको छ ।

कम्तिमा ४० लोकल कुखुराको भाले र पोथी पाल्नेलाई १० हजार रूपैयाँ, तरकारी वा मसला बाली लगाउनेलाई प्रतिरोपनी १० हजार रूपैयाँ, फलफूल ३ रोपनीभन्दा माथि ३० हजार रूपैयाँ अनुदान दिने व्यवस्था गरिएको छ ।

६० हजारभन्दा बढी लगानीमा पोखरी निर्माण गरी माछापालन गर्ने कृषि व्यवसायीलाई २० हजार रूपैयाँ अनुदान दिने व्यवस्था गरिएको छ । दुग्ध संकलन केन्द्रमा बेच्ने दुधमा प्रतिलिटर १ रूपैयाँ पनि दिने व्यवस्था गरिएको छ । विभिन्न पशुपालनका लागि गोठसुधार कार्यक्रम र उत्पादित कृषि उपज संकलन, भण्डारण र व्यवस्थापनको उचित व्यवस्थासमेत गरिएको छ । पोखरेलले कृषिमुखी कार्यक्रमबाट मुलुकलाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग पुग्नेमा गाउँपालिका प्रमुख पोखरेलले विश्वास व्यक्त गर्नुभयो ।

"रामेछापमा सुनपाती गाउँपालिकामा मात्रै बीऊ बैंक छ । गाउँपालिकाको पहलमा खुलेका बीउ बैंकबाट कृषकलाई धान, मकै, फापर, आलु, तरकारीको बीऊ वितरण गरिरहेका छौं ।"



# कृषि उत्पादनको पकेट क्षेत्रसँगै 'बीऊ बैंक'

**सुनापाती गाउँपालिका, रामेछाप**

मुलुकभर रैथाने अन्नबाली र तरकारीको बीउ मासिरहेको बेला रामेछापको सुनापती गाउँपालिकाले भने 'बीउ बैंक' स्थापना गरेको छ ।

कृषि र पशुपन्छीजन्य उत्पादनमा जोड दिएको रामेछापको यो गाउँपालिकाले बीउ बैंक स्थापना गरी कृषकलाई उन्नत बीऊ बिजन वितरण गरिरहेको छ ।

"रामेछापमा सुनपाती गाउँपालिकामा मात्रै बीऊ बैंक छ । गाउँपालिकाको पहलमा खुलेका बीउ बैंकबाट कृषकलाई धान, मकै, फापर, आलु, तरकारीको बीऊ वितरण गरिरहेका छौं," गाउँपालिकाका अध्यक्ष धावा लामाले बताउनुभयो ।

कृषकलाई बीऊ वितरण गर्न चालू आर्थिक वर्षमा १२ लाख रूपैयाँ विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । पशुपालन तथा कृषिजन्य उत्पादनका लागि आर्थिक वर्ष ०७५/७६ मा करिब एक करोड रूपैयाँ विनियोजन गरिएको छ । उत्पादनलाई प्राथमिकतामा राखेर तरकारी निर्यात गर्ने र पशुपालनबाट अर्थोपार्जन गर्ने योजना अघि सारेको उहाँ बताउनुहुन्छ ।

"अहिले बिपी राजमार्गको खुर्कोटदेखि नेपालथोक सम्म करिब तीन सय होटल, लज र पसलमा सुनपाती गाउँपालिकाका विभिन्न वडाहरूमा उत्पादन हुने तरकारी खपत भइरहेको छ", उहाँले भन्नुभयो, "दुध, दही, घ्यू र मासुजस्ता पशुजन्य उत्पादनलाई निर्यात गर्न विशेष कार्यक्रम पनि लागू गरिरहेका छौं ।"

वडा नं. २ मा पर्ने दिमीपोखरीमा अलैंची, किबीको, वडा नं. ५ मा पर्ने खनियापानीलाई बेसारको र वडा नं. ४ को बेथान डहुलाई आँप कटहर र लिचीको जोन बनाइएको छ । यसैगरी ३ नं. हिलेदेवीलाई किबी, आलु, सुन्तला, जुनार र अर्ग्यानिक तरकारीको जोन बनाइएको छ ।

"यो आर्थिक वर्षमा कृषकलाई उन्नत बिउ बिजन वितरण गर्न १२ लाख छुट्याएका छौं," अध्यक्ष लामाले भन्नुभयो, "गाई भैंसी ब्याएको एक हप्ताभित्र निवेदन लिएर गाउँपालिका आए पशु सुत्केरी भत्तावापत तीन हजार रूपैयाँ दिने व्यवस्था गरिएको छ। ब्याएको गाईभैंसी बेच्नेलाई पशु सुत्केरी भत्ता दिँदैनौं । किसानले पालेर दुध, दही, घ्यू उत्पादन गर्छौं, पाडापाडी वा बाच्छाबाच्छी हुर्काउँछौं भनेर प्रतिवद्धता गर्नुपर्छ ।"

उत्कृष्ट काम गर्ने किसान समूहलाई ३० हजार रूपैयाँ र व्यक्तिलाई २० हजार रूपैयाँ पुरस्कार दिने व्यवस्था गरिएको छ । साथै, तरकारी तथा दुग्धजन्य उत्पादनको संकलन केन्द्र बनाउने कामलाई पनि तीब्रता दिइएको उहाँले जानकारी दिनुभयो । सुनपाती गाउँपालिका वीपी राजमार्ग नजिकै रहेकाले उत्पादन भएको बस्तु बजारसम्म पुऱ्याउन खासै समस्या छैन ।

## काठको पोल भेट्टाएर सूचना दिनेलाई एक लाख पुरस्कार !

गुणस्तरीय पूर्वाधार निर्माणमा पनि आफूहरू सचेत रहेको गाउँपालिकाको दाबी छ । सुनपाती गाउँपालिका बिजुलीको काठको पोलमुक्त गाउँपालिका भइसकेको पनि जानकारी दिनुभयो ।

सबै वडामा बिजुली पुगेको जानकारी दिँदै दाबीका साथ उहाँ भन्नुहुन्छ, "सुनपाती काठको पोलमुक्त गाउँपालिका हो, यदि कसैले सुनापातीको कुनै ठाउँमा काठको पोल भएको जानकारी दिन्छ भने उसलाई गाउँपालिकाले पुरस्कारस्वरूप १ लाख रूपैयाँ दिनेछ ।"



"संग्रहालय बनाउन र लिखित धर्मग्रन्थ तयार पार्नेबारे थामी संघका पदाधिकारीहरूसँग पनि छलफल भएको छ, थामी जातिको अहिलेसम्म लिखित धर्मग्रन्थ रहेनछ । अहिलेलाई संग्रहालय बनाउने निर्णय भएको छ ।"

# संस्कृति जोगाउन थामी संग्रहालय

**खाँडादेवी गाउँपालिका, रामेछाप**

संविधानले स्थानीय भाषा, भेषभूषा, संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । दोस्रो जनआन्दोलनताका प्रखर भएको जातीय, सांस्कृतिक पहिचानको मुद्दालाई स्थापित गराउने काम स्थानीय तहको काँधमा आएको छ ।

अहिले कतिपय स्थानीय तहले स्थानीय भाषा, संस्कृति, भेषभूषा जोगाउनुका साथै विगतमा पछि पारिएका जातजातिको समृद्धिका लागि योजनाहरू कार्यान्वयन गर्न थालेको छ । रामेछापको खाँडदेवी गाउँपालिकाले अल्पसंख्यक थामी जातिको संग्रहालय बनाउने बजेट विनियोजन गरिएको छ । संग्रहालयका लागि यस वर्षको बजेटले ५ लाख रूपैयाँ विनियोजन गरेको गाउँपलिकाका अध्यक्ष प्रेमबहादुर तामाङले जानकारी दिए ।

खाँडदेवीको ७ नं. वडामा करिब ७० धुरी थामी जातिको बसोबास छ । लिखित कुनै धर्मग्रन्थ नभएको थामी जातीको भेषभूषा, संस्कृति संरक्षण गर्न संग्रहालय बनाउन लागिएको उहाँले बताउनुभयो । "संग्रहालय बनाउन र लिखित धर्मग्रन्थ तयार पार्नेबारे थामी संघका पदाधिकारीहरूसँग पनि छलफल भएको छ," उहाँले भन्नुभयो, "थामी जातिको अहिलेसम्म लिखित धर्मग्रन्थ रहेनछ । अहिलेलाई संग्रहालय बनाउने निर्णय भएको छ ।"

खाँडदेवी गाउँपालिकामा बसोबास गरिरहेका थामी जातिहरूको शिक्षालाई पनि विशेष प्राथमिकतामा राखेर काम गरेको उहाँले बताउनुभयो । उक्त समुदायमा एसईई उत्तिर्ण गरेका विद्यार्थीको संख्या पनि न्यून भएको हुँदा शिक्षालाई प्राथमिकतामा राखिएको छ ।

"थामी समुदायका विद्यार्थीहरूलाई उच्चशिक्षा निःशुल्क दिने घोषणा गरेका छौं । उच्चशिक्षाका लागि आवश्यक सबै प्रबन्ध गाउँपालिकाले गर्नेछ," उहाँले भन्नुभयो, "त्यसबाहेक आधारभूत तहका विद्यार्थीहरूलाई आवश्यक पर्ने पोसाक, किताब, कापी, कलम, शुल्कवापत लाग्ने रकम विद्यालयलाई हस्तान्तरण गरिसकेका छौं ।"

खाँडदेवीको १, २, ३ र ४ नं. वडामा बसोबास गर्ने माझी समुदायका लागि पनि छात्रवृत्ति लगायतका शिक्षासँग सम्बन्धित कार्यक्रमहरू अघि सारेको उहाँले जानकारी दिनुभयो । यसबाहेक खाँडदेवीको बजेटले गाउँपालिकाभित्रका सबै बालबालिकालाई अनिवार्य पठाएर साक्षर खाँडदेवीको नीति पनि अख्तियार गरेको छ । थामी र माझी समुदायका विद्यालय जान उमेर पुगेका बालबालिकाको लगत संकलन पनि भइरहेको छ ।

'विद्यालय पठाउँ, टिकाउँ र सिकाउँ' को अभियान चलाएर बालबालिकालाई औपचारिक शिक्षा दिने उहाँले बताउनुभयो । साथै, पढाई छुटेका थामी र माझी समुदायका प्रौढ महिला र पुरुषलाई लक्षित गरी प्रौढशिक्षा पनि सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

यसबाहेक बहुसंख्यक जातिका स्थानीयबासीका लागि पनि शैक्षिक योजनाहरू बजेटले अघि सारेको छ । एसईईमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्ने, शिक्षक, विद्यार्थी र शिक्षासँग सम्बन्धित सम्पत्तिको लगत राख्ने लगायतका कामहरू गर्ने बजेटले घोषणा गरेको छ । सबै विद्यालय तथा स्वास्थ्य चौकीहरूलाई अपाङ्गमैत्री बनाउने पनि बजेटमा उल्लेख छ ।

"अल्पसंख्यक, त्यसमाथि विगतमा पछाडि पारिएका जातजाति समुदायको समृद्धिका लागि अग्रसर भएर काम गर्नु स्थानीय तहको संवैधानिक दायित्व हो," उहाँले भन्नुभयो, "सीमित स्रोत साधन भएपनि कति सकिन्छ, त्यति गर्दै जाने हो । एकै वर्षमा सबै जातजाति समृद्ध र वैभवशाली नहोला, गर्दै जाँदा असम्भव छैन ।"

“गाउँपालिकाले अर्गानिक हाटबजारहरू सञ्चालन गर्न थालेको छ। अहिले ३ नं. वडामा पर्ने भोताङमा प्रत्येक शनिबार हाटबजार सञ्चालन हुन थालेको छ। यसैगरि वडा नं. १ को बाँसखर्कमा सञ्चालन गर्न तयारी पुरा भइसकेको।”




# पर्यटन प्रवर्द्धनको लागि 'म्याराथुन'

**पाँचपोखरी थङपाल गाउँपालिका, सिन्धुपाल्चोक**




पाँचपोखरी थङपाल गाउँपालिकाले गाउँको समृद्धिका लागि विभिन्न अनुकरणीय कार्यहरू गरिरहेको छ। गाउँपालिकामै अर्गानिक हाट बजार सञ्चालन गरेको छ भने पर्यटन प्रर्बद्धनका लागि पाँचपोखरी म्याराथनको आयोजना गरिसकेको छ। यसैगरि जलविद्युत् आयोजना निर्माणको तयारी पनि थालेको छ।

“गाउँपालिकाले अर्गानिक हाटबजारहरू सञ्चालन गर्न थालेको छ। अहिले ३ नं. वडामा पर्ने भोताङमा प्रत्येक शनिबार हाटबजार सञ्चालन हुन थालेको छ। यसैगरि वडा नं. १ को बाँसखर्कमा सञ्चालन गर्न तयारी पुरा भइसकेको उहाँले जानकारी दिनुभयो।”

“सबै वडामा अर्गानिक हाटबजार सञ्चालन गर्न नसके पनि सम्भव भएका ठाउँहरूमा सञ्चालन गर्ने तयारी गरिरहेका छौं,” उहाँले भन्नुभयो, “यसका लागि अर्गानिक कृषि उत्पादनमा गाउँपालिकाले जोड दिएर योजनाहरू सञ्चालन गरिरहेको छ।”

गाउँपालिकाले वडा नं. १ को बाँसखर्कमा चिया, ३ नं.को बरुवा र भोताङमा आलु, वडा नं. ८ को ओख्रेनी लागर्चेमा किवी र वडा नं. ४ को थाङपालकोटमा मूलाको अर्गानिक पकेट क्षेत्र घोषणा गरेको छ। यी क्षेत्रहरूमा अहिलेसम्म रासायनिक मल तथा विषादी प्रयोग भएको छैन।

तर गाउँपालिकाको तल्लो भेगमा भने युरिया मल र विषादीहरू प्रयोग भइसकेकाले अर्गानिक उत्पादन गर्न अफ्ठेरो भएको उहाँको अनुभव छ। माथिल्लो भेगमा भने अहिलेसम्म रसायनिक मल तथा विषादी प्रयोग नभएकाले अर्गानिक उत्पादनलाई निरन्तरता दिन सफ्लिो भएको उहाँले जानकारी दिनुभयो। “सकेसम्म तल्लो भेगलाई पनि अर्गानिक उत्पादनको पकेट क्षेत्र बनाउने प्रयास जारी छ,” उहाँले भन्नुभयो, “रसायनिक पदार्थमुक्त गराउन समय लाग्ने देखियो, तर प्रयास जारी छ।”

## पर्यटन

पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले ४ हजार २ सय मिटरमा रहेको पाँचपोखरीसम्म म्याराथन दौड आयोजना गरेको उहाँले जानकारी दिनुभयो। “म्याराथनमा प्यूठानदेखि सोलुखुम्बुसम्मका खेलाडीहरू सहभागी थिए। कूल सहभागी १ सय ९ जना थिए,” उहाँले भन्नुभयो, “त्यसपछि पर्यटक एकदमै बढेको छन्। विगत वर्षहरूको तुलनामा कति बढेका छन् भनेर तथ्यांक तयार पार्दैछौं।” पाँचपोखरी ३ नं. प्रदेशको पर्यटन मन्त्रालयले सूचीकृत गरेको १ सय वटा पर्यटकीय गन्तव्यमध्ये एक हो। पर्यटकलाई ख्याल गरेर भोताङ र मानेखर्कमा होमस्टेहरू पनि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो। पाँचपोखरी थाङपाल नेपालकै चर्चित ट्रेकिङ रुट गोसाइँकुण्ड-हेलम्बुसँगै जोडिएको गाउँपालिका हो।

## जलविद्युत्

पाँचपोखरी थङपाल खण्डमा पर्ने इन्द्रावती नदीमा ६ मेगावाटको जलविद्युत् आयोजनाको इआइए रिर्पोट तयार गरिसकेको अध्यक्षले जानकारी दिनुभयो। सार्वजनिक, निजी, साझेदारी (पीपीपी) मोडलमा निर्माण हुने यस आयोजनाको निर्माणको अगुवाई गाउँपालिकाले गरेको छ।

आयोजनाका लागि मात्र यस वर्ष गाउँपालिकाले करिब ६० लाख रूपैयाँ विनियोजन गरेको छ। आयोजना पाँचपोखरी थाङपालको धापबेंसीमा निर्माण हुनेछ। “सबैको अपनत्व र सरोकारका लागि जलविद्युत्सहित विभिन्न आयोजना पीपीपी मोडलमा निर्माण गरिरहेका छौं,” उहाँले भन्नुभयो, “निर्माणपूर्व गर्नुपर्ने कामहरू भइरहेको छ। जलविद्युत् आयोजनाको लागत अनुमान गर्न बाँकी छ।”



"केटा जागिरका लागि काभ्रेको डाँडापारी बस्नु पर्ने, घरमा सासू र बुहारी मिल्न नसक्ने भएपछि केटी माइती गएर बसेकी रहिछन्", उहाँले भन्नुभयो, "पत्नी घरमा बस्न नमानेपछि केटाले अर्की महिलासँग विवाह गरेछन् । विवाहपछि जेठी श्रीमती माना चामल भरिपाउँ भनेर अदालत गएकी रहिछन् ।"

# तीन दशकअघिको विवादमा न्यायिक समिति सफल

**तेमाल गाउँपालिका, काभ्रे**

भनिन्छ, मुद्दा मामिला गाउँठाउँमै मिलाउनु बेस ! अदालत गयो भने पुस्तौंसम्म पनि विवाद नसुल्झिन सक्छ । त्यस्तै भएको छ, काभ्रेको तेमाल गाउँपालिकामा । तेमालको न्यायिक समितिको पहलमा करिब तीन दशकदेखिको विवादहरू सुल्झिएका छन् । गाउँपालिकाकी उपाध्यक्ष दुर्गामाया तामाङका अनुसार २०४५ सालमै विवाह भएको पति पत्नी त्यही बेलादेखि नै छुट्टिएर बसेका थिए । पछि मानाचामाल भरिपाउँ भनेर पत्नीले उजुरी दिएकी थिइन् । न्यायिक समितिको पहलमा मानाचामल भराएको उहाँले जानकारी दिनुभयो ।

"केटा जागिरका लागि काभ्रेको डाँडापारी बस्नु पर्ने, घरमा सासू र बुहारी मिल्न नसक्ने भएपछि केटी माइती गएर बसेकी रहिछन्," उहाँले भन्नुभयो, "पत्नी घरमा बस्न नमानेपछि केटाले अर्की महिलासँग विवाह गरेछन् । विवाहपछि जेठी श्रीमती माना चामल भरिपाउँ भनेर अदालत गएकी रहिछन् ।" त्यो मुद्दा गत वर्षसम्म पनि नटुंगिए पछि अदालतले न्यायिक समितिमा पठाएको थियो । न्यायिक समितिले केटा र केटीका साथै उनीहरूको परिवार र आफन्त झिकाएर दुवै पक्षको सहमतिमा मानाचामल भराउने निर्णय गरेको थियो ।

"केटाको तलब महिनाको २२ हजार रूपैयाँ रहेछ । त्यसको ६ भागमध्ये ३ भाग केटीले दाबी गरेकी थिइन्," उहाँले भन्नुभयो, "केटालाई पनि मर्का नहोस् भनेर केटीलाई २ भाग दिने सहमति गरायौं ।" सहमतिपछि केटाले नियमित रूपमा मानाचामल भर्न थालेको र दुबैबीच बोलचाल पनि हुन थालेको छ । साथै, केटापक्ष र केटीपक्षबीच आउजाउ पनि हुन थालेको उहाँले जानकारी दिनुभयो ।

यसैगरी तेमाल गाउँपालिकाको वडा नं. ५ को पोखरी नारायणस्थान २७ वर्षदेखि नसुल्झेको जग्गासम्बन्धी विवाद पनि न्यायिक समितिले सुल्झाएको छ । जग्गाको विवाद पनि जिल्ला अदालतमा विचाराधीन थियो । अदालतले न्यायिक समितिमा पठाएपछि दुवै पक्षलाई झिकाएर छलफल गरेको उहाँले जानकारी दिनुभयो । "अदालतले मुद्दा न्यायिक समितिमा पठाएपछि हामीले दुवै पक्षलाई फोन गर्नुका साथै चिठी पठायौं," उहाँले भन्नुभयो, "दुवै पक्ष र सँधियारहरूलाई राखेर छलफल गरेपछि विवाद टुङ्ग्याउन सहमत भए ।"

साउनयता अरू १० वटा उजुरी परेको र ६ वटा किनारा लगाएको समितिको भनाई छ । यसैगरी गत वर्ष परेका सात वटा उजुरीमध्ये ६ वटा किनारा लगाएको उहाँले बताउनुभयो । बाँकी एउटा मुद्दा नागरिकतासँग सम्बन्धित भएकाले अन्यत्रै पठाइएको थियो । उहाँले न्याय सम्पादनको आफ्नो अनुभव यसरी सुनाउनु हुन्छ, "म कुनै पार्टीबाट निर्वाचित भएकी हुँ । मुद्दाका पक्ष र विपक्षी नागरिकले पनि कुनै न कुनै पार्टीलाई भोट हालेका होलान् ! तर न्याय सम्पादन गर्दा मैले पार्टी, जात, समुदायभन्दा माथि उठेर ऐन, कानून र संविधानले दिएको अधिकार क्षेत्रभित्र बसेर काम गर्छु ।"

"म कुनै पार्टीबाट निर्वाचित भएकी हुँ । मुद्दाका पक्ष र विपक्षी नागरिकले पनि कुनै न कुनै पार्टीलाई भोट हालेका होलान् ! तर न्याय सम्पादन गर्दा मैले पार्टी, जात, समुदायभन्दा माथि उठेर ऐन, कानून र संविधानले दिएको अधिकार क्षेत्रभित्र बसेर काम गर्छु ।"

"राजमार्ग पुगेको हुँदा यहाँको उत्पादनलाई बजारको समस्या छैन । स्थानीय बजारमै खपत हुन्छ", उहाँले भन्नुभयो, "कृषि र पशुपालनमा सम्भावना भएकाले यसलाई प्राथमिकताका साथ योजना बनाएर कार्यान्वयन गरिरहेका छौं ।"



# प्रत्येक वडामा कृषि प्राविधिक

**उत्तरगया गाउँपालिका, रसुवा**

रसुवाको उत्तरगया गाउँपालिकाले प्रत्येक वडामा कृषि तथा भेटनरी प्राविधिक खटाएको छ । गाउँपालिकाका अध्यक्ष उपेन्द्र लम्सालका अनुसार पाँचवटै वडामा प्राविधिक खटाइएका छन् ।

गाउँपालिकाले कृषि केन्द्र सञ्चालन गरेर प्राविधिकहरूमार्फत कृषि तथा पशुपालनसम्बन्धी कृषकको काममा रेखदेख गर्न थालेका छन् । "सबै वडामा जेटीए र भेटेरीनरी प्राविधिकहरू खटाएका छौं । अनुसन्धानका लागि ल्याब पनि बनाएका छौं," उहाँले भन्नुभयो, "प्राविधिकहरू कृषकहरूलाई मल, बिऊ सिफारिस गर्ने, पशुपंक्षीको उपचार गर्ने, थप सल्ला दिने लगायतका कामहरू गरिरहेका छन् ।"

प्राविधिकहरूको सिफारिसमा अन्नबाली र तरकारीको उन्नत बीऊ बिजन पनि गाउँपालिकाले दिइरहेको उहाँले जानकारी दिनुभयो । किसानलाई हाते ट्र्याक्टर पनि वितरण गरिएको उहाँले जानकारी दिनुभयो । रसुवा हिमाली जिल्ला भए पनि उत्तरगया गाउँपालिका तल्लो भेगमा रहेका कारण अन्नबाली र तरकारी उत्पादनको प्रचुर सम्भावना रहेको उहाँले जानकारी दिनुभयो । साथै गाईभैंसी, बाख्रालगायतका पशुपालनको पनि उत्तिकै सम्भावना रहेको उहाँले जानकारी दिनुभयो ।

"राजमार्ग पुगेको हुँदा यहाँको उत्पादनलाई बजारको समस्या छैन । स्थानीय बजारमै खपत हुन्छ," उहाँले भन्नुभयो, "कृषि र पशुपालनमा सम्भावना भएकाले यसलाई प्राथमिकताका साथ योजना बनाएर कार्यान्वयन गरिरहेका छौं ।" उत्तरगयामा आलु, धान, मकै, लसुन, अदुवा फल्छ । १ नं. वडामा कृषि केन्द्रसमेत निर्माण गरिएको छ । ३ नं. वडामा पर्ने ठूलोगाउँमा पहिलेदेखि नै कृषि केन्द्र सञ्चालनमा छ । ४ नं. मा पनि वडा कार्यालयसँग कृषि र पशुको सेवाकेन्द्र खोलिएको छ । कृषि उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले कृषि तथा पशुपालनलाई प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो । प्राविधिकहरूको सेवासुविधा पनि गाउँपालिकाले नै व्यहोरिरहेको उहाँले जानकारी दिनुभयो ।

"प्रत्येक वडामा प्राविधिक पुऱ्याउने संघीय सरकारको लक्ष्यलाई सहयोग पुऱ्याउन पनि हामीले प्राविधिक खटाएका हौं," उहाँले भन्नुभयो, "अहिले नै पनि सकरात्मक परिणामहरू आउन थालेका छन् । यसलाई हामी निरन्तरता दिन्छौं ।"

उत्तरगया गाउँपालिकाले कृषि क्षेत्रका लागि मात्रै आर्थिक वर्ष ०७५/७६ मा ५० लाख रूपैयाँ विनियोजन गरेको छ । यसैगरी पशु बीमा तथा पशु विकास कार्यक्रमका लागि मात्रै ३५ लाख रूपैयाँ विनियोजन गरेको छ ।

यसबाहेक गाउँपालिकाले कृषि सडकको बिस्तार तथा स्तरोन्नतिका लागि पनि बजेट विनियोजन गरेको छ । बजेटले चेझुङदेखि सुरुचेत स्कुल हुँदै भदौरे धार्ना कृषि सडकका लागि १५ लाख रूपैयाँ विनियोजन गरिएको छ । "बजेटको सीमितताका कारण कृषि र पशु विकाससँग सम्बन्धित काम यो वर्ष छुट्न गएको छ," उहाँले भन्नुभयो, "आगामी वर्ष ती कामहरूलाई पनि समेटेर बजेट निर्माण गर्नेछौं ।"

"प्रत्येक वडामा प्राविधिक पुऱ्याउने संघीय सरकारको लक्ष्यलाई सहयोग पुऱ्याउन पनि हामीले प्राविधिक खटाएका हौं", उहाँले भन्नुभयो, "अहिले नै पनि सकरात्मक परिणामहरू आउन थालेका छन् । यसलाई हामी निरन्तरता दिन्छौं ।"



> 'दुई स्थानीय तहबीच शैक्षिक, प्राविधिक, सांस्कृतिक, कृषि, सामाजिक विकास, आर्थिक लगानी लगायतका क्षेत्रमा सहयोग आदान प्रदान गर्ने उद्देश्य राखी गाउँपालिका र नगरपालिकाबीच भगिनी सम्बन्ध स्थापित गरेका हौं ।'

# इन्द्रावती गाउँपालिका र अमेरिकाको जर्सी सिटीबीच भगिनी सम्बन्ध

**इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक**

सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका र अमेरिकास्थित जर्सी सिटीबीच भगिनी सम्बन्ध स्थापित भएको छ ।

जनवरी २४ का दिन अमेरिकास्थित जर्सीस्थित सिटी हलमा गाउँपालिकाका अध्यक्ष वंशलाल तामाङ र जर्सी सिटीका मेयर स्टेभन फुलपबीच सिस्टर सिटीको रूपमा विकास गर्न एक समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ ।

इन्द्रावती गाउँपालिकाका अध्यक्ष तामाङले भन्नुभयो, 'दुई स्थानीय तहबीच शैक्षिक, प्राविधिक, सांस्कृतिक, कृषि, सामाजिक विकास, आर्थिक लगानी लगायतका क्षेत्रमा सहयोग आदान प्रदान गर्ने उद्देश्य राखी गाउँपालिका र नगरपालिकाबीच भगिनी सम्बन्ध स्थापित गरेका हौं ।'

औपचारिक रूपमा सिस्टर सिटी बनाउन जर्सी सिटी काउन्सिलले डिसेम्बर १९ तारिखमा काउन्सिल रिजोलुसन पारित गरेको थियो भने इन्द्रावती गाउँपालिकाले आफ्नो गाउँ सभाबाट स्वीकृत लिई नेपाल सरकारबाट अनुमति लिनेसम्मको आवश्यक प्रकृया पूरा गरेको थियो ।

जर्सी सिटीका मेयर स्टोभन फुलपकी सल्लाहकार तथा दुई सहर बीचकी विशेष दूतका रूपमा नियुक्त डा. विष्णुमाया परियारको पहल र नेतृत्वमा यस्तो सम्झौता भएको अध्यक्ष तामाङले जानकारी दिनुभयो ।

आठ बुँदे सम्झौतामा दुई सहरबीच शैक्षिक, प्राविधिक, सांस्कृतिक, कृषि, सामाजिक विकास, आर्थिक लगानी, वातावरणीय, आविष्कार, प्रशासनिक स्रोत र साधन, सुशासन, खेलकुद लगायतका क्षेत्रमा आदान प्रदान गर्ने उल्लेख छ ।

यसअघि जर्सी सिटीले सन् २०१५ र २०१८ मा काउन्सिल प्रेसिडेन्ट रोलान्डो लाभारो र परियारको तत्परतामा अमेरिकामा रहेका नेपालीका लागि टीपीएस काउन्सिल रिजोलुसन पारित गरेको थियो । टीपीएस रिजोलुसन पास गर्ने जर्सी सिटी एकमात्र अमेरिकी सहर हो । त्यसैगरी, नेपाल र नेपालीको सम्मानका लागि जर्सी सिटीका मेयर स्टेभनले २०१७ जुन ३० तारिखमा अमेरिकी भूमिमा नेपाली झन्डा फहराउने ऐतिहासिक समारोहको आयोजना समेत गरेका थिए ।

सिटी हल भवनभित्र नेपालको झन्डा फहराउने जर्सी सिटी पहिलो अमेरिकी सहर हो । नेपाली सामाजिक अभियन्ता एवं जर्सी सिटीका मेयर स्टेभनकी सल्लाहकार डा. परियारले झन्डोत्तोलन र सिस्टर सिटी बनाउने मध्यस्तकर्ताको भूमिका निर्वाह गरेको अध्यक्ष तामाङले जानकारी दिनुभयो ।

खासगरी प्रविधिको आदान प्रदानले नेपालको गाउँ तहमा आयआर्जनमा सहयोग पुग्नेमा तामाङ आशावादी हुनुहुन्छ । नेपालमा स्थानीय तहहरूले मित्रराष्ट्रका स्थानीय सरकारहरूसँग भगिनी सम्बन्धमा स्थापित गर्ने परम्परा नै रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नेपाल सरकारको पूर्वस्वीकृति लिएर कुनै पनि स्थानीय सरकारले मित्रराष्ट्रका स्थानीय निकायबीच भगिनी सम्बन्ध स्थापित गर्न सक्ने व्यवस्था गरेको छ । अध्यक्ष वंशलाल तामाङले थप्नुभयो, 'अबको विकास विश्वव्यापी हुनुपर्छ त्यसैले पनि संगत र सम्बन्ध त्यसैअनुसार अघि बढाएका हौं ।'

> आठ बुँदे सम्झौतामा दुई सहरबीच शैक्षिक, प्राविधिक, सांस्कृतिक, कृषि, सामाजिक विकास, आर्थिक लगानी, वातावरणीय, आविष्कार, प्रशासनिक स्रोत र साधन, सुशासन, खेलकुद लगायतका क्षेत्रमा आदान प्रदान गर्ने उल्लेख छ । अबको विकास विश्वव्यापी हुनुपर्छ त्यसैले पनि संगत र सम्बन्ध त्यसैअनुसार अघि बढाएका हौं ।'

> गाउँपालिकाबाट विनियोजित रकम स्थानीय उद्योग वाणिज्य संघमार्फत परिचालन गरेर आलुको ग्रेडिङ र प्याकेजिङ गर्न लागेका छौं। अध्यक्ष दुलालले भन्नुभयो, "यसबाट शैलुङ क्षेत्रमा उत्पादित आलुको गार्हस्थ मूल्यमा ४० प्रतिशतसम्म बढोत्तरी हुने देखिन्छ।"



# आलुको ग्रेडिङ र ब्रान्डिङमा गाउँले

**शैलुङ गाउँपालिका, दोलखा**

शैलुङ गाउँपालिकाले त्यहाँको प्रमखु बालीका रूपमा रहेको आलुलाई व्यावसायिकता प्रदान गर्न आलुको ग्रेडिङ, प्याकेजिङ र ब्रान्डिङ गर्ने कार्यको सुरुवात गरेको छ। उत्पादित आलुको व्यावसायिक प्रभाव विस्तार गर्न र उपभोक्ताको आकर्षण बढाउन ग्रेडिङ र प्याकेजिङ गर्ने कार्यका लागि गाउँपालिकाले ६ लाख बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष भरत दुलालले बताउनु भयो। गाउँपालिकाबाट विनियोजित रकम स्थानीय उद्योग वाणिज्य संघमार्फत परिचालन गरेर आलुको ग्रेडिङ र प्याकेजिङ गर्न लागेका छौं। अध्यक्ष दुलालले भन्नुभयो, "यसबाट शैलुङ क्षेत्रमा उत्पादित आलुको गार्हस्थ मूल्यमा ४० प्रतिशतसम्म बढोत्तरी हुने देखिन्छ।"

दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाको सिमावर्ती क्षेत्रमा अवस्थित महाभारत पहाड श्रृंखलामा फैलिएको शैलुङ क्षेत्र विगतदेखि नै आलु खेतीका लागि प्रख्यात छ। विगतदेखिनै आलु लगायतका शितोष्ण तरकारी बाली उत्पादन र व्यापारमा सो क्षेत्रका किसान तथा व्यापारीहरू सक्रियरूपले संलग्न रहेका छन्।

दुलालका अनुसार, तामाङ जातिको घना आवादी रहेको उक्त क्षेत्रमा उत्पादित आलु वर्षेनी ५० करोडको हाराहारीमा राजधानी काठमाडौंतर्फ निकासी हुने गरेको छ। तर उपयुक्त भण्डारण र व्यापारिक प्रशोधनको अभावमा वास्तविक आलु उत्पादक किसानले लाभ लिन नसक्ने र यसको प्रत्यक्ष फाइदा मध्यस्थ व्यापारीले मात्र उठाउने गरेको अवस्था थियो।

समग्र शैलुङ क्षेत्रको अधिकांश भू-भाग ओगटेको दोलखा जिल्लाको शैलुङ गाउँपालिकाले स्थानीय निर्वाचनपश्चात पहिलो बजेटबाट शैलुङको कृषि विकासमा आलुको उत्पादन र व्यावसायीकरणका लागि कार्यक्रम तर्जुमा गरेको थियो। यसप्रकार गाउँपालिका, सहयोगी संस्था आरआरएन र स्थानीय उद्योग वाणिज्य संघसँग साझेदारीमा चारवटा आलु तथा तरकारी चिस्यान केन्द्रहरूको निर्माण र शैलुङ क्षेत्रको आलु ग्रेडिङ तथा प्याकेजिङको कार्यक्रम सुरु गरिएको छ। यस कार्यक्रमअन्तर्गत पाँचवटा चिस्यान केन्द्र निर्माणको अन्तिम चरणमा पुगेका छन्।

वडा नम्बर १ को मेहेले, वडा नम्बर २ को थगम, वडा नम्बर ३ को ढुंगे र लाम्चेआहाल तथा वडा नम्बर ६ को चाइँचापमा केन्द्र रहेका छन्। प्रत्येक चिस्यान केन्द्रमा एकपटकमा १० टनसम्म आलु भण्डारण गर्न सकिने क्षमताको डिजाइन गरिएको छ।

उपरोक्त संरचना निर्माण गर्न सहयोगी संस्था आरआरएनले ४० लाख, गाउँपालिकाले समपूरक कोषमार्फत आठ लाख र स्थानीय कृषक समितिहरूको १० लाख लागत सहभागिता छ।

यस खालका चिस्यान केन्द्रहरू निर्माण भएपछि शैलुङ क्षेत्रमा उत्पादित आलु सञ्चित गरी र अफ सिजनमा उचित मूल्यमा बिक्री गर्न सकिनेछ, जसबाट किसानको वास्तविक आयमा वृद्धि हुने अपेक्षा गाउँपालिकाले गरेको छ। साथै चिस्यान केन्द्रमा भण्डारण गरिएको आलु अर्को सालका लागि बिऊको रूपमा प्रयोग गर्न सकिनेछ।

किसानले हार्भेस्टिङ सिजनमा उत्पादित आलु व्यापारीलाई बिक्री गर्ने तर रोप्ने बेलासम्म घरघरमा सञ्चित गरिएको बिऊ कुहिने ठूलो समस्या थियो। यस प्रकारको केन्द्रले किसानका बिऊ र आलुसमेत जोगाउन सकिने हुँदा आलु खेतीलाई थप टेवा पुग्नेमा शैलुङका किसान विश्वस्त छन्।



सातवटा हेलिप्याड निर्माण गर्न करिब १० लाख बजेट विनियोजन गरिएकोमा एउटा हेलिप्याड निर्माण गर्न डेढ लाखदेखि तीन लाखसम्म खर्च भएको छ।

# सबै वडामा हेलीप्याड

**त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ**

त्रिपुरासुन्दरी गाउँपालिकाले सबै सातवटै वडामा एक/एकवटा हेलीप्याड निर्माण सम्पन्न गरेको छ। स्थानीय तहको निर्वाचनमा गरिएको प्रतिवद्धताअनुसार निर्वाचनलगत्तै भएको पहिलो नीति तथा कार्यक्रम र बजेटमा सबै वडामा हेलिप्याड निर्माण गर्ने निर्णय गरिएको र सोहीअनुसार काम भएको अध्यक्ष शम्भुकुमार थापाले जानकारी दिनुभयो ।

'वैशाख १२ को महाविनाशकारी भूकम्पमा परी घाइतेहरूको खोज तथा उद्दारको क्रममा गाउँमा हेलीप्याड नभएकै कारण हेलिकप्टर आउन नसकी धेरैको ज्यान गयो । मेरै भाइ पाइलट थियो तर हामीले जति प्रयास गरे पनि हेलिकप्टर ल्याउन सकेनौं', अध्यक्ष थापाले थप्नुभयो, 'त्यतिबेला हेलिकप्टर ल्यान्ड गर्न सकेको भए धेरैको समयमै उद्दार गरी ज्यान जोगाउन सकिन्थ्यो ।' त्यतिबेलाकै तीतो अनुभवले स्थानीय निर्वाचनमा जनतासामू प्रतिबद्धता गरेको स्मरण गर्दै उहाँले कुनै पनि प्राकृतिक विपत्ति वा आकस्मिक रूपमा बिरामी भएका नागरिकलाई हेलिकप्टरबाटै भए पनि समयमै उद्दार गरी उपचार गर्ने बताउनुभयो ।

सातवटा हेलिप्याड निर्माण गर्न करिब १० लाख बजेट विनियोजन गरिएकोमा एउटा हेलिप्याड निर्माण गर्न डेढ लाखदेखि तीन लाखसम्म खर्च भएको छ । निर्माण काम उपभोक्ता समितिमार्फत सम्पन्न भयो भने प्राविधिक सहयोग हेलिकप्टरका पाइलट स्थानीय आनन्द थापाले गरेका थिए। पाइलट थापा स्थानीय भएकै कारण उनैको सरसल्लाह र प्रेरणाले समयमै हेलिप्याड निर्माण सम्पन्न गर्न सकिएको हो ।

हेलिप्याडको क्षमता प्रष्ट पार्दै अध्यक्ष थापाले भन्नुभयो 'सबै हेलिप्याडको क्षमता नेपाली सेनासँग भएका ठूला हेलिकप्टर बस्न सक्नेगरिका छन्', थापा भन्नुहुन्छ, 'यसको निर्माणले वर्षायाममा सडक यातायात सुचारु नभएको समयमा पनि आकस्मिक सेवा हेलिकप्टर बाटै गर्न थालेका छौं ।' नेपाल सरकारको पछिल्लो वार्षिक नीति तथा कार्यक्रमले समेत सबै स्थानीय तहका सबै वडामा एक/एक वटा हेलिप्याड निर्माण गर्ने नीति अवलम्बन गरेको छ ।

नेपालकै ठूलो टार सल्यानटार रहेको यस क्षेत्रमा खानेपानी मुहानको अभावकै कारण सल्यानटारवासी शुद्ध खानेपानीको समस्या झेलिरहेकोमा जनप्रतिनिधि आएपश्चात तुरुन्तै खानेपानी आपूर्तिको काम भएको छ । उपाध्यक्ष देवी बुर्लाकोटीअनुसार डीप बोरिङ प्रविधिबाट पानी निकाली मिटर जडान गरेर पुरानै टयाङ्कीमार्फत ५० घरधुरीलाई पानी आपूर्ति गरिसकिएको छ । पाँच सय घरधुरीलाई वितरण गर्ने भने कार्य अन्तिम चरणमा पुगेको छ ।

बुढीगण्डकी किनारमा रहेको मुहानबाट लिफ्टिङ प्रविधिमार्फत पानी तानी थप पाँच सय घरपरिवारलाई व्यक्तिगत धारामार्फत पानी वितरण गर्दैछौं । सल्यानटारवासीलाई दीर्घकालीन रूपमा पानीको आपूर्तिको योजना पनि गाउँपालिकाले बनाइसकेको छ । उपाध्यक्षका अनुसार १३ किलोमिटर टाढाको गंगाजमुना खोलाबाट पानी ल्याउने योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरिसिकएको छ भने योजना छिट्टै कार्यान्वयन हुँदैछ ।

नेपाल सरकारको पछिल्लो वार्षिक नीति तथा कार्यक्रमले समेत सबै स्थानीय तहका सबै वडामा एक/एक वटा हेलिप्याड निर्माण गर्ने नीति अवलम्बन गरेको छ। नेपालकै ठूलो टार सल्यानटार रहेको यस क्षेत्रमा खानेपानी मुहानको अभावकै कारण सल्यानटारवासी शुद्ध खानेपानीको समस्या झेलिरहेकोमा जनप्रतिनिधि आएपश्चात तुरुन्तै खानेपानी आपूर्तिको काम भएको छ।

उजुरी कारबाही किनारा लाउँदा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक र एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि पनि पारित गरेको छ।




# संसदीय अभ्यास गाउँसभामै

**गजुरी गाउँपालिका, धादिङ**

संविधान जारी भएपछि पुनर्संरचना भएको स्थानीय तह, त्यसमाथि भरखरै निर्वाचित जनप्रतिनिधि बहाल भएको छ। संविधानले स्थानीय तहलाई दिएको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार यसअघि कहिल्यै अभ्यास भएको थिएन। अनुभव नहुँदा स्थानीय जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज कसरी अघि बढ्ने भन्नेमा अन्योल हुनु स्वभाविक थियो।

७ सय ५३ स्थानीय तहमध्ये धादिङको गजुरी गाउँपालिकाले संविधानप्रद्धत्त नयाँ अभ्यासको थालनी गर्‍यो। गजुरीको अभ्यासले सकारात्मक चर्चा पायो। गाउँपालिकाले आफ्नो गच्छेअनुसार टेन्ट हालेको थियो। हलको अगाडि सभाध्यक्षको कुर्सी राखिएको थियो। छेवैमा गाउँपालिकाको उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको बस्ने कुर्सी राखिएको थियो।

हलमा सबै वडाध्यक्ष, गाउँसभाका सदस्यहरू र कर्मचारीहरूलाई बस्ने स्थान तोकिदिएको थियो। उनीहरू गाउँसभाको प्रतिक्षामा बसिरहेका बेला गाउँपालिकाका अध्यक्ष तथा सभाध्यक्ष राजेन्द्रविक्रम बस्नेत सभा हल प्रवेश गर्नुभयो। सभाध्यक्षको प्रवेश गरे पछि सबै उठेर ताली बजाए। त्यसलगत्तै सभाहलमा राष्ट्रिय गान बज्यो, सयौं थुङ्गा फूलका हामी... ।

राष्ट्रिय गान सकिएलगत्तै सभाध्यक्षले गाउँसभा प्रारम्भ भएको जानकारी दिए। त्यसपछि गजुरी गाउँपालिका सभा सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली-२०७५ लालाई गाउँसभाका सदस्य चूडामणि कँडेलले रोष्ट्रममा गएर प्रस्तुत गरे। नियमावली प्रस्तुत भएपछि गाउँसभा सदस्य कौशिला सेढाईंले रोष्ट्रममा गएर नियमावलीको औचित्य प्रस्ट्याउँदै समर्थन जनाइन्।

सभाध्यक्ष बस्नेतले प्रस्तुत विधेयकमा संसोधन प्रस्ताव नपरेको हुँदा 'हुन्छ' भन्ने पक्ष र 'हुन्न' भन्ने पक्षलाई हात उठाउन आग्रह गरे। 'हुन्न' भन्ने पक्षमा हात नउठेको हुँदा विधेयक सर्वसम्मतले स्वीकृत भएको जानकारी दिए।

गजुरी गाउँपालिकाको सभाले जनप्रतिनिधिले सपथ खाएको १ वर्ष पुगेको दिन पारेर संसदीय अभ्यासमार्फत ध्वनी मतका आधारमा विभिन्न विधेयक पारित गरेको थियो। सभाले गाउँपालिका सभा सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) सम्बन्धमा बनेको नियमावली जारी गरेको थियो।

यसैगरी, उजुरी कारबाही किनारा लाउँदा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक र एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि पनि पारित गरेको छ। आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको विधेयक, विपद जोखिम न्यूनीकरण गर्न तथा व्यवस्थापन गर्न बनेको विधेयक, कृषि व्यवसाय प्रर्वद्धन गर्न बनेको विधेयक ध्वनी मतका आधारमा पारित भएको छ।

संविधानले स्थानीय तहलाई पनि सरकारकै मान्यता दिएको गाउँसभालाई संसदकैरूपमा सञ्चालन गरेको गजुरी गाउँपालिकाकी उपाध्यक्ष सीता ढुङ्गानाले बताउनुभयो। गाउँ र नगर सभालाई संसदीय शैलीमा सञ्चालन बिरलै स्थानीय तहले गरेका छन्।

"संविधानले अनुसूचीमा स्थानीय तहको अधिकार क्षेत्र स्पष्ट तोकेको छ। संविधानको कार्यान्वयन गर्न जनताले हामीलाई निर्वाचित गरेको हो," उहाँ भन्नुहुन्छ, "गाउँसभामा संसदीय परम्परा बसाल्नु हाम्रो दायित्व हो। संसदीय परम्पराको सुरु गर्न पाउँदा खुशी लागेको छ।"

**"संविधानले अनुसूचीमा स्थानीय तहको अधिकार क्षेत्र स्पष्ट तोकेको छ। संविधानको कार्यान्वयन गर्न जनताले हामीलाई निर्वाचित गरेको हो", उहाँ भन्नुहुन्छ, "गाउँसभामा संसदीय परम्परा बसाल्नु हाम्रो दायित्व हो। संसदीय परम्पराको सुरु गर्न पाउँदा खुशी लागेको छ।"**

# गण्डकी प्रदेश





| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| ४३. | कास्की | मादी | कानुनी बाटोबाटै मितव्ययी र समाज सुधार | ४६ |
| ४४. | पर्वत | महाशिला | एक घर एक रोजगार | ४७ |
| ४५. | कास्की | रूपाकोट | शिक्षा सुधारमा सामुदायिक विद्यालय | ४८ |
| ४६. | गोरखा | शहिदलखन | शिशुको स्याहारमा स्थानीय सरकार | ४९ |
| ४७. | तनहुँ | बन्दीपुर | बन्दीपुरलाई संरक्षित क्षेत्र घोषणा | ५० |
| ४८. | कास्की | अन्नपूर्ण | कोदोमा आत्मनिर्भर, होटलको मेनुमा कोदोकै परिकार | ५१ |
| ४९. | मनाङ | चामे | हिमाली गाउँको शिक्षा सहरमा जस्तै | ५२ |
| ५०. | मुस्ताङ | घरपझोङ | संस्थागत सुत्केरी सफल पार्दै स्वास्थ्यकर्मी | ५३ |
| ५१. | नवलपरासी | हुप्सेकोट | शान्ति र पर्यावरणका लागि १००८ पिपल | ५४ |
| ५२. | पर्वत | विहादी | बिद्यालयहरूमा कोदो फापरलाई स्वागत, जंकफूडलाई तिरस्कार | ५५ |
| ५३. | गोरखा | धार्चे | लाप्राकमा 'इपिसेन्टर ट्रेकिङ ट्रेल' | ५६ |
| ५४. | स्याङ्जा | फेदीखोला | बिरौटामा तरकारी बिक्री केन्द्र | ५७ |
| ५५. | म्याग्दी | धौलागिरी | वैकल्पिक जीविकोपार्जनको सामूहिक खेती | ५८ |
| ५६. | तनहुँ | म्याग्दे | पूर्वाधार विकासमा ६०-४० | ५९ |
| ५७. | लमजुङ | क्व्होलासोथर | चियाबाट समृद्ध बन्दै भुजुङ | ६० |
| ५८. | लमजुङ | मर्स्याङदी | गाउँमै फोहोर संकलन केन्द्र | ६१ |
| ५९. | बाग्लुङ | बडिगाड | महिनामा एक दिन अनिवार्य श्रमदान | ६२ |
| ६०. | बाग्लुङ | तमानखोला | बालबिबाह अबदेखी बदर | ६३ |
| ६१. | म्याग्दी | मालिका | सबै वडामा हेलिप्याड, विपद् व्यवस्थापन पहिलो प्राथमिकता | ६४ |
| ६२. | तनहुँ | आँबुखैरेनी | आन्तरिक आय वृद्धिमा प्रयासरत | ६५ |

**कास्कीको मादी गाउँपालिकाले सामाजिक सुधार तथा खर्चको मितव्ययिता कायम गर्न कार्यविधि जारी गरेको छ। गाउँपालिकाभित्र हुने सामाजिक तथा सांस्कृतिक काम तडकभडक र खर्चिलो नहोस् भनेर कार्यविधि जारी गरेको हो।**




# कानुनी बाटोबाटै मितव्ययी र समाज सुधार

**मादी गाउँपालिका, कास्की**

कास्कीको मादी गाउँपालिकाले सामाजिक सुधार तथा खर्चको मितव्ययिता कायम गर्न कार्यविधि जारी गरेको छ।

गाउँपालिकाभित्र हुने सामाजिक तथा सांस्कृतिक काम तडकभडक र खर्चिलो नहोस् भनेर कार्यविधि जारी गरेको हो। अनुत्पादक क्षेत्रको खर्च समाज विकासको बाधक भएका कारण कार्यविधि जारी गरेको गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङले बताउनुभयो।

मादीमा पनि खर्चालु तथा तडकभडक सामाजिक कार्यहरू भइरहेको हुँदा त्यसलाई नियन्त्रण गर्न गाउँपालिकाले जरुरी ठानेको उहाँले जानकारी दिनुभयो। हाल चलिरहेको अनावश्यक तडकभडक र खर्चको सट्टा स्थानीय उत्पादन र कला संस्कृतिलाई संरक्षण गर्नेतर्फ आफूहरू लागि परेको उहाँ बताउनुहुन्छ।

कार्यविधिले स्थानीय चाडपर्व, उत्सव, महोत्सव लगायतका विभिन्न समूहमा केन्द्रित भएर सामूहिक रूपमा गरिने विभिन्न सामाजिक क्रियाकलापलाई सामाजिक सुधारको क्षेत्र भनेर परिभाषित गरेको छ।

यस परिभाषाअन्तर्गत पर्ने भोजभतेर, स्वागत लगायतका विविध कार्यक्रममा अनावश्यक खर्च र तडकभडक गर्न कार्यविधिले निषेध गरेको छ।

गाउँपालिकाबाट जारी उक्त स्थानीय कानुन (कार्यविधि) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले पालना गर्नुपर्नेछ। कार्यविधिअनुसार कुनै पनि औपचारिक कार्यक्रम आयोजना गर्दा सरोकारवाला व्यक्ति वा संस्थाहरूलाई पूर्वजानकारी गराउनु पर्नेछ। कार्यक्रम सञ्चालकले सुरुमा आसन ग्रहण गर्दा मर्यादाक्रमअनुसार परिचयात्मक विवरण खुल्ने गरी सम्बोधन गर्नुपर्ने व्यवस्था छ।

यसैगरी, पछिल्लो वक्ताहरूले सभाध्यक्षलाई मात्र सम्बोधन गरेर आफ्नो मन्तव्य राख्नुपर्नेछ। भाषण र वक्तव्य सकेसम्म लिखित वाचन गर्नुपर्नेछ भने छोटो र शिष्ट भाषामा हुनुपर्ने व्यवस्था छ। जुन विषयको कार्यक्रम हो त्यही विषयमा मात्र केन्द्रित रहेर भनाइ प्रस्तुत गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ। पूर्वनिर्धारित समयमै कार्यक्रम सुरु गरी पूर्वनिर्धारित समयमै अन्त्य गर्नुपर्नेछ। कार्यक्रममा अबीर र रङको प्रयोग गर्न कार्यविधिले निषेध गरेको छ।

कार्यक्रममा स्थानीय घरेलु उत्पादन भएका वस्तुहरू मात्रै प्रयोग गर्नुपर्नेछ। गाउँपालिकाभन्दा बाहिरबाट आयात गरिएको फूलमाला, खादाहरूको सट्टा स्थानीय फूलमाला र कपडामात्र प्रयोग गर्नुपर्नेछ।

अतिथिलाई दिने मायाको चिनोसँग सम्बन्धित उपहारहरू पनि स्थानीय उत्पादनकै वस्तुहरू हुनुपर्नेछ। चिया, खाजा, खाँदा प्रयोग हुने गिलास तथा प्लेटहरू वातावरणमैत्री हुनुपर्नेछ।

आयोजकले नै कार्यक्रम स्थलको सरसफाई गर्नुपर्नेछ। कार्यक्रम आयोजना गर्दा स्थानीय मौलिकता र राष्ट्रियता झल्कने गरी मञ्च निर्माण र भेषभूषाको प्रयोग गर्नुपर्नेछ। कार्यालय समयभित्र र औपचारिक कार्यक्रमहरूमा जनप्रतिनिधि, सरकारी कर्मचारी, शिक्षक सबैले गाउँपालिकाको लोगो र परिचयपत्रको ब्याच अनिवार्य लगाउनु पर्नेछ।

कार्यविधिले सामाजिक सुधार तथा खर्च मितव्ययिता कायम गर्न गाउँ कार्यपालिकालाई पनि जिम्मेवारी तोकेको छ। दुनाटपरी लगायत विभिन्न स्थानीय सामाग्री, पुवा, ऊन आदिबाट बनेका मौलिकता झल्कने उपहार र खादा फूलको माला उत्पादन गर्न प्रोत्साहित गर्ने र अनुगमन सुपरिवेक्षणमा जोड दिने काम हुनेछ।

गाउँपालिकाले बनाएको नियम पालना नगर्नेलाई दण्ड सजायको पनि व्यवस्था गरिएको अध्यक्षले बताउनुभयो। कारबाहीस्वरूप लिखित स्पष्टीकरण माग्ने, सचेत गराउने, गाउँपालिका वडाबाट प्रदान गर्ने सबै सेवा रोक्का गर्ने, तोकिएअनुसार आर्थिक दण्ड गर्ने व्यवस्था कार्यविधिले गरेको छ।



**पर्वतमा रहेको महाशिला गाउँपालिकाले एकैपटक तीन सय ६६ जनालाई रोजगारी दिएको छ । गाउँपालिकाले 'एक घर, एक रोजगार' को अवधारणा अघि सार्दै महाशिला विकास स्वयंसेवक कार्यक्रममार्फत रोजगारी दिन थालेको हो ।**

# एक घर, एक रोजगार

**महाशिला गाउँपालिका, पर्वत**

पर्वतमा रहेको महाशिला गाउँपालिकाले एकैपटक तीन सय ६६ जनालाई रोजगारी दिएको छ । गाउँपालिकाले 'एक घर, एक रोजगार' को अवधारणा अघि सार्दै महाशिला विकास स्वयंसेवक कार्यक्रममार्फत रोजगारी दिन थालेको हो ।

योजनासहित रोजगारी प्रदान गरेको गाउँपालिकाले गतवर्ष नै ३५ दिने सार्वजनिक सूचना जारी गरी १८ देखि ५५ वर्षका स्थानीय नागरिकलाई आवेदन गर्न लगाएको थियो । करिब ६ सय जनाले आवेदन गर्ने अनुमान गरिए पनि तीन सय ७५ जनाको मात्र आवेदन परेको अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो ।

'किनकी गाउँपालिकामा करिब एक हजार दुई सय बेरोजगारी रहेको तथ्यांक पहिल्यै निकालिसकेका थियौं र सोही वर्ष तीन सय ६६ जनालाई विभिन्न तालिम सञ्चालन गरिएको थियो', अध्यक्ष पौडेलको भनाइ छ । सुरुमा तालिमका सहभागीलाई आत्मानुशासन, शारीरिक सुगठन तथा सुस्वास्थ्य, सामाजिक अपराधसम्बन्धी कानुनी कुराहरू, जीविकोपार्जन, व्यावसायिक योजना निर्माण, सामाजिक परिचालनदेखि विपद्मा परेकाको खोज तथा उद्धारसम्बन्धी तालिम प्रदान गरिएको छ । पौडेलका अनुसार, यी तालिमहरू प्रदान गर्न स्रोत व्यक्तिका रूपमा नेपाली सेना, नेपाल प्रहरीदेखि पतञ्जली योगपीठका प्रशिक्षकसम्मको सहयोग लिइएको थियो ।

'तालिमपश्चात सबैलाई सात दिने श्रमशिविर राखेर श्रम गर्नसमेत लगाइयो । सबैको रुची र क्षमताको मापन गरी सोही बमोजिमको प्रोफाइल तयार गरिसकेका छौं', उहाँको भनाइ छ । महाशिला विकास स्वयंसेवक कार्यक्रम सञ्चालन कार्यविधिले विकास कार्यमा स्वयंसेवक परिचालनसम्बन्धी सम्पूर्ण व्यवस्था गरेको छ । विभिन्न क्षेत्रका लागि स्वयंसेवकका रूपमा तीन सय ६६ जना कार्यरत छन् । सडक मर्मत तथा स्तरोन्नती लगायतका काम गर्ने गरी सबैभन्दा बढी दुई सय २० जनालाई सडक स्वयंसेवकका रूपमा रोजगारी दिइएको छ । २० जनालाई शिक्षक स्वयंसेवक बनाइएको छ भने २७ जनालाई विद्यालय स्वयंसेवक बनाएर गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा पठनपाठन तथा विद्यालयको अन्य कार्य गर्ने गरी खटाइएको छ ।

गाउँ प्रहरीको रूपमा ३४ जनालाई गाउँरक्षक स्वयंसेवक दिइएको छ । १० जनालाई विद्युत् स्वयंसेवक, १० जनालाई प्लम्बर, पाँच जनालाई सहकारी स्वयंसेवक, ११/११ जनालाई कृषि र पशु स्वास्थ्य स्वयंसेवक, पाँच जनालाई जनस्वास्थ्य स्वयंसेवक तथा ६ जनालाई सामाजिक परिचालकको रोजगारी दिइएको अध्यक्ष पौडेलले बताउनुभयो । पन्ध्र दिनसम्म गाउँपालिकाले खटाएको काम गरेपछि मासिक ६ हजार तलब दिइनेछ ।

युवालाई बाँकी १५ दिन भने आफ्नै घरमा आयआर्जन गर्न उनीहरूको सीप, क्षमता र रुचीका आधारमा कृषि सामाग्री, औजार तथा अनुदान उपलब्ध गराइनेछ । जसका लागि 'एक घर एक टनेल' अनिवार्य गरिएको छ । सबै स्वयंसेवकलाई आफू पूर्णरूपमा घरमै स्वरोजगार नहुञ्जेल आंशिक रोजगार दिएको र विस्तारै स्वयं उत्पादनमा व्यवस्थित हुन थालेपछि स्वयंसेवकाट हट्दै जानेछन् र खाली भएको ठाउँमा अरूलाई व्यस्त गराउँदै लगिने योजना रहेको उहाँको भनाइ छ ।

रोजगारी पाएकाको न्यूनतम पाँच लाख बराबरको दुर्घटना बिमा गरिएको छ । संविधानको धारा ३३ ले रोजगारीको हकको व्यवस्था गर्दै नागरिकलाई रोजगारीको हक हुने व्यवस्था गरेको छ भने संघीय संसद्ले रोजगारीका हकको कार्यान्वयन गर्न आवश्यक कानुनसमेत बनाइसकेको छ ।

शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको सशक्त माध्यम हो भने शिक्षाबिना व्यक्तिको सर्वपक्षीय विकासको कल्पनासम्म गर्न सकिँदैन भनेरै पालिकाले शिक्षामा व्यापक सुधारको अवधारणा अघि बढाएको छ। ”



# शिक्षा सुधारमा सामुदायिक विद्यालय

**रूपा गाउँपालिका, कास्की**

वर्षेनी बसाइ सराइको गति बढ्नु, अभिभावकमा अंग्रेजी भाषाप्रति मोह बढी हुनु, विद्यार्थी संख्या घट्दै जानु, सामुदायिक विद्यालयहरूले अभिभावकको मन जित्न नसक्नु, विद्यालयहरूमा सञ्चालन हुने विभिन्न कार्यक्रम, परीक्षा सञ्चालन तालिका एवं मूल्याकनमा गुणस्तर नहुनु, उपलब्धी अपेक्षाकृत नहुनुजस्ता समस्याले पोखरा महानगरपालिका आसपासको रूपा गाउँपालिकाका जनप्रतिनिधिलाई पहिलो गाँसमै ढुंगा लाग्यो । स्थानीय सरकारको गठनपूर्व यस गाउँपालिकाको शैक्षिक अवस्था नियाल्दा सामुदायिक ३४ र संस्थागत तीन विद्यालय सामान्य रूपमा आफूलाई घिसार्दै चलिरहेका थिए ।

रूपा गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आफ्नो काम कर्तव्य र अधिकारलाई आत्मसाथ गरी उचित शैक्षिक व्यवस्थापन सँगै गुणस्तरमा सुधार ल्याउन धेरै प्रयास गरेको अध्यक्ष नवराज ओझा बताउनु हुन्छ । शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको सशक्त माध्यम हो भने

शिक्षा सुधारअन्तर्गत गाउँपालिकाले अभिभावकको तीब्र चाहनालाई मध्यनजर गर्दै अंग्रेजी माध्यमका पाठ्यपुस्तक निशुल्क वितरण गरेको छ । शिक्षकहरूलाई पढाउन सहज होस् भन्ने उद्देश्यले पाठ्यपुस्तक लेखक तथा विषय विज्ञसँग अन्तर्क्रिया, सहजीकरण तथा तालिमको व्यवस्था गरिएको छ । प्रत्येक विद्यालयमा शैक्षिक क्यालेण्डर निर्माण एवं कार्यान्वयनमा ल्याइएको छ ।

विद्यालय पाठ्यक्रमले तोकेबमोजिम कम्तिमा दुई सय १० दिन शिक्षण सिकाई गर्न, हरेक शुक्रबार गाउँपालिका भित्रका सबै विद्यालयमा एउटै प्रकृतिका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन, गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गर्न, विद्यालयमा हुने हिउँदे र वर्षे विदामा समानता ल्याउन लागिपरेको अध्यक्ष ओझाको भनाइ छ ।

विभिन्न समयमा विद्यालयहरूले सम्पादन गर्नुपर्ने कामहरूलाई सरोकारवालासमक्ष पुऱ्याउन शैक्षिक क्यालेण्डर निर्माण गरी जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी, अभिभावक, शिक्षक, विद्यार्थीलाई निःशुल्क वितरण एवं कार्यान्वयन गरिएको छ । शिक्षण सिकाइमा सुधारका लागि शिक्षण योजना सहितको शिक्षक डायरी प्रत्येक शिक्षकलाई प्रदान गरिएको छ ।

परम्परागत शिक्षाभन्दा व्यावहारिक शिक्षालाई जोड दिँदै दक्ष जनशक्तिको निर्माण गर्न स्थानीय आवश्यकता, सरोकारवालाको चाहाना एवं बजारको मागबमोजिम प्राविधिक शिक्षाको आवश्यकतालाई पूरा गर्ने काम भएको छ। जसमा विश्वशान्ति माध्यमिक विद्यालय देउरालीमा सिभिल इन्जिनियरिङमा डिप्लोमा, रामकोट माध्यमिक विद्यालय रामकोटमा बालीविज्ञान र गाउँफर्क माध्यामिक विद्यालय खाल्टेमा भेटेरीनरीका कक्षाहरू सञ्चालनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट अनुमति प्राप्त गरी कक्षा सञ्चालनको व्यवस्था गरिएको हो ।

शिक्षा विकासमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघसंस्थालाई काम गर्न उचित वातावरणको व्यवस्था गरिएको ओझाले बताउनुभयो । ‘कम्प्युटर कक्षाका लागि सोलारको व्यवस्था गरेका र केहीमा गर्न लागेका छौं भने विद्यालयमा कार्यरत सबैलाई पोशाकको व्यवस्था गरी एकरूपता कायम गर्नुका साथै शिक्षकलाई प्रोत्साहित गरेका छौं’, उहाँको भनाइ छ ।

गत आवमा विद्यालयको आवश्यकताअनुसार शैक्षिक वातावरण निर्माणका लागि ५० हजारदेखि तीन लाख ५० हजार रूपैयाँसम्म बजेट विनियोजन गरिएको थियो भने चालु आवमा विद्यालयको आवश्यकताका आधारमा अनुदान दिने कार्यक्रम छ ।

चालु शैक्षिक सत्रमा सञ्चालित कक्षा ८ को जिल्लास्तरीय परीक्षाका उत्तरपुस्तिका आपसमा साटी परीक्षण एवं सरोकारवालासँग बसी परीक्षाफलको विश्लेषण गरिएको छ । शिक्षण सिकाइलाई बालमैत्री, सरल तथा प्रभावकारी वनाउन माध्यमिक विद्यालयहरूमा प्रोजेक्टरको व्यवस्था गर्ने लक्ष्य छ । शिक्षकको उपस्थितिलाई नियमित र पारदर्शी बनाउन विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ ।



उचित स्याहार तथा उपचार नहुँदा वर्षेनी नवजात शिशुको मृत्यु हुने, बाँचे पनि रोगी र कुपोषण हुने समस्या भोल्दै आएको छ ।

# शिशुको स्याहारमा स्थानीय सरकार

**सहिद लखन गाउँपालिका, गोरखा**

सहिद लखन गाउँपालिकाले मातृशिशु स्वास्थ्यलाई लक्षित गरेर सुत्केरी पोषण भत्ता वितरण गर्न थालेको छ ।

स्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्या भोल्दै आएको त्यस क्षेत्रमा मातृशिशु स्वास्थ्यको अवस्था नाजुक थियो । उचित स्याहार तथा उपचार नहुँदा वर्षेनी नवजात शिशुको मृत्यु हुने, बाँचे पनि रोगी र कुपोषण हुने समस्या भोल्दै आएको छ ।

साथै स्वास्थ्य संस्थाहरू टाढा हुँदा गर्भवतीहरूको नियमित चेकजाँच गर्न पनि स्थानीयले समस्या भोल्दै आएका थिए । त्यसबाहेक पर्याप्त स्याहार र पोषणयुक्त खाना नहुँदा गर्भवतीको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्दै आएको थियो ।

स्थानीय तहको निर्वाचनपछि यसबारे जनप्रतिनिधिले चासो लिएर मातृशिशुलक्षित कार्यक्रमहरू सञ्चालन गर्नुभएको हो । मातृशिशुलक्षित कार्यक्रमका लागि सुत्केरी प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७५ जारी गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापामगरका अनुसार, गर्भवतीले सूचीकृत स्वास्थ्य संस्थामा मात्र चेकजाँच तथा सुत्केरी गराउनुपर्नेछ भने घरमै सुत्केरी गराउने दर शून्य पार्न पनि कार्यविधि जारी गरिएको हो ।

गर्भावस्थामा चारपटकसम्म नियमित चेकजाँच गर्नुपर्ने हुन्छ । प्रोटोकलअनुसार चेकजाँच गर्ने गर्भवतीलाई गाउँपालिकाले दुई हजार रूपैयाँ दिने घोषणा गरेको र त्यसका लागि बजेट पनि विनियोजन गरेको छ । गाउँपालिकामा सूचीकृत स्वास्थ्य संस्थामा उपचार गर्न नसकी बाहिर लैजानु परेमा थप तीन हजार रूपैयाँ दिने पनि उहाँले बताउनुभयो ।

यो सुविधा सहिद लखन गाउँपालिकामा स्थायी बसोबास गर्ने गर्भवतीको हकमा लागू हुनेछ । यसका साथै गाउँपालिकाभित्र अस्थायी बसोबास गरिरहेका ज्यालादारी गरिरहेका न्यून आर्थिक अवस्थाका गर्भवतीले पनि यो सुविधा पाउनेछन् । सहिद लखन गाउँपालिकाको स्थायी ठेगाना भएका तर अन्यत्र बसोबास गर्ने गर्भवतीले भने यो सुविधा नपाउने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमले प्रोटोकलअनुसार चेकजाँच गर्ने, स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको संख्या बढ्ने र त्यसले मातृशिशु मृत्युदर पनि उल्लेख्य घट्ने अपेक्षा लिइएको छ । यसका लागि सहिद लखन गाउँपालिकाका सबै संस्था, स्वास्थ्यकर्मी, स्वयंसेवकलाई परिचालन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रम सञ्चालन गर्न सबै स्वास्थ्य चौकीलाई आवश्यक रकम विनियोजन गर्ने र स्वास्थ्य व्यवस्थापन समितिको बैठकले निर्णय गरी सुरक्षित मातृत्व हेर्ने फोकल पर्सनलाई पेश्की दिने व्यवस्था गरिएको छ । पेश्की फछ्र्योट भएपछिमात्र अर्को चौमासिकमा थप रकम उपलब्ध गराउने व्यवस्था छ ।

कार्यक्रम सञ्चालन गर्न सबै स्वास्थ्य चौकीलाई आवश्यक रकम विनियोजन गर्ने र स्वास्थ्य व्यवस्थापन समितिको बैठकले निर्णय गरी सुरक्षित मातृत्व हेर्ने फोकल पर्सनलाई पेश्की दिने व्यवस्था गरिएको छ ।

**प्राचीन एवं ऐतिहासिक बन्दीपुर बजारलाई तीन किलोमिटर भित्री चक्रपथले घेरिएको छ भने बन्दीपुरका सबै क्षेत्रलाई समेट्ने गरी ५० किलोमिटरको बाहिरी चक्रपथ निर्माण भइसकेको छ । स्थानीय पूर्वाधार विकास ऐनले भित्री चक्रपथ क्षेत्रभित्र निर्माण हुने सबै घरहरूको बेग्लै मापदण्ड तोकेको छ ।**



# बन्दीपुरलाई संरक्षण क्षेत्र घोषणा

**बन्दीपुर गाउँपालिका, तनहुँ**

तनहुँको प्राचीन तथा ऐतिहासिक बजार बन्दीपुरलाई गाउँपालिकाले संरक्षण क्षेत्र घोषणा गरेको छ । बन्दीपुर गाउँपालिकाको गाउँसभाले जारी गरेको स्थानीय पूर्वाधार विकास ऐन २०७५ मै मापदण्ड निर्धारण गरी बजारको ऐतिहासिक, मौलिक वास्तुकलालाई संरक्षण एवं प्रवर्द्धन गर्न संरक्षण क्षेत्र घोषणा गरिएको अध्यक्ष पूर्णसिंह थापाले जानकारी दिनुभयो ।

समग्र बन्दीपुर गाउँपालिका क्षेत्रलाई भित्री र बाहिरी चक्रपथले घेरिएको छ । प्राचीन एवं ऐतिहासिक बन्दीपुर बजारलाई ३ किलोमिटर भित्री चक्रपथले घेरिएको छ भने बन्दीपुरको सबै क्षेत्रलाई समेट्ने गरी ५० किलोमिटरको बाहिरी चक्रपथ निर्माण भइसकेको छ । स्थानीय पूर्वाधार विकास ऐनले भित्री चक्रपथ क्षेत्रभित्र निर्माण हुने सबै घरहरूको बेग्लै मापदण्ड तोकेको छ ।

प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार यस भित्र बनेका घरहरूले सटर राख्न पाउने छैनन् । घरको अगाडि राखिने झ्याल ढोका मौलिक वास्तुकला झल्कने टुडाल सहितको काठको हुनुपर्नेछ भने अगाडिको भागको गाह्रो इँटाको लगाउनु पर्नेछ जहाँ प्लाष्टर गर्न पाइने छैन ।

त्यसैगरी, सबै घरमा छानोको अगाडिको स्लोप ४० प्रतिशत हुनुपर्ने छ भने रेलिङ पनि काठको मात्र राख्न पाइनेछ । भित्री चक्रपथ भित्र चारपाङ्ग्रे सवारी साधनलाई निषेध गरिएको छ भने उक्त रोडमा पिच नगरी स्लेड ढुङ्गा बिच्छ्याइएको छ ।

गाउँपालिकाले संरक्षित क्षेत्रभित्र बन्ने सबै निजी तथा सार्वजनिक भवनलाई एउटै मापदण्ड तोकिएको अध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँका अनुसार, संरक्षित क्षेत्रभित्र तोकिएको मापदण्डमा घर निर्माणमा नक्शा पास गर्दा लाग्ने करमा ५० प्रतिशत छुट गरिएको छ ।

प्राचीन तथा ऐतिहासिक बन्दीपुर सहर पर्यटकीय आकर्षणको केन्द्र पनि हो जहाँ पहिला तनहुँ जिल्लाको सदरमुकाम रहेको थियो । यहाँको कला, संस्कृति हेर्नकै लागि पर्यटकहरू आउने गर्दछन् । गाउँपालिकाले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा विभिन्न योजना तथा कार्यक्रम पनि सञ्चालन गरिरहेको उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार, बन्दीपुर क्षेत्रमा थुप्रै होमस्टे सञ्चालनमा रहेका छन् । विशेषगरी मगर र गुरुङ संस्कृति झल्कने होमस्टेदेखि साना ठूला गरी प्रशस्तै होटलहरू सञ्चालनमा रहेका छन् । यहाँ तालिम, गोष्ठी सेमिनारजस्ता कार्यक्रमहरू गर्नका लागि पनि सुविधाहरू रहेको छ ।

गाउँपालिकाले यस वर्षको लागि संरक्षित क्षेत्रमा भौतिक पूर्वाधारको विकास, सडक, खानेपानी तथा पर्यटन प्रवर्द्धनको लागि करिब १ करोड रकम विनियोजन गरेको छ । सबै वडा कार्यालयसम्म पुग्ने सडक र बाहिरी रिङ रोडलाई कालो पत्रे गर्ने योजना अघि सारेको छ । गाउँपालिकाले आफ्नो समृद्धिको आधारको रूपमा पर्यटनको अलावा कृषि र पूर्वाधार विकासलाई जोड दिएको छ ।

**गाउँपालिकाले यस वर्षका लागि संरक्षित क्षेत्रमा भौतिक पूर्वाधारको विकास, सडक, खानेपानी तथा पर्यटन प्रवर्द्धनको लागि करिब एक करोड रकम विनियोजन गरेको छ ।**



अन्नपूर्ण गाउँपालिकामा प्रशस्त कोदो उत्पादन हुने भए पनि पछिल्ला वर्षमा फेरिएको जीवनशैलीका कारण कोदोजन्य खाद्य पदार्थको खपत कम हुन थालेको छ । दैनिक खानपानमा कम प्रयोग हुन थालेपछि कोदोको रक्सी उत्पादनमा मात्र सीमित हुन थालेको थियो ।

# कोदोमा आत्मनिर्भर, घर होटलमा कोदोकै परिकार

**अन्नपूर्ण गाउँपालिका, कास्की**

स्थानीय तहले वितरणमुखी कार्यक्रममा बजेट खर्च गरिरहेको गुनासो बढिरहेका बेला अन्नपूर्ण गाउँपालिकाले भने कोदो उत्पादनमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरेको छ ।

२०७५ असार ४ गते सम्पन्न भएको गाउँसभाले तीन वर्षभित्र कोदो उत्पादनमा आत्मनिर्भर हुने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो ।

कोदो खेती प्रर्वद्धनका लागि गाउँपालिकाले केही बजेटसमेत विनियोजन गरेको छ । किसानको सहजताका लागि प्रत्येक वडामा एक-एकवटा कोदो झार्ने मेसिन पनि वितरण गरिएको छ । गाउँपालिकाले स्थानीय होटल तथा रेष्टुराँमा कम्तिमा एउटा कोदोको मेनु राख्न व्यवसायीहरूसँग समन्वय गरिसकेको छ ।

अन्नपूर्ण गाउँपालिकाका गण्डकी प्रदेशकै प्रमुख गन्तव्य मध्येको एक भएका कारण होटल तथा रेष्टुराँमा पनि कोदोबाट बन्ने परिकारहरूको उल्लेख्य बिक्री हुने उहाँको विश्वास छ । पौष्टिकताले भरिपूर्ण कोदोको ढिँडो र रोटी परम्परादेखि लोकप्रिय छ ।

अन्नपूर्ण गाउँपालिकामा प्रशस्त कोदो उत्पादन हुने भए पनि पछिल्ला वर्षमा फेरिएको जीवनशैलीका कारण कोदोजन्य खाद्य पदार्थको खपत कम हुन थालेको छ । दैनिक खानपानमा कम प्रयोग हुन थालेपछि कोदोको रक्सी उत्पादनमा मात्र सीमित हुन थालेको थियो ।

रक्सी उत्पादनमा मात्रै सीमित हुन थालेको कोदोलाई दैनिक खानपानमा समेत अभ्यस्त गराउने गाउँपालिकाको लक्ष्य छ । प्रमुख खाद्य बाली कोदोको आन्तरिक उत्पादन नै कमजोर भएर बाहिरबाट आयात गर्ने खाद्य पदार्थमा निर्भरता बढ्दै जान थालेको छ । आयातीत खाद्यान्न माथिको बढ्दो निर्भरतालाई न्यूनीकरण गर्न कोदो उत्पादनलाई प्राथमिकता दिएको उहाँले बताउनुभयो । गाउँपालिकाले कोदोका परिकारहरू बनाउने तालिम पनि दिन थालेको छ ।

'कोदो गरिबले मात्रै खान्छन्' भन्ने मान्यता बिस्तारै हट्न थालेको उहाँको भनाइ छ । पौष्टिक आहारयुक्त कोदोको उत्पादनमा आत्मनिर्भर मात्र नभइ निर्यातसमेत गर्ने गाउँपालिकाको लक्ष्य छ ।

बजार व्यवस्थापनका लागि गाउँपालिकाले सहजीकरणसमेत गर्ने उहाँले जानकारी दिनुभयो । कोदो उत्पादनका लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक बन्दोबस्ती गाउँपालिकाले गर्नेमा उहाँ विश्वस्त हुनुहुन्छ ।

यसैगरी, गाउँपालिकाले यही चालू आर्थिक वर्षमा कोदो महोत्सवको पनि आयोजना गर्ने पनि तयारी भइरहेको छ । महोत्सवमा कोदो उत्पादनसँग जोडिएका प्रविधि र प्रक्रियाबारे जानकारी दिइनेछ । साथै कोदोबाट बनेका परिकारहरूको प्रदर्शनी पनि गरिनेछ ।

'कोदो गरिबले मात्रै खान्छन्' भन्ने मान्यता बिस्तारै हट्न थालेको उहाँको भनाइ छ । पौष्टिकताले भरिपूर्ण कोदोको ढिँडो र रोटी परम्परादेखि लोकप्रिय छ । दैनिक खानपानमा कम प्रयोग हुन थालेपछि कोदोको रक्सी उत्पादनमा मात्र सीमित हुन थालेको थियो । पौष्टिक आहारयुक्त कोदोको उत्पादनमा आत्मनिर्भर मात्र नभइ निर्यातसमेत गर्ने गाउँपालिकाको लक्ष्य छ ।

गुणस्तरीय शिक्षा दिन भन्दै बालबालिका निजी स्कुल र जिल्ला बाहिरका विद्यालयमा पढाउने लहरले विद्यार्थी संख्या घट्दै जान थाले । स्थापना भएका विद्यालयहरूमा विद्यार्थी संख्या कम भएपछि आर्थिक तथा व्यवस्थापनको भार पर्नु स्वाभाविक हो । भयो पनि त्यस्तै ।



# हिमाली गाउँको शिक्षा सहरमा जस्तै

**चामे गाउँपालिका, मनाङ**

मनाङ नेपालको सबैभन्दा थोरै जनसंख्या भएको जिल्ला हो । मनाङको कूल जनसंख्या पाँच हजार आठ सय २७ छ । मनाङ सदरमुकामको गाउँपालिका चामेको जनसंख्या जम्मा एक हजार एक सय २९ मात्र छ ।

पछिल्ला दशकमा देशभर विद्यालय खुल्ने लहर चलेसँगै मनाङमा पनि विद्यालयहरू खुले । उसै त कम जनसंख्या, त्यसमाथि गुणस्तरीय शिक्षा दिन भन्दै बालबालिका निजी स्कुल र जिल्ला बाहिरका विद्यालयमा पढाउने लहरले विद्यार्थी संख्या घट्दै जान थाले । स्थापना भएका विद्यालयहरूमा विद्यार्थी संख्या कम भएपछि आर्थिक तथा व्यवस्थापनको भार पर्नु स्वभाविक हो । भयो पनि त्यस्तै ।

त्यसैले पनि चामे गाउँपालिकाले विद्यालयको शिक्षा व्यवस्थित गर्न विद्यालयहरू गाभेर गुणस्तरीय शिक्षा दिने र चुस्त व्यवस्थापन गर्ने निर्णय गरेको छ । मनाङको विकट चार गाउँ विकास समिति गाभेर बनाइएको चामे गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि बहाल भएपछि विद्यालय गाभेको हो ।

गाभिएका विद्यालयहरूमा गौरीशंकर तिमाङको आधारभूत विद्यालय, थाञ्चोकको दीनदयालु आधारभूत विद्यालय, कोतोको विश्वशान्ति आधारभूत विद्यालय, चामेको बालमन्दिर आधारभूत विद्यालय र लोकप्रिय माध्यामिक विद्यालय छन् ।

वडा नं. १ का अध्यक्ष आशिष गुरुङको संयोजकत्वमा गठन भएको कार्यदलले विज्ञहरूसँग छलफल गरी पहिलो चरणमा बालमन्दिर आधारभूत विद्यालय र लोकप्रिय माध्यामिक विद्यालय मर्ज गरेर आवासीय विद्यालय सञ्चालन गरिएको छ । साविकका विद्यालयहरूमा विद्यार्थी संख्या अत्यन्त न्यून, त्यसमाथि भौतिक पूर्वाधारको कमी थियो । जसले गर्दा शिक्षाको अवस्था दयनीय थियो । मर्जपछि अहिले विद्यालयमा दुई सय ६१ विद्यार्थी अध्ययनरत छन् भने ३० शिक्षक र सात कर्मचारी कार्यरत छन् ।

अहिले शिक्षक, कर्मचारी र विद्यार्थीको आवासका लागि बालमन्दिरको आधारभूत विद्यालयको भवन प्रयोग गरिएको छ । विद्यालयको भवन निर्माणका लागि मात्रै गाउँपालिकाले एक करोड १५ लाख रूपैयाँ खर्च गरेको छ । यसबाहेक विद्यालयको भौतिक सामाग्री, स्कुल म्यानेजमेन्ट सफ्टवेयरका लागि एक करोड पाँच लाख रूपैयाँ खर्च गरेको छ ।

विद्यालय मर्ज गरेर गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रक्रियामा स्थानीय जनप्रतिनिधिका साथै संघ र प्रदेशका सांसदहरू, स्थानीय समाजसेवीहरू आदिको पनि सक्रिय भूमिका छ । गाउँपालिकाले सरोकारवालाहरूको सल्लाह सुझावका आधारमा आवश्यक शिक्षा नीतिको तर्जुमा गर्ने, बजेट व्यवस्थापन गर्ने, विद्यालयको व्यवस्थापन गर्ने काम गरेको छ ।

विद्यालय मर्ज गरेर गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रक्रियामा स्थानीय जनप्रतिनिधिका साथै संघ र प्रदेशका सांसदहरू, स्थानीय समाजसेवीहरू आदिको पनि सक्रिय भूमिका छ ।




स्वास्थ्य संस्थाका लागि चौबिसै घन्टा विद्युत् उपलब्ध गराउन ब्याकअपका रूपमा सोलार र जेनेरेटर तयारी अवस्थामा राखिएको छ। स्वास्थ्य संस्था नभएको वडामा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ।

# संस्थागत सुत्केरी सफल पार्दै स्वास्थ्यकर्मी

**घरपझोङ गाउँपालिका, मुस्ताङ**

मुस्ताङको घरपझोङ गाउँपालिकाले पूर्ण संस्थागत सुत्केरी अभियान सञ्चालन गरेको छ। स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराउने लक्ष्यअनुसार सञ्चालित यस कार्यक्रमका लागि गाउँपालिकाले विभिन्न काम गरिरहेको छ।

स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा आमा र बच्चा दुवैको स्वास्थ्यमा जोखिम अत्यन्त कम हुने हुँदा गाउँपालिकाले यो अभियान सुरु गरेको अध्यक्ष आसबहादुर थकालीले जानकारी दिनुभयो। घरपझोङमा एउटा अस्पताल र दुईवटा स्वास्थ्य चौकी छन्। ती संस्थाहरूमा अन्य स्वास्थ्य पूर्वाधारसहित बर्थिङ सेन्टर निर्माण गरिएका छन्।

पाँचवटा वडा रहेको घरपझोङमा १ नं. वडाबाहेक सबै ठाउँ सडक सञ्जालसँग जोडिएका छन्। १ नं. वडाका बासिन्दालाई स्वास्थ्य संस्थासम्म पुग्न एक घन्टा पैदल हिँड्नु पर्ने बाध्यता छ। सबै वडासहित १ नं. वडाका लागि तत्काल स्ट्रेचरको व्यवस्था गरिएको छ भने १ नं. वडालाई पनि सडक सञ्जालसँग जोड्ने गाउँपालिकाको योजना छ।

यसैगरी, स्वास्थ्य संस्थाका लागि चौबिसै घन्टा विद्युत् उपलब्ध गराउन ब्याकअपका रूपमा सोलार र जेनेरेटर तयारी अवस्थामा राखिएको छ। स्वास्थ्य संस्था नभएको वडामा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको उपाध्यक्ष शर्मिला गुरुङको भनाइ छ। इकाईले सुत्केरीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन सहजीकरण गर्दछ।

गाउँपालिकाले पूर्ण संस्थागत सुत्केरी अभियानअन्तर्गत जनप्रतिनिधि र सरोकारवालालाई एक दिने अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न गरिसकेको छ। यसबाहेक महिला स्वास्थ्य स्वयंसेविका, पदाधिकारीहरू, विपन्न वर्ग, दलित, युवा क्लब, शिक्षकशिक्षिकालाई यसबारे सचेतना कार्यक्रम राखिएको छ। गर्भवती महिलाको नियमित चेकजाँच गर्दा पनि गाउँपालिकाले भत्ता दिने व्यवस्था गरेको छ।

यस्ता व्यवस्थाहरूले गर्भवती तथा सुत्केरीहरूलाई स्वास्थ्य संस्थासम्म जान प्रेरित गर्ने गाउँपालिकाको विश्वास छ। गत वर्ष दुईजना महिलाले घरमै सुत्केरी गरेको गाउँपालिकाले जनाएको छ। तर यो अभियान सुरु भएपछि कुनै पनि महिला घरमा सुत्केरी भएका छैनन्।

सबैले बर्थिङ सेन्टरमा सुत्केरी गराएका छन्। घरमा सुत्केरी गराउनेको संख्या शून्य हुने अवस्था रहिरहने हो भने घरपझोङ मुस्ताङकै पहिलो पूर्ण संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा हुनेछ।

मुस्ताङमा अहिलेसम्म सरकारी फार्मेसी नहुँदा स्थानीयवासीले निजी क्षेत्रबाट सञ्चालित औषधि पसलबाट चर्को मूल्यमा औषधि किन्नु पर्ने अवस्था थियो। अब भने गाउँपालिकाको आर्थिक सहयोगमा चौबिसै घन्टा खुल्ने फर्मेसीको स्थापना भएको छ।

स्वास्थ्य संस्थाका लागि चौबिसै घन्टा विद्युत् उपलब्ध गराउन ब्याकअपका रूपमा सोलार र जेनेरेटर तयारी अवस्थामा राखिएको छ। सबैले बर्थिङ सेन्टरमा सुत्केरी गराएका छन्। घरमा सुत्केरी गराउनेको संख्या शून्य हुने अवस्था रहिरहने हो भने घरपझोङ मुस्ताङकै पहिलो पूर्ण संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा हुनेछ।

धार्मिक आस्थामार्फत मानिसको मनमा शान्ति ल्याउन सकिने र सँगै आर्थिक एवं पर्यावरणको विकासका लागि नमूना स्थल बनाउने लक्ष्य राखिएको छ । धार्मिक पर्यटनको विकासका लागि गएको वर्षदेखि पहल भएता पनि यस वर्षदेखि कार्यान्वयनमा आउन सफल भएको हो ।




# शान्ति र पर्यावरणका लागि १००८ पिपल

**हुप्सेकोट गाउँपालिका, नवलपरासी**

नवलपरासीको हुप्सेकोट गाउँपालिकाले धार्मिक पर्यटन प्रर्वद्धनको थालनी गर्दै एक हजार आठवटा पिपलका बिरुवा रोपेको छ । निशानदेवीको मन्दिर रहेको यस गाउँपालिका धार्मिक पर्यटनका हिसाबले महत्वपूर्ण छ ।

गाउँपालिकाले वडा नं १, ३ र ४ को संगमस्थल पटुवाधापमा धार्मिक पर्यटन प्रवर्द्धन र वातावरण संरक्षण गर्ने उद्देश्यले २०७५ मंसिर ३ गते हरिबोधिनी एकादशीको साइत पारी एक हजार आठ पिपलको विरुवा रोपेको हो । उक्त स्थललाई पवित्र बनाउन कुश र पातको तोरणहरू राखिएका छन् । गाउँमा रहेका भूतपूर्व सैनिकहरूले वृक्षारोपण गरिएका पिपलका बिरुवाहरू संरक्षण गर्दै आएका छन् । पिपलको रुख रोप्ने दिन गाउँपालिकावासी वृक्षारोपण स्थलमा जम्मा भएका थिए भने युवाको उपस्थिति उत्साहजनक थियो । कतिपय उत्सुक स्थानीय देवघाटदेखि आएका थिए ।

सो क्षेत्रलाई धार्मिक आस्थामार्फत मानिसको मनमा शान्ति ल्याउन सकिने र सँगै आर्थिक एवं पर्यावरणको विकासका लागि नमूना स्थल बनाउने लक्ष्य राखिएको छ । धार्मिक पर्यटनको विकासका लागि गएको वर्षदेखि पहल भएता पनि यस वर्षदेखि कार्यान्वयनमा आउन सफल भएको हो । धर्म प्रतिको आस्थाले समाजमा शान्ति ल्याउन सकिन्छ भन्ने विश्वास यहाँका मानिसमा जागृत भएको छ ।

गाउँपालिकाको उक्त क्षेत्र केही वर्षदेखि पिकनिक स्थलको रूपमा परिचित छ । तर व्यवस्थित भने थिएन । पिपल विरुवाको एक प्रजातिमात्र नभएर धार्मिक हिसाबले पनि पुजिने साथै अक्सिजन पनि प्रशस्त दिने हुँदा पिपलको बिरुवा नै छानिएको अध्यक्ष लक्ष्मी पाण्डेले बताउनुभयो ।

यस स्थलमा एक लक्ष्मीनारायणको मन्दिरसमेत बनाई पवित्र तीर्थस्थल बनाउने योजना रहेको छ । पिपलबोट रोपिएको उक्त स्थलमुनि पत्थ खोलामा ड्याम बनाएर कृत्रिम ताल बनाउने र यस क्षेत्रमा रुद्राक्षको बिरुवाहरू रोप्ने योजना रहेको छ । ड्याम निर्माणले नजिकको खेतीयोग्य जग्गामा सिँचाइको सुविधा पुऱ्याउने पनि गाउँपालिकाको योजना छ ।

गाउँपालिकामा २५ हजार ६५ जनसंख्या छ । लामो समयसम्म राजनीतिक अस्थीरता र द्वन्द्वका कारण जसरी जिल्लाको अन्य ठाउँमा विकासले राम्ररी गति लिन सकेन, यस ठाउँको अवस्था पनि त्यस्तै थियो । २० वर्षपछि स्थानीय तहको निर्वाचन भएपछि गाउँपालिकामा जननिर्वाचित प्रतिनिधिहरू आएदेखि नै गाउँको विकासका कामले गति लिन थालेको छ ।

कमजोर शासन व्यवस्थाले विकास निर्माणको कामले गति लिन नसकेको, समाजमा विकृति र विसंगतिहरू बढ्दै गएको, युवामा निराशा बढेको र उनीहरूमा पलायन हुने मानसिकता पनि बढेको महसुस हुँदै आएको थियो । जथाभावी रुख काट्ने अभ्यासले वातावरणमा ह्रास पनि आउँदै गरेको अवस्था थियो । गाउँको विकासका लागि स्थानीय अर्थतन्त्रमा केही महत्वपूर्ण काम गर्नु पर्ने निष्कर्ष गाउँपालिकाले गत वर्षदेखि गर्दै आएको थियो ।

यस स्थलमा एक लक्ष्मीनारायणको मन्दिरसमेत बनाई पवित्र तीर्थस्थल बनाउने योजना रहेको छ । पिपलबोट रोपिएको उक्त स्थलमुनि पत्थ खोलामा ड्याम बनाएर कृत्रिम ताल बनाउने र यस क्षेत्रमा रुद्राक्षको बिरुवाहरू रोप्ने योजना रहेको छ ।



गाउँपालिकाभित्रका विद्यालयहरूमा जंकफूडको अत्यधिक प्रयोग बढेपछि निर्वाचित जनप्रतिनिधिले यसलाई निरुत्साहित गर्ने अभियान थालेका छन् ।

# विद्यालयमा कोदो फापरलाई स्वागत, जंकफूडलाई तिरस्कार

**विहादी गाउँपालिका, पर्वत**

विहादी गाउँपालिका प्रदेश नम्बर ४ स्थित पर्वत जिल्लामा पर्छ । जिल्लाको दक्षिणी भेगमा रहेको विहादी दुर्गम गाउँमा पनि गाउँले उत्पादन र प्रयोग कम र बजारीया सामग्री एवं खाद्यान्नको प्रयोग बढी छ । यसको एउटा उदाहरण हो, खेतबारीमा उत्पादित खाद्यान्नलाई खाजाको रूपमा कम प्रयोग गरी बिस्कुट, चाउचाउ लगायतका जंक फुडको अत्यधिक प्रयोग ।

गाउँपालिकाभित्रका विद्यालयहरूमा जंकफूडको अत्यधिक प्रयोग बढेपछि निर्वाचित जनप्रतिनिधिले यसलाई निरुत्साहित गर्ने अभियान थालेका छन् । बाच्छा, बर्राचौर, रानीपानी, वहाकीठाँटी, उरामपोखरा र शालीग्राम नामका साबिक गाउँ विकास समिति मिलाएर बनाइएको बिहादीमा ३० वटा सामुदायिक विद्यालय छन् भने एउटा निजी विद्यालय छ । झन्डै ४५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको विहादीमा २०६८ को जनगणना अनुसार करिब १४ हजार जनसंख्या छ ।

विद्यालय जाने छोराछोरीलाई अभिभावकले घरखेतमै उत्पादन हुने कोदो, फापर, मकै, आलु लगायतका खाद्यान्नबाट बन्ने खाजाको सट्टा दैनिक १० देखि १५ रूपैयाँ खाजा खर्चवापत रकम दिएर पठाउने गर्दै आएका छन् ।

उक्त पैसाले विद्यार्थीले बिस्कुट, चाउचाउ, कुरमुरे, चिजबल लगायतका जंकफूड किनेर खाने गर्ने गरेका छन् । जंकफूड स्वास्थ्यका दृष्टिले राम्रो मानिँदैन । कलिला बालबालिकाले जंकफूड खाँदा त्यसले स्वास्थ्यमा दीर्घकालीन असर पार्ने विभिन्न अध्ययनहरूले देखाइसकेको छ । जंकफूडमा प्रयोग गरिने रसायनले क्यान्सरसम्मका रोग लाग्ने गरेको छ । त्यसैले पनि विहादी गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ को गाउँसभाले निर्णय गरी विद्यालयहरूमा जंकफूड निरुत्साहित गर्ने अभियान थालेको अध्यक्ष कमलप्रसाद भुसालले जानकारी दिनुभयो ।

गाउँपालिकाको यो अभियान विद्यार्थीसहित अभिभावक र शिक्षकहरूप्रति पनि लक्षित छ । अभियानअन्तर्गत गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीले पोषणबारे पनि जानकारी गराउँदै जंकफूडले पार्ने नकारात्मक असरबारे विद्यार्थी, शिक्षक तथा अभिभावकहरूलाई सचेत गराइरहेका छन् । सचेत अभिभावक, शिक्षक र विद्यार्थीले समेत यस कार्यको सराहना गरेका छन् । छिटो र सजिलोको नाममा अभिभावकले सन्तानको स्वास्थ्य गुमाइरहेको पनि उनीहरूको टिप्पणी छ । जनप्रतिनिधि भने यस्तो अभियान मुलुकभरका सबै गाउँपालिका र नगरपालिकाले अवलम्बन गर्नुपर्ने धारणा राख्छन् ।

अभियानमा स्थानीय जनप्रतिनिधिहरूको समेत सहभागिता छ । जंकफूडको बदलामा घरबाटै रोटी तरकारी लगायतका अन्नका परिकार बनाई छोराछोरीलाई विद्यालयमा खाजा पठाउन अभिभावकलाई आग्रह गरिएको छ । यस अभियानलाई सफल बनाउन गाउँपालिकाले सबै विद्यार्थीलाई एक/एक वटा टिफिन बक्स दिने कार्यक्रम रहेको डम्बरकुमारी गुरुङको भनाइ छ । यस अभियानले बालबालिका स्वास्थ्यमा राम्रो प्रभाव पार्ने र स्वास्थ्य उपचारमा लाग्ने खर्चमा समेत बचत हुने अपेक्षा गरिएको छ ।

अभियानमा स्थानीय जनप्रतिनिधिहरूको समेत सहभागिता छ । जंकफूडको बदलामा घरबाटै रोटी तरकारी लगायतका अन्नका परिकार बनाई छोराछोरीलाई विद्यालयमा खाजा पठाउन अभिभावकलाई आग्रह गरिएको छ ।

ट्रेकिङ मार्गबाट मनास्लु, गणेश हिमाल र रूपीनाला ग्येल्सियर (नेपालकै सबैभन्दा होचो उचाईमा रहेको हिमनदी) को मनोरम दृश्य अवलोकन गर्न पाइन्छ भने यात्राको क्रममा तातोपानी कुण्ड, दुई सय मिटर अग्लो पहरो (शिवलिंग नामाकरण गरिएको) को समेत अवलोकन गर्न पाइनेछ।



# लाप्राकमा 'इपिसेन्टर ट्रेकिङ ट्रेल'

**धार्चे गाउँपालिका, गोरखा**

२०७२ को भूकम्पको केन्द्रविन्दु (इपिक सेन्टर) रहेको गोरखा लाप्राकलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्न धार्चे गाउँपालिकाले ट्रेकिङ रुट निर्माण गर्दैछ। भूकम्पमा परी ध्वस्त भएको लाप्राक क्षेत्रको पुनर्निर्माणमा गैरआवासीय नेपाली संघ (एनआरएन) ले कार्य गरिरहेको छ। बस्तीको नामनै 'एनआरएन बस्ती' दिएर पुनर्निर्माण कार्य सम्पन्नसँगै लाप्राकलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने योजना रहेको गाउँपालिकाका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिनुभयो । एनआरएन अध्यक्ष भवन भट्टको पहलमा लाप्राकमा पाँच सय ७३ वटा एकीकृत बस्तीको रूपमा एकनासका घरहरू निर्माण हुँदैछन् भने बस्तीका लागि आवश्यक अन्य पूर्वाधारसमेत निर्माण भइरहेका छन् ।

'प्राकृतिक र सांस्कृतिक खुला संग्रहालय-धार्चे' भन्ने पर्यटन ब्राण्ड तय गरी बृहत पर्यटन गुरुयोजनाअन्तर्गत भौतिक निर्माण कार्य भइरहेको छ । गोरखाको यारूफाँटदेखि लाप्राकसम्मको चार दिनको इपिक सेन्टर ट्रेकिङ ट्रेल निर्माण गरिरहेको गुरुङले जानकारी दिनुभयो । ट्रेकिङ मार्गबाट मनास्लु, गणेश हिमाल र रूपीनाला ग्येल्सियर (नेपालकै सबैभन्दा होचो उचाईमा रहेको हिमनदी) को मनोरम दृश्य अवलोकन गर्न पाइन्छ भने यात्राको क्रममा तातोपानी कुण्ड, दुई सय मिटर अग्लो पहरो (शिवलिंग नामाकरण गरिएको) को समेत अवलोकन गर्न पाइनेछ ।

अध्यक्ष गुरुङका अनुसार यसै रुटमा काङगारु हिमाल आरोहणका क्रममा मृत्यु भएका आठजना फ्रेन्च र सातजना लाप्राकीहरूको हिमपहिरोमा परी मृत्यु भएकोमा उनीहरूको स्मरणमा फ्रेन्च पार्क निर्माण गरिनेछ। यसैगरी सोही रुटमा विश्व युद्धमा भीसी उपाधि पाएका स्व. थमन गुरुङ स्मृति पार्क र बेलायतका युवराज ह्यारी स्वयं उपस्थित भई लापुवेशीमा विद्यालय भवन बनाएकाले स्थानीय डम्फु डाँडालाई 'ह्यारी हिल' का रूपमा विकास गरिनेछ ।

पर्यटनसँग सम्बन्धित उल्लेखित पूर्वाधारहरूको निर्माणले लाप्राक आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्यको रूपमा विकास हुनेछ भने त्यहाँका बासिन्दाको आयआर्जनको मुख्य आधार बन्नेछ। अध्यक्ष गुरुङका अनुसार यी सबै कार्यको एकीकृत योजना निर्माण र बजेट विनियोजन भई कामले गति पाएको छ।

धार्चेले पर्यटन प्रवर्द्धनका साथै केही सामाजिक सुधारका कानुनहरूमा समेत ध्यान दिएको छ। वनमा डढेलो लगाउने व्यक्तिको सुराकी गर्नेलाई १० हजार नगदले पुरस्कृत गर्ने कानुन बनाइएको छ। जमिन बाँझो राख्न नपाइने व्यवस्था गर्न लगत संकलन आरम्भ गरिएको छ। लगानीभन्दा बढी खर्च हुने उत्पादनविहीन फिरन्ते गाईगोठलाई मर्ज गराई संयुक्त थापी गोठ निर्माण गर्ने नीति योजना छ। 'यसका साथै चेलीबेटीको विवाहमा दाइजोको रूपमा एभोकाडोको बिरुवा उपहार दिने प्रचलन सुरु गरी एकातिर दाइजोको कुप्रथालाई निरुत्साहित गर्ने र अर्कोतिर एभोकाडोको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्न थालेका छौं', सामाजिक सुधारसम्बन्धी गाउँपालिकाले अवलम्बन गरेका कामको प्रभाव समाजमा पर्न थालेको अध्यक्षको भनाइ छ।

'यसका साथै चेलीबेटीको विवाहमा दाइजोको रूपमा एभोकाडोको बिरुवा उपहार दिने प्रचलन सुरु गरी एकातिर दाइजोको कुप्रथालाई निरुत्साहित गर्ने र अर्कोतिर एभोकाडोको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्न थालेका छौं',



अहिले गाउँपालिकाले कृषि सहकारीमार्फत गाउँका तरकारी संकलन गरी पोखरा ल्याउने र त्यसको बिक्रीको व्यवस्था गर्ने काम गरेको छ । गाउँपालिकाले गाडी अहिले भाडा लिएर तरकारी पोखरा पुऱ्याउने व्यवस्था मिलाएको छ।

# बिरौटामा तरकारी बिक्री केन्द्र

## फेदीखोला र आँधीखोला गाउँपालिका, स्याङ्जा

स्याङजाका दुईवटा गाउँपालिकाले पोखराका बिरौटामा तरकारी संकलन तथा बिक्री केन्द्र हालै सञ्चालनमा ल्याएका छन् । अबदेखि स्याङ्जाका फेदीखोला र आँधीखोला गाउँपालिकाभित्रका किसानले आफुले उत्पादन गरेको कृषि उपजको बजार र मूल्यको चिन्ता लिनु नपर्ने भएको छ । यी दुई गाउँपालिकाको संयुक्त प्रयासबाट गाउँपालिकाका विभिन्न ठाउँबाट कृषि उपज सिधै पोखराको बजारमा आइपुग्ने व्यवस्था गरेको हो ।

स्याङ्जा आरुखर्कका पुराना किसान शिव सुवेदीलाई गाउँमा उत्पादित तरकारी कहाँ लगेर बेच्ने भन्ने सधैं चिन्ता हुन्थ्यो । गाउँबाट तरकारी पोखरा ल्याउँदा पनि नबिकी फर्काउनु पर्दाका थुप्रै दुःखद् अनुभव उनीसँग छन् ।

व्यावसायिक तरकारी खेती गरेर पनि बजार र मूल्यको समस्याले सधैं चिन्तित रहने आँधीखोलाका किसान सुरेश पौडेल पनि अब भने आफूहरूको चिन्ता र समस्या दूर भएको बताउँछन् । गाउँपालिकाको यो प्रयासले सुवेदी र पौडेल जस्ता थुप्रै किसानहरू अब जति उत्पादन गरे पनि बिक्दैन कि भन्ने चिन्ताबाट मुक्त भएका छन् ।

यी दुई गाउँपालिकाको संयुक्त प्रयासले पोखरा बिरौटामा सटर भाडामा लिएर तरकारी संकलन तथा बिक्री थालेको हो । सटरबाट उपभोक्ताले सिधै बारीबाट ल्याइएको ताजा तरकारी खान पाउने छन् । फेदीखोलाको २ र ४ अनि आँधीखोलाको ४ र २ नम्बर वडा तरकारी उत्पादनका हिसाबले अब्बल छन् ।

अहिले गाउँपालिकाले कृषि सहकारीमार्फत गाउँका तरकारी संकलन गरी पोखरा ल्याउने र त्यसको बिक्रीको व्यवस्था गर्ने काम गरेको छ । गाउँपालिकाले गाडी अहिले भाडा लिएर तरकारी पोखरा पुऱ्याउने व्यवस्था मिलाएको फेदीखोला गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिनुभयो ।

'हाम्रा गाउँपालिकाले तरकारी पोखरासम्म ल्याउने र यहाँबाट अन्य ठाउँमा पनि पुऱ्याउने व्यवस्था मिलाएका छौं', अध्यक्ष सुवेदीले भन्नुभयो, 'यसले किसानको उत्साह बढेको छ भने तरकारी नबिक्ने चिन्ता हटाएको छ ।'

फेदीखोलाको सर्केटारी र आँधीखोलाको सेती दोभानमा तरकारी संकलन गरी पोखरा ल्याउने व्यवस्था मिलाइएको छ । यी दुई गाउँपालिकाको मुख्य व्यापारिक बजार नै पोखरा हो । बिचौलियाका कारण किसानले खेप्नु पर्ने समस्या र कम मूल्यमा बेच्नुपर्दाको चिन्ता पनि अब हटेको आँधीखोलाका अध्यक्ष सुधीर बताउनुहुन्छ ।

गाउँगाउँका अर्गानिक तरकारी सिधै पोखरा ल्याएर संकलन तथा बिक्रीको व्यवस्था गाउँपालिकाले जिम्मा लिएको छ । अध्यक्ष सुधीर पौडेलका अनुसार, 'अब किसानले तरकारी नबिक्ने कुनै चिन्ता हुनेछैन, मूल्यका हिसाबले पनि किसानले बढी मूल्य प्राप्त गर्नेछन् ।'

अध्यक्ष सुवेदीका अनुसार यी सबै कार्यको लागि दुवै गाउँपालिकाले सम्बन्धित कृषि सहकारीसँग छ महिनाको लागि गाडी भाडा र १ वर्षको लागि पोखरामा रहेको संकलन तथा बिक्री केन्द्रको भाडा तिरिदिने सम्झौता गरेको छ ।

उत्पादन गर्ने कृषकहरूलाई उत्पादन परिमाणको आधारमा निश्चित रकम अनुदान दिने व्यवस्था गरेको छ । सञ्चालन गरेको १ महिनामानै १५ लाख भन्दा बढीको तरकारी बिक्री भइसकेको अध्यक्ष सुवेदीले जानकारी दिनु भयो ।

'हाम्रा गाउँपालिकाले तरकारी पोखरासम्म ल्याउने र यहाँबाट अन्य ठाउँमा पनि पुऱ्यायाउने व्यवस्था मिलाएका छौं,' अध्यक्ष सुवेदीले भन्नुभयो, 'यसले किसानको उत्साह बढेको छ भने तरकारी नबिक्ने चिन्ता हटाएको छ।'

स्थानीय निर्वाचनमा तत्कालिन शिक्षिका थमसरा पुनः गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएपछि उहाँका साम् भूगोल र अवसरले ठगेका गाउँवासीलाई जीवनयापनका दिगो स्रोतहरू खोजी गर्ने चुनौती खडा भएको थियो ।



# वैकल्पिक जीविकोपार्जनमा सामूहिक खेती

**धौलागिरी गाउँपालिका, म्याग्दी**

धौलागिरी गाउँपालिका म्याग्दी जिल्लाको अत्यन्त दुर्गम र विकट भूगोलमा फैलिएको एवं पातलो मानव बस्ती रहेको क्षेत्र हो । आदिवासी मगर समुदायको घना बसोबास रहेको यो गाउँपालिकामा म्याग्दी खोला, धौलागिरी हिमाल र ढोरपाटन शिकार आरक्षको उत्तरी मोहडा जोडिएको छ । सीमित कृषि भूमि, बृहत्तर भेडापालन, जडिबुटी संकलन र पर्वतारोहण पर्यटनमा आश्रित सो क्षेत्रका मानिसमा जीविकोपार्जनका आधार अत्यन्त सीमित छन् ।

पढेलेखेका युवा जीविकोपार्जन र कामको खोजीमा पोखरादेखि काठमाडौं हुँदै समुद्रपारीसम्म जाने प्रवृत्ति व्याप्त छ । स्थानीय निर्वाचनमा तत्कालीन शिक्षिका थमसरा पुनः गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएपछि उहाँका सामू भूगोल र अवसरले ठगेका गाउँबासीलाई जीवनयापनका दिगो स्रोतहरू खोजी गर्ने चुनौती खडा भएको थियो ।

यस्तो पृष्ठभूमिमा अध्यक्ष पुनःको भिजनअनुसार, धौलागिरी गाउँपालिकाले पहिलो आर्थिक वर्षको बजेटमार्फत् कृषिमा यान्त्रिकीकरण र जडिबुटी खेती प्रवर्द्धनको विशेष कार्यक्रम तर्जुमा गरेको थियो । सोहीअनुसार गाउँपालिकाभित्र कृषकका १२ वटा समूह गठन गरी उनीहरूलाई हाते ट्याक्टर वितरण गरिएको र सम्बन्धित कृषक समूहका महिला सदस्यलाई ट्याक्टरमार्फत खेत जोत्ने तालिम दिइएको थियो । यस कार्यका लागि गाउँपालिकाले आन्तरिक कोषबाट करिब सात लाख र कृषक समूहहरूबाट दुई लाख लागत सहभागितामा हाते ट्याक्टर खरिद गरेको थियो ।

यस प्रयासबाट हाल दुर्गम भेगका दुई सयभन्दा बढी किसान लाभान्वित भएका छन् । यसले परिवारका पुरुष सदस्यहरू सहर-बजार र विदेश जाँदा महिला सदस्यहरूले खेतबारी जोत्न नसकेर कृषि भूमि बाँझो राख्नुपर्ने अवस्थामा भारी कमी आएको छ । गाउँमै कृषिको उत्पादन वृद्धि भई दुर्गम क्षेत्रमा खाद्य उपलब्धता बढेको छ । यसैगरी, सोही आर्थिक वर्षमा धौलागिरी गाउँपालिकाले व्यावसायिक जडिबुटी खेतीलाई प्राथमिकतापूर्वक अघि बढाएको छ । पहिलो वर्ष गुर्जामा दुईवटा किसान समूह गठन गरेर जडिबुटी खेती गर्ने तरिका र त्यसको प्रशोधन एवं सम्भाव्य बजारको सम्बन्धमा तालिम सञ्चालन गरिएको थियो । चालु आर्थिक वर्षमा गुर्जासहित लुलाङ, मुदी, मल्कवाङ लगायतका थप ६ स्थानमा खेती गर्न लागिएको छ । सो भेगमा पहिलेदेखि नै खेती गरिने सतुवा, अतिस, खिरौला प्रजातिका जडिबुटीलाई निजी तथा सामूहिक खेतीको प्राथमिकतामा राखिएको छ ।

गाउँमा गठित कृषक समूहकै पहलमा जडिबुटी नर्सरी स्थापना गर्न लागिएको र तत्काललाई बाहिरबाट बिऊ तथा बेर्ना खरिद गरी किसान समूहलाई वितरण गरिएको छ । कृषियोग्य जमीनमा जडिबुटी रोप्दा खाद्यान्न उत्पादनमा गिरावट आउन सक्ने जोखिम घटाउन किसान समूहहरूलाई पाखोबारी र सामुदायिक वनभित्रको खुल्ला क्षेत्रमा जडिबुटी खेती गर्न प्रोत्साहित गरिएको छ । यसअन्तर्गत सामुदायिक वन र ढोरपाटन शिकार आरक्षको मध्यवर्ती क्षेत्रमा करिब दुई सय रोपनी क्षेत्रफल खाली जमिनमा आगामी वर्षमा जडिबुटीका बिरुवा रोप्न सुरु गरिएको छ ।

यस प्रयासबाट हाल दुर्गम भेगका दुई सयभन्दा बढी किसान लाभान्वित भएका छन् । यसले परिवारका पुरुष सदस्यहरू सहर-बजार र विदेश जाँदा महिला सदस्यहरूले खेतबारी जोत्न नसकेर कृषि भूमि बाँझो राख्नुपर्ने अवस्थामा भारी कमी आएको छ ।




गाउँपालिकाले लागत सहभागिताअन्तर्गत ८० लाखमा थप २० लाख बजेट व्यवस्था गरी १ करोड बजेट लागत सहभागिता जनाउने गरी आयोजना स्वीकृत गरेको छ।

# पूर्वाधार विकासमा ६0-४0 को रणनीति

**म्याग्दे गाउँपालिका, तनहुँ**

तनहुँको म्याग्दे गाउँपालिकाले पूर्वाधार निर्माणमा उपभोक्ताको समेत लागत सहभागितालाई प्रोत्साहित गर्दै ६०/४० को अवधारणा लागू गरेको छ। आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमै सडक, खानेपानी, सिँचाइ, भवनजस्ता पूर्वाधार आयोजनामा लागत सहभागिता अवधारणा लागू गर्ने उल्लेख गरिएको थियो ।

गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेका अनुसार लागत सहभागितामा योजना सञ्चालन गर्न चाहने उपभोक्ता/टोलसुधार समितिहरूले आयोजना माग फाराम भरी पेश गर्न यसअघि नै सार्वजनिक आह्वान गरिएको थियो । "एक महिनाको म्याद राखी जारी गरिएको सूचनाअनुसार उपभोक्ताहरूको चासो बढेको र ४० वटाभन्दा बढी आयोजनाहरूमा साझेदारी गर्ने प्रतिवद्धता सहित आयोजना स्वीकृतीका लागि माग भएको छ", उपाध्यक्ष घिमिरेले थप्नुभयो, "तर हामीले पहिलो वर्ष भएकाले कति माग हुन्छ भन्ने अनुमान लगाउन सकेनौं । यस शीर्षकमा जम्मा ८० लाख मात्र बजेट विनियोजन गरिएको थियो तर माग दुई करोडभन्दा बढीको आयो ।"

गाउँपालिकाले लागत सहभागिताअन्तर्गत ८० लाखमा थप २० लाख बजेट व्यवस्था गरी एक करोड बजेट लागत सहभागिता जनाउने गरी आयोजना स्वीकृत गरेको छ । लागत सहभागिताअन्तर्गत स्वीकृत गरिएका जम्मा १८ आयोजनाको कूल लागत एक करोड ५५ लागत रहेको जहाँ गाउँपालिकाले एक करोड र उपभोक्ताले ५५ लाख योगदान गर्ने उपाध्यक्ष घिमिरेले जानकारी दिनुभयो। स्वीकृत गरिएकामध्ये पाँच लाखदेखि २० लाखसम्मको लागतका आयोजनाहरू छन् ।

लागत सहभागिताको दर भने आयोजनाको प्रकृतिअनुसार फरक फरक तोकिएको छ । खानेपानी र सडकको नाली तथा PCC गर्ने आयोजनाको लागि ६०/४० (गाउँपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत योगदान), सामुदायिक भवन निर्माणको लागि ५०/५० र सिँचाई आयोजनाका लागि ७०/३० को योगदान हुनेछ।

लागत सहभागिताअन्तर्गत आयोजना सञ्चालन गर्न म्याग्देले आफ्नो बेग्लै नियम बनाएको छ। गाउँपालिकाको नाममा बैंकमा एउटा पेश्की खाता रहेको छ। उपभोक्ताले आफ्नो योगदान रहने रकम उठाएर पेश्की खातामा जम्मा गरेको भौचर कार्यालयमा पेश गरेपछि मात्र प्राविधिक टोलीले लागत अनुमान तयार गर्ने, आयोजना स्वीकृत गर्ने र सम्झौतापश्चात् कार्यान्वयनमा जानेछ ।

उपभोक्ताको आफ्नै योगदान नभई कुनै पनि आयोजना दीगो र प्रभावकारी हुन नसक्ने र गाउँपालिकाको मात्र श्रोतले नागरिकका माग सम्बोधन हुन नसक्ने देखेर नै म्याग्देले लागत सहभागिताको अवधारणा ल्याएको उपाध्यक्ष घिमिरे बताउनुहुन्छ। "निर्णय गर्दा नागरिकको चासोको आँकलन गर्न नसक्दा धेरै बजेट विनियोजन गर्न सकिएन तर अर्को आर्थिक वर्षकाा लागि जेठ महिनाभित्र आयोजनाको माग संकलन गरिसक्नेछौं असारको गाउँसभाबाट आवश्यक बजेट विनियोजन गर्दछौं", उहाँले भन्नुभयो ।

म्याग्देले योलगायत अन्य क्षेत्रमा पनि उल्लेख्य कार्यहरू गरिरहेको छ। विकासमा सामाजिक परिचालन अनिवार्य गर्दै लगेको छ । म्याग्देमा मात्र ८२ वटा टोल विकास समिति कृयाशील छन् । टोलबस्तीको विकासमा टोल विकास समितिहरूनै अग्रसर रहने गर्दछन् ।

संघीय संरचनाअघि एउटै गाउँ र एउटै गाविसले चिनिएको भुजुङका करिब ४ सय घरपरिवारले चियाखेती गरेका हुन् । स्थानीयका अनुसार सामुदायिक रूपमा लगाएको चियामा हरेकको हक लाग्छ ।



# चियाबाट समृद्ध बन्दै भुजुङ

**क्व्होलासोथर गाउँपालिका, लमजुङ**

क्व्होलासोथर गाउँपालिका लमजुङले वडा नं. ४ भुजुङलाई चिया पकेट क्षेत्रको रूपमा विकास गर्दैछ । एक गाउँ एक उत्पादनअन्तर्गत भुजुङलाई चियाको व्यावसायिक उत्पादनलाई जोड दिएको छ । करिब १५ वर्ष अघि इलामबाट केही व्यक्तिहरूले विरुवा ल्याएर १० रोपनी क्षेत्रमा खेती थालेका थिए । सुरुमा परीक्षणको रूपमा खेती सुरु गरेको तर हावा पानी चियामैत्री भएको र उत्पादन पनि राम्रै हुने देखेपछि हाल दुई सय ५० रोपनीमा बिस्तार गरिएको वडा सदस्य पित्रमान गुरुङले बताउनुभयो ।

यसअघि गाउँकै त्रिभुवन विद्याश्रम मावि नजिकै खेती गरिरहेका उनीहरूले यसपटक गाउँ नजिकैको खालीठाउँमा थप चिया खेती बिस्तार गरेका छन् । उनीहरूले रुख नभएको ठाउँ झाडी फाँडेर एकै ठाउँ साँढे ११ रोपनी क्षेत्रफलमा ८ हजार चियाका नयाँ विरुवा लगाएका छन् । यसअघि सामुदायिक रूपमा चियाखेती गरेका स्थानीयले यसपटक उक्त ठाउँमा पनि सामुदायिक रूपमै चियाका बेर्ना सारेका वडा सदस्य गुरुङले बताउनुभयो ।

संघीय संरचनाअघि एउटै गाउँ र एउटै गाविसले चिनिएको भुजुङका करिब चार सय घरपरिवारले चियाखेती गरेका हुन् । स्थानीयका अनुसार, सामुदायिक रूपमा लगाएको चियामा हरेकको हक लाग्छ । व्यक्तिगत रूपमा पनि करिब १५ रोपनी क्षेत्रफलमा चिया खेती गरिएको छ । चियाखेतीका लागि स्थानीय बासिन्दा, क्व्होलासोथर गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय भुजुङको सहयोग रहेको छ । वडा तथा गाउँपालिकाको समन्वयमा यसवर्ष एक्यापले चियाका आठ हजार बिरुवा निःशुल्क वितरण गरेको छ । चियाखेतीले स्थानीय बासिन्दाको जीवनस्तर उकास्न र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।

वडाध्यक्ष खिमबहादुर गुरुङका भुजुङमा चिया पर्यटनलाई लक्षित गरी होमस्टेसमेत सुरु भएको छ । उहाँका अनुसार, होमस्टेमा आउने पाहुनालाई सबैभन्दा पहिले भुजुङमै उत्पादन गरिएको चिया खुवाउने गरिएको छ र पाहुनालाई कोसेलीको रूपमा समेत पठाउने गरिएको छ । 'चिया खेतीका लागि सवै घरघरैका बासिन्दा खटिएका छौं । हामी आफैं रोप्छौं, गोडमेल गर्छौं, टिप्छौं र चिया बनाउँछौं', उहाँले भन्नुभयो । चियाखेतीका लागि वडाले व्यवस्थापन गरेको छ र वडाकै सिफारिस र गाउँपालिकाको अनुमतिमा सार्वजनिक जग्गामा चिया खेती भैरहेको छ । 'हामीले सार्वजनिक जग्गाको सदुपयोग गरेका छौं । यसले स्थानीयको जनजीवनमा परिवर्तन ल्याएको छ', वडाध्यक्ष गुरुङले बताउनुभयो ।

गाउँमै बनाइएको चिया अहिले गाउँमा मात्रै खपत नभएर विदेशमा समेत पठाउने गरिएको छ । बेलायत, अमेरिका, हङकङमा रहेका आफन्तलाई समेत यही चिया पठाउने गरिएको छ । पोखरा, चितवन, काठमाडौं, बेंसीसहर लगायत सहरबजार बस्दै आएका स्थानीयले गाउँकै चिया प्रयोग गर्ने गरेका छन् । भुजुङ आउने पर्यटक पनि चिया कोसेली लिएरमात्रै फर्किने गरेको युम्बो विकास आमा समूहकी अध्यक्ष मबिना गुरुङले बताइन् । स्थानीयका अनुसार प्रत्येक जेठ र असोजमा चिया बगानको गोडमेल गर्ने गरिएको छ । पछिल्लो समय चिया बगान बिद्यार्थीहरूको शैक्षिक भ्रमणको गन्तब्य समेत बन्दै गएको छ ।

करिब चार सय घरधुरी रहेको गाउँलाई चिया मार्फत नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने उदाहरण सामूहिक रूपमा नै प्रमाणित गर्न लागेको गाउँपालिका अध्यक्ष प्रेम घले बताउनुहुन्छ । चालु आवमा चिया खेती बिस्तारको लागि गाउँपालिकाले रु ७ लाख ५० हजार सहयोग गरेको छ ।



**संकलन केन्द्रमा ल्याइएको नकुहिने फोहोर सिसा, बोतल, प्लाष्टिक आदिलाई पुनः प्रयोग गरिने छ। कुहिने फोहोरलाई छुट्टै व्यवस्थापन गरिने छ। वडा तथा टोलमा नकुहिने फोहोर जम्मा गरिने र ट्रयाक्टरमार्फत संकलन केन्द्रमा ल्याउने काम गाउँपालिकाले गर्नेछ।**

# गाउँमै फोहोर संकलन केन्द्र

**मर्स्याङ्दी गाउँपालिका, लमजुङ**

गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि फोहोरमैला संकलन तथा व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ। वडा नम्बर ८ भुलभुलेमा केन्द्र सञ्चालनमा ल्याएको हो।

मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङका अनुसार, फोहोरमैला व्यवस्थापन नहुँदा वातावरण प्रदूषण हुनुका साथै विभिन्न प्रकारका रोगले संक्रमण गर्ने भएकाले उक्त केन्द्र स्थापना गरिएको हो। 'हामीले प्रयोग गरेका फोहोरलाई राम्रोसँग व्यवस्थापन गर्दैनौं र यत्रतत्र फाल्छौं। यसले वातावरणमा कस्तो असर पार्छ भनेर कहिल्यै सोच्दैनौं', उहाँ भन्नुहुन्छ, 'स्वच्छ वातावरणका लागि फोहोर व्यवस्थापन आवश्यक छ। सबै गाउँवासीले फोहोर व्यवस्थापनमा ध्यान दिनुपर्छ। यसका लागि संकलन केन्द्र बनाएका छौं।'

संकलन केन्द्रमा ल्याइएको नकुहिने फोहोर सिसा, बोतल, प्लाष्टिक आदिलाई पुनःप्रयोग गरिनेछ। कुहिने फोहोरलाई छुट्टै व्यवस्थापन गरिनेछ। वडा तथा टोलमा नकुहिने फोहोर जम्मा गरिने र ट्रयाक्टरमार्फत संकलन केन्द्रमा ल्याउने काम गाउँपालिकाले गर्नेछ। कुहिने फोहोरलाई स्थानीयले घरमै मलका रूपमा प्रयोग गर्ने र खेतबारीमा हाल्नेछन्। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रीनाथ सापकोटाका अनुसार, केन्द्र निर्माणका लागि गाउँपालिकाले २०७४/०७५ मा १५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो। चालु आर्थिक वर्षमा तीन लाख रूपैयाँ छुट्याएको छ।

उक्त भवनसँगै शौचालय, खानेपानीका धारा र कुहिने फोहोर राख्ने दुईवटा खाल्डो निर्माण गरिएको छ। केन्द्रमा सहजताका लागि सोही ठाउँको सिनो हाइड्रो सगरमाथा पावर कम्पनीले २३ लाख ५५ हजार सहयोग गरेको र २१ लाख ९० हजारमा ट्रयाक्टर खरिद गरिदिएको छ। कम्पनीका प्रबन्ध निर्देशक याङ होङ वेले वातावरण जोगाउन र प्रदूषण हटाउन रकम सहयोग गरिएको बताउनुभयो। गाउँपालिका उपाध्यक्ष होमबहादुर विकले आफूमात्र सफा भएर नहुने भएकाले सबै वडालाई स्वच्छ र हराभरा बनाउन केन्द्र निर्माण गरिएको बताउनुभयो।

'स्वास्थ्य मानवको सबैभन्दा ठूलो धन हो। फोहोरका कारण रोग लाग्छ। अकालमै ज्यान फाल्न बाध्य हुन्छौं। सबैले आफू, परिवार र समुदायलाई सफासुग्घर राख्न सके वातावरण पनि सफा हुन्छ। रोग पनि लाग्दैन', उहाँले भन्नुभयो।

## सफा मर्स्याङ्दी अभियान

मर्स्याङ्दी गाउँपालिकाले सप्ताहव्यापी सफा मर्स्याङ्दी अभियान सञ्चालन गरेको छ। पुस ८ गतेबाट अभियान सञ्चालन गरिएको हो। अध्यक्ष गुरुङका अनुसार, गाउँ तथा वडा-वडामा पुगेर जनप्रतिनिधि, कर्मचारी, संघसंस्थाका प्रतिनिधि, आमा समूह, बुबा समूह र युवा क्लबको सक्रियतामा सरसफाई गरिएको हो। हरेक नागरिकलाई महिनाको एक दिन दुई घण्टा सफा मर्स्याङ्दी अभियानमा सहभागी हुन अनुरोध गरिएको छ।

**गाउँ तथा वडा-वडामा पुगेर जनप्रतिनिधि, कर्मचारी, संघसंस्थाका प्रतिनिधि, आमा समूह, बुबा समूह र युवा क्लबको सक्रियतामा सरसफाई गरिएको हो। हरेक नागरिकलाई महिनाको एक दिन दुई घण्टा सफा मर्स्याङ्दी अभियानमा सहभागी हुन अनुरोध गरिएको छ।**

श्रमदान धर्म परम्परा जत्तिकै थियो। तर केही वर्षदेखि श्रमदान गर्न छोडियो। हुनेखानेले नगर्ने र अरूलाई कज्याउने जस्तो भयो। सानातिना ग्रामीण बाटो बनाउन पनि डोजर चलाउन थालियो। श्रमदान जनसहभागिताको एउटा राम्रो अभ्यास हो।



# महिनामा एक दिन अनिवार्य श्रमदान

**वडिगाड गाउँपालिका, बाग्लुङ**

प्रत्येक परिवारले महिनाको एक दिन कम्तिमा सामाजिक काममा श्रमदान गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। जिल्लाको मध्यदक्षिण क्षेत्रमा पर्ने वडिगाड गाउँपालिकाको पहिलो गाउँसभाले गाउँपालिकाभित्र बसोबास गर्ने प्रत्येक परिवारले महिनाको कम्तिमा एक दिन श्रमदान गर्नुपर्ने निर्णय गरेको छ।

धेरै पहिलादेखि गाउँमा नियमित रूपमा श्रमदान गर्ने चलन चल्दै आएको थियो। दसैंमा भ्mारा गर्ने परम्परा नै थियो। श्रमदानबाट बाटोघाटो निर्माण तथा सरसफाई गरिन्थ्यो। श्रमदानबाटै पाटी पौवा, कुवा, कुलेसो, पोखरी आदि निर्माण तथा सरसफाई हुने गरेको थियो। श्रमदान धर्म परम्परा जत्तिकै थियो। तर केही वर्षदेखि श्रमदान गर्न छोडियो। हुनेखानेले नगर्ने र अरूलाई कज्याउने जस्तो भयो। सानातिना ग्रामीण बाटो बनाउन पनि डोजर चलाउन थालियो। श्रमदान जनसहभागिताको एउटा राम्रो अभ्यास हो।

श्रमदान गर्न छोडेपछि विकास निर्माणबाट भएगरेका कामहरूमा गाउँलेको अपनत्व कम हुन थाल्यो। सार्वजनिक सम्पत्तिमा श्रम र पसिना नपरेपछि त्यसको स्याहार सम्भार पनि हुन छाड्यो। यही कुरालाई मनन् गरेर गाउँपालिकाले प्रत्येक परिवारले कम्तिमा एकदिन श्रमदान गर्नुपर्ने निर्णय गरेको हो।

गाउँपालिकाका अध्यक्ष मेयरसिंह पाइजाका अनुसार, श्रमदान गर्ने परम्परा कायम गर्न पनि यसो गरिएको हो। गाउँपालिकाले गरेको यस निर्णयबारे र मुख्य नियमहरूबारे गाउँपालिकाभित्र ठाउँठाउँमा सूचनापाटी राखिएका छन्।

श्रमदान नगर्ने परिवारलाई पाँच सय दण्डजरिवाना लिने नियम छ। जरिवाना वडामा छुट्टै कोषमा जम्मा हुने व्यवस्था गरिएको छ। श्रमदान गरे नगरेको बारेमा अनुगमन गर्न वडा समितिलाई जिम्मा दिइएको छ।

श्रमदानबाटै बाटो सरसफाईदेखि सार्वजनिक निर्माणका काम गरिन्छ। हालसम्म १, ३, ६ र ८ नम्बर वडामा अनिवार्य श्रमदान निर्णय कार्यान्वयन प्रारम्भ भएको अध्यक्ष पाइजाले जानकारी दिनुभयो।

श्रमदानको बेला एकै परिवारबाट एकभन्दा बढी व्यक्ति श्रमदान गर्न आएमा त्यस व्यक्तिलाई आंशिक ज्याला दिने नियम छ। ज्याला श्रमदान कोषबाटै निकासा दिने व्यवस्था छ। श्रमदानमा सहभागी नहुने परिवारलाई वडा समिति वा गाउँपालिकाबाट दिने सेवासुविधामा वञ्चित गर्ने नियम छ।

श्रमदानसम्बन्धी यो निर्णय वडाहरूमा राम्ररी कार्यान्वयन भए नभएकोबारे गाउँपालिकाले सुपरीवेक्षण गर्ने व्यवस्था छ। कुनै वडामा राम्ररी कार्यान्वयन हुन नसकेको अवस्थामा, त्यस वडामा बजेट रकम कम दिने निर्णय पनि गर्ने गरिएको छ।

श्रमदानको बेला एकै परिवारबाट एकभन्दा बढी व्यक्ति श्रमदान गर्न आएमा त्यस व्यक्तिलाई आंशिक ज्याला दिने नियम छ। ज्याला श्रमदान कोषबाटै निकासा दिने व्यवस्था छ। श्रमदानमा सहभागी नहुने परिवारलाई वडा समिति वा गाउँपालिकाबाट दिने सेवासुविधामा वञ्चित गर्ने नियम छ।



नजिकमा विद्यालय नहुनु, बालविवाहको जोखिमबारे जानकारी नपाउनु र अभिभावकको बेवास्ताले समस्या भोगेको उहाँको भनाइ छ । यहाँका धेरै महिला पनि चेतना अभावले शिक्षा र स्वास्थ्यका अवसर गुमाइरहेका छन् ।

# बालविवाह अबदेखि बदर

**तमानखोला गाउँपालिका, बागलुङ**

तमानखोला गाउँपालिका ५ की सेमला सेन्चुरी पेटको समस्याले नियमित स्वास्थ्य संस्थामा जान बाध्य हुनुहुन्छ । १३ वर्षमा विवाह गरेकाले २१ वर्ष पुग्दा तीन सन्तानकी आमा भइसकेकी सेमलालाई बल्ल थाहा भयो बालविवाह गर्दाका बेफाइदा ।

बालबालिकाको स्याहारसुसारसँगै दैनिक घाँसदाउरा गर्नुपर्ने बाध्यता उहाँको छ । नियमित बिरामी पर्दा उपचार खर्च बढ्दो छ । रोगका कारण घरका काममा पनि समस्या परिरहेको उहाँको भोगाइ छ । सानो उमेरमा विवाह गर्दा हुने समस्या बताउँदै उनी छोराछोरीलाई सम्झाउन थाल्नुभएको छ । उहाँले प्राथमिक तहको पढाइ मात्र सक्नुभएको छ । नजिकमा विद्यालय नहुनु, बालविवाहको जोखिमबारे जानकारी नपाउनु र अभिभावकको बेवास्ताले समस्या भोगेको उहाँको भनाइ छ । यहाँका धेरै महिला पनि चेतना अभावले शिक्षा र स्वास्थ्यका अवसर गुमाइरहेका छन् ।

सेन्चुरीजस्तै धेरैले बालविवाह गर्दा स्वास्थ्य अवस्था जटिल भएको बुझेपछि छोराछोरी र अरूलाई सम्झाउने अभियान थालेका छन् । गाउँपालिकाले कार्यक्रम बनाएर बालविवाहविरुद्ध जागरण अभियान सञ्चालन गरेको हो । भौगोलिक विकट भएकाले सबैलाई घाँसदाउरा गर्नुपर्ने बाध्यता छ । 'बाल विवाह गर्नु हुँदैन भनेर धेरैलाई सम्झाउने काम सुरु भएको छ', स्वयंसेविका ज्ञानकुमारी छन्त्याल भन्नुहुन्छ, 'पहिला हामीले मात्र सम्झाउँथ्यौं, अहिले गाउँपालिकाले टोलटोलमा शिक्षा दिन थालेको छ ।' धेरै बालबालिका जन्माउने र आराम नपाउने समस्याले ३० वर्ष नपुग्दै धेरैले पाठेघरको समस्या भोग्न थालेको उहाँले बताउनुभयो ।

गाउँपालिकाले कार्यक्रम बनाएर अभियान सञ्चालन गरेको अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । गाउँपालिकाले बालविवाह भएमा बदर गर्ने नीतिसमेत लिएको हो । 'केही मुद्दा बदर गराइसकेका छौं', बुढाले थप्नुभयो, 'विवाह भनेको २० वर्ष काटेपछि मात्र गर्नुपर्छ भन्ने सन्देश दिन खोजेका छौं ।'

विद्यालय तहमा पनि चेतना विकासका अभियान चलाउन शिक्षकलाई पनि समेटिएको छ । गाउँपालिकाले बालविवाहविरुद्ध डकुमेन्ट्री बनाएर प्रदर्शनी गर्न थालेको छ । 'लैंगिक हिंसा तथा जातीय छुवाछूत अन्त्य गर्ने चुनौती पूरा गर्नु सबैको दायित्व हो', बुढा भन्नुहुन्छ, 'भौतिक विकासजस्तै सामाजिक विकासको जागरण चलाउनुपर्ने बाध्यता छ ।'

सामाजिक विकासबिना भौतिक विकासले मात्र अगाडि बढ्न नसकिने पनि उहाँको भनाइ छ । बालविवाहबाट खुंखानी, बुंगादोभान, खुंगा लगायतका गाउँमा धेरै समस्या रहेको स्वास्थ्यकर्मी बताउँछन् । 'अभिभावकले बालबालिकाको शिक्षा र स्वास्थ्यमा ध्यान नदिएकाले सानै उमेरमा आमा बन्नेहरूमा तल्लो पेटको समस्या धेरै छ', अहेव दिपक पौडेलले भने, 'सुत्केरी गराउन स्वास्थ्य संस्थामा आउने पनि धेरै कम छन् ।'

विवाह भएपछि बीचैमा पढाइ छाड्ने क्रम सबै विद्यालयको रोग बनेको शिक्षक बताउँछन् । यो क्षेत्रमा दलित र जनजाति बस्ती धेरै छ । यी बस्तीमा बालविवाह बढी छ । एक दुई वर्षमै व्यापक प्रभाव पर्ने गरी जागरण चलाएको शिक्षक बताउँछन् ।

> 'लैंगिक हिंसा तथा जातीय छुवाछूत अन्त्य गर्ने चुनौती पूरा गर्नु सबैको दायित्व हो', बुढा भन्नुहुन्छ, 'भौतिक विकासजस्तै सामाजिक विकासको जागरण चलाउनुपर्ने बाध्यता छ ।'

गाउँपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप आवश्यक पर्ने सबै सामाग्रीको भण्डारण गरिरहेको छ। जिल्ला प्रशासन कार्यालयबाट पनि आवश्यक सामाग्री गाउँपालिकामा हस्तान्तरण भएको छ।



# सबै वडामा हेलिप्याड, विपद् व्यवस्थापनमा प्राथमिकता

**मालिका गाउँपालिका, म्याग्दी**

मालिका गाउँपालिकाले विपद् व्यवस्थापन कार्यलाई प्राथमिकतामा राखेको छ । प्राकृतिक विपद्को दृष्टिकोणबाट अति नै संवेदनशील मालिका गाउँपालिकाले जनप्रतिनिधिको बहालीसँगै विपद् जोखिम न्यूनीकरण र विपद् भइहाले पूर्वतयारी गर्नेछ ।

स्थानीय विपद् व्यवस्थापन कार्यविधि जारी भइसकेको छ । उपाध्यक्ष खरमाया विटालु भन्नुहुन्छ, 'विपद्का तीनवटै चरणमा स्थानीय सरकारको तर्फबाट ध्यान दिनु पर्ने पक्षहरूलाई कार्यविधिमै प्रष्ट रूपमा राखेका छौं ।' गाउँपालिकाले अध्यक्षको नेतृत्वमा गठन गरेको स्थानीय व्यवस्थापन समितिमा स्थानीय सुरक्षा निकायका प्रमुखदेखि युवा, विपद्सँग सम्बन्धित सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधि छन् ।

गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष राखिएको छ, जसमा १५ लाख विनियोजन गरिएको छ। उपाध्यक्ष विटालुका अनुसार, तत्काल विपद्मा परी धनजनको क्षति हुने परिवारलाई प्रतिपरिवार पाँच हजार र सामाग्री उपलब्ध गराउन कार्यविधिमै व्यवस्था गरेका छौं । गाउँपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप आवश्यक पर्ने सबै सामाग्रीको भण्डारण गरिरहेको छ । जिल्ला प्रशासन कार्यालयबाट पनि आवश्यक सामाग्री गाउँपालिकामा हस्तान्तरण भएको छ ।

प्राकृतिक विपद्को जोखिममा रहेका क्षेत्रहरूको 'जोखिम नक्सांकन' पनि गरिसकेको छ। अध्यक्ष श्रीप्रसाद रोका मगरका अनुसार, नदी तटीय क्षेत्रमा नदी नियन्त्रण र पहिरोका कारण जमिन कटान हुने क्षेत्रमा भू-संरक्षणका लागि योजनागत रूपमा बजेट विनियोजन गरी भू-संरक्षणका कार्य भइरहेका छन् । 'जोखिममा रहेका सामुदायिक पूर्वाधारहरूको संरक्षण गर्नसमेत बजेट विनियोजन भएको छ । चालु आर्थिक वर्षमा एक करोड १५ लाख बजेट विपद् व्यवस्थापन, भू-संरक्षण र सामुदायिक पूर्वाधार संरक्षणका लागि योजनागत रूपमा विनियोजन गरेका छौं', अध्यक्ष मगरले भन्नुभयो ।

भौगोलिक रूपमा विकट मालिका गाउँपालिकाले ५ वटै वडामा हेलिप्याड निर्माण गरिसकेको छ। विपद्मा परेका नागरिकको उद्धारमा सहजता ल्याउन सम्बन्धित वडामा रहेको स्वास्थ्य चौकीनजिकै हेलीप्याड निर्माण गरेको उपाध्यक्ष विटालुले बताउनुभयो ।

'विपद्मा परेका नागरिक तथा सुत्केरी ब्यथा लागेर तत्काल अस्पताल पुऱ्याउनु पर्ने महिलाको उद्धारमा सहज होस् भनेर सातवटै वडामा हेलीप्याड निर्माण गरेका हौं', भन्नुभयो । हेलिप्याड निर्माणका लागि आवश्यक निर्माण सामाग्री गाउँपालिकाले उपलब्ध गरायो भने निर्माणसम्बन्धी सम्पूर्ण कार्य नेपाली सेना र सशस्त्र प्रहरीबाट सहयोग भएको थियो ।

नेपाल सरकारको नीति 'एक वडा एक हेलीप्याड' लाई पनि कार्यान्वयनमा सहयोग पुगेको उपाध्यक्षले जानकारी दिनुभयो। उहाँले थप्नुभयो, 'नेपाल सरकारको नीतिअनुसार, अब कुनै पनि महिलाले सुरक्षित प्रसूति सेवाको अभावमा ज्यान गुमाउनु पर्ने छैन ।'

हेलिप्याड निर्माणका लागि आवश्यक निर्माण सामाग्री गाउँपालिकाले उपलब्ध गरायो भने निर्माणसम्बन्धी सम्पूर्ण कार्य नेपाली सेना र सशस्त्र प्रहरीबाट सहयोग भएको थियो।



आँबुखैरेनीले हाल सम्पति कर, मालपोत कर, घर बहाल कर, व्यवसाय करजस्ता क्षेत्रमा कर संकलन गरिरहेको छ। विज्ञापन कर, नापी दर्ता, घरजग्गा नक्सा पास शुल्क, सिफारिस, दण्ड/जरिवाना आदिबाट संकलन गरिरहेको छ।"

# आन्तरिक आय वृद्धिमा प्रयासरत

**आबुखैरेनी गाउँपालिका, तनहुँ**

आबुखैरेनी गाउँपालिका तनहुँले आन्तरिक स्रोत वृद्धिमा ध्यान केन्द्रित गरेको छ। यसअघि नगरपालिका रहे पनि स्थानीय तह पुनर्संरचनामा गाउँपालिकामा रूपान्तरण भएको यस गाउँपालिकाले संविधानप्रदत अधिकार क्षेत्रभित्र रही आन्तरिक राजश्व वृद्धि गर्न कसरत गरिरहेको छ।

'संघीयता बलियो हुन तत्तत् तहका सरकारहरू आर्थिक रूपमा बलियो बन्नुपर्छ, जसका लागि करका दर र दायरा वृद्धि गर्नुपर्छ भन्ने मान्यतालाई हामीले सुरुदेखि नै आत्मसाथ गर्दै स्रोत वृद्धिमा ध्यान केन्द्रित गरेका छौं', गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापा भन्नुहुन्छ, 'सुरुआती चरणमा कर उठाउने विषय चुनौतीपूर्ण रहेता पनि नागरिकमा कर शिक्षा सञ्चालन गरी चित्त बुझाएरै कर उठाउँदा समस्या क्रमशः कम हुँदै गएको छ।

आबुखैरेनीले हाल सम्पति कर, मालपोत कर, घर बहाल कर, व्यवसाय करजस्ता क्षेत्रमा कर संकलन गरिरहेको छ। विज्ञापन कर, नापी दर्ता, घरजग्गा नक्सा पास शुल्क, सिफारिस, दण्ड/जरिवाना आदिबाट संकलन गरिरहेको छ। घर बहाल करको सन्दर्भमा भने हाल संस्थागत रूपमा भाडामा बसेका सरकारी तथा गैरसरकारी क्षेत्रले तिरेको बहालमा मात्रै कर उठाइएको अध्यक्ष थापाले जानकारी दिनुभयो।

'लगत संकलन कार्य भइरहेकाले आगामी आर्थिक वर्षबाट व्यक्तिगत रूपमा भाडामा बस्ने घरमुलीबाट नियमानुसार बहाल कर संकलन थालिने छ', अध्यक्षको भनाइ छ। गाउँपालिकाले चालु आर्थिक वर्षका लागि चार करोडभन्दा माथि आन्तरिक आयको अनुमान गरेको छ तर अघिल्लो आर्थिक वर्षमा एक करोड १० लाख अनुमान गर्दा जम्मा ५७ लाख मात्र संकलन गर्न सफल भएको थियो। अध्यक्ष थापाका अनुसार, यस आर्थिक वर्षमा अनुमान गरेको आन्तरिक आयमध्ये ढुंगा, गिटी, बालुवा उत्खनन् तथा बिक्रीमा प्रदेश सरकारबाट राजश्व बाँडफाँटबाट प्राप्त हुने करिब एक करोड ६२ लाखसमेत समावेश भएको छ।

गाउँपालिकाले आफ्नो क्षेत्रमा हुने व्यावसायिक उत्पादनमा स्थानीय उत्पादन बिक्री कर पनि लगाउने गरेको छ। अध्यक्षका अनुसार, व्यावसायिक रूपमा उत्पादन भई निकासी हुने वस्तुहरू जस्तै कृषि उपजहरू (फलफूल तथा तरकारी, कुखुरा, प्रशोधित पिउने पानी, सिमेन्टलगायत छन्। सिमेन्ट प्रतिबोरा एक रूपैयाँ, कुखुरा प्रतिगोटा ५० पैसा, पिउने पानी प्रतिबोतल १० पैसाका दरले स्थानीय उत्पादन बिक्री कर संकलन गरिरहेको छ।

आन्तरिक राजश्वलाई प्रभावकारी बनाउन राजश्व संलकनको सफ्टवेयर बनाई विलिङ प्रणालीलाई कम्प्युटीकृत गरिएको छ। 'आन्तरिक स्रोत संकलनमा सक्षम भयौं भने मात्र हामी स्थानीय सरकारहरू सबल बन्नेछौं भनेर लागिपरेका हौं', थापा भन्नुहुन्छ, 'आन्तरिक आयका अन्य क्षेत्र पनि छन्।

राजश्व परामर्श समितिमार्फत ती क्षेत्रहरूको पहिचान गरी दर र दायरा सहितको प्रतिवेदन तयार पार्न हामीले सुरुवात गरिसकेका छौं।' आगामी आर्थिक वर्षमा यस आर्थिक वर्षमा संकलन भएको आयमा कम्तिमा ५० प्रतिशत वृद्धि गर्ने लक्ष्य लिएका छौं।'

गाउँपालिकाले चालु आर्थिक वर्षका लागि चार करोडभन्दा माथि आन्तरिक आयको अनुमान गरेको छ तर अघिल्लो आर्थिक वर्षमा एक करोड १० लाख अनुमान गर्दा जम्मा ५७ लाख मात्र संकलन गर्न सफल भएको थियो।

# प्रदेश ५




| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| ६३. | गुल्मी | छत्रकोट | गाउँमै 'होलबडी चेकअप', स्वास्थ्यमा सबैको पहुँच | ६७ |
| ६४. | अर्घाखाँची | छत्रदेव | खरको छानामुक्त बन्यो छत्रदेव | ६८ |
| ६५. | गुल्मी | धुर्कोट | एकैदिन १४१ सुख्खा पोखरी निर्माण | ६९ |
| ६६. | रोल्पा | दुईखोली | बालविवाहको चुनौती चिर्दै जनप्रतिनिधि | ७० |
| ६७. | बर्दिया | गेरुवा | सहज सेवालाई स्थानीयभाषी | ७१ |
| ६८. | बाँके | खजुरा | विद्यालयमा पनि स्मार्ट बोर्ड र प्रोजेक्टरबाट पढाइ | ७२ |
| ६९. | अर्घाखाँची | मालारानी | सबै सामुदायिक विद्यालयमा अंग्रेजीमै पढाइ | ७३ |
| ७०. | गुल्मी | मालिका | कृषिको प्रवर्द्धन गर्न उत्पादनमा अनुदान | ७४ |
| ७१. | प्यूठान | माण्डवी | व्यावसायिक कृषिका लागि नर्सरी | ७५ |
| ७२. | पाल्पा | पूर्वखोला | सबै वडामा प्रसूति सेवा | ७६ |
| ७३. | पूर्वी रुकुम | पुथाउत्तरगंगा | जलविद्युत्मा आत्मनिर्भर बन्दै | ७७ |
| ७४. | प्यूठान | सुरुमारानी | किसानसँग गाउँ-सरकार | ७८ |
| ७५. | रुकुम | सिस्ने | योजनावद्ध विकास गर्न स्मार्ट भिलेज | ७९ |
| ७६. | रूपन्देही | सियारी | सहकारीमार्फत् कृषिमा लगानी | ८० |
| ७७. | पाल्पा | रिब्दीकोट | स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न 'कोसेली घर' | ८१ |



‘स्वास्थ्यमा सबै नागरिकको पहुँच हुन पर्छ’ भन्ने मान्यतालाई आत्मसात गर्दै आफ्नो गाउँपालिका भित्रका करिब चार हजार नागरिकको निःशुल्क ‘होल बडी चेकअप’ गरेको हो ।

# गाउँमै ‘होलबडी चेकअप’, स्वास्थ्यमा सबैको पहुँच

**छत्रकोट गाउँपालिका, गुल्मी**

गुल्मीको छत्रकोट गाउँपालिकाले ४० वर्ष नाघेका अधिकांश नागरिकको निःशुल्क स्वास्थ्य जाँच गरेको छ । ‘स्वास्थ्यमा सबै नागरिकको पहुँच हुनुपर्छ’ भन्ने मान्यतालाई आत्मसात गर्दै आफ्नो गाउँपालिका भित्रका करिब चार हजार नागरिकको निःशुल्क ‘होल बडी चेकअप’ गरेको हो ।

गाउँपालिका अध्यक्ष मधुकृष्ण पन्तका अनुसार, विशेषज्ञ डाक्टरको समूहले गरेको स्वास्थ्य परीक्षण शिविरमा एक्सरे, भिडियो एक्सरे, इसिजी, ईको, सिबिसी, ब्लड सुगर, युरिया, क्रेटिनाइन, युरिन, ब्लड, थाइराइड जस्ता रोग परीक्षण गरिएको थियो ।

सरकारी अस्पतालमा समेत प्रतिव्यक्ति सात हजार रूपैयाँ लाग्ने होल बडी चेकअप गाउँपालिकाले करसमेत जोडेर प्रतिव्यक्ति एक हजार सात सय ४५ रूपैयाँमा गरेको गाउँपालिका अध्यक्ष पन्तको भनाइ छ । उक्त स्वास्थ्य परीक्षणका लागि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी प्रतिस्पर्धाका आधारमा उपयुक्त सेवा प्रवाह गर्ने संस्था छनोट गरेको थियो ।

गाउँघरमा अझै पनि रोग लागेपछि मात्रै स्वास्थ्य संस्था जाने चलन छ । जब रोगले गाल्न थाल्दछ तब स्वास्थ्य संस्था जाँदा रोगको निदान गर्न समय र उपचार खर्च पनि निकै लाग्ने गर्थ्यो । समयमै रोग पत्ता नलाग्दा र उपचार नहुँदा बिरामीले अकालमै ज्यान गुमाउन पर्ने बाध्यता छ ।

मानिसमा स्वास्थ्यसम्वन्धी धारणामा परिवर्तन ल्याउन र आफ्नो गाउँपालिकाका बासिन्दाको स्वास्थ्य परीक्षण गरी रोगको पहिचान र निदान गर्न बृहत् स्वास्थ्य शिविरको आयोजना गरिएको पन्तले जानकारी दिनुभयो ।

उक्त स्वास्थ्य शिविरमा आएकामध्ये ४० प्रतिशत महिलामा पाठेघरसम्बन्धी समस्या देखियो भने १० प्रतिशत मानिसमा कोलेस्टोर, पिसाबको समस्या, सुगर, कलेजोमा बोसो जम्मा भएको, मुटु, थाइराइड, मिर्गौला र पित्तथैलीमा पत्तरीलगायतको देखिएको थियो ।

जसमध्ये एक सय २५ जनालाई थप उपचारका लागि सुविधा सम्पन्न स्वास्थ्य संस्थामा जान सुझाव दिइएको छ । शिविरमा परीक्षण गरेपछि गाउँपालिकाभित्र भएका विभिन्न स्वास्थ्य संस्थामा ठूलो मात्रामा सेवा लिन स्थानीय बासिन्दा आउने गरेका छन् ।

सीमित स्रोत र साधनका कारण स्वास्थ्य संस्थाहरूले उपचारका लागि आउने बिरामीलाई पनि राम्रो स्वास्थ्य सुविधा दिन सकिरहेका छैनन् । अझ केन्द्रबाट ती स्वास्थ्य संस्थाहरूमा निकै कम मात्रामा आवश्यकीय औषधि आउने हुनाले बिरामी राज्यबाट पाउनु पर्ने निःशुल्क औषधि पाउनबाट समेत वञ्चित हुन परेको छत्रकोटवासीको भनाइ छ । उक्त समस्यालाई निराकरण गर्ने उद्देश्यले स्वास्थ्य संस्थालाई आवश्यक सामग्री तथा औषधि खरिद् सहज बनाउने गाउँपालिकाको योजना छ ।

जब रोगले गाल्न थाल्दछ तब स्वास्थ्य संस्था जाँदा रोगको निदान गर्न समय र उपचार खर्च पनि निकै लाग्ने गर्थ्यो । समयमै रोग पत्ता नलाग्दा र उपचार नहुँदा अझै पनि बिरामीले अकालमै ज्यान गुमाउन पर्ने बाध्यता छ ।

**स्थानीय निर्वाचनपश्चात् पदभार ग्रहण समारोहका अवसरमा गाउँपालिका अध्यक्ष लेखनाथ पोखरेलले गर्नुभएको पहिलो प्रतिवद्धता अनुरूप नै गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गरेका तीन सय ३७ घरपरिवारलाई खरको छानाबाट मुक्त गर्दै गुणस्तरयुक्त टिनको छानामुनि ल्याउन सफल भएको हो ।**



# खरको छानामुक्त बन्यो छत्रदेव

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

अर्घाखाँचीको छत्रदेव गाउँपालिका नेपालको पहिलो 'खरको छानामुक्त गाउँपालिका' बन्न सफल भएको छ ।

स्थानीय निर्वाचनपश्चात पदभार ग्रहण समारोहका अवसरमा गाउँपालिका अध्यक्ष लेखनाथ पोखरेलले गर्नुभएको पहिलो प्रतिवद्धताअनुरूप नै गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गरेका तीन सय ३७ घरपरिवारलाई खरको छानाबाट मुक्त गर्दै गुणस्तरयुक्त टिनको छानामुनि ल्याउन सफल भएको हो ।

२०७४ असार १९ गते गरिएको प्रतिवद्धता अनुरूप गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्र बसोबास गर्ने निम्न आय भएका तीन सय ३७ घरपरिवारका लागि करिब ४० हजार प्रतिघरधुरीका हिसाबले जस्तापाता खरिद गरी वितरण गरेको थियो । प्रतिघर २७ पाताका दरले खरको छानो हुने परिवारलाई वितरण गरिएको गाउँपालिका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । आफ्नो गाउँपालिकाको लोगो जस्तापातामा अंकित गरिएको समेत उहाँले जानकारी दिनुभयो ।

खरका छाना भएका घरहरूमा बर्खाको समयमा पानी चुहिने समस्या थियो । बर्खायाम लाग्यो कि उनीहरूलाई बास बस्ने ओतकै अभाव हुन्थ्यो । गाउँपालिकाले घरको छानोमा खर विस्थापित गर्दै टिन हालिदिएपछि कमजोर आयस्तर भएका गाउँलेमा खुसीको बहार छाएको छ ।

निम्न आय भएका दलित, जनजाति र अल्पसंख्यक बाहुल्य यस गाउँपालिकामा अब सबैको एकैनासको टिनको सुविधा सम्पन्न छानो भएको छ । जसबाट लगभग एक हजार पाँच सय मानिस लाभान्वित भएको गाउँपालिकाले जनाएको छ । तथ्यांक विभागले नेपालकै पहिलो खरको छानोमुक्त गाउँपालिका भनी छत्रदेव गाउँपालिकालाई प्रमाणित समेत गरिसकेको छ । खरको छाना भएका घरहरूमा विभिन्न खालको जोखिम हुने गर्दछ ।

खरको छाना भएका घरहरू आगलागीको जोखिम अत्यन्त बढी हुन्छ भने वर्षात्को समयमा पानी चुहुने समस्या पनि धेरै हुन्छ । त्यसैगरी, सर्प, बिच्छीको जोखिम पनि हुने हुनाले त्यसबाट उत्पन्न हुन सक्ने दुर्घटनालाई न्यूनीकरण गरी आफ्ना नागरिकलाई सुविधा प्रदान गर्न गाउँपालिकाले खरको छानोमुक्त गाउँपालिका अभियानको सुरुआत गरेको हो । गाउँपालिकाले सबैलाई टिनको छाना उपलब्ध गराएर घर बनाएपछि आफूहरूको ठूलो समस्या टरेको र विभिन्न खाले जोखिमबाट मुक्ति पाएको स्थानीयको अनुभव छ ।

एक करोड २० लाख रूपैयाँ लागतमा गाउँपालिकाले उक्त कार्य सम्पन्न गरेको अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । गाउँपालिकाले जस्तापाता सहयोग गरेको तथा स्थानीय उपभोक्ताले बाँकी सम्पूर्ण खर्च व्यहोरी लगभग साढे तीन करोडको लगानीमा छत्रदेव 'खरको छानामुक्त गाउँपालिका' बन्न सफल भएको हो ।

**खरको छाना भएका घरहरूमा विभिन्न खालको जोखिम हुने गर्दछ । खरको छाना भएका घरहरू आगलागीको जोखिम अत्यन्त बढी हुन्छ भने वर्षात्को समयमा पानी चुहुने समस्या पनि धेरै हुन्छ ।**



नेपाली समाजमा पोखरी निर्माणलाई पुण्यको कामको रूपमा पनि हेरिँदै आएको भए पनि पछिल्लो समयमा पोखरीहरूको निर्माण हुन सकेका थिएनन् । पानीको भूमिगत स्रोतको संरक्षणमा यस किसिमका पोखरीको महत्वपूर्ण भूमिका हुने गरेको छ ।

# एकैदिन १४१ सुख्खा पोखरी निर्माण

**धुर्कोट गाउँपालिका, गुल्मी**

गुल्मीको धुर्कोट गाउँपालिकामा एकै दिन एक सय ४१ सुख्खा पोखरी निर्माण सम्भव भएको छ । विश्व वातावरण दिवसको अवसर पारेर गाउँपालिकाको आयोजनामा धुर्कोटवासीको श्रमदानमा पोखरी निर्माण गरिएको हो । २९ लाख लिटर पानी संकलन हुने पोखरी निर्माण गर्न स्थानीय स्तरमा लगभग चालीस लाख रूपैयाँ बराबरको जनश्रमदान गरिएको छ ।

पछिल्लो समयमा पुराना पोखरीहरूको संरक्षण गर्न नसकिरहेको अवस्थामा आफ्नो गाउँपालिकाले वातावरण र पर्यावरणको संरक्षण गरी जनसमुदायलाई अपनत्व महसुस हुने गरी अभियानकै रूपमा पोखरीहरूको निर्माण गरेको गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले जानकारी दिनुभयो । वर्षायाममा एक करोड २० लाख पानी जमिनमुनि संकलन हुने अनुमान गरिएका ती पोखरीको निर्माणले पानीको मुहान संरक्षण गर्न र समुदायलाई जलवायु परिवर्तनमा अनुकूलन हुन सहज हुनेछ । यसैगरी, वन्यजन्तु तथा चराचुरुंगीको संरक्षण गर्न साथै वातावरण संरक्षण कार्यमा युवालाई आकर्षित गर्न सफल हुने विश्वास गरिएको छ ।

नेपाली समाजमा पोखरी निर्माणलाई पुण्यको कामको रूपमा पनि हेरिँदै आएको भए पनि पछिल्लो समयमा पोखरीहरूको निर्माण हुन सकेका थिएनन् । पानीको भूमिगत स्रोतको संरक्षणमा यस किसिमका पोखरीको महत्वपूर्ण भूमिका हुने गरेको छ । तैपनि नयाँ पुस्तामा यो चेतनाको कमी देखिनाले प्रायः सबै ठाउँमा पानीको समस्या देखिन थालेको छ ।

जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका लागि पनि यस्ता पोखरीहरूको निर्माण जरुरी रहेको जानकारहरू बताउँछन् । पोखरी निर्माणको कार्यलाई जलवायु परिवर्तनको असरस्वरूप भोगिरहेका यस प्रकारका समस्याप्रति अनुकूलन हुने एउटा उपायको रूपमा लिइएको छ । गाउँपालिकाको सानो प्रयासमा बिनालगानी समुदायको उत्साहप्रद कार्यले यति ठूलो अभियान एकै दिनमा सफल भएको हो ।

नेपालमा भूमिगत पानीका स्रोतहरू बिस्तारै सुक्दै गइरहेका छन् । जसका कारण पानीको समस्या विकराल बन्दै गएको छ । पानीको समस्या बढ्नाले त्यसको असर सबैतिर पर्न थालेको छ ।

जंगली जनावर तथा पशुपंक्षीहरूको संख्या घट्दै गएको छ भने घरपालुवा जनावारलाई खुवाउने पानीको समस्या समेत बढ्न थालेको छ । खानेपानीको मुहान सुक्दै गएका छन् । जलवायु परिवर्तन तथा अवैज्ञानिक विकास तथा बाटोघाटो निर्माणका कारण खानेपानीको समस्या बढेको हो ।

सोही कारणले गर्दा यस्ता समस्याको दीर्घकालीन समाधान गर्ने उद्देश्य राखेर ती पोखरीहरूको निर्माण गरिएको गाउँपालिकाले जनाएको छ । ती पोखरीहरूको कारणले ठूलो मात्रामा भूमिगत पानीको सञ्चिती बढ्ने र पछि त्यसलाई उपयोग गरी पानीको समस्या समाधान गर्न सकिने गाउँपालिकाका अध्यक्ष पोखरेलको विश्वास रहेको छ ।

गाउँपालिकाको आयोजनामा पूर्ण रूपमा जनश्रमदानबाट निर्मित पोखरीहरूका कारण स्थानीय नागरिकको साथसाथै जंगलका वन्यजन्तु, चराचुरुंगी र उभयचरहरू समेत लाभान्वित हुने र आफ्नो समुदाय वरिपरिको पर्यावरण सन्तुलित हुने गाउँपालिकाले विश्वास लिएको छ ।

निकै सानो उमेरमा विवाह गराइदिने पुरानो सामाजिक कुरीतिविरुद्ध आवाज उठाउनु र त्यसलाई निर्मुल बनाउनु ठूलो चुनौती बनेको छ, गाउँपालिकालाई ।



# बालविवाहको चुनौती चिर्दै जनप्रतिनिधि

**दुईखोली गाउँपालिका, रोल्पा**

रोल्पाको साझा समस्याका रूपमा रहेको बालविवाहको समस्याबाट मुक्त छैन दुईखोली गाउँपालिका पनि । निकै सानो उमेरमा विवाह गराइदिने पुरानो सामाजिक कुरीतिविरुद्ध आवाज उठाउनु र त्यसलाई निर्मुल बनाउनु ठूलो चुनौती बनेको छ, गाउँपालिकालाई ।

गाउँपालिकाकी उपाध्यक्ष हितकुमारी बुढामगर सोही चुनौतीलाई पार लगाउने गरी गाउँपालिकाले आफ्नो पहिलो नीति तथा कार्यक्रम बनाएको बताउनु हुन्छ । पहिलो कार्यक्रममै बालविवाहमुक्त गाउँपालिका बनाउने अभियानको सुरुआत गरेर कार्यक्रम अगाडि बढाइएको हो । जसले अहिले समाज परिवर्तनको भूमिकामा गाउँपालिकाले सफलता पाउँदै गएको छ ।

सामाजिक समस्यालाई कानुनीभन्दा व्यावहारिक ढंगले सुल्झाउनु पर्ने र त्यसका लागि चेतनाको विकास गराउनु पर्ने ठान्नुहुन्छ उपाध्यक्ष बुढामगर । आफ्नो गाउँपालिकाभित्र बालविवाहलाई न्यूनीकरण गर्नका लागि सचेतना अभियान सुरु गरिसकेको र त्यसले सकारात्मक प्रभाव पारेको उहाँको ठम्याइ छ ।

आफ्नो गाउँपालिका भित्रका नागरिकलाई बालविवाहको नकारात्मक असरका बारेमा चेतना दिने उद्देश्यले आफूहरूले प्रत्येक वडामा सडक नाटक देखाएको, विवाहमा संलग्न हुने ब्यानी (विवाह गराउन केटा/केटी खोज्ने व्यक्ति) र पुरोहितलाई अभिमुखीकरण तालिम दिइरहेको उहाँले जानकारी दिनुभयो । बालविवाहका बारेमा आफ्नै गाउँपालिकाका राष्ट्रिय कलाकार झंकार बुढाको निर्देशनमा 'भुलाकी' नामक डकुमेन्ट्री पनि बनाइएको छ ।

उपाध्यक्ष बुढामगरका अनुसार स्थानीय सरकार बनेपछि २१ वटा बालविवाहका घटना भए । 'जसमध्ये १६ वटा बालविवाह सम्झाइ बुझाइ गरेर रोक्न सफल भयौं भने अटेर गर्ने बाँकीका परिवारलाई प्रशासनमा बुझाएर कारबाही गर्न भनेका छौं', उहाँले बताउनु भयो । गाउँपालिकाको यो प्रयासपछि अहिले बालविवाहको दरमा उल्लेखनीय सुधार भएको छ ।

सानो उमेरमा विवाह गर्दा आइपर्ने समस्याप्रति नागरिकमा चेतना आएको छ । सँगै 'आफ्ना बालबालिकालाई पढाउनु पर्छ' भन्ने सोचको विकास हुन थालेको छ । जसका कारण विद्यालयमा भर्ना हुने दरमा समेत वृद्धि हुन थालेको गाउँपालिकाले जनाएको छ ।

विशेषगरि मगर समुदायमा सामाजिक समस्याका रूपमा रहेको बालविवाहमा पछिल्लो समय निकै कमी आएको र अबको दुई वर्षभित्र शुन्यमा झार्ने गरी काम गरिरहेको उपाध्यक्ष बुढामगरले बताउनु भयो । 'हाम्रो पहिलो काम चेतनाको विकास गर्ने हो, जसका कारण उहाँहरू आफैं सचेत भएर बालविवाह गराउनु हुन्न भन्ने हो । यदि कसैले गराउन खोज्नु हुन्छ भने पहिला सम्झाएर रोक्ने प्रयास हुन्छ तर त्यसरी सम्झाउँदा पनि अटेर गरे प्रशासनको जिम्मा लगाउनै पर्ने हुन्छ ।'

'हाम्रो पहिलो काम चेतनाको विकास गर्ने हो, जसका कारण उहाँहरू आफैं सचेत भएर बालविवाह गराउनु हुन्न भन्ने हो । यदि कसैले गराउन खोज्नु हुन्छ भने पहिला सम्झाएर रोक्ने प्रयास हुन्छ तर त्यसरी सम्झाउँदा पनि अटेर गरे प्रशासनको जिम्मा लगाउनै पर्ने हुन्छ ।'



स्थानीय भाषाको राम्रो ज्ञान भएका कर्मचारीहरूका कारण गेरुवा गाउँपालिकाको कार्य सम्पादन पनि प्रभावकारी बन्दै गएको जनप्रतिनिधि बताउँछन् भने सेवाग्राही पनि आफूलाई सरकारले काममा सहज बनाइदिएकोमा खुसी व्यक्त गर्छन् ।

# सहज सेवालाई स्थानीयभाषी

**गेरुवा गाउँपालिका, बर्दिया**

थारु जातिको बहुलता रहेको गेरुवा गाउँपालिकाले स्थानीय थारु भाषाको राम्रो ज्ञान भएका युवा जनशक्तिलाई सहजकर्ता र स्वयंसेवकको रूपमा आफ्नो काममा परिचालन गरेको छ ।

अधिकांश थारुको बाहुल्यता रहेको यस गाउँपालिकामा प्रायः मानिस बोलीचालीमा थारु भाषाकै प्रयोग गर्छन् । यसकारण पनि सेवाग्राहीलाई सहज होस् भनेर उक्त भाषाको राम्रो दख्खल भएका युवालाई गाउँपालिकाले आफ्नो काममा नियुक्त गरेको गाउँपालिकाले जनाएको छ ।

थारु हेल्प डेस्क कार्यक्रमअन्तर्गत गाउँपालिकाले जोगनी जनसेवा क्लब सँगको सहकार्यमा २० जना युवालाई काममा खटाएको जानकारी गाउँपालिकाका अध्यक्ष जमानसिंह केसीले दिनुभएको छ । प्रत्येक वडामा दुई जनाको दरले सहजकर्ता र स्वमंसेवक खटाइएको छ । यस पालिकामा रहेका अधिकांश थारु नागरिक अशिक्षित छन् । उनीहरू नेपाली भाषामा सहज ढंगले आफ्ना कुरा राख्न समेत नसक्ने भएकाले वडा तथा गाउँपालिका कार्यालयमा आउँदा निकै समस्या भोग्नु परिरहेको थियो ।

जसका कारण सेवा लिन कार्यालयमा समेत आउन अप्ठ्यारो मान्ने गरेको गुनासो आएपछि जनप्रतिनिधिले थारु भाषा बोल्ने कर्मचारी राखेका हुन् । अघिल्लो आर्थिक वर्षमा केही वडामा मात्र त्यस्ता कर्मचारी खटाइएकोमा त्यसको सकरात्मक प्रभाव परेको थियो ।

सोहीकारण गाउँपालिकाले यो आर्थिक वर्षदेखि सबै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा सम्पर्क समन्वयका लागि ती कर्मचारीहरूलाई खटाएको जनाएको छ । स्थानीय भाषामै भन्दा काम हुन थालेपछि पहिलेको भन्दा कार्यालयमा आएर सेवा लिने नागरिकको संख्यामा उल्लेख्य सुधार आएको छ । स्थानीय भाषाको राम्रो ज्ञान भएका कर्मचारीहरूका कारण गेरुवा गाउँपालिकाको कार्य सम्पादन पनि प्रभावकारी बन्दै गएको जनप्रतिनिधि बताउँछन् भने सेवाग्राही पनि आफूलाई सरकारले काममा सहज बनाइदिएकोमा खुसी व्यक्त गर्छन् ।

स्थानीय सरकारको मुख्य काम भनेकै नागरिकलाई सहज ढंगले सेवा उपलब्ध गराउनु हो । स्थानीय स्तरमा आ-आफ्नै समस्या हुन्छन् । तिनीहरूको पहिचान गरी समाधान गर्न सक्ने हो भने वास्तविक अर्थको लोककल्याणकारी सामाजिक व्यवस्था स्थापना हुन्छ । लोककल्याणकारी सामाजिक व्यवस्थाको मूलमन्त्र भनेकै लोकको भलाई गर्नु हो । जसका लागि लोकलाई अनुभूति हुने गरी सुधार गर्न सक्नुपर्छ । स्थानीय नागरिकको आधारभूत कुराको परिपूर्ति गर्न यस किसिमका व्यवस्थाले निकै सहयोगी भूमिका खेल्ने गर्छन् ।

नेपालमै स्थानीय भाषाको ज्ञान भएका कर्मचारीहरू नियुक्त गरी काम गर्ने संभवत पहिलो स्थानीय सरकार बनेको छ, गेरुवा गाउँपालिका । जसका कारण गाउँपालिकामा सेवा लिन आउनेको संख्यामा पनि वृदि भएको छ । त्यसैगरी, गाउँपालिकाको कार्यसम्पादन पनि चुस्त दुरुस्त हुन थालेको छ ।

**स्थानीय स्तरमा आ-आफ्नै समस्या हुन्छन् । तिनीहरूको पहिचान गरी समाधान गर्न सक्ने हो भने वास्तविक अर्थको लोककल्याणकारी सामाजिक व्यवस्था स्थापना हुन्छ ।**

२१औं शताब्दी अनुसारको वैज्ञानिक तथा गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुग्ने उद्देश्यअनुरूप शैक्षिक संस्थाहरूलाई प्रोजेक्टर, ल्यापटप, स्मार्ट बोर्ड लगायतका सामग्री हस्तान्तरण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।



# विद्यालयमा स्मार्ट बोर्ड र प्रोजेक्टरबाट पढाइ

**खजुरा गाउँपालिका, बाँके**

खजुरा गाउँपालिका बाँकेले आफ्नो गाउँपालिकामा रहेका विभिन्न १९ वटा विद्यालयलाई आधुनिक सिकाइका लागि उपयोगी शैक्षिक सामग्री वितरण गरेको छ ।

नयाँ संविधान २०७२ अनुसार माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको जिम्मामा रहेको हुँदा तिनको गुणस्तर सुधार गरी अन्य शैक्षिक संस्थासँग प्रतिस्पर्धी बनाउन ती शैक्षिक सामाग्री सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरिएको गाउँपालिका अध्यक्ष किस्मतकुमार कक्षापतिले बताउनुभयो ।

खजुरा गाउँपालिकामा १४ वटा माध्यमिक विद्यालय, चारवटा आधारभूत विद्यालय र एउटा क्याम्पस छन् । सबैलाई २८ लाख रूपैयाँ बराबरका शैक्षिक सामाग्री हस्तान्तरण गरिएको हो । २१औं शताब्दी अनुसारको वैज्ञानिक तथा गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुग्ने उद्देश्यअनुरूप शैक्षिक संस्थाहरूलाई प्रोजेक्टर, ल्यापटप, स्मार्ट बोर्ड लगायतका सामग्री हस्तान्तरण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । यी सामाग्रीले विद्यालय तथा विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने र उनीहरूको गुणस्तरमा वृद्धि आउने अपेक्षा समेत गाउँपालिकाले राखेको छ ।

गाउँपालिकाले ती शैक्षिक सामग्री हस्तान्तरण गरेपश्चात तिनको प्रभावकारी सञ्चालन र उपयोग गर्न सिकाउने उद्देश्य पनि राखेको छ । सोहीअनुरूप एक दिने अभिमुखीकरण कार्यक्रम पनि सञ्चालन गरिसकेको छ । १९ वटै शैक्षिक संस्थाका प्रधानाध्यापक, आईटी शिक्षक र सरोकारवालालाई सम्मिलित गराई उक्त अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको गाउँपालिकाले जनाएको छ ।

यसैगरी, उक्त सामग्रीको सही व्यवस्थापन र भए नभएको पनि गाउँपालिकाले निरन्तर अनुगमन गर्ने जनाइएको छ ।

सामुदायिक विद्यालयमा खस्कँदो गुणस्तरलाई न्यूनीकरण गरी समयसापेक्ष उच्च प्रविधियुक्त गुणस्तरीय शिक्षा प्रदान गरी भोलिका कर्णधारप्रतिको जिम्मेवारी स्थानीय सरकारले पूरा गरेको छ । नागरिकलाई पनि सक्षम र जिम्मेवार बनाउन गाउँपालिकाले विद्यालयहरूमा सामग्री हस्तान्तरण गरेको गाउँपालिकाको भनाइ छ । जसका कारणबाट पनि सामुदायिक विद्यालयहरूको गुणस्तरमा सुधार आउने र ती विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढ्ने विश्वास लिइएको छ ।

प्रोजेक्टरको सहायताबाट पठनपाठन हुने भएपछि शिक्षक शिक्षिकाहरूले विभिन्न पाठ्य सामग्रीहरू खोजेर देखाउन सक्ने र विद्यार्थीलाई पनि बुझ्न सहयोग पुग्ने विश्वास गाउँपालिका अध्यक्ष कक्षापतिले लिनुभएको छ । जसकारण आफ्नो गाउँपालिकाले भविष्यमा सक्षम जनशक्ति पाउने उहाँको बुझाइ छ । गाउँपालिकाको यो सहयोगबाट सरकारी विद्यालयमा अध्ययन गर्ने हजारौं विद्यार्थी लाभान्वित भएका छन् ।

महँगो शुल्क तिरेर निजी शैक्षिक संस्थाहरूमा पढाउन पठाउनु पर्ने बाध्यताबाट अब खजुराका नागरिकले मुक्ति पाउने विश्वास गरिएको छ । उनीहरूले पनि सरकारी शिक्षण संस्थाहरूमा गुणस्तरीय शिक्षा पाउने अवस्थाको सिर्जना भएको बताइएको छ । गाउँपालिकाले सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा निरन्तर काम गर्ने लक्ष्य राखेको गाउँपालिका अध्यक्ष कक्षपतिले बताउनुभयो ।

**सामुदायिक विद्यालयमा खस्कँदो गुणस्तरलाई न्यूनीकरण गरी समयसापेक्ष उच्च प्रविधियुक्त गुणस्तरीय शिक्षा प्रदान गरी भोलिका कर्णधारप्रतिको जिम्मेवारी स्थानीय सरकारले पूरा गरेको छ ।**



गुणस्तरीय शिक्षाको अभावका कारण यहाँका बासिन्दा निकै महँगो मूल्य तिरेर निजी विद्यालयहरूमा छोराछोरी पढाउन बाध्य थिए। बाध्यतालाई अन्त्य गर्दै सहज र गुणस्तरीय शिक्षाका लागि अंग्रेजी विषयमा अध्ययन अध्यापन थालिएको छ।

# सबै सामुदायिक विद्यालयमा अंग्रेजीमै पढाइ

**मालारानी गाउँपालिका, अर्घाखाँची**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेअनुरूप माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा स्थानीय तहको जिम्मेवारीमा गएको छ । सरकारको भूमिका पाएका तह मातहतका सामुदायिक विद्यालयहरूमा सुधारको संकेत देखिन सुरु भएको छ । स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्र पर्ने सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि ध्यान केन्द्रित गरेका छन् ।

अर्घाखाँचीको मालारानी गाउँपालिकाले यसै मर्मलाई गहन ढंगले अनुशरण गर्दै आफ्नो गाउँपालिका भित्रका सबै ६० विद्यालयमा अंग्रेजी भाषाबाट पठनपाठन अनिवार्य गराएको छ । एक सय एक वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको मालारानीमा करिब २८ हजार जनसंख्या छ । गुणस्तरीय शिक्षाको अभावका कारण यहाँका बासिन्दा निकै महँगो मूल्य तिरेर निजी विद्यालयहरूमा छोराछोरी पढाउन बाध्य थिए । बाध्यतालाई अन्त्य गर्दै सहज र गुणस्तरीय शिक्षाका लागि अंग्रेजी विषयमा अध्ययन अध्यापन थालिएको गाउँपालिकाका अध्यक्ष बालकृष्ण शर्माको भनाइ छ ।

'अबका दिनमा पालिका भित्रका सबै सामुदायिक विद्यालयको गुणस्तर सुधार्नु आफ्नो एकमात्र उद्देश्य रहेको छ', अध्यक्ष शर्माको भनाइ छ । गाउँपालिकाभित्र माध्यमिक तथा प्राथमिक विद्यालय ६० वटा रहेका छन् । यसैगरी, दुईवटा कृषि अध्ययन हुने प्राविधिक शिक्षालय छन् भने कम्प्युटर विज्ञान र ओभरसियर अध्ययन हुने एउटा शिक्षालय रहेको मालारानी गाउँपालिकाको तथ्यांक छ ।

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नका लागि पहिलो चरणमा गाउँपालिकाले सम्बन्धित विद्यालयहरूमा अंग्रेजी पढाउने शिक्षक वा शिक्षिकालाई तालिमको व्यवस्था गरी उनीहरूको क्षमता विकास गर्ने गाउँपालिकाले योजना अघि सारेको छ । अंग्रेजी पढाउने शिक्षकको दरबन्दी भएर पनि उक्त विद्यालयमा सम्बन्धित विषयका शिक्षक नभएका केही विद्यालयमा गाउँपालिकाले नै शिक्षक भर्ना गरेर तत्तत् विद्यालयको गुणस्तर विकास गर्न काम थालेको जनाएको छ ।

छोराछोरीलाई गुणस्तरीय शिक्षा दिने नाममा अभिभावकले निजी शिक्षण संस्थामा चर्को मुल्य तिरेर पढाउँदा आफ्ना बासिन्दाको ठूलो रकम बाहिर गइरहेको छ । समाजमा दुई खाले वर्गको उदय हुन गइरहेको अवस्थालाई त्यसलाई रोकी सबैलाई सर्वसुलभ मुल्यमा गुणस्तरीय शिक्षा प्रदान गर्नु नै गाउँपालिकाको सही काम हुने र यो भविष्यमा कोशेढुंगा साबित हुन सक्ने भनाइ छ गाउँपालिका अध्यक्ष शर्माको ।

सबै सामुदायिक विद्यालयमा सुधारको संकेत देखिन थालेको छ भने निकट भविष्य मै त्यसले पूर्णता पाउने विश्वास पनि शर्माको छ । अंग्रेजी अनिवार्य अध्ययन अध्यापनका साथै विद्यालयका अन्य पक्षको समेत सुधारमा निरन्तर लाग्ने योजना गाउँपालिकाको छ । गाउँपालिका अध्यक्ष शर्माका अनुसार, छोटो समय मै सामुदायिक विद्यालयमा सुधारका संकेतहरू देखिन थालेका छन् जसका कारण निजी विद्यालयहरूमा भर्ना गरेका विद्यार्थीका अभिभावक पनि सामुदायिक विद्यालयतिरै आकर्षित हुन थालेका छन् ।

छोटो समय मै सामुदायिक विद्यालयमा सुधारका संकेतहरू देखिन थालेका छन् जसका कारण निजी विद्यालयहरूमा भर्ना गरेका विद्यार्थीका अभिभावक पनि सामुदायिक विद्यालयतिरै आकर्षित हुन थालेका छन् ।

हामीहरू वर्सेनि अर्बौंको खाद्य सामग्री विदेशबाट आयात गरिरहेको अवस्थामा यस्ता समस्यालाई समाधान गर्न र कृषि तथा पशुपालनको माध्यमबाट आत्मनिर्भर बनाउन सकिने मालिका गाउँपालिकाका जनप्रतिनिधिको बुझाइ छ ।



# कृषिको प्रवर्द्धन गर्न उत्पादनमा अनुदान

**मालिका गाउँपालिका, गुल्मी**

निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउने उद्देश्य राखेर मालिका गाउँपालिकाले विभिन्न किसिमका कृषि तथा पशुपालनजन्य उत्पादनमा अनुदान दिने निर्णय गरी काम अघि बढाएको छ ।

गाउँपालिकाका अध्यक्ष रितबहादुर थापाले स्थानीय सरकार नागरिकको साथमा रहेको प्रत्याभूति गराउन र कृषकलाई व्यावसायिक ढंगले आत्मनिर्भर बनाउनका लागि यस्तो अनुदानको व्यवस्था गरिएको जानकारी दिनुभयो । नेपाल कृषि प्रधान देश भनिए पनि हरेक कुरामा परनिर्भर रहेकाले आत्मनिर्भर आवश्यक भएको गाउँपालिकाको ठम्याइ छ ।

हामीहरू वर्सेनि अर्बौंको खाद्य सामग्री विदेशबाट आयात गरिरहेको अवस्थामा यस्ता समस्यालाई समाधान गर्न र कृषि तथा पशुपालनको माध्यमबाट आत्मनिर्भर बनाउन सकिने मालिका गाउँपालिकाका जनप्रतिनिधिको बुझाइ छ । उनीहरूले गाउँपालिकामा रहेका कृषि तथा पशुपालन व्यवसायमा लाग्ने किसानका लागि आकर्षक अनुदानको व्यवस्था गरेका हुन् ।

गाउँपालिकाले कृषकहरू व्यावसायिक बनी मनग्ये आम्दानी गर्न सकुन् भनी अभिप्रेरणा प्रदान गर्न विभिन्न उत्पादनमा प्रोत्साहन रकम दिने घोषणा गरेको छ । जसअन्तर्गत वर्षमा कम्तिमा पनि एक सय किलोको खसी बेच्नेलाई १० हजार रूपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

त्यसैगरी, लोकल कुखुरा ५० किलो बिक्री गरे प्रतिकिलो एक सय रूपैयाँका दरले, लोकल कुखुराको अण्डा एक महिनामा ५० वटा उत्पादन गरे प्रतिअण्डा पाँच रूपैयाँ, दुध एक महिनामा ६० लिटर उत्पादन गरे प्रतिलिटर पाँच रूपैयाँ, लोकल लसुन क्वीन्टल बिक्री गरे प्रतिकिलो १० रूपैयाँ, बन्दाकोपी कम्तिमा एक क्वीन्टल बिक्री गरे प्रतिकिलो दुई रूपैयाँ, फूलकोपी कम्तिमा एक क्वीन्टल बिक्री गरे प्रतिकिलो १० रूपैयाँ, कागती एक क्वीन्टल बिक्री गरे प्रतिकिलो १० रूपैयाँ अनुदान दिने व्यवस्था गरिएको मालिका गाउँपालिकाका प्रवक्ता एवं वडा नम्बर ६ का वडाध्यक्ष शोभाखर गिरीले जानकारी दिनुभयो ।

मह वार्षिक पाँच किलो उत्पादन गरी बेचेमा दुई सय रूपैयाँ, अलैची सिजनको ५० किलो उत्पादन गरे प्रतिकिलो एक सय रूपैयाँ, बंगुरको मासु वार्षिक तीन सय क्वीन्टल उत्पादन गरे प्रतिकिलो २० रूपैयाँ, च्याउ वार्षिक ५० किलो उत्पादन गरे प्रतिकिलो २० रूपैयाँ, केरा पाँच सय दर्जन उत्पादन गरे प्रतिदर्जन १० रूपैयाँ, टिमुर सुकेको १० किलो उत्पादन गरे प्रतिकिलो एक सय रूपैयाँ, लोकल काउली ५० किलो उत्पादन गरे प्रतिकिलो २० रूपैयाँ अनुदान दिने व्यवस्था गरिएको उहाँले बताउनु भएको छ ।

गाउँपालिकाको यो निर्णयले कृषकहरूमा सकारात्मक प्रभाव पारेको र उनीहरू व्यावसायिक ढंगले उत्पादनमा लागेको स्थानीय बुद्धिजीवीहरू बताउँछन् । यदि यो कार्यक्रम सफल भएमा देशमा बढ्दो समस्याको रूपमा देखिएको तरकारी लगायतका खाद्य पदार्थको आयातलाई कम गर्न सकिने र व्यापारघाटा घटाउन मद्दत पुग्ने जनप्रतिनिधिहरूको विश्वास छ । तोकिएको मापदण्डभन्दा कम उत्पादन गरे अनुदान दिन नसकिने र व्यावसायिक रूपमा कृषि र पशुपालनमा लाग्ने कृषकलाई प्रोत्साहन र आत्मनिर्भर बनाइने छ ।

**गाउँपालिकाको यो निर्णयले कृषकहरूमा सकारात्मक प्रभाव पारेको र उनीहरू व्यावसायिक ढंगले उत्पादन कार्यक्रम सफल भएमा देशमा बढ्दो समस्याको रूपमा देखिएको तरकारी लगायतका खाद्य पदार्थको आयातलाई कम गर्न सकिने र व्यापारघाटा घटाउन मद्दत पुग्ने छ ।**



सामान्य सामाजिक एवं आर्थिक अवस्थालाई उकास्न नागरिकमा समृद्धि ल्याउने उद्देश्यले गाउँपालिकामा व्यावसायिक कृषिलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको हो । किसानलाई उपयुक्त समयमा आधुनिक र उन्नत खालको बिउ तथा बेर्ना सर्वसुलभ मूल्यमा दिने उद्देश्यका साथ कृषि नर्सरीको सुरुआत गरिएको छ ।

# व्यावसायिक कृषिका लागि नर्सरी

**माण्डवी गाउँपालिका, प्यूठान**

'कृषिमा आधुनिकीकरणबिना समृद्धि सम्भव छैन' भन्ने निष्कर्षका साथ प्यूठानको माण्डवी गाउँपालिकाले व्यवस्थित कृषि फर्मको सुरुआत गरेको छ। गाउँपालिकाले सञ्चालन गर्ने गरी कृषि नर्सरीको सुरुआत गरेको हो ।

२७ रोपनी जग्गामा व्यावसायिक रूपमा बेर्ना उत्पादन गर्ने लक्ष्यका साथ गाउँपालिकाले कृषि नर्सरी सञ्चालनमा ल्याएको छ । गाउँपालिकामा अधिकांश नागरिक कृषि व्यवसायमा आश्रित छन् । उपयुक्त ज्ञान र सीपको अभावमा परम्परागत कृषि पेसामा आवद्ध भएका कारण उनीहरू नितान्त जीविकोपार्जनका लागि मात्र खेतीपाती गर्दै आएका छन् ।

सामान्य सामाजिक एवं आर्थिक अवस्थालाई उकास्न नागरिकमा समृद्धि ल्याउने उद्देश्यले गाउँपालिकामा व्यावसायिक कृषिलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको हो । किसानलाई उपयुक्त समयमा आधुनिक र उन्नत खालको बिउ तथा बेर्ना सर्वसुलभ मूल्यमा दिने उद्देश्यका साथ कृषि नर्सरीको सुरुआत गरिएको बताउनु हुन्छ, गाउँपालिकाकी उपाध्यक्ष मुगा पुनमगर ।

गाउँपालिकाले आफ्नो जग्गामा नौ लाख रूपैयाँको लगानीमा तारबार गरेर उक्त नर्सरी बनाएको छ। जहाँ उसले प्रत्येक वर्ष आठ हजार फलफूलका बेर्ना र २० हजार विभिन्न प्रजातिका तरकारीका बेर्नाहरू उत्पादन गर्ने लक्ष्य राखेर काम अघि बढाएको छ ।

निकै न्यूनतम शुल्क लिएर गाउँपालिकाका किसानलाई गुणस्तरीय बेर्ना वितरण गर्ने मगरको भनाइ छ। सिँचाइको सुविधा भएका ठाउँ पर्याप्त मात्रामा रहेका कारण गाउँपालिकाले आफ्ना किसानलाई गुणस्तरीय बेर्ना, मलखाद तथा प्राविधिक उपलब्ध गराएर ठूलो मात्रामा उत्पादन गरी बिक्री गरेर मुनाफा आर्जन गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो। गाउँपालिकाले आफ्नो क्षेत्रमा तरकारी तथा फलफूलको उत्पादन बढाएर किसानलाई आत्मनिर्भर बनाउने कार्यक्रमलाई अगाडि बढाएको हो ।

उसले निशुल्क वितरण गर्दा त्यसमा नागरिकको अपनत्व नहुने र संरक्षण नहुने ठहर गरी सर्वसुलभ मूल्यमा तरकारी तथा फलफूलहरूको बिउ तथा बेर्ना उत्पादन गरी बिक्री वितरण सुरु गरेको हो । जसबाट उसले आम्दानी गरी उक्त आम्दानीलाई गाउँपालिकाको विकासमा खर्च गर्ने उद्देश्य राखेको छ । जसबाट किसानले पनि न्युनतम मुल्यमा आधुनिक र गुणस्तरीय बेर्ना तथा बिउहरू पाउने गाउँपालिकाले जनाएको छ।

हाल चारवटा वडामा तरकारी तथा फलफूल खेती भइरहेकोमा अब सबै वडामा बिस्तार गर्ने योजना गाउँपालिकाको छ। 'कृषिमा सम्भावना देखेरै हामी यसमा लागेका हौं', उहाँले भन्नुभयो, "आगामी वर्ष अझ ठूलो परिणाममा यसमा बजेट छुट्याएर काम गर्ने योजना छ।'

गाउँपालिकाले आफ्नो क्षेत्रमा तरकारी तथा फलफूलको उत्पादन बढाएर किसानलाई आत्मनिर्भर बनाउने कार्यक्रमलाई अगाडि बढाएको हो । उसले निशुल्क वितरण गर्दा त्यसमा नागरिकको अपनत्व नहुने र संरक्षण नहुने ठहर गरी सर्वसुलभ मूल्यमा तरकारी तथा फलफूलहरूको बिउ तथा बेर्ना उत्पादन गरी बिक्री वितरण सुरु गरेको हो।

घरमा सुत्केरी हुने संख्या शून्य बनाउने, मातृ तथा शिशु मृत्युदर घटाउने योजना राखी गाउँपालिकाले सञ्चालन गरेको यो कार्यक्रम सफल हुँदै गएको स्थानीय बासिन्दाको भनाइ छ।



# सबै वडामा प्रसूति सेवा

**पूर्वखोला गाउँपालिका, पाल्पा**

पूर्वखोला गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा सबै गाउँपालिकाका ६ वटै स्वास्थ्य संस्थामा प्रसूति सेवा प्रदान गर्ने लक्ष्यअनुरूप आवश्यक स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गरेपछि यहाँका महिलालाई प्रसूति गराउन टाढा जानु पर्ने बाध्यताबाट मुक्ति मिलेको छ।

गाउँपालिकाको दुर्गम मानिने वडाहरूमा समेत प्रसूति स्वास्थ्य कार्यक्रम लागू भएपछि यस ठाउँबाट प्रसूति सेवा लिनका लागि जिल्लाकै सदरमुकाम तानसेन, ताहुँ र रामपुर धाउनुपर्ने बाध्यता हटेको गाउँपालिका प्रवक्ता एवं वडा नम्बर २ का वडाध्यक्ष नीरबहादुर सारुले बताउनुभयो। स्वास्थ्य संस्थाहरूको आवश्यक निर्माण तथा पुनर्निर्माण गरी एक स्वास्थ्य संस्थाका लागि एक लाख ५० हजार बराबरको प्रसूति गराउन आवश्यक सामग्री खरिद गरी गाउँपालिकाले ६ वटै स्वास्थ्य संस्थाहरूलाई प्रदान गरेको छ।

ग्रामीण भेगका महिला प्रसूति गराउन तथा अन्य अवस्थामा नागरिकलाई हुने जटिल समस्याको सुल्झाउन टाढा जान नपरोस् भनेरै आफूहरूले यो कार्य गरेको गाउँपालिका अध्यक्ष नुनबहादुर थापाले जानकारी दिनुभयो। गाउँपालिकाभित्र घरमा हुने सुत्केरीको संख्या शून्य बनाउने उद्देश्यका साथ अहिले स्वास्थ्य शिक्षासमेत सञ्चालन गरिरहेको र केन्द्रले दिने एक हजारमा थप ६ सय रूपैयाँ थपेर प्रोत्साहन भत्ता वितरण गरिरहेको समेत उहाँले जानकारी दिनुभएको छ।

घरमा सुत्केरी हुने संख्या शून्य बनाउने, मातृ तथा शिशु मृत्युदर घटाउने योजना राखी गाउँपालिकाले सञ्चालन गरेको यो कार्यक्रम सफल हुँदै गएको स्थानीय बासिन्दाको भनाइ छ। भदौदेखि हालसम्म ५० भन्दा धेरै महिलाले स्वास्थ्य संस्थामा गएर सुरक्षित रूपमा सन्तानलाई जन्म दिइसकेको गाउँपालिकाको तथ्यांक छ। महिलाले सुत्केरी हुँदा दुःख भोग्न नपरोस् साथै आमा र बच्चाले ज्यान गुमाउन नपरोस् भनेर गाउँपालिकाले सोहीअनुसार बजेट र भौतिक पूर्वाधारको व्यवस्था तथा स्वास्थ्य जनचेतनाका कार्यक्रम समेत गरिरहेको छ।

सिलुवा, रिग्नेरह र वीरकोटमा सञ्चालनमा आएका स्वास्थ्य संस्थाको सेवासमेत प्रभावकारी बनाउने गाउँपालिकाको योजना छ। गाउँमै सेवा लिन पाउँदा सेवाग्राही खुसी भएका छन्। 'गाउँमै सुत्केरी सेवा पाएर दंग छौं', पूर्वखोलाको २ नम्बर वडास्थित जल्पा मुढेखर्ककी रीता विकले भन्नुभयो, 'पहिलो बच्चा जन्माउन गाडी रिजर्भ गरेर ताहुँ गएकी थिएँ।

सुत्केरी व्यथा लाग्दा गाडी खोजेर अन्तै जानुपर्दा लाग्ने समयको पीडा अझै बिर्सेकी छैन। बाटैमा केही भइहाल्ने हो कि भन्ने चिन्ता हुन्थ्यो।' अहिले गाउँमै खान, बस्न र पारिवारिक वातावरणमा सुत्केरी हुने अवसर पाएकोमा आफू अत्यन्तै खुसी भएको उहाँको भनाइ छ।

महिलाले सुत्केरी हुँदा दुःख भोग्न नपरोस् साथै आमा र बच्चाले ज्यान गुमाउन नपरोस् भनेर गाउँपालिकाले सोहीअनुसार बजेट र भौतिक पूर्वाधारको व्यवस्था तथा स्वास्थ्य जनचेतनाका कार्यक्रम समेत गरिरहेको छ।



**वैकल्पिक उर्जा कार्यक्रमसँग समन्वय र सहयोग गरी गाउँपालिकाले सुरुमा एक करोड ५० लाख विनियोजन गरेर काम सुरु गरेको हो। विद्युत् उत्पादन स्थलसम्म पुग्नका लागि बाटो बनाउने काम, वातावरणीय प्रभाव मूल्यांकन तथा सर्भेको काम सम्पन्न भइसकेको छ।**

# जलविद्युत्मा आत्मनिर्भर बन्दै

**पुथा उत्तरगंगा गाउँपालिका, पूर्वी रूकुम**

राष्ट्रिय विद्युत् प्रसारण लाइन नपुगेर अन्धकारमा बस्न बाध्य आफ्ना नागरिकलाई गाउँपालिका आफैंले एक मेगावट क्षमताको विद्युत् उत्पादन गर्दैछ ।

पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिकाले नागरिकसँगको साझेदारीमा विद्युत् उत्पादन गर्न लागेको हो । उत्तरगंगा खोलाबाट विद्युत् निकाल्न लागेको बताउँदै गाउँपालिकाका अध्यक्ष ओमप्रकाश घर्ती आफ्ना लागि आफैं विद्युत् उत्पादन गर्ने गरी गाउँपालिकाले बजेट विनियोजन गरेर काम अगाडि बढाएको जानकारी दिनुहुन्छ।

वैकल्पिक उर्जा कार्यक्रमसँग समन्वय र सहयोग गरी गाउँपालिकाले सुरुमा एक करोड ५० लाख विनियोजन गरेर काम सुरु गरेको हो । विद्युत् उत्पादन स्थलसम्म पुग्नका लागि बाटो बनाउने काम, वातावरणीय प्रभाव मूल्यांकन तथा सर्भेको काम सम्पन्न भइसकेको छ भने विद्युत् उत्पादनका लागि आवश्यक उपकरण खरिद गर्न टेन्डर आह्वान गर्ने अन्तिम तयारी गरेको घर्तीको भनाइ छ ।

दुई वर्षभित्र काम सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको विद्युत् आयोजनामा नागरिकको पनि शेयर हुने र उत्पादन केन्द्र वरपरका पीडित परिवारलाई पनि मुआब्जा वितरण दिने कामसमेत भइसकेको छ । पुथा उत्तरगंगा गाउँपालिकाका १४ वटै वडामा विद्युत् वितरण गर्ने योजनाका साथ काम भइरहेको छ ।

१४ वडामध्ये अधिकांश ठाउँमा पोल गाड्ने काम सकिएको र बाँकी स्थानमा पनि चाँडै पोल गाड्ने काम हुनेछ। नेपालको संविधान २०७२ ले स्थानीय तहलाई एक मेगावट क्षमता सम्मको विद्युत् उत्पादन गर्न सक्ने अधिकार दिएको छ। पुथा उत्तरगंगाले यसै अधिकारको उपयोग गरी विद्युत् उत्पादन गर्न सुरु गरेको हो ।

देशमा उर्जा संकट रहेको अवस्थामा आफ्नो गाउँपालिकाले त्यसको समाधान गर्नका लागि यो आयोजनालाई प्रथामिकतामा राखी काम गरेको गाउँपालिकाका अध्यक्ष घर्तीले बताउनुभयो ।

उहाँका अनुसार, संभवत आफ्नो गाउँपालिका विद्युत् उत्पादन गर्ने मुलुककै पहिलो स्थानीय सरकार हुन सक्छ। आयोजना सस्तोमा बन्ने र आउने फाइदाबाट दीर्घकालसम्म विकासका आयोजनाहरूमा लगानी गर्न सकिने योजना पनि उहाँले जानकारी दिनुभयो ।

एक मेगावाट जलविद्युत् उत्पादनको लागत १५ करोडदेखि २५ करोड रूपैयाँसम्म लाग्ने गरेकोमा गाउँपालिकाले यो आयोजना मात्र १० करोडमा निर्माण सम्पन्न हुने जनाएको छ।

उत्तरगंगा जलविद्युत् आयोजना निकै सस्तोमा बन्ने र त्यसबाट उत्पादित विद्युत् आफ्ना गाउँपालिकाका नागरिकलाई निकै सस्तोमा वितरण गर्ने पनि उहाँले बताउनुभयो ।

**संभवत आफ्नो गाउँपालिका विद्युत् उत्पादन गर्ने मुलुककै पहिलो स्थानीय सरकार हुन सक्छ। आयोजना सस्तोमा बन्ने र आउने फाइदाबाट दीर्घकालसम्म विकासका आयोजनाहरूमा लगानी गर्न सकिने योजना छ । पुथा उत्तरगंगा गाउँपालिकाका १४ वटै वडामा विद्युत् वितरण गर्ने योजनाका साथ काम भइरहेको छ।**

कृषि पेशामा आवद्ध निम्न वर्गीय नागरिकलाई सीप, पूँजी र प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाउने उद्देश्य राखेर सुरु गरिएको यस कार्यक्रमले गत आर्थिक वर्षमै ३० जना किसानले खोर सुधार गरेका छन् भने १८ जना किसानले व्यावसायिक भैंसी पालनका लागि सहयोग पाइसकेका छन् ।



# किसानसँग गाउँ-सरकार

**सरुमारानी गाउँपालिका, प्यूठान**

कृषिमा लागेका नागरिकको पक्षमा काम गर्ने र उनीहरूलाई सहयोग गर्ने लक्ष्य राखेर प्यूठानको सरुमारानी गाउँपालिकाले गएको आफ्नो गाउँ सभाबाट 'किसानसँग गाउँ-सरकार' कार्यक्रम पारित गरेर अभियानकै रूपमा लागू गरेको छ । गाउँपालिकामा एक सय ५८ वर्गकिलोमिटर भूगोल छ भने ६ वटा वडामा हाल करिब २० हजार नागरिकको बसोबास छ ।

कृषि पेशामा आवद्ध निम्न वर्गीय नागरिकलाई सीप, पूँजी र प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाउने उद्देश्य राखेर सुरु गरिएको यस कार्यक्रमले गत आर्थिक वर्षमै ३० जना किसानले खोर सुधार गरेका छन् भने १८ जना किसानले व्यावसायिक भैंसी पालनका लागि सहयोग पाइसकेका छन् । यसैगरी, ५२ किसान परिवारले आधुनिक तरकारी खेतीका लागि बिउबिजन तथा टनेल अनुदान पाएको गाउँपालिकाले जनाएको छ । कार्यक्रमले दुईवटा कृषि समूहलाई आधुनिक कृषियन्त्र समेत अनुदान सहयोग गरेको छ ।

अघिल्लो वर्ष यस कार्यक्रमका लागि ६० लाख छुट्याइएकोमा हाल एक करोड बजेट विनियोजन गरेको र दुई किसान परिवारलाई सहयोग गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष झगबहादुर विश्वकर्माले बताउनु हुन्छ । गाउँपालिकाले विपन्न किसानलाई बाख्रापालन, मौरीपालन, गाई तथा भैंसीपालन र आधुनिक तरकारी खेती गर्न सहयोग गर्दै आइरहेको छ ।

अघिल्लो वर्षको उपलब्धीले आशावादी बनाएको बताउँदै उहाँ भन्नुहुन्छ, 'कृषिका माध्यमबाट सम्वृद्धि हासिल गर्न आफूहरूले यो अभियानको सुरुआत गरेको र ठूलो मात्रामा रोजगारीको सिर्जना गर्ने उद्देश्य राखेका छौं ।'

धान, तोरी तथा केराको पकेट क्षेत्र घोषणा गरी कार्य अगाडि बढाएको र प्राविधिकहरूको व्यवस्था गरेका कारण अघिल्लो वर्षको तुलनामा उत्पादनमा समेत वृदि भएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले एकपटक अनुदान दिएका किसानलाई अर्कोपटक फेरि अनुदान नदिने नीति बनाएको छ । यसैगरी, न्युनतम दुई वर्ष अनुदान लिनेले उक्त व्यवसाय नगरे अनिवार्य उक्त रकम फिर्ता गर्नु पर्ने व्यवस्थासमेत गाउँपालिकाले गरेको छ ।

किसानको जोखिम न्युन होस् भनी आफूहरूले सम्पूर्ण कृषि तथा पशुजन्य उत्पादनहरूको कृषि बिमा अनिवार्य गरेको अध्यक्ष विश्वकर्माले बताउनु हुन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकीकरण गर्ने उद्देश्यका साथ लागू गरिएको यो कार्यक्रम निकै सफल हुँदै गएको छ । यो कार्यक्रमबाट अघिल्लो आर्थिक वर्षमा एक सय विपन्न परिवार लाभान्वित भएका छन् ।

धान, तोरी तथा केराको पकेट क्षेत्र घोषणा गरी कार्य अगाडि बढाएको र प्राविधिकहरूको व्यवस्था गरेका कारण अघिल्लो वर्षको तुलनामा उत्पादनमा समेत वृदि भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले एकपटक अनुदान दिएका किसानलाई अर्कोपटक फेरि अनुदान नदिने नीति बनाएको छ ।




**विकासमा सहभागी हुन जनशक्ति स्वस्थ्य हुनैपर्छ। गाउँपालिकाले यसतर्फ पनि विशेष ध्यान दिएको छ। पाँचवटा स्वास्थ्य चौकी, ६ वटा सामुदायिक स्वास्थ्य केन्द्रमार्फत नागरिकको घरदैलोमा स्वास्थ्य सेवाको पहुँच विस्तार कार्य थालनी गरिएको छ।**

# योजनावद्ध विकास गर्न स्मार्ट भिलेज

**सिस्ने गाउँपालिका, रुकुम**

गाउँपालिकाको योजनावद्ध र व्यवस्थित विकासका लागि ५ वर्षे र २० वर्षे गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

गाउँपालिकाको केन्द्र रहेको रुकुमकोटमा स्मार्ट सिटीको अवधारणा प्रवर्द्धन गर्न सुविधासम्पन्न बसपार्क, डम्पिङ साइट, खेलमैदान, विद्युत्, सडक, नक्सांकन, बधशाला, धार्मिक पर्यटकीय स्थलको प्रवर्द्धन र संरक्षणका लागि डीपीआर तयार गर्ने काम पनि अगाडि बढाएको छ।

गाउँपालिकाले विभिन्न वडामा हावापानी र माटो अनुकूल कृषि व्यवसाय प्रवर्द्धन र विकास गर्ने हेतूले विभिन्न पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनलाई अगाडि बढाइएको छ। जसअन्तर्गत १ नम्बर वडामा स्याउ र ओखर, २ नम्बर वडामा बाख्रापालन, ३ र ४ नम्बर वडामा मौरीपालन तथा केरा, वडा नम्बर ५ को ह्याप्ला र वडा नम्बर ७ र ८ मा सुन्तला, कागती लगायतका फलफूल पकेट क्षेत्रको रूपमा खेती गर्ने घोषणा गरी काम अघि बढेको छ।

सोहीबमोजिम ६ हजार स्याउ र ओखरका विरुवा वितरण, ३ र ४ नम्बर वडामा केरा पकेट र मौरी पकेट क्षेत्र निर्धारण गरी पाँच हजार केराका विरुवा वितरण गरिएको छ भने मौरी पालनका लागि ३० जना मौरी कृषकलाई घारसहित मौरी, १० हजार सुन्तला र कागतीका विरुवा वितरण गरिएको छ। कृषि व्यवसायको आधुनिकीकरण र व्यावसायीकरण गर्ने उद्देश्यले बाली संरक्षण तथा माटो उपचार सञ्चालन गरी शिविरमा तीन सय चार जनाले माटो परीक्षण गराइसकेको गाउँपालिकाकी अध्यक्ष कुमारी बराल गौतमले जानकारी दिनुभयो। विकासमा सहभागी हुन जनशक्ति स्वस्थ्य हुनैपर्छ। गाउँपालिकाले यसतर्फ पनि विशेष ध्यान दिएको छ। पाँचवटा स्वास्थ्य चौकी, ६ वटा सामुदायिक स्वास्थ्य केन्द्रमार्फत नागरिकको घरदैलोमा स्वास्थ्य सेवाको पहुँच विस्तार कार्य थालनी गरिएको छ।

१४ वटा खोप केन्द्र रहेको गाउँपालिकाभित्र स्वास्थ्य सेवा नियमित र प्रभावकारी बनाउन १४ जना स्वास्थ्यकर्मी र चारजना सहयोगी कर्मचारी करार नियुक्त गरेको छ। विभिन्न रोगबाट ग्रसित भएर पनि स्वास्थ्य उपचारको पहुँचमा पुग्न नसकेका गाउँपालिकाका बासिन्दालाई सहज स्वास्थ्योपचार सेवा पुऱ्याउन महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी तीन सय ४० जनालाई निःशुल्क चेकजाँच तथा १२ जनाको शल्यक्रिया गराएको गाउँपालिकाले जनाएको छ।

आँखा स्वास्थ्य शिविर सञ्चालन गरी ६ सय ५६ जनालाई निःशुल्क उपचार गरी शल्यक्रिया सेवा दिइएको छ। स्वास्थ्य संस्थामा गर्भ जाँच तथा सुत्केरी हुने दर बढाएर आमा सुरक्षा कार्यक्रमलाई जोड दिन स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलालाई प्रोत्साहन भत्ता एक सयका दरले र यातायात भत्ता पाँच सय गरी नेपाल सरकारले दिएको भत्तामा थप ६ सय रूपैयाँ दिने गरीको योजना गाउँपालिकाको छ।

नियमित गर्भ जाँच गराउनेलाई चार पोका नुन र स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई एक बोतल तोरीको तेल वितरण गर्ने कार्यक्रम गाउँपालिकाले सञ्चालनमा ल्याएको छ। १५ शैयाको अस्पताल तत्काल सुचारु गर्न प्रदेश सरकारसँग सहकार्य गर्दै आवश्यक व्यवस्थापन थालिएको छ भने ५० शैयाको अस्पताल गराउन संघीय सरकारलाई प्रतिवेदन बुझाएको उहाँले बताउनुभयो।

**व्यावसायिक कृषि तथा पशुपलन गर्ने ९७ जना कृषक सम्मिलित सहकारीले अहिले विभिन्न माध्यमबाट किसानहरूलाई आधुनिक औजारहरू, मेसिनहरू, बिउबिजन लगायतका उपकरणहरू र अनुदान उपलब्ध गराउन सुरु गरेको छ।**



# सहकारीमार्फत कृषिमा लगानी

## सियारी गाउँपालिका, रूपन्देही

रूपन्देहीको सियारी गाउँपालिकाले सहकारीको माध्यमबाट मात्र कृषिमा लगानी गर्ने नीति अख्तियार गरेको छ। व्यक्ति-व्यक्तिलाई अनुदान तथा सहयोग दिँदा अपेक्षित उपलब्धि हाँसिल गर्न नसकिने निष्कर्षसहित गाउँपालिकाले पौने दुई करोड रकम सहकारीमार्फत खर्च गर्ने गरी विनियोजन गरेको हो।

व्यावसायिक पशुपालक तथा कृषकहरू जो गाउँपालिकामा दर्ता भएका छन्, तिनीहरू सम्मिलित सहकारी गठन गरेर गाउँपालिकाले उनीहरूलाई विभिन्न किसिमका सहयोग, अनुदान तथा सीप हस्तान्तरण गरी उनीहरूको क्षमता तथा दक्षता विकास गरिरहेको छ। ठूलो मात्रामा उत्पादन वृद्धि गर्ने योजना बनाएर सोही अनुरूप कामलाई अगाडि बढाउँदै आएको गाउँपालिका अध्यक्ष अयोध्या थारुले बताउनु भएको छ। व्यावसायिक कृषि तथा पशुपलन गर्ने ९७ जना कृषक सम्मिलित सहकारीले अहिले विभिन्न माध्यमबाट किसानहरूलाई आधुनिक औजारहरू, मेसिनहरू, बिउबिजन लगायतका उपकरणहरू र अनुदान उपलब्ध गराउन सुरु गरेको छ।

प्रधानमन्त्री आधुनिक कृषि पारियोजनामार्फत माछाको सुपर जोनको निर्माण गरी ठूलो मात्रामा माछाको उत्पादन सुरु भइसकेको छ। त्यसैगरी, २५ बिघाभन्दा बढी क्षेत्रमा केरा खेती सुरु गरिएको गाउँपालिकाले जनाएको छ। उत्पादित विभिन्न कृषिजन्य पदार्थको स्टोरेज गर्नका लागि चिस्यान केन्द्रको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सहकारीमार्फत ठूला मेसिन तथा औजारहरू प्रयोग गर्ने गरी कार्यविधि बनाएको गाउँपालिकाले मलखाद तथा बिउबिजन भने किसानलाई नै दिने गरेको छ।

नेपालको अन्न भण्डारको रूपमा चिनिने तराइका जिल्लाहरूमा हामीले चाहे जस्तो उत्पादन गर्न सकिरहेका छैनौं। 'यदि व्यवस्थित रूपमा व्यावसायिक उत्पादन गर्ने हो भने हामीहरू ठूलो मात्रामा अन्नबालीहरू उत्पादन गर्न सक्छौं तर हामीमा केही समस्याहरू छन्', अध्यक्ष थारु भन्नुहुन्छ, 'जसका कारण हामी ठूलो मात्रामा कृषि गर्न सकिरहेका छैनौं। तराईको अधिकांश ठाउँमा सिँचाइको समस्या रहेको छ।'

उन्नत प्रविधि र सीपको विकास गरी त्यसलाई कृषिमा लगाउन गाउँपालिकाले सकेको छैन। माटोको परीक्षण गर्न नसक्दा के समस्या छ त्यसको पहिचान हुन सकेको छैन। उन्नत बिउबिजनको अभाव छ। यस गाउँपालिकाले यी समस्याहरूको पहिचान गरी कृषि सहकारीको माध्यमबाट ती समस्यालाई समाधान गर्ने योजना भने बनाइसकेको छ।

छोटो समय मै आफ्नो योजना सार्थक बन्दै गएकोमा गाउँपालिकाका जनप्रतिनिधि खुसी देखिन्छन्। आगामी दिनमा अझ थप लगानी वृद्धि गर्ने योजना गाउँपालिकाले बनाएको छ। साथै उत्पादित वस्तुहरूको बजारीकरण गर्न पनि गाउँपालिकाले अध्ययन गरिरहेको अध्यक्ष थारुले बताउनुभयो।

**उन्नत प्रविधि र सीपको विकास गरी त्यसलाई कृषिमा लगाउन गाउँपालिकाले सकेको छैन। माटोको परीक्षण गर्न नसक्दा के समस्या छ त्यसको पहिचान हुन सकेको छैन।**




डोको, नाम्लो, खुर्पेटो, अम्रिसोको कुचो, परालको चप्पल, ढाकाबाट बनेका सामग्री र करुवा जस्ता सामाग्रीहरू र बेसार, अदुवा र अन्य स्थानीय उत्पादनहरू अत्यन्त सरल मुल्यमा प्राप्त गर्न सक्नुहुनेछ।

# स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न 'कोसेली घर'

**रिब्दिकोट गाउँपालिका, पाल्पा**

तपाई पाल्पाको पर्ख्यात भैरवनाथ मन्दिरको दर्शन गर्न जाँदै हुनुहुन्छ भने रित्तो हात नफर्कनुहोला । मन्दिर परिसरमा रहेको कोसेली घरमा राखिएका पाल्पाको स्थानीय उत्पादनले तपाईलाई केही न केही सामाग्री कोसेलीको रूपमा लिएर जान प्रेरित गर्नेछ । तीतो/मीठो फापरको पिठो, गहतका प्याकेट, गाउँमा उत्पादित बोडी, सिमी, कालो/सेतो भटमास, मह, खुदो, जौ, गुन्द्रुक, तरुल लगायतका स्थानीय उत्पादन कोसेली घरमा प्राप्त गर्न सक्नुहुनेछ । डोको, नाम्लो, खुर्पेटो, अम्रिसोको कुचो, परालको चप्पल, ढाकाबाट बनेका सामग्री र करुवा जस्ता सामाग्रीहरू र बेसार, अदुवा र अन्य स्थानीय उत्पादनहरू अत्यन्त सरल मुल्यमा प्राप्त गर्न सक्नुहुनेछ ।

पाल्पाको रिब्दिकोट गाउँपालिकाले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले कोसेली घर सञ्चालनमा ल्याएको छ। कोसेली घर सञ्चालनको लागि गाउँपालिकाले पहिलो वर्ष पाँच लाख रूपैयाँ विजियोजन गरेको  गाउँपालिका अध्यक्ष नारायणबहादुर जिसीले जानकारी दिनुभयो । कोसेली घरलाई भैरवस्थान मन्दिर व्यवस्थापन समितिले सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ ।

'गाउँमा किसानले उत्पादन गरेका सामग्रीलाई यहाँ राख्ने योजना हो,' गाउँपालिका अध्यक्ष जीसीले भन्नुभयो, 'स्थानीय उत्पादन खपत होस् र आय आर्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले कोसेली घरको सुरुआत गरिएको हो ।' उहाँका अनुसार भैरवस्थान मन्दिरमा दर्शन गर्न आउनेलाई लक्षित गरी कोसेली घर सञ्चालन गरिएको हो। यहाँ वार्षिक पाँच लाखभन्दा बढी दर्शनार्थी आउने अनुमान छ । भैरवस्थान धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदैछ ।

कोसेली घरबाट स्थानीय उत्पादन पाउन उपभोक्तालाई सहज भएको छ। 'पहिलो प्राथमिकता रिब्दीकोटमा उत्पादित वस्तुलाई दिएका छौं,' मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर अधिकारीले भने, 'स्थानीय किसानले फाइदा पाउन सकून् भन्ने हामी चाहन्छौं ।' उनका अनुसार कतिपय सामग्री बजारभन्दा धेरै सस्तोमा बिक्री भएको छ ।

कोसेली घर सञ्चालक समितिकी संयोजक लक्ष्मी खनाल गाउँपालिकाकी उपाध्यक्ष पनि हुनुहुन्छ। उहाँका अनुसार यहाँ राखिएका सबै अन्नबाली स्थानीय जातका हुन् । गाउँपालिकाले तालिम चलाएपछि उत्पादित ढाकाका सामग्री पनि यहाँ राखिएको छ। एकल महिलाले उत्पादन गरेका परालका जुत्ता देखि कपासका बत्तीसम्मले यहाँ प्राथमिकता पाएको उपाध्यक्ष खनालले बताउनुभयो ।

भैरवस्थान मन्दिरको प्राङ्गणमा बनेको भवनको ३ वटा सटरमा अहिले कोसेली घर सञ्चालनमा रहेको छ । गाउँपालिकाले पूर्वाधार निर्माण, पूँजीगत सामाग्रीको व्यवस्थापन र स्थानीय सामाग्री उत्पादनको लागि सीप विकास तथा प्रविधि हस्तान्तरणमा सहयोग गरिरहेको गाउँपालिका अध्यक्ष जिसी बताउनुहुन्छ । उहाँका अनुसार 'तपाईसँग जे छ त्यही बेच्नुस् अनिमात्र समृद्धि आउनेछ' भन्ने भनाईबाट प्रेरित भएर पाल्पाको स्थानीय उत्पादनलाई जतिसक्को बृद्धि गर्ने र बिक्री गर्ने रणनीतिबमोजिम काम गरिरहेका छौं ।

गाउँपालिकाले कोसेली घर सञ्चालन सम्बन्धी कार्यविधि पनि बनाईसकेको छ र सोही कार्यविधिबमोजिम पूर्वाधारमा लगानी पनि गरिरहेको छ । एकल महिला र विपन्न समुदायलाई विभिन्न सीप विकासका तालिम सञ्चालन गर्न, उत्पादन बढाउन र बजारको प्रवर्द्धन गर्न वडा स्तरमा रहेका सहकारीलाई परिचालन गर्ने सोच रहेको गाउँपालिकाले जनाएको छ ।

# कर्णाली प्रदेश






| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| ७८. | हुम्ला | चंखेली | मदिरा नियन्त्रण अभियानले गाउँमा खुशी | ८३ |
| ७९. | सुर्खेत | चौकुने | आँखामा सपना, पकेटमा योजना र हातमा सीप | ८४ |
| ८०. | सल्यान | कुमाख | भैसीलाई पनि सुत्केरी भत्ता ! | ८५ |
| ८१. | जुम्ला | तिला | व्यवसायिक कृषिमा निर्ब्याजी ऋण | ८६ |
| ८२. | सल्यान | त्रिवेणी | लोक संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा त्रिवेणी | ८७ |
| ८३. | कालिकोट | नरहरीनाथ | दुर्गमा गाउँमा पनि एक्सरे मेसिन | ८८ |
| ८४. | हुम्ला | सर्केगाड | गाउँमै पशु बिज्ञानको पढाई | ८९ |
| ८५. | सुर्खेत | सिम्ता | सिम्ताले गऱ्यो विपन्नता स्तरीकरण | ९० |
| ८६. | दैलेख | महाबु | मानवअधिकारमैत्री गाउँपालिका | ९१ |
| ८७. | डोल्पा | जगदुल्ला | छुवाछुतमुक्त गाउँपालिका घोषणा | ९२ |
| ८८. | सुर्खेत | बराहताल | चेपाङ वस्तीमा सोलार पम्पिङबाट खानेपानी | ९३ |



चीनबाट आएको अवैध २८२८ कार्टुन (३३९३६ बोटल) मदिरा बरामद गरी जनप्रतिनिधिको रोहवरमा प्रहरीद्वारा नष्ट गरिदैं ।

**सुन्दा मदिरा सेवन नियन्त्रण सामान्य लागे पनि यसबाट पीडित भएकालाई मिल्ने खुसी कमैले आकलन गर्न सक्लान् । हो, त्यही खुसी मिलेको छ, सुदूरपश्चिमको पहाडी एवं हिमाली जिल्ला हुम्लाको एक विकट गाउँ चंखेलीका पीडित बासिन्दालाई ।**

# मदिरा नियन्त्रण अभियानले गाउँमा खुसी

**चंखेली गाउँपालिका, हुम्ला**

मदिरा सेवन गर्नेलाई सेवन गर्न पाउँदाको आनन्द अन्यमा नमिल्ला तर जो गर्दैन र अरूले गरेको सेवनबाट सास्ती खेपिरहेका हुन्छन् तिनलाई आफ्नो पति, पत्नी, बुबाले मदिरा सेवन गर्न छोड्यो भने कति शान्ति मिल्ला !

सुन्दा मदिरा सेवन नियन्त्रण सामान्य लागे पनि यसबाट पीडित भएकालाई मिल्ने खुसी कमैले आकलन गर्न सक्लान् । हो, त्यही खुसी मिलेको छ, सुदूरपश्चिमको पहाडी एवं हिमाली जिल्ला हुम्लाको एक विकट गाउँ चंखेलीका पीडित बासिन्दालाई ।

चंखेली गाउँपालिकाले मदिरा नियन्त्रणको अभियान थालेपछि स्थानीयबासीमा खुशीयाली छाएको छ । पीडित खुसी भए पनि केही पीडक अर्थात् मदिरा सेवकलाई केही र निकै हदसम्म पीडा हुनसक्छ । नशा छुटाउन सहज छैन पनि । तर स्वास्थ्यमा पर्ने प्रतिकूल असर बुझ्ेपछि र आफूले दिएको पीडा बुझ्न थालेपछि उनीहरूले पनि पक्कै गाउँपालिकालाई धन्यवाद दिनेछन् । ताकि गाउँसमाजको शान्ति र खुसीले समृद्ध समाज बनाउन कति सहज हुनेछ भनेर ।

यही उद्देश्यका साथ सुरु अभियानले गाउँमा मदिरा उत्पादन गर्न बन्द गरेको छ भने बाहिरबाट आयात गर्न पनि बन्देज लगाएको छ । गाउँपालिकाको अगुवाईमा २०७५ भाद्र ३ गतेदेखि भाद्र २१ गतेसम्म चीनसँग जोडिएको वडा नं. ५ मा टाँके नाकाबाट भित्रिँदै गरेको एक करोड ५६ लाख १६ हजार रूपैयाँ बराबरको अवैध चिनियाँ मदिरा नियन्त्रणमा लिई नष्ट पनि गरिएको छ ।

चंखेलीको यस उदाहरणीय कामको अनुशरण अरू गाउँपालिकाले पनि गर्न थालेका छन् । यस कार्यको सरहाना गर्दै गाउँपालिकाका अध्यक्ष धनमल चौंलागाईलाई जिल्लाव्यापी कार्यक्रम आयोजना गरी सम्मानसमेत गरिएको छ । एकातिर झै-झगडा लगायतका समाजिक समस्या नहुने, अर्कोतिर खाद्यान्न अभावलाई बढावा दिने हुँदा मदिरा नियन्त्रण अभियानले स्थानीयवासी खुशी भएका हुन् ।

मदिरा उत्पादनले खाद्यवस्तु अत्याधिक खपत हुने गर्छ । खाद्य संकट परिराख्ने जिल्लामध्ये हुम्ला पनि एक हो । जिल्लामा खाद्यान्न उत्पादन कम हुने र दुर्गमताका कारण खाद्यान्न ढुवानी गर्न अफ्ठेरो हुने हुँदा हुम्लामा वर्षेनीजस्तो खाद्यान्न संकट परिरहन्छ । मदिरा उत्पादनलाई मात्र नियन्त्रण गरे धेरै हदसम्म खाद्य संकटको समस्या हल गर्न सकिने अध्यक्षले बताउनुभयो ।

कमजोर स्वास्थ्य अवस्था र अति कम औसत आयु भएको चंखेली गाउँपालिकामा मदिरा नियन्त्रणले मानव स्वास्थ्य र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास जनप्रतिनिधिको छ । अभियानले एकातिर घरेलु मदिरा उत्पादनलाई बन्देज लगाउँदा खाद्य संकट न्यूनीकरणमा सहयोग पुग्छ भने आयातीत मदिराका लागि रकम बाहिरिनबाट रोकिन्छ । साथै पारिवारिक हिंसा र महिला हिंसालाई पनि न्यूनीकरण गर्ने विश्वास लिइएको छ ।

**अभियानले एकातिर घरेलु मदिरा उत्पादनलाई बन्देज लगाउँदा खाद्य संकट न्यूनीकरणमा सहयोग पुग्छ भने आयातीत मदिराका लागि रकम बाहिरिनबाट रोकिन्छ । साथै पारिवारिक हिंसा र महिला हिंसालाई पनि न्यूनीकरण गर्ने विश्वास लिइएको छ ।**

गाउँमा शिक्षाको स्थिति दयनीय भएपछि चौकुनेमा प्राविधिक शिक्षाको आवश्यकता महशुस भयो । फलस्वरूप गाउँपालिकाको पहिलो गाउँ सभाले 'सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा' भन्ने नाराका साथ गुटुस्थित माध्यमिक विद्यालय र तोस्रास्थित माविमा प्राविधिक शिक्षाका लागि आवश्यक बजेट विनियोजन गऱ्यो । ”




# आँखामा सपना, पकेटमा योजना र हातमा सीप

**चौकुने गाउँपालिका, सुर्खेत**

सुर्खेतको चौकुने गाउँपालिकाले प्राविधिक शिक्षा पढाउने कार्यक्रम थालेको छ। चौकुनेमा ३१ वटा प्राथमिक, नौवटा निम्न माध्यमिक, नौवटा माध्यमिक र पाँचवटा निजी गरी ५४ वटा शैक्षिक संस्था सञ्चालनमा छन्। यहाँको साक्षरता दर करिब ६६ प्रतिशत छ।

गाउँपालिकाको पहलमा सीटीईभीटीबाट सम्बन्धन लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको पढाइ थालनी गरिएको गाउँपालिका अध्यक्ष वीरबहादुर शाही बताउनुभयो। स्थानीय निर्वाचन हुनुअघि यस गाउँपालिकामा प्रविधिक शिक्षा दिने कुनै शैक्षिक संस्था थिएनन् । औपचारिक शिक्षामात्रै लिएका यहाँका युवकयुवती पढे लेखेका त थिए तर उनीहरूको हातका वर्तमान युगसँग प्रतिस्पर्धा गर्न सक्ने सीप थिएन । गाउँमा शिक्षाको स्थिति दयनीय भएपछि चौकुनेमा प्राविधिक शिक्षाको आवश्यकता महशुस भयो । फलस्वरूप गाउँपालिकाको पहिलो गाउँ सभाले 'सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा' भन्ने नाराका साथ गुटुस्थित माध्यमिक विद्यालय र तोस्रास्थित माध्यमिक विद्यालयमा प्राविधिक शिक्षाका लागि आवश्यक बजेट विनियोजन गऱ्यो ।

पालिकाले सीटीईभीटीको टी-एसएलसी कार्यक्रमका लागि पनि आवश्यक प्रक्रियासमेत अगाडि बढायो । अहिले गुटुमा १८ महिने कृषि जेटिए र तोस्रामा १८ महिने सिभिल सव–ओभरसियरका कक्षाहरू सञ्चालन भइरहेका छन् । प्राविधिक शिक्षा सञ्चालन भइरहेका विद्यालयमध्ये गुटुस्थित जीवन ज्योति माविमा साधारण शिक्षातर्फ नौ सय १५ र प्राविधिक शिक्षातर्फ प्रथम वर्षमा ४० जना अध्ययनरत छन्। तोस्रास्थित जनजागृत माविमा साधारण शिक्षातर्फ पाँच सयजना छन् भने प्राविधिक शिक्षातर्फ ४० जना अध्ययनरत छन् । गाउँपालिकाले हाल सञ्चालन भइरहेको प्राविधिक शिक्षालाई अझ गुणस्तरीय र व्यवस्थित बनाउने लक्ष्य राखेको छ । १८ महिने कार्यक्रमलाई सीटीइभीटीईबाट तीन वर्षे कृषि तथा अन्य कार्यक्रम सञ्चालन गर्ने पनि अध्यक्ष शाही बताउनुहुन्छ ।

चौकुने कृषि तथा वन विज्ञान क्याम्पस नै स्थापना गर्ने र स्नातक तहको पढाई गर्ने योजनाका साथ अगाडि बढेको छ । यसका लागि २१ सदस्यीय सञ्चालन समिति गठन गरी पूर्वाधार निर्माण र अनुमतिका लागि विभिन्न विश्वविद्यालयसँग आवश्यक परामर्श थालेको छ । कृषि विज्ञान र वन विज्ञानका सम्पूर्ण पूर्वाधार तयार गरी कृषि तथा वन विज्ञान क्याम्पस स्थापना गर्ने लक्ष्य राखिएको छ। यसका अतिरिक्त गाउँपालिकाले भोकेसनल ट्रेनिङका लागि स्थानीय स्तरको पाठ्यक्रम तयार पार्ने तयारी गरिरहेको छ।

घाटगाउँ र लगाम माध्यमिक विद्यालयमा ९–१२ सम्मको प्रविधिक शिक्षा पढाइ सुरु हुँदैछ । स्थानीय स्तरमै भोकेसनल ट्रेनिङ दिने संस्थाहरू स्थापना गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने योजना पनि गाउँपालिकाको छ । 'आँखामा सपना, पकेटमा योजना र हातमा सीप' दिन सक्ने शिक्षाले मात्र वर्तमान विश्वको आवश्यकता पूरा गर्न सक्ने गाउँपालिकाका जनप्रतिनिधिको ठहर, विश्वास र बुझाइ छ ।

कृषि विज्ञान र वन विज्ञानका सम्पूर्ण पूर्वाधार तयार गरी कृषि तथा वन विज्ञान क्याम्पस स्थापना गर्ने लक्ष्य राखिएको छ। यसका अतिरिक्त गाउँपालिकाले भोकेसनल ट्रेनिङका लागि स्थानीय स्तरको पाठ्यक्रम तयार पार्ने तयारी गरिरहेको छ।



सिंहदरबार गाउँघरमा पुगेपछि समग्र विकास गर्ने क्रममा यस्तो आकर्षण थपिएको हो । नेपालको अधिकांश भू–भाग कृषियोग्य जमिन भएकाले कृषि उत्पादनमा जोड दिँदै स्थानीय जनताको आर्थिक स्तर वृद्धि गर्न यस्तो गर्न लागिएको हो ।

# भैंसीलाई पनि सुत्केरी भत्ता !

**कुमाख गाउँपालिका, सल्यान**

सुन्दा पनि अचम्म लाग्न सक्छ, भैंसीलाई सुत्केरी भत्ता ! कतिपय गाउँठाउँमा मान्छेलाई खान छैन, कतिपय ठाउँमा मान्छे सुत्केरी हुँदा गर्न खर्च छैन । तर सुर्खेतको कुमाख गाउँपालिकाले भने भैंसी सुत्केरी भए स्याहार सुसारका लागि भत्ता दिने भएको छ ।

कृषि तथा पशुजन्य उत्पादनलाई बढाउन सुत्केरी भैंसीलाई भत्ता दिएको छ । अधिकांश स्थानीयवासी कृषि तथा पशुपालनमा रहेको हुँदा भत्ता कार्यक्रम ल्याइएको गाउँपालिकाकी अध्यक्ष दिलमाया बुढामगरले बताउनुभयो । सिंहदरबार गाउँघरमा पुगेपछि समग्र विकास गर्ने क्रममा यस्तो आकर्षण थपिएको हो ।

नेपालको अधिकांश भू-भाग कृषियोग्य जमिन भएकाले कृषि उत्पादनमा जोड दिँदै स्थानीय जनताको आर्थिक स्तर वृद्धि गर्न यस्तो गर्न लागिएको हो । बालबालिका तथा सुत्केरीको पोषणका लागि दुध, दही र घिउ महत्वपूर्ण हुने भएकाले पनि भत्ता कार्यक्रम ल्याइएको उपाध्यक्ष बुढामगरले जानकारी दिनुभयो । उहाँ भन्नुहुन्छ, 'स्थानीय अर्थतन्त्रका लागि पनि महत्वपूर्ण भएकाले भत्ता दिने निर्णय गरिएको हो ।

यसले नागरिकलाई कृषि पेशामा आत्मनिर्भर हुने बाटो खुला गर्नेछ भने उनीहरूलाई स्वास्थ्य बन्न पनि मद्दत पुग्नेछ ।' यसका साथै भैंसीको उचित स्याहार सुसार पनि हुने गाउँपालिकाको बुझाइ छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रममा भैंसीलाई सुत्केरी भत्ताको कार्यक्रम समावेश गरिएको छ ।

कार्यक्रमले प्रतिसुत्केरी भैंसी दुई हजार पाँच सय रूपैयाँका दरले भत्ता दिन गाउँपालिकाबाट हाललाई दुई लाख रूपैयाँ विनियोजन गरिएको छ । वडा कार्यालयबाट सुत्केरी भैंसी र पाडाको सिफारिस लिएपछि सम्बन्धित किसानको नागरिकता फोटोकपी गाउँपालिकामा पेश गर्नुपर्ने हुन्छ ।

प्राप्त कागजातका आधारमा सबै प्रक्रिया पूरा भएपछि पशुपालक किसानलाई भत्ता उपलब्ध गराउने व्यवस्था छ । पशुपालनमा वृद्धिसँगै बजेट रकम बढाउँदै जाने उपाध्यक्ष बुढामगरले बताउनुभयो । आर्थिक वर्षको पहिलो चौमासिकमा ३३ जना किसानलाई भत्ता वितरण गरिएको छ । यस कार्यक्रमबाट किसान खुसी देखिएका छन् ।

उनीहरूलाई काम गर्न हौसला मिलेको रकम लिन आउने कृषकहरूले बताएका छन् । यस कार्यक्रमबाट भैंसीपालनमा वृद्धि हुने दुग्ध व्यवसाय प्रवर्द्धन भई आयआर्जनमा वृद्धि हुने र बालबालिकामा हुने कुपोषणमा कमी आउने र प्रांगारिक मल उत्पादनमा हुने र त्यसले कृषि उत्पादनमा पनि वृद्धि हुने अपेक्षा गाउँपालिकाले गरेको छ ।

कार्यक्रमबाट भैंसीपालनमा वृद्धि हुने दुग्ध व्यवसाय प्रवर्द्धन भई आयआर्जनमा वृद्धि हुने र बालबालिकामा हुने कुपोषणमा कमी आउने र प्रांगारिक मल उत्पादनमा हुने र त्यसले कृषि उत्पादनमा पनि वृद्धि हुने अपेक्षा गाउँपालिकाले गरेको छ । बालबालिका तथा सुत्केरीको पोषणका लागि दुध, दही र घिउ महत्वपूर्ण हुने भएकाले पनि भत्ता कार्यक्रम ल्याइएको छ ।

तिला गाउँपालिकाले व्यावसायिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषक समूहलाई निर्ब्याजी ऋण दिएको छ। गाउँपालिकाले वर्षेनी पाँचवटा समूहलाई १० लाख रूपैयाँ निर्ब्याजी रकम उपलब्ध गराउने र उक्त रकम किस्ताबन्दीमा तेस्रोदेखि पाँचौं वर्षभित्र फिर्ता गरिसक्नु पर्नेछ।



# व्यावसायिक कृषिमा निर्ब्याजी ऋण

**तिला गाउँपालिका, जुम्ला**

तिला गाउँपालिकाले व्यावसायिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषक समूहलाई निर्ब्याजी ऋण दिएको छ।

गाउँपालिकाले वर्षेनी पाँचवटा समूहलाई १० लाख रूपैयाँ निर्ब्याजी रकम उपलब्ध गराउने र उक्त रकम किस्ताबन्दीमा तेस्रोदेखि पाँचौ वर्षभित्र फिर्ता गरिसक्नु पर्नेछ।

यसले व्यावसायिक खेती प्रणालीको विकास तथा परम्परागत रैथाने बालीको संरक्षण हुने गाउँपालिकाको विश्वास छ। साथै कृषकको आय आर्जनमा वृद्धि हुनेछ। वर्षेनी कम्तीमा ५० जनाका दरले पाँच वर्षमा तीन सयभन्दा बढी कृषक व्यावसायिक बन्ने छन्।

यसले गर्दा लोप हुँदै गएको कृषि व्यावसायिक रूपमा अगाडि बढ्ने छ भने अर्कोतिर आम्दानीमा वृद्धि हुनेछ। यसका लागि गाउँपालिकामा छुट्टै व्यावसायिक कृषि कार्यक्रमका लागि कृषि घुम्ती कोष स्थापना गरेको गाउँपालिकाका अध्यक्ष रतननाथ योगीले बताउनुभयो।

यस कोषबाट भविष्यमा यसको दिगो व्यवस्थापनलगायत बजारीकरण लगानी गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो। कृषकले लगेको रकम सदुपयोगबारे कृषि समितिले अनुगमन गर्ने व्यवस्था गरेको छ।

कृषि समितिले प्रगतिबारे प्रत्येक ६/६ महिनामा प्रतिवेदन पेश गर्ने व्यवस्था गरेको छ। गाउँपालिकाभित्र कृषि संकलन केन्द्र स्थापना गरी कृषकको उत्पादित वस्तु संकलन तथा बिक्री वितरणमा सहजता ल्याउने पहल अगाडि बढेको छ। कर्णाली प्रदेशको जुम्ला जिल्लामा पर्ने सात गाउँपालिका मध्ये तिला एक हो। नौवटा वडामा १७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यसमा करिब १५ हजारमात्र जनसंख्या छ। यसको प्रत्यक्ष रेखदेख तथा कृषक हितका लागि बजार व्यवस्थापन समितिसमेत गठन गरी कार्य सुरुवात गरिएको छ।

यसले गाउँपालिकामा उत्पादन हुने अत्यन्तै मुल्यवान बाली फापर, कोदो, चिनोका साथै आलु, सिमी, मौरीपालन, भेडापालनमा लगानी गरी आय आर्जनमा वृद्धि गर्न लागिएको हो।

यसका अलावा यो क्षेत्र फलफूल खेतीका लागि पनि त्यतिकै सम्भावनाको क्षेत्र भएकाले यस कृषि कार्यक्रमअन्तर्गत गाउँपालिकामा दुईवटा नर्सरी स्थापना गरी नर्सरी धनीलाई आर्थिक सहयोग गर्ने कार्यक्रम छ।

यसैगरी, विभिन्न जातका हावापानी सुहाउँदो स्याउ, ओखर र विभिन्न फलफूलको विरुवा उत्पादन गरी यस गाउँपालिका प्रत्येक घरधुरीलाई अनिवार्य २० बोट स्याउ र पाँच बोट ओखर लगाउने नीति लिइएको अध्यक्ष योगी बताउनु हुन्छ। एक परिवार एक करेसाबारीको नीति लिई कार्यान्वयनमा ल्याउने कार्यक्रम अगाडि बढाइएको छ।

गाउँपालिकामा उत्पादन हुने अत्यन्तै मुल्यवान बाली फापर, कोदो, चिनोका साथै आलु, सिमी, मौरीपालन, भेडापालनमा लगानी गरी आय आर्जनमा वृद्धि गर्न लागिएको हो।



"पहिलेपहिले गाउँघरमा मेला, पर्व, विवाह, चाडबाडमा सोरठी, पैस्यारु नाच नाचिन्थ्यो। यो संस्कृति बिस्तारै हराइरहेको छ। पछिल्लो पुस्ताले यो कला संस्कृति चटक्कै बिर्सने सक्ने संभावना बढेर गएकाले यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सघाउन पुग्नेछ।"

# लोक संस्कृतिको संरक्षण र सम्वर्द्धनमा त्रिवेणी

**त्रिवेणी गाउँपालिका, सल्यान**

त्रिवेणी गाउँपालिका सल्यानले लोपोन्मुख स्थानीय लोक कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विशेष अभियान सुरु गरेको छ।

त्रिवेणी गाउँपालिकास्तरीय यस लोक संस्कृति संरक्षण तथा प्रस्तुतीकरणमा त्रिवेणीका ६ वटै वडाबाट १३ वटा समूह र दुईवटा माध्यमिक विद्यालयबाट सोरठी, पैस्यारु र वनगाडी टप्पा नाच प्रस्तुत गरिएको गाउँपालिकाका अध्यक्ष मानबहादुर डाँगीले जानकारी दिनुभयो। प्रत्येक समूहमा १५ देखि ३० जनासम्मको सहभागिता रहेको थियो।

मौलिक संस्कृतिको सम्बर्धन र संरक्षणको साथसाथै यस प्रति युवा पुस्ताको आकर्षण बढाउनु यस कार्यक्रमको उद्देश्य रहेको अध्यक्ष डाँगीले बताउनुभयो। "पहिलेपहिले गाउँघरमा मेला, पर्व, विवाह, चाडबाडमा सोरठी, पैस्यारु नाच नाचिन्थ्यो। यो संस्कृति बिस्तारै हराइहेको छ। पछिल्लो पुस्ताले यो कला संस्कृति चटक्कै बिर्सने सक्ने संभावना बढेर गएकाले यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सघाउन पुग्नेछ", अध्यक्ष डाँगीले अगाडि भन्नुभयो, "यस्तै अवस्था रहने हो भने कुनै समयमा गाउँघर घन्काउने हाम्रा लोक तथा मौलिक संस्कृति इतिहासमा मात्र सीमित हुन सक्छन्।"

"हाम्रा पूर्खाका धरोहरहरूलाई सम्वर्द्धन गर्नेपर्ने देखिएको छ। यी सबै खाले मौलिक संस्कृतिलाई सम्वृद्धिसँग जोड्न सकिन्छ। स्थानीय तहको सम्वृद्धिका लागि यसलाई पर्यटनसँग जोडेर लैजान सकिनेमा अध्यक्ष डाँगी ढुक्क हुनुहुन्छ। "नयाँ पुस्तालाई यसतर्फ आकर्षित गरी यसको प्रर्वद्धन र विकास गर्न सकिन्छ। वनगाडी टप्पा, सोरठी सल्यानको सम्पत्ति र पहिचान भएकाले संरक्षण गर्न तथा पर्यटक भित्र्याउन र आर्थिक उन्नतिको माध्यम बनाउन सकिन्छ", उहाँ थप्नुहुन्छ।

त्रिवेणी गाउँपालिकाले यस्ता मौलिक लोक संस्कृतिलाइ संरक्षण सम्वर्द्धन र विकास गर्न पहिलो चरणमा यो कार्यक्रमको आयोजना गरेको हो।

## स्थानीय पाठ्यक्रम "मेरो त्रिवेणी" लागू

त्यसैगरी, त्रिवेणी गाउँपालिकाले स्थानीय भाषा, भेषभूषा, परम्परागत सीपलाई समेटेर विद्यालय शिक्षाको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न लागेको छ। 'मेरो त्रिवेणी' नाम दिइएको नयाँ स्थानीय पाठ्यक्रम कक्षा १ देखि ५ कक्षासम्म अध्यापन गराउने तयारी भइरहेको अध्यक्ष डाँगीले बताउनुभयो।

पाठ्यक्रममा त्रिवेणी क्षेत्रको प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, तथा धार्मिक मठमन्दिर, परम्परागत सीपहरूबारे परिचित गराउने खालका विषय समावेश गरिनेछ। अध्यक्ष डाँगीले भन्नुभयो, "नयाँ पाठ्यक्रममा स्थानीय स्तरका जडीबुटी एवं आयुर्वेदिक उपचार पद्धति, चालचलन र रितिरिवाजको जानकारी पनि समेटिनेछ।" नयाँ पाठ्यक्रमले स्थानीय जीवन पद्धतिसँग गाँसिएका अभिन्न विषयहरूको जानकारी गराउने विश्वास उहाँको छ।

"बालबालिकालाई सानैदेखि आफ्नो गाउँठाउँको बारेमा पढाइयो भने त्यसको गहिरो प्रभाव पर्छ"। उहाँले भन्नुभयो, "पाठ्यक्रमले स्थानीयपनलाई जोगाइराख्न मद्दत पुऱ्याउने छ। पाठ्यक्रमका विषयहरू निर्धारण गर्दा स्थानीयवासीसँग समेत छलफल गरिरहेका छौं। स्थानीयवासीसँगको छलफल र अन्तरकृयाले पाठ्यक्रमका विषयहरू निर्धारण गर्दा कार्यान्वयन गर्न सहयोग पुग्नेछ।"

"पाठ्यपुस्तकमा समेटिएको गाउँठाउँको ऐतिहासिक महत्व, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञान-सीप समेटिनेछ," उहाँले भन्नुभयो, "पहिला आफूलाई चिनौं र पछि अरूलाई पनि चिनौं भन्ने हाम्रो धारणा हो। आफूलाई नचिनेर अरूलाई मात्र चिन्ने शिक्षा अपुरो हुन्छ।"

स्वास्थ्यकर्मीहरू नियमित रूपमा गाउँमा नबस्ने, आवश्य औषधिहरू प्रयाप्त मात्रामा उपलब्ध नहुने र राम्रो स्वास्थ्य उपचारका लागि सुर्खेत नेपालगञ्ज जानु पर्ने बाध्यता यहाँका जनताहरूले भोगिरहेका समस्याहरू हुन् ।



# दुर्गम गाउँमा पनि एक्सरे मेसिन

**नरहरिनाथ गाउँपालिका, कालिकोट**

कालिकोट जिल्लामा अवस्थित नरहरिनाथ गाउँपालिका, कर्णाली प्रदेशअन्तर्गत पहाडी विशेषता बोकेको गाउँपालिका हो । साविकको लालु, माल्कोट, कोटबाडा, रूपसा र कुमालगाउँ गाविस मिलेर २०७३ सालमा बनेको यो गाउँपालिका १४३.८६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

नरहरिनाथ गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण क्षेत्र हो । यो गाउँपालिकाको जम्मा घरपरिवार र जनसंख्या क्रमशः ३५८५ र २१३८१ रहेको छ । यो गाउँपालिकाले विकासको गतिलाई निरन्तरता दिने क्रममा विभिन्न बाधा तथा चुनौतीहरूको सामना गर्दै विकास निर्माण तथा नीति, नियम र कार्यविधि बनाउदै गाउँपालिकालाई समृद्धितर्फ लम्काउन रात दिन नभनी लागिरहेको छ । यो गाउँपालिका कर्णाली करिडोर सँगै जोडिएको भएता पनि यो गाउँपालिका सडक सञ्जालबाट वञ्चित रहँदै आएको छ । गाउँपालिका क्षेत्रभित्र एक प्राथमिक स्वास्थ्य केन्द्र र चारवटा स्वास्थ्य चौकीहरू रहेका छन् ।

कालिकोटकै एक दुर्गम गाउँपालिका भएको हुँदा गाउँमा जनस्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध हुन सकेको थिएन । स्वास्थ्यकर्मीहरू नियमित रूपमा गाउँमा नबस्ने, आवश्य औषधिहरू प्रर्याप्त मात्रामा उपलब्ध नहुने र राम्रो स्वास्थ्य उपचारको लागि सुर्खेत नेपालगञ्ज जानु पर्ने बाध्यता यहाँका जनताहरूले भोगिरहेका समस्याहरू हुन् ।

गाउँपालिकाको निर्वाचन पश्चात जनताले चुनेका प्रतिनिधिहरूले गाउँपालिकाको नेतृत्व गरी सकेपछि गाउँको समग्र विकासको लागि ब्यपक छलफल गरियो । सडक लगायत पूर्वाधारको विकास लगाय शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापक काम गर्नु पर्ने गाउँपालिकाको प्राथमिक कार्य रहेको निष्कर्ष निकालियो । यसै सन्दर्भमा गाउँमै एक एक्सरे मेसिन ल्याउनु पर्ने र त्यसका लागि पहल गर्ने निर्णय गरियो ।

यही सन्दर्भमा नेपाल सरकार संघीय मन्त्रालयअन्तर्गत स्वास्थ्य विभागमा बुझ्ने काम भयो । स्वास्थ्य विभागअन्तर्गत भौतिक शाखामा सम्पर्क गरी एक्सरे मेसिन उपलब्ध गराउन आधिकारिक रूपमा अनुरोध गरेपछि दुर्गम गाउँ भएको हुँदा एक एक्सरे मेसिन र त्यसलाई सञ्चालन गर्न एक डाक्टर पनि उपलब्ध गराउने सहमति भयो ।

सोहीबमोजिम प्राथमिक स्वास्थ्य केन्द्र कुमाल गाउँमा एक्सरे मेसिनको जडान गरी बिरामीहरूलाई थप सेवा प्रदान गरिएको छ । उक्त मेसिन काठमाडौंको टेकुदेखि ढुवानी गर्ने खर्च गाउँपालिका आफैंले व्यवस्था गरेको थियो ।

स्वस्थ्य केन्द्रमा एक्सरे मेसिन जडान भएपछि बिरामीले सहज स्वास्थ्य सेवा पाएका छन् । नरहरीनाथ गाउँपालिकाको अतिरिक्त सान्नी त्रिवेणी गाउँपालिका र अछाम जिल्लाका पञ्चदेवल विनायक नगरपालिका तथा रामारोशन गाउँपालिकाका बिरामी पनि यस स्वास्थ्य चौकीबाट लाभान्वित भएका छन् ।

स्वस्थ्य केन्द्रमा एक्सरे मेसिन जडान भएपछि बिरामीले सहज स्वास्थ्य सेवा पाएका छन् । नरहरीनाथ गाउँपालिकाको अतिरिक्त सान्नी त्रिवेणी गाउँपालिका र अछाम जिल्लाका पञ्चदेवल विनायक नगरपालिका तथा रामारोशन गाउँपालिकाका बिरामी पनि यस स्वास्थ्य चौकीबाट लाभान्वित भएका छन् ।



पशुविज्ञान अध्ययन अध्यापनका लागि छुट्टै भवन निर्माण गर्ने योजना गाउँपालिकाको छ । अध्यापनको कार्य आगामी वर्ष पनि जारी राख्ने योजना छ भने छिमेकी गाउँपालिकाबाट पनि विद्यार्थी अध्ययन गर्न आकर्षक योजना ल्याइनेछ ।

# गाउँमै पशु विज्ञानको पढाइ

**सर्केगाड गाउँपालिका, हुम्ला**

हुम्लाको सर्केगाड गाउँपालिकाले गाउँकै विद्यालयमा पशुविज्ञानको अध्यापन थालेको छ। दक्ष पशु प्राविधिकहरू उत्पादन गर्ने लक्ष्यका साथ अध्यापन थालेको हो ।

गाउँपालिकाका अध्यक्ष कर्षण रोकायाका अनुसार, स्थानीय निर्वाचन भएपछि बहाल भएका जनप्रतिनिधिको पहलमा वडा नं. ४ को साँयास्थित हिमज्योति माविमा पशु विज्ञानसम्बन्धी १५ महिने कक्षा सञ्चालन गरिएको छ । गाउँसभाले नै अनुमोदन गरेर उक्त अध्यापन थालेको हो ।

हिमज्योतिमा उक्त विषय अध्ययन गर्ने विद्यार्थीको संख्या ४० छ । अध्यापनका लागि जिल्ला बाहिरबाट आएका चार शिक्षकको व्यवस्था गरिएको छ । गाउँपालिकाले सिटीईभीटीबाट प्राविधिक शिक्षा अध्यापनका लागि अनुमति लिएका छन् । सिटीईभिटीले तोकेको पाठ्यक्रम अध्यापन गराइरहेको छ । पठनपाठनका लागि गाउँपालिकाले यस वर्ष १५ लाख रूपैयाँ विनियोजन गरेको छ ।

गाउँमै पशुविज्ञानको अध्यापन गर्न कुनै बाह्य संघसंस्थाको सहयोग छैन । तर यसको दिगोपनाका लागि भने संघसंस्थालाई अनुरोध गर्ने योजना छ। अध्ययन अध्यापन र सेवा विस्तारलाई प्रयोगशाला तथा औजारहरूको जरुरी पर्ने हुँदा गाउँपालिकालाई थप आर्थिक स्रोतको जरुरी पर्नेछ। पशुविज्ञान अध्ययन अध्यापनका लागि छुट्टै भवन निर्माण गर्ने योजना गाउँपालिकाको छ। अध्यापनको कार्य आगामी वर्ष पनि जारी राख्ने योजना छ भने छिमेकी गाउँपालिकाबाट पनि विद्यार्थी अध्ययन गर्न आकर्षक योजना ल्याइनेछ ।

गाउँपालिकाले डिप्लोमा कोर्ष नै अध्यापन गराउने लक्ष्य राखेको छ । यसले एकातिर गाउँमै पशुस्वास्थ्यसम्बन्धी जनशक्ति उत्पादन गरेको छ भने यसले पशुसेवा गाउँमै सरल तरिकाले हुने अवस्था सृजना गरेको छ। गाउँका प्राविधिक जनशक्तिले गाउँमै रोजगार तथा स्वरोजगारको व्यवस्था गर्न सक्नेछ भने गाउँमा उत्पादन भएका थप जनशक्तिले अन्यत्र पनि सेवा दिन सक्नेछ। रोजगारी सृजनाका लागि पनि यो प्रयास सहयोगी हुनेछ। गाउँवासीले चौंरी, भैंसी, गाई, गोरु, भेडा, खच्चड, बाख्रा, गधा र घोडाजस्ता पशुपालन गर्दै आएको छ। गाउँपालिकाको दक्षिणतिर अन्न उत्पादन हुँदै आएको छ भने उत्तरतर्फ चिसो जलवायुले पशुपालन मुख्य पेशा बन्दै आएको छ।

पशुपालन र त्यसको विकासका लागि गाउँपालिका संभावना भएको क्षेत्र मानिन्छ । पशुपालनको विशाल संभावना भएता पनि आधुनिक तरिकाले पशुपालनको अभ्यास भने हुन सकेको छैन। अर्कोतिर पशुपालनका लागि आवश्यक प्राविधिक जनशक्तिको अभाव सिंगो गाउँपालिकाले भोग्दै आएको समस्या हो । पशुडाक्टरहरू गाउँमा नरहने र पशु विभिन्न रोगका कारणले मर्ने हुँदा गाउँलेले वर्षेनी ठूलो क्षति व्यहोर्नु पर्ने समस्या छ। साथै पशुका रोगहरू मानिसमा सर्ने खतरा रहँदै आएको छ। यस आर्थिक वर्षमा गाउँपालिकाले उन्नत जातको नश्ल सुधार गर्ने, कृत्रिम गर्भधानमा जोड दिँदै बाख्रा, भेडा, च्यांग्रा, बंगुरपालन तथा मौरीपालनमा जोड दिने नीति बनाएको छ।

गाउँपालिकाले सिटीईभिटीबाट प्राविधिक शिक्षा अध्यापनका लागि अनुमति लिएका छन् । सिटीईभिटीले तोकेको पाठ्यक्रम अध्यापन गराइरहेको छ।

विपन्नता स्तरीकरणको आधारमा विपन्नता पहिचान भएका नागरिकहरूको जीवनस्तर उकास्नका लागि सरकारी, निजी, सहकारी र गैरसरकारी गरी "चार खम्बे" विकास नीति बनाइने छ । हाम्रो प्राथमिकता भनेकै विपन्न जनतालाई कसरी उकास्ने भन्ने हो ।



# सिम्ताले गऱ्यो विपन्नता स्तरीकरण

**सिम्ता गाउँपालिका, सुर्खेत**

सिम्ता गाउँपालिका सुर्खेतले आफ्ना नागरिकहरू मध्ये विपन्नता पहिचान गरी स्तरीकरण गरेको छ । विकास निर्माण, रोजगार, आयस्रोत, व्यापार, प्रविधिमैत्री, कलकारखाना लगायतका क्षेत्रमा पछाडी परेको सिम्ता गाउँपालिकाले यहाँको गरिबीको विश्लेषण गरी अल्पकालीन, मध्येकालीन तथा दीर्घकालीन योजना निर्माण गर्ने उद्देश्यले विपन्नता स्तरीकरण गरिएको अध्यक्ष कविन्द्र केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, विपन्नता स्तरीकरणको आधारमा विपन्नता पहिचान भएका नागरिकहरूको जीवनस्तर उकास्नका लागि सरकारी, निजी, सहकारी र गैरसरकारी गरी "चार खम्बे" विकास नीति बनाइने छ । हाम्रो प्राथमिकता भनेकै विपन्न जनतालाई कसरी उकास्ने भन्ने हो । यसका लागि उनीहरूलाई सेवा सहुलियताका साथै आम्दानीको पहुँचमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

सम्पन्नता स्तरीकरणको लागि गरिवी निवारण कोषको प्राविधिक सहयोगमा ५४ वटा मुख्य सूचकको आधारमा घरधुरी सर्वेक्षण गरिएको थियो । पहिलो पटक सर्वेक्षण गरी पुनः प्रत्येक बस्तीमा गएर विवरण रुजु गरिएको थियो । अध्यक्ष केसीका अनुसार, यसरी प्राप्त तथ्यांकको विश्लेषण मार्फत सम्पन्नता स्तरलाई अति विपन्न, विपन्न, मध्यम र सम्पन्न चार वर्गमा विभाजन गरी प्रमाण पत्र वितरण कार्य सुरुवात गरिएको छ । जहाँ क्रमश रातो, निलो, पहेलो र सेतो रङका प्रमाण पत्र वितरण गरिएको छ ।

अध्यक्ष केसीका अनुसार, विपन्नता स्तरीकरणपछि सबै बस्तीका सबै घरधुरीलाई सहकारीमा आवद्ध गरिनेछ । बस्तीहरूमा रहेका समूह, सहकारीहरूलाई गरिबी निवारणको अभियानमा संलग्न गराउने र आयआर्जनका काममा संस्थागत रूपमा सहभागी गराउने लक्ष्य रहेको छ । गाउँपालिकाका नौवटै वडामा वडास्तरीय सहकारी गठन तथा पुनर्गठन गरी गाउँपालिकाको प्रत्यक्ष समन्वयमा गाउँपालिका सहकारी संघ गठन गरेर सिम्ताको समृद्धिमा सहकारी अभियान सञ्चालन गरिने अध्यक्ष केसीले जानकारी दिनुभयो ।

यसैगरी, अति विपन्न र विपन्न वर्गको प्रमाणपत्र प्राप्त गर्ने वर्गलाई राज्यबाट प्रदान गर्ने सुविधामा पहिलो प्राथमिकता दिने, विभिन्न प्रकारका सेवा निःशुल्क प्रदान गर्ने, विकास निर्माणका योजनाहरू उनीहरू केन्द्रित गर्ने र आय आर्जनमुलक कार्यक्रममा अतिविपन्न वर्गलाई पहिलो प्राथमिता दिइनेछ । यसरी विपन्नता स्तरीकरणको प्रमाण पत्र वितरणको सुरुआत यही कार्तिक २० गते कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले गाउँपालिकामा एक समारोहबीच गर्नुभएको थियो । समारोहमा मन्त्री ज्वालाले यस प्रकारको कामको प्रंशसा गर्दै कर्णाली प्रदेशका अन्य स्थानीय तहमा पनि गर्न प्रदेश सरकारले आवश्यक समन्वय गर्ने बताउनुभयो ।

आर्थिक मामिला मन्त्रीको प्रतिवद्धतास्वरूप कर्णाली प्रदेश सरकारले कृषिमन्त्रीको संयोजकत्वमा सबै मन्त्रालयका सचिवहरू सदस्य रहेको गरिबी निवारण समितिमा सिम्ताका अध्यक्ष केसीले आफ्नो कार्य र अनुभव आदानप्रदान गरिसक्नु भएको छ ।

उक्त समितिको सोही बैठकले कर्णाली प्रदेशका सबै जिल्लामा स्थानीय तहहरूमा तथ्यांक संकलन गर्नेसमेत निर्णय भएको अध्यक्ष केसीले जानकारी दिनुभयो । स्थानीय सरकारले विपन्नता स्तरीकरण गर्ने सिम्ता गाउँपालिकाको यो प्रयास सम्भवतः नेपालकै पहिलो भएको अनुमान गरिएको छ ।




**सार्वजनिक यातायात, सञ्चार सेवा तथा विद्युत्को राम्रो प्रबन्ध नभएको यस गाउँपालिका विकासका हिसाबले निकै पछाडि परेको छ भने अर्कोतर्फ विभिन्न खाले हिंसा, लैंगिक तथा जातीय विभेद, बालविवाह, छाउपडीजस्ता कुरीति विद्यमान छन् ।**

# मानवअधिकारमैत्री गाउँपालिका

**महाबु गाउँपालिका, दैलेख**

महाबु गाउँपालिका दैलेखले आफ्नो गाउँपालिकालाई मानव अधिकारमैत्री बनाउने घोषणा गरेको छ । जिल्लामै आर्थिक दृष्टिकोणले विपन्न तर प्राकृतिक, पुरातात्विक, धार्मिक र ऐतिहासिक दृष्टिकोणले महाबु गाउँपालिका सम्वृद्ध छ । जिल्लाका गाउँपालिकामध्ये महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थित एक दुर्गम पहाडी गाउँपालिका हो महाबु ।

सार्वजनिक यातायात, सञ्चार सेवा तथा विद्युत्को राम्रो प्रबन्ध नभएको यस गाउँपालिका विकासका हिसाबले निकै पछाडि परेको छ भने अर्कोतर्फ विभिन्न खाले हिंसा, लैंगिक तथा जातीय विभेद, बालविवाह, छाउपडीजस्ता कुरीति विद्यमान छन् । शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत सेवा पर्याप्त छैनन् । यसै तथ्यलाई मनन् गर्दै गत वर्ष सम्पन्न गाउँसभाले गाउँपालिकालाई 'मानवअधिकारमैत्री' गाउँपालिका बनाउने उद्घोष गरेको हो ।

गाउँपालिकाका अध्यक्ष जंगबहादुर शाहीका अनुसार, गाउँपालिका तथा वडा समितिका गतिविधिलाई मानवअधिकारमुखी बनाउने प्रयासको थालनी गरिएको छ । मानवअधिकारमुखी बनाउने अभियान वडा नम्बर २ बाट प्रारम्भ गरिएको छ । यही क्रममा गाउँपालिकाले १९ वटा ऐन, कानुन, निर्देशिकासमेत बनाई जारी गरिसकेको छ ।

पालिकालाई मानवअधिकारमैत्री बनाउने सन्दर्भमा मानवअधिकार, कानुनी व्यवस्थाहरूबारे सबै नागरिकलाई जानकारी गराउने र सचेतना बढाउने अभियानहरू सञ्चालन जनप्रतिनिधिले गरिरहेका छन् । अध्यक्ष शाहीका अनुसार, मुख्यगरी लैंगिक हिंसा गर्न नहुने, बालविवाह किन गर्न हुन्न, छाउपडी अभ्यास गर्न नहुने र त्यसो गरेमा कानुनी दण्ड जरिवाना गर्ने व्यवस्थाको बारेमा सचेत गर्ने गरिएको छ । स्थानीय तहमै प्रारम्भिक न्यायमा पहुँच बढाउन गाउँपालिकामा अवस्थित न्यायिक समितिलाई तालिमसमेत दिइएको छ ।

मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि सार्वजनिक निकाय र नागरिकबीच नियमित अन्तरक्रिया भइरहेको छ । विशेषगरी सुरक्षा निकायका स्थानीय संयन्त्र, प्रशासन र नागरिकबीच सचेतना वृद्धिसम्बन्धी कार्य भइरहेको अध्यक्ष शाहीको भनाइ छ । नागरिकलाई स्वच्छ खानेपानी आपूर्तिका लागि 'एक घर, एक धारा' निर्माणको कार्यक्रम पनि सुरु गरिएको छ । सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन वडा कार्यालयलाई व्यवस्थित गरिएको छ, साथै सूचना प्रविधिहरूलाई प्रयोगमा ल्याइएको छ ।

'विकास र परिवर्तन भनेकै मानव अधिकार हो' भन्ने विश्वासका साथ गाउँपालिकाभित्र मानवअधिकार उल्लंघनका घटनाहरू हुन नदिन गाउँपालिकाका जनप्रतिनिधि लागि परेका छन् । सम्पूर्ण जनप्रतिनिधिलाई मानवअधिकार शिक्षा दिइएको छ । मानवअधिकारमैत्री गाउँपालिका बनाउने अभियानस्वरूप तीन वर्षभित्र 'मानवअधिकारमैत्री' गाउँपालिका घोषणा गरिसक्ने प्रतिवद्धता रहेको अध्यक्ष शाहीले जानकारी दिनुभयो ।

**मुख्यगरी लैंगिक हिंसा गर्न नहुने, बालविवाह किन गर्न हुन्न, छाउपडी अभ्यास गर्न नहुने र त्यसो गरेमा कानुनी दण्ड जरिवाना गर्ने व्यवस्थाको बारेमा सचेत गर्ने गरिएको छ ।**

**गाउँपालिकाले जनचेतना अभिवृद्धि गर्नुका अतिरिक्त गैरदलित समुदायका अगुवा दलितकै घरमा गई बस्ने, खाने र सहभोज गर्नेजस्ता क्रियाकलाप सञ्चालनको अगुवाई गर्ने काम भयो।**



# छुवाछूतमुक्त गाउँपालिका घोषणा

**जगदुल्ला गाउँपालिका, डोल्पा**

कर्णाली प्रदेशको पनि सबैभन्दा दुर्गममा रहेको जिल्ला डोल्पाको जगदुल्ला गाउँपालिकाले समाजमा विद्यमान छुवाछूत र भेदभावसम्बन्धी कुरीति अन्त्य भएको घोषणा गरेको छ। छुवाछूत र जातीय भेदभाव यहाँको एक मुख्य समस्या रहँदै आएको थियो।

संविधान र कानुनमा जातीय भेदभाव अन्त्य गरिएको भनिए पनि लामो समयदेखि सामाजिक कुरीतिको रूपमा जकडिएको यो प्रथा अन्त हुन सकेको थिएन। गाउँपालिकाका अध्यक्ष नारासिं रोकायाका अनुसार अति विकट भौगोलिक अवस्थामा रहेको जगदुल्लामा झन्डै २० प्रतिशत जनसंख्या दलित समुदाय छ।

धारा पधेंरामा होस् वा कुनै धार्मिक काममा, दलित परिवारप्रति छुवाछूतको व्यवहार गरिँदै आएको थियो। छुवाछूत प्रथाले गाउँघरमा विभेद जन्माएका कारण स्रोतसाधन र अवसरहरूमा दलित परिवार वञ्चित रहँदै आएका थिए।

'संसारका सबै मानिस बराबर हुन् र यो संसारमा दुईवटा जात महिला र पुरुषभन्दा अरू कोही छैन' भन्ने बुझाइ बिस्तारै विकसित हुँदै गए पनि त्यसलाई व्यवहारमा लागू गर्नु निकै कठिन थियो।

गत वर्ष गाउँपालिकामा जनप्रतिनिधि आएपछि मानव सभ्यताकै कलंकका रूपमा रहेको यो र यस्तै अन्य प्रथा समाप्त पार्न कम्मर कसेर लाग्नु पर्छ भन्ने निष्कर्ष निकालियो। अध्यक्ष रोकायाका अनुसार, 'गाउँपालिकाले कानुनी र व्यावहारिक रूपमै छुवाछूत तथा जातीय भेदभावको अन्त्य गर्ने उद्देश्यका साथ एक अभियान अगाडि बढायौं।

अभियानलाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय दुई दिने प्रशिक्षण आयोजना भयो। प्रशिक्षणसँगै गाउँगाउँमा पुगेर छुवाछूतविरुद्ध जनचेतना जगाउने कामहरू पनि भए। गाउँपालिकाले जनचेतना अभिवृद्धि गर्नुका अतिरिक्त गैरदलित समुदायका अगुवा दलितकै घरमा गई बस्ने, खाने र सहभोज गर्नेजस्ता क्रियाकलाप सञ्चालनको अगुवाई गर्ने काम भयो। दलित परिवारलाई घरायसी तथा व्यक्तिगत सरसफाईमा जोड गर्न अभिप्रेरित गरियो।

यस्ता क्रियाकलापले दलित परिवारमा उत्साह जगाएको छ भने गैरदलितहरूले पनि छुवाछूत जायज कुरा होइन साथै कानुनी हिसाबले दण्डनीय छ भन्ने बुझ्न र बुझाउन मद्दत गरेका छन्। अहिले गाउँघरमा सबैखाले जातजातिका मानिसबीच आवतजावत बढेको छ भने आवश्यक परेका बेला परस्पर सहयोग गर्ने अभ्यास सुरु भएको छ।

अध्यक्ष रोकाया भन्नुहुन्छ, 'विभेदरहित समाज निर्माणमा गाउँपालिकाले चलाएको यो अभियान सामाजिक रूपान्तरणका लागि गाउँपालिकाको विकासमा निकै महत्वपूर्ण मानिएको छ।'

छुवाछूत अन्त्य गर्ने गाउँपालिकाले चलाएको अभियानलाई कानुनी रूप दिन गाउँ कार्यपालिकाले छुवाछूत अन्त्य कार्यविधि २०७५ पनि स्वीकृत गरेको छ।

**यस्ता क्रियाकलापले दलित परिवारमा उत्साह जगाएको छ भने गैरदलितहरूले पनि छुवाछूत जायज कुरा होइन साथै कानुनी हिसाबले दण्डनीय छ भन्ने बुझ्न र बुझाउन मद्दत गरेका छन्।**



**बस्तीदेखि मुहान धेरै तल रहेकाले विगतमा यहाँ खानेपानीसम्बन्धी कुनै पनि योजना नै पर्दैनथ्यो। त्यही भएर उपभोक्ताले आफ्नो बस्तीमा पानीको योजना आउला भन्ने आशा पनि मारिसकेका थिए।**

# चेपाङ बस्तीमा सोलार पम्पबाट खानेपानी

**बराहताल गाउँपालिका, सुर्खेत**

चेपाङ बस्तीमा दसकौंदेखि खानेपानी समस्या छ । स्थानीय सरकारमा आएपछि जनप्रतिनिधिले यो समस्या वर्ष दिनमै समाधान गरिदिएका छन् । बराहताल गाउँपालिका ५ स्थित चेपाङ बस्तीदेखि तल मुहानबाट सोलार पम्पिङ गरी पानी तानी बस्तीमा वितरण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष तेजबहादुर बस्नेतका अनुसार, बस्तीदेखि मुहान धेरै तल रहेकाले विगतमा यहाँ खानेपानीसम्बन्धी कुनै पनि योजना नै पर्दैनथ्यो । त्यही भएर उपभोक्ताले आफ्नो बस्तीमा पानीको योजना आउला भन्ने आशा पनि मारिसकेका थिए । जब, सौर्य उर्जाको माध्यमबाट बस्तीभन्दा तल रहेको मुहानको पानीलाई लिफ्ट गर्ने योजना आयो तब चेपाङवासीमा खुसीको सीमा नै रहेन। श्रमदान जुटाएर 'असम्भव' ठानिएको योजना पूरा गर्न कम्मर कस्ने काम भएको हो। स्थानीय गौमती राम्जालीले आफूहरूको ठूलो समस्या अन्त्य भएको बताउनुभयो ।

'त्यति तलबाट पानी के आउला भनेर पत्याएकै थिएनौं', राम्जालीले भन्नुभयो, 'घर-घरमा धारा हुँदा पानीको दुःख सकियो ।' ५३ घरधुरीले पिउने पानीका साथै पर्याप्त सिँचाइ सुविधा पाएका छन् । 'पानीकै पिरलोले छोराछोरीको पढाइ बिग्रेको थियो', देवस्थलकी कल्पना विकले भन्नुभयो, 'सोलारबाट तानेपछि त आँगनमै पानी आयो ।'

दलित, जनजाति र चेपाङको बाहुल्यता रहेको बस्ती खानेपानी समस्या समाधानपछि व्यावसायिक तरकारी खेतीमा जुटेको छ। नजिकै बजार भएकाले कृषकहरूमा उत्पादन कसले बढी गर्ने भन्नेमै प्रतिस्पर्धा चलेको छ। व्यावसायिक रूपमा तरकारी उत्पादनमा सघाउन गाउँपालिकाले हालैमात्र ४३ वटा टनेल वितरण गरिसकेको छ ।

बराहताल गाउँपालिका, सुन्दर नेपाल संस्था र उपभोक्ताको संयुक्त प्रयासमा खानेपानी ग्रामीण सौर्य उर्जा बहुउद्देश्यीय पानी प्रणाली परियोजना सम्पन्न भएको अध्यक्ष बस्नेतले जानकारी दिनुभयो। सोलार मुस दोस्रो चरणअन्तर्गत गत वर्ष वैशाखदेखि निर्माण सुरु आयोजना पनि हालै सम्पन्न भएको हो। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सोलार मुस, गाउँपालिका र समुदायको सहयोगमा २९ लाख १८ हजार रूपैयाँमा योजना सम्पन्न भएको हो। तीन हजार एक सय २० वाट क्षमताको सोलारले पम्पिङ गरेर बस्तीमाथि दुई ट्यांकीमा पानी भण्डारण हुने गर्दछ। फिल्टर ट्यांकीबाट १३ धारामा आपूर्तिको व्यवस्था मिलाइएको छ ।

गाउँपालिकाका अध्यक्ष बस्नेतले भौगोलिक विकटताका कारण सोलार लिफ्टिङ योजना प्रभावकारी भएको बताउनुभयो । 'असम्भव देखिने ठाउँबाट खानेपानी आएपछि उपभोक्ता हर्षित छन्, यसले हामीलाई पनि उत्साह थप्यो,' उहाँले भन्नुभयो, 'वडा नं. १० स्थित लेखगाउँ र चेपाङ भेरी छालमा पनि यस्तै आयोजना सञ्चालन गर्दैछौं ।' यी आयोजनाका लागि प्रदेश सरकार र दातृ निकायसँग बजेट माग गरिएको छ ।'

अग्लो स्थानमा बस्ती हुनु र नजिकै पानीका मुहान नहुँदा स्थानीयले वर्षौंसम्म दुःख झेल्नुपरेको थियो । 'गाग्रीमा पानी बोकेरै दिन बिते, पानीकै पिरलोले छोराछोरीको पढाइ बिग्रेको थियो', देवस्थलकी कल्पना विकले भन्नुभयो, 'हामीलाई त विश्वासै थिएन, सोलारबाट तानेपछि आँगनमै पानी आउला भनेर ।'

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सोलार मुस, गाउँपालिका र समुदायको सहयोगमा २९ लाख १८ हजार रूपैयाँमा योजना सम्पन्न भएको हो। तीन हजार एक सय २० वाट क्षमताको सोलारले पम्पिङ गरेर बस्तीमाथि दुई ट्यांकीमा पानी भण्डारण हुने गर्दछ।**

# सुदूरपश्चिम प्रदेश






| क्र.सं. | जिल्ला | गाउँपालिका | शीर्षक | पेज नं |
|---|---|---|---|---|
| ८९. | बझाङ | वित्थडचिर | पढाउने होइन सिकाउने अभियानमा सबै विद्यालय | ९५ |
| ९०. | बाजुरा | गौमुल | 'मदिरा सेवन परिचय-पत्र' अनिवार्यपछि गाउँमा शान्ति ! | ९६ |
| ९१. | डोटी | जोरायल | परम्परागत सीपबाटै दलित समुदायमा समृद्धि | ९७ |
| ९२. | डोटी | के.आई. सिंह | सुपथ मूल्य पसलले दिलायो सहज जीवनशैली | ९८ |
| ९३. | डोटी | पूर्वीचौकी | गाउँमै सिभिल इन्जिनियरिङको पढाइ | ९९ |
| ९४. | डडेलधुरा | अजेयमेरु | सबै स्वास्थ्य चौकीमा ल्याबसँगै "नो मोर होम डेलिभरी" | १०० |
| ९५. | बाजुरा | खप्तड छेडेदह | वडैपिच्छे सुरक्षित नमूना बस्ती | १०१ |
| ९६. | दार्चुला | मालिकार्जुन | सौर्य सडक बत्तीले गाउँ झलमल्ल | १०२ |
| ९७. | बाजुरा | जगनाथ | भोकमरी घटाउन 'एक घर, एक करेसाबारी' | १०३ |
| ९८. | अछाम | तुर्माखाद | गाउँमै प्राविधिक शिक्षा, विद्यार्थी लाभान्वित | १०४ |
| ९९. | डडेलधुरा | नवदुर्गा | घाँस बेचेर मासिक २० हजार आम्दानी | १०५ |
| १००. | कैलाली | कैलारी | गाउँपालिकाले बनायो ५५० युवालाई स्वरोजगार | १०६ |
| १०१ | डडेलधुरा | भागेश्वर | छाउपडी प्रथा उन्मुलन अब अभियानबाटै | १०७ |



कक्षाकोठा मात्रै होइन, सिकाई पद्दति पनि बालमैत्री बनाइएको छ । 'पढाउने होइन, सिकाउने' भन्ने नारालाई यहाँ व्यवहारमै उतारिएको छ ।

# पढाउने होइन सिकाउने अभियानमा सबै विद्यालय

**बित्थडचिर गाउँपालिका, बझाङ**

बझाङको बित्थडचिर गाउँपालिकामा एकैचोटि ३४ विद्यालयमा व्यापक सुधार सम्भव भएको छ । गाउँपालिकाले गाउँपालिकाभित्रका एक क्याम्पस, पाँच माध्यमिक विद्यालय, २७ आधारभूत विद्यालय र एक सामुदायिक बाल कक्षामा भौतिक पूर्वाधार विकाससँगै शिक्षण पद्दतीमा सुधार गरेको हो ।

कतिपय विद्यालयको भवन नयाँ बनेको छ भने कतिपयको मर्मत गरिएको छ । आधारभूत विद्यालय, सामुदायिक बाल कक्षा र प्राथमिक तहका विद्यार्थीका लागि बालमैत्री कक्षाकोठा निर्माण भएको छ ।

कक्षाकोठा मात्रै होइन, सिकाई पद्दति पनि बालमैत्री बनाइएको छ । 'पढाउने होइन, सिकाउने' भन्ने नारालाई यहाँ व्यवहारमै उतारिएको छ । त्यस्तै, पाठयोजना सहितको शैक्षिक क्यालेण्डर बनाइएको छ । जसले विद्यार्थीलाई पढ्न सिक्न र विद्यालयको गतिविधिबारे थाहा पाउन सजिलो भएको छ ।

शिक्षालाई गुणस्तरीय र व्यावहारिक बनाउन अध्यापन शैलीलाई सरलीकृत गरिएको छ । बढीभन्दा बढी प्रयोगात्मक विधिबाट अध्यापन हुने हुँदा विद्यालयप्रति बालबालिकाको आकर्षण बढेको छ । यहाँ क्रमशः विद्यालयबाहिर रहेका विद्यार्थीको संङ्ख्या घट्दो छ ।

चन्दा संकलनबाट तलब सुविधा लिँदै आएका एक सय १३ शिक्षक शिक्षिकालाई गाउँपालिकाले नै तलब दिन थालेको छ । यसले विद्यालयलाई आर्थिक बोझ कम भएको छ । जसको नतिजा स्वरूप विद्यालयको पूरै ध्यान शैक्षिक सुधारतिर मोडिएको छ ।

विद्यालयको भौतिक विकासका लागि समुदायलाई प्रत्यक्ष सहभागी गराइएको थियो । जसले विद्यालयप्रति अभिभावक र समुदायको अपनत्व बढेको छ । गाउँपालिकाले यो कार्यक्रम सुरु गर्नुपूर्व विद्यालयहरूको भौतिकस्थिति जर्जर थियो । सुन्दर, आकर्षक र विद्यार्थीमैत्री कक्षा कोठा नहुँदा विद्यार्थीले विद्यालय छाड्ने क्रम बढेको थियो ।


पढाइ परम्परागत थियो । पढाइलाई हेर्ने दृष्टिकोण 'घोक्ने मात्रै' हो भन्ने थियो । शिक्षकलाई चन्दा उठाएर पारिश्रमिक दिनुपर्ने बाध्यता हटेको छ । निजी स्रोतका शिक्षकले समयमै पारिश्रमिक पाउँदैनथे । जसकारण शिक्षकलाई शिक्षणप्रति खासै रुचि हुँदैनथ्यो । र, उनीहरू जिम्मेवारी बोध पनि गर्दैनथे ।

शिक्षा व्यावहारिक र विद्यार्थीलाई आकर्षण गर्ने किसिमको हुँदैनथ्यो । अहिले विद्यालयप्रति विद्यार्थी आकर्षण बढेको छ । अभिभावकको पनि विद्यालय र शिक्षालाई हेर्ने नकारात्मक दृष्टिमा परिवर्तन आएको छ ।

गाउँसभाबाट कार्यक्रम र बजेट विनियोजन गरी यो कार्यक्रम सञ्चालन गरिएको हो । गाउँपालिकाको दुई करोड १३ लाख रूपैयाँ बजेट यो कार्यक्रम सम्भव भएको हो । कार्यक्रबाट गाउँपालिकाका ७ हजार विद्यार्थी लाभान्वित भएका छन् ।

शिक्षालाई गुणस्तरीय र व्यावहारिक बनाउन अध्यापन शैलीलाई सरलीकृत गरिएको छ । बढीभन्दा बढी प्रयोगात्मक विधिबाट अध्यापन हुने हुँदा विद्यालयप्रति बालबालिकाको आकर्षण बढेको छ । यहाँ क्रमशः विद्यालयबाहिर रहेका विद्यार्थीको संङ्ख्या घट्दो छ ।

बाजुराको गौमुल गाउँपालिकाले मदिरा सेवन गर्नेलाई परिचयपत्र अनिवार्य गरेपछि गाउँगाउँमा उल्लेख्य सकारात्मक परिवर्तन आएको छ । जब गाउँपालिकाले 'मदिरा सेवन परिचयपत्र' अनिवार्य गऱ्यो, तब यसको चौतर्फी चर्चा भयो ।




# 'मदिरा सेवन परिचय-पत्र' अनिवार्यपछि गाउँमा शान्ति !

**गौमुल गाउँपालिका, बाजुरा**

झट्ट सुन्दा मदिरा सेवनकर्तालाई परिचयपत्र अनिवार्य गरिएको सुन्दा अचम्म लाग्न सक्छ । र, मदिरा पिउने 'लाइसेन्स' दिने कुराले त समाज झन् विकृति भित्रिदैन र ? भन्ने स्वभाविक प्रश्न उठ्न सक्छ । तर, बाजुराको गौमुल गाउँपालिकाले मदिरा सेवन गर्नेलाई परिचयपत्र अनिवार्य गरेपछि गाउँगाउँमा उल्लेख्य सकारात्मक परिवर्तन आएको छ ।

जब गाउँपालिकाले 'मदिरा सेवन परिचयपत्र' अनिवार्य गऱ्यो, तब यसको चौतर्फी चर्चा भयो । कतिपयले स्थानीय तहले गरेको आलोकाँचो निर्णय भने त कति सत्प्रयास । कतिपयले त 'हावादारी निर्णय' भनेर खिल्ली उडाए । तर, जब परिचयपत्र लागू भएपछि मदिरा सेवन गरेर होहल्ला तथा झैझगडा गर्नेको सङ्ख्यामा कमी आयो, तब खिल्ली उडाउनेहरूले पनि गाउँपालिकाको निर्णयलाई स्वागत र सम्मान गर्न थाले ।

'मदिरा सेवन परिचयपत्र' लागू हुनुपूर्व मदिरा सेवनकै कारण गाउँमा थुप्रै झगडा हुन्थ्यो । गाउँपालिकाको न्यायिक समितिमा कुटाकुट तथा झगडासँग जोडिएका थुप्रै मुद्दामा मदिरा जोडिएको हुन्थ्यो । महिला हिंसाका घटना दैनन्दिन हुन्थ्यो । मदिरा सेवनकै कारण गाउँ अशान्त थियो । तर, अहिले गाउँ शान्त भएको छ । 'मदिरा सेवन परिचयपत्र अनिवार्य गरेपछि न्यायिक समिति आउने झैझगडा, महिला हिंसा र कुटपिटको मुद्दाको संख्या ह्वात्तै घटेको छ ।' गौमुल गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक सीता थापाले बताउनुभयो ।

गाउँपालिकाले ऐन नै बनाएर 'मदिरा सेवन परिचयपत्र-२०७५' वितरण थालेको हो । गाउँपालिकाले गत असारमा 'मदिरा व्यवस्थापन गर्न बनेको ऐन २०७५' पास गरेको थियो । ऐनअनुसार साउनदेखि मदिरा पिउन परिचयपत्र बाँड्न थालेको हो । कात्तिक मसान्तसम्म करिब दुई सय जनाले उक्त परिचयपत्र लिएका छन् । परिचयपत्र लिन सेवनकर्ताले वार्षिक ५ सय रूपैयाँ बुझाउनुपर्ने व्यवस्था छ । यसबाट गाउँपालिकालाई आम्दानीसमेत भएको छ ।

परिचयपत्र लिएपछि साँझ ६ देखि ९ बजेसम्म मदिरा पिउन पाइन्छ । एक जनाले एक दिनमा १८० मिलिलिटर मात्र मदिरा पिउन पाउनेछन् । गाउँमा आउने पाहुनाले पनि परिचयपत्र लिन अनिवार्य गरिएको छ । परिचयपत्र नलिनेलाई मदिरा सेवन निषेध गरिएको छ । परिचयपत्र नभएकाले मदिरा पिएको भेटिएमा पहिलो पटक दुई हजार र दोस्रो पटक ७ हजार जरिवाना तोकिएको छ । यसले मदिरा सेवन व्यवस्थित भएको छ । मनलाग्दी मदिरा सेवन गर्न नपाउने भएपछि मदिरका कारण हुने अवाञ्छित गतिविधि घटेको छ । मदिरा सेवनकर्ताले मात्रै होइन, मदिरा पसल सञ्चालनकले पनि लाइसेन्स लिन अनिवार्य गरिएको छ । यसले मदिराको बिक्रीवितरण व्यवस्थित भएको छ ।

परिचयपत्र लिनैपर्ने वाध्यता भएपछि अत्यधिक मदिरा सेवन गर्नेहरूले सामाजिक प्रतिष्ठाका कारण मदिरा सेवन गर्नै छाडेका छन् । मदिरा सेवन गर्नेको सङ्ख्या घटेसँगै गौमुल गाउँपालिका शान्त भएको छ । र, मदिराका कारण हुने घरझगडा, हिंसा कम भएसँगै यहाँका महिला खुसी भएका छन् । आर्थिक जोहो पनि बढ्न थालेको छ । मदिरा सेवन व्यवस्थितसँगै गाउँलाई मदिरामुक्त बनाउने गाउँपालिकाको लक्ष्य, जुन सफलताउन्मुख छ ।

**परिचयपत्र लिन सेवनकर्ताले वार्षिक ५ सय रूपैयाँ बुझाउनुपर्ने व्यवस्था छ । यसबाट गाउँपालिकालाई आम्दानी भएको छ । परिचयपत्र लिएपछि साँझ ६ देखि ९ बजेसम्म मदिरा पिउन पाइन्छ ।**



कार्यक्रमअन्तर्गत अतिविपन्न ४३ दलित परिवारलाई सिलाई मेसिन, छाला जुत्ता उत्पादनका लागि आवश्यक औजार तथा मेसिन, आरनलगायत प्रविधि उपलब्ध गराइएको छ । गाउँसभाबाट कार्यक्रम र बजेट बिनियोजन गरी दलित बस्तीमा परम्परागत सीप विकास कार्यक्रम लागू भएको हो । ”

# परम्परागत सीपबाटै दलित समुदायमा समृद्धि

**जोरायल गाउँपालिका, डोटी**

जोरायल गाउँपालिकाका अधिकांश दलित समुदायको आयस्तर कमजोर थियो । सामान्य दैनिकी गुजार्न नै उनीहरूलाई कठिन थियो । निर्वाहमुखी र परम्परागत खेती प्रणलीका कारण जीवन धान्ने धौधौको स्थितिमा रहेका दलित समुदायको जीवनस्तर उकास्ने उद्देश्यसहित जोरायल गाउँपालिकाले 'परम्परागत सीप विकास कार्यक्रम' सञ्चालन गऱ्यो ।

परम्परागत पेशा र सीपको संरक्षणसँगै बस्तु उत्पादन र निर्यात गर्ने लक्ष्यका साथ गाउँपालिकाका ६ वटा वडामा उक्त कार्यक्रम लागू भएको छ । कार्यक्रमअन्तर्गत अति विपन्न ४३ दलित परिवारलाई सिलाई मेसिन, छाला जुत्ता उत्पादनका लागि आवश्यक औजार तथा मेसिन, आरनलगायत प्रविधि उपलब्ध गराइएको छ । गाउँसभाबाट कार्यक्रम र बजेट बिनियोजन गरी दलित बस्तीमा परम्परागत सीप विकास कार्यक्रम लागू भएको हो ।

कार्यक्रम लागू भएपछि दलित समुदायका ४३ परिवारसँगै विभिन्न कच्चा पदार्थ उत्पादन गर्ने र व्यापार गर्नेले रोजगारी पाएका छन् । जीवनस्तरमा उल्लेख्य प्रगति भएको छ । सामान्य गर्जो टार्न नै ऋण खोज्नपर्ने बाध्यताबाट उनीहरू मुक्त भएका छन् ।

गाउँमै जुत्ता, घरेलु औजार र कपडाको सिलाई कटाई हुन थालेपछि सिङ्गो गाउँपालिकाका उपभोक्ता लाभान्वित भएका छन् । सीप र प्रविधि अभावमा परम्परागत पेशा नै लोप हुने स्थिति आएपछि गाउँपालिकाले ल्याएको कार्यक्रमबाट सबै गाउँबासी खुसी भएका छन् ।

गाउँपालिकाको ६ लाख रूपैयाँ लगानीमा सुरु भएको कार्यक्रमबाट थुप्रै आम्दानी भइसकेको छ । विशेष गरी छाला जुत्ता उत्पादनले सबैभन्दा बढी प्रभाव पारेको छ । यहाँ उत्पादित छालाजुत्ताको माग बढ्न थालेको छ । अहिले मासिक तीन सय जोर छाला जुत्ता उत्पादन भइरहेको छ । जुन स्थानीय बजारमै बिक्री हुन्छ । छाला जुत्ता सिलाउनेले घरमै बसेर मासिक १० हजार रूपैयाँसम्म कमाइरहेका छन् । त्यस्तै, सिलाई कटाई गर्नेले औसत मासिक ५ हजार रूपैयाँ कमाइरहेका छन् । घरको अरू काम गरेर फुर्सदको समयमा काम गर्दा पनि यतिधेरै आम्दानी हुन थालेपछि यहाँका दलित समुदाय मख्ख छन् ।

'कमजोर आयस्तर भएका दलित समुदायको जीवनस्तर उकास्न ल्याएको कार्यक्रम निकै प्रभावकारी भएको छ,' जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाले भन्नुभयो, 'आगामी वर्षहरूमा यस्ता सीपयुक्त कार्यक्रमलाई हामी झन् प्राथमिकता दिन्छौं ।'

स्थानीय स्रोत, साधन र जनशक्तिको प्रयोगबिना समृद्धि सम्भव नहुने गाउँपालिकाको ठम्याई छ । परम्परागत सीपको संरक्षण, सम्वर्द्धनसँगै आधुनिक, वैज्ञानिक र व्यावसायिकखेती तथा उत्पादनमा गाउँलेलाई व्यापक सहभागी गराउँदै उत्पादन र बिक्रीबाट आत्मनिर्भर बनाउन गाउँपालिकाको योजना छ ।

छाला जुत्ता सिलाउनेले घरमै बसेर मासिक १० हजार रूपैयाँसम्म कमाइरहेका छन् । त्यस्तै, सिलाई कटाई गर्नेले औसत मासिक पाँच हजार रूपैयाँ कमाइरहेका छन् । घरको अरू काम गरेर फुर्सदको समयमा काम गर्दा पनि यतिधेरै आम्दानी हुन थालेपछि यहाँका दलित समुदाय मख्ख छ ।

**जब ठूला चाडबाड आउँछ, तब बजारमा कालोबजारी बढ्छ । सामान्य दैनिकी विताउनेलाई आवश्यक सामग्री पाउनै मुस्किल हुन्छ । पाए पनि बजार भाउभन्दा बढी तिर्नुपर्ने वाध्यता । उपभोक्ताको यहीं समस्यालाई मध्यनजर गर्दै डोटीको केआईसिंह गाउँपालिकाले चाडपर्वलक्षित सुपथ मूल्य पसल राख्न सुरु गरेको छ ।**




# सुपथ मूल्य पसलले दिलायो सहज जीवनशैली

**केआईसिंह गाउँपालिका, डोटी**

जब ठूला चाडबाड आउँछ, तब बजारमा कालोबजारी बढ्छ । सामान्य दैनिकी विताउनेलाई आवश्यक सामग्री पाउनै मुस्किल हुन्छ । पाए पनि बजार भाउभन्दा बढी तिर्नुपर्ने वाध्यता । उपभोक्ताको यही समस्यालाई मध्यनजर गर्दै डोटीको केआईसिंह गाउँपालिकाले चाडपर्व लक्षित सुपथ मूल्य पसल राख्न सुरु गरेको छ । जसबाट उपभोक्ता निकै लाभान्वित भएका छन् ।

गाउँपालिकाले २०७५ सालको तिहारबाट सुपथ मूल्य पसल सञ्चालन सुरुवात गरेको हो । मूलतः तिहारमा सबैभन्दा बढी खपत हुने चिनी र हरेक छाकमा प्रयोग हुने नुन सस्तो मूल्यमा उपलब्ध गराउने उद्देश्यका साथ सूपथ मूल्य पसल सञ्चालन भएको थियो । बजारमा चीनीको हाहाकार भएको बेला सञ्चालित सूपथ मूल्य पसलबाट गाउँपालिकाभरका उपभोक्ता खुसी भए । बजारमा ८० रूपैयाँ प्रतिकेजीमा बिक्री भइरहेको चिनी ६० रूपैयाँमा र प्रतिकेजी २५ रूपैयाँमा बिक्री भइरहेको नुन ८ रूपैयाँमा वितरण भएको थियो ।

सूपथ मूल्य पसल सञ्चालनको जिम्मा स्थानीय महिला सहकारीलाई दिइएको गाउँपालिकाकी उपाध्यक्ष मीनादेवी विष्टले जानकारी दिनुभयो । विष्टका अनुसार तिखात्तरमा सन्तोषी बचत तथा ऋण सहकारी संस्था, बासुदेवीमा गोदावरी बचत तथा ऋण सहकारी संस्था, दुर्गामाण्डौं महिला ऋण तथा बचत सहकारी संस्था, रानागाउँमा इनोभेटिभ बचत तथा सहकारी संस्था र भूमिराजमाडौंमा नव बिहानी बचत तथा ऋण सहकारी संस्थाले सूपथ मूल्य पसल सञ्चालन गरेका हुन् ।

तिहारको केही दिन अघिदेखि गाउँपालिकाभित्र पाँच ठाउँमा सूपथ मूल्य पसल सञ्चालन गरिएको थियो । जसका लागि गाउँपालिकाले ७ लाख रूपैयाँ बिनियोजन गरेको थियो । जसबाट गाउँपालिकाले दुई सय १५ टन चिनी र एक सय २९ टन नुन खरीद गरी सहकारी संस्थाहरूलाई उपलब्ध गराएको हो । ती सहकारी संस्थाले सुपथ मूल्य पसलबाट सामाग्री बिक्री गरिदिए वापत प्रतिकिलो पाँच रूपैयाँ अनुदान गाउँपालिकाले पाएको छ । यसले गाउँपालिकाको कोषलाई पनि बढाएको छ ।

सुपथ मूल्य पसलबाट गाउँपालिकाभित्रका चार हजार तीन सय परिवार प्रत्यक्ष्य लाभान्वित भएका छन् । चाडपर्वका बेला सामानै नपाइने र पाए पनि महंगो तिर्नुपर्ने बाध्यताबाट केआईसिंह गाउँपालिकाका नागरिक मुक्त भएका छन् । यस वर्ष मात्रै होइन, अब प्रायः सबै ठूला चाडपर्वको बेला सूपथ मूल्य पसल सञ्चालन गर्ने गाउँपालिकाको योजना छ ।

चाडपर्वका बेला मात्रै नभएर सधैंभरि सूपथ मूल्य पसल सञ्चालनबारे पनि छलफल भइरहेको गाउँपालिका अध्यक्ष लोकेन्द्रहादुर शाही बताउनुहुन्छ । गाउँपालिकाले सूपथ मूल्य पसल सञ्चालन गरेकोप्रति गाउँबासी खुसी छन् । र, आगामी दिनमा उनीहरूले यस्तै अपेक्षा गरेका छन् ।

**सुपथ मूल्य पसलबाट गाउँपालिकाभित्रका चार हजार तीन सय परिवार प्रत्यक्ष लाभान्वित भएका छन् । चाडपर्वका बेला सामानै नपाइने र पाए पनि महंगो तिर्नुपर्ने वाध्यताबाट केआईसिंह गाउँपालिकाका नागरिक मुक्त भएका छन् ।**



गाउँमै अध्यापन हुने भएपछि चाहेर पनि इन्जिनियरिङ अध्ययन गर्न नपाउने बाध्यताको अन्त्य भएको छ । यसअघि कि त विद्यार्थीले इन्जिनियरिङ अध्ययन गर्न रहरै मार्नुपर्थ्यो, कि त ठूलो खर्च गरेर काठमाडौं वा अन्यत्र जानु पर्थ्यो ।

# गाउँमै सिभिल इन्जिनियरिङको पढाइ

**पूर्वीचौकी गाउँपालिका, डोटी**

केही समयअघिसम्म डोटीका धेरै बालबालिका प्रारम्भिक शिक्षाको पहुँचबाट समेत बाहिर थिए । स्थानीय सरकार आएपछि यहाँ शिक्षाको क्षेत्रमा व्यापक सकारात्मक परिवर्तन आएको छ । स्थानीय तहले विद्यार्थीलाई विद्यालयसम्म ल्याउन निकै पहल गरेको छ । र, उक्त पहल सार्थक पनि भएको छ ।

डोटीको पूर्वचौकी गाउँपालिकाले त गाउँमै डिप्लोमा सिभिल इन्जिनियरिङ अध्यापन सुरु गरेको छ । गाउँपालिका-४ स्थित सरस्वती माध्यमिक विद्यालयमा सिभिल इन्जिनियरिङ अध्यापन सुरु भएको हो । यहाँ अहिले ४८ विद्यार्थीले सिभिल इन्जिनियरिङ अध्ययन गरिरहेका छन् । ६ जना शिक्षकद्वारा अध्यापन भइरहेको छ । यहाँ अध्ययन गर्न छिमेकी गाउँपालिकाबाट समेत विद्यार्थी आएका छन् ।

गाउँसभाबाट कार्यक्रम र बजेट विनियोजन गरी सिटिईभिटीको सम्बन्धन लिएर पूर्वचौकीमा इन्जिनियरिङ अध्ययन सुरु भएको हो । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट ३६ लाख रूपैयाँ र गाउँपालिकाको ४५ लाख रूपैयाँ लगानीमा गाउँमै इन्जिनियरिङ अध्ययन सम्भव भएको अध्यक्ष दीर्घराज बोगटीले बताउनुभयो । गाउँपालिकाको सहकार्य र स्थानीय समाजसेवीको सहयोगमा इन्जिनियरिङ अध्ययन गर्न आउने विद्यार्थीका लागि एउटा ठूलो बस र एउटा माइक्रोबस समेत सञ्चालित छन् । यसले टाढाबाट अध्ययन गर्न आउने विद्यार्थीलाई सहज भएको छ ।

गाउँमै अध्यापन हुने भएपछि चाहेर पनि इन्जिनियरिङ अध्ययन गर्न नपाउने बाध्यताको अन्त्य भएको छ । यसअघि कि त विद्यार्थीले इन्जिनियरिङ अध्ययन गर्न रहरै मार्नुपर्थ्यो, कि त ठूलो खर्च गरेर काठमाडौं वा अन्यत्र जानु पर्थ्यो ।

अध्ययन क्षमता भएका विद्यार्थीले इन्जिनियरिङ अध्ययन गर्न पाउँदैनथे । अहिले गाउँमै अध्ययन सुरु भएपछि विद्यार्थी हौसिएका छन् । अभिभावकमा पनि खुसी छाएको छ । गाउँबाट उत्पादन भएका इन्जिनियरलाई सकेसम्म गाउँकै काममा खटाउने योजना रहेको बोगटीको भनाइ छ । 'विद्यार्थी र अभिभावक लाभान्वित भएका छन् । छिमेकी गाउँपालिकामा पनि इन्जिनियरिङ अध्ययनप्रति आकर्षण बढेको छ', उहाँले भन्नुभयो, 'हामीले क्षणिक सजिलोभन्दा पनि गाउँपालिकाको समृद्धिका लागि दिगो योजनाका साथ इन्जिनियरिङ अध्ययन सुरु गरिएको हो ।'

## गाउँपालिकाको आफ्नै बस सेवा

गाउँपालिकाले सार्वजनिक बस सेवासमेत सुरु गरेको छ । अछामको चौखुट्टेदेखि सिलगढीसम्म दुईवटा बस सञ्चालन गरेको हो । यसले पूर्वीचौकीवासीलाई राहत पुगेको अध्यक्ष बोगटीले बताउनुभयो । बस सेवा सुरु गरेपछि स्थानीय खुसी भएका छन् । सुदूरपश्चिम प्रदेशमा आफ्नै यातायात सञ्चालन गर्ने यो पहिलो गाउँपालिका हो । गाउँपालिकाले अरू गाडीभन्दा ३० प्रतिशत कम भाडादर निर्धारण गरेको छ । मुनाफाभन्दा सेवाका दृष्टिले सञ्चालन गरेका कारण सस्तो भाडादर कायम गरिएको बोगटीको भनाइ छ ।

'विद्यार्थी र अभिभावक लाभान्वित भएका छन् । छिमेकी गाउँपालिकामा पनि इन्जिनियरिङ अध्ययनप्रति आकर्षण बढेको छ', उहाँले भन्नुभयो, 'हामीले क्षणिक सजिलोभन्दा पनि गाउँपालिको समृद्धिका दिगो योजनाका साथ इन्जिनियरिङ अध्ययन सुरु गरिइको हो ।'

सदरमुकाम जान नसक्नेहरू रोग पालेरै बस्न बाध्य थिए । सामान्य उपचारबाटै निको हुने रोगले भयानक रूप लिन्थ्यो । सुत्केरी हुने अवस्थाका गर्भवतीलाई दुई/तीन घण्टा बोकेर अस्पताल लैजानुपर्ने बाध्यता थियो ।



# सबै स्वास्थ्य चौकीमा ल्याबसँगै 'नो मोर होम डेलिभरी'

**अजयमेरु गाउँपालिका, डडेल्धुरा**

केही समयअघिसम्म गाउँस्थित स्वस्थ्य चौकीमा सिटामोल र डिटोल पनि पाइदैनथ्यो । सामान्य ज्वरो आउँदा वा चोटपटक लाग्दा पनि उपचारका लागि सदरमुकामसम्म धाउनु पर्थ्यो । सदरमुकाम जान नसक्नेहरू रोग पालेरै बस्न बाध्य थिए । सामान्य उपचारबाटै निको हुने रोगले भयानक रूप लिन्थ्यो । सुत्केरी हुने अवस्थाका गर्भवतीलाई दुई/तीन घण्टा बोकेर अस्पताल लैजानुपर्ने बाध्यता थियो । कतिपय गर्भवतीले त बाटोमै ज्यान गुमाएको तीतो उदारहण छ । हो, डडेल्धुरास्थित अजयमेरु गाउँपालिकाका नागरिकले उपचार अभावमा निकै सास्तीको सामना गर्नु परेको थियो ।

तर अहिले यहाँका नागरिकले निकै राहत अनुभूत गरेका छन् । गाउँपालिकाले गाउँका सबै स्वास्थ्य चौकीमा ल्याव सञ्चालन गरेको छ । समैजी, चमडा, भद्रपुर, चिपुर र देवल स्वास्थ्य चौकीमा ल्याव राखिएको छ । त्यस्तै स्वास्थ्य चौकी नभएको भुलकुडा र खतेडामा सामुदायिक स्वास्थ्य ईकाइ सञ्चालित छ । गाउँको स्वास्थ्य चौकीमा आधुनिक ल्याव सञ्चालन भएपछि रोगको परीक्षण र सम्भव हुने उपचार पनि गाउँमै हुन्छ । स्वास्थ्य चौकीमा उपचार सम्भव नभए सदरमुकाम वा अन्यत्रको अस्पतालमा रेफर हुन्छ । जसबाट अजयमेरु गाउँपालिकाका अधिकांश नागरिकले गाउँमै आधारभूत स्वास्थ्योपचार पाएका छन् ।

गाउँसभाबाट स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने प्रस्ताव पास भयो । बजेट विनियोजन भयो । खुला प्रतिस्पर्धामार्फत् कर्मचारी छनोट भयो । र, स्वास्थ्य चौकीमा आधुनिक ल्याव सञ्चालन सम्भव भयो । सामुदायिक स्वास्थ्य इकाई सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माण र कार्यालय व्यवस्थापनमा उल्लेख्य जनसहभागिता गराइयो ।

स्वास्थ्य चौकीमा सञ्चालित ल्यावमा जेष्ठ नागरिकलाई रोग परीक्षण निःशुल्क गरिएको छ । त्यस्तै, सामुदायिक स्वास्थ्य इकाईमा सञ्चालित 'नो मोर होम डेलिभरी' कार्यक्रम निकै प्रभावकारी छ । गाउँपालिका भरका स्वास्थ्य चौकीमा सञ्चालित ल्यावमा दैनिकी ७० देखि एक सय जनाको परीक्षण हुने गरेको छ । स्वास्थ्य इकाई सञ्चालनपछि कुनै पनि गाउँका कोही पनि स्वास्थ्य सेवाको पहुँचबाट टाढा छैनन् ।

सामान्य ल्याव टेस्टका लागि पनि सदरमुकाम वा सहरका अस्पताल जानुपर्ने बाध्यताबाट अजयमेरु गाउँपालिकाका नागरिक मुक्त भएका छन् । त्यस्तै, घरमै असुरक्षित सुत्केरी हुने क्रम घटेको छ । जसबाट गाउँपालिकाका मातृशिशु मृत्युदर घटेको छ । स्वास्थ्य चौकीमा ल्याव टेस्ट मात्रै होइन, गाउँलेलाई चेतनामूलक जानकारी पनि सम्प्रेषण गर्ने गरिएको छ । जसकारण खोप, पोषण, सरुवा रोगबाट बच्ने उपायबारे यहाँका नागरिक सचेत मात्रै भएका छैनन्, जागरुक पनि छन् । गाउँपालिकाको पहलमा सञ्चालित स्वास्थ्य सेवाबाट ५ सय परिवारका करिब १७ सय नागरिक प्रत्यक्ष लाभान्वित छन् ।

सामुदायिक स्वास्थ्य इकाईमा दुई/जना अहेव र अनमी कार्यरत छन् । उनीहरूको सेवा सुविधा र कार्यालय सञ्चालनका सञ्चालन खर्चबापत गाउँपालिकाबाट वार्षिक ७ लाख रूपैयाँ विनियोजन भएको छ । त्यस्तै, पाँच वटा ल्याव सञ्चालनका लागि असिस्टेन, मेसिनरी औजार र केमिकलका लागि ११ लाख रूपैयाँ विनियोजन भएको छ ।

**गाउँपालिका भरका स्वास्थ्य चौकीमा सञ्चालित ल्यावमा दैनिक ७० देखि एक सय जनाको परीक्षण हुने गरेको छ । स्वास्थ्य इकाई सञ्चालनपछि कुनै पनि गाउँका कोही पनि स्वास्थ्य सेवाको पहुँचबाट टाढा छैनन् ।**



सबै वडाका नमूना बस्तीमा व्यवस्थित सडक सुविधा छ । त्यस्तै, सबै बस्तीमा स्वस्थ्य चौकी सञ्चालित छ। बस्तीका प्रत्येक घरमा शौचालय, पशुपालनका लागि गोठ, बगैंचा तथा करेसाबारी छ। विद्यालय समयबाहेक बस्तीका विद्यार्थीलाई व्यावहारिक ज्ञान दिन पाठशालासमेत निर्माण गरिएको छ।

# वडैपिच्छे सुरक्षित नमूना बस्ती

**खप्तड छेडेदह गाउँपालिका, बाजुरा**

बाजुराको छेडेदह गाउँपालिकाको सातैवटा वडामा सुरक्षित नमूना बस्ती निर्माण भएका छन् । गाउँपालिकाले काँडा, जय बागेश्वरी, धुर्तौली, गुदुखाती, दोगढी, र आतिचौरमा नमूना बस्ती निर्माण गरेको हो। आतिचौरमा दुईवटा नमूना बस्ती बनाइएको छ।

सबै वडाका नमूना बस्तीमा व्यवस्थित सडक सुविधा छ । त्यस्तै, सबै बस्तीमा स्वस्थ्य चौकी सञ्चालित छन्। बस्तीका प्रत्येक घरमा शौचालय, पशुपालनका लागि गोठ, बगैंचा तथा करेसाबारी छ । विद्यालय समयबाहेक बस्तीका विद्यार्थीलाई व्यावहारिक ज्ञान दिन पाठशालासमेत निर्माण गरिएको छ । बस्तीका अधिकांश घर सुरक्षित हिसाबले बनाइएको छ।

नमूना बस्ती निर्माण हुनुपूर्व बस्तीका अधिकांश घरमा शौचालय थिएन। जथाभावी खुला दिसा हुन्थ्यो। जसकारण गाउँ फोहोर थियो। खुला दिसाका कारण झाडापखालादेखि विभिन्न सरुवा रोगले बेलाबेला गाउँ आक्रान्त थियो । मान्छे बस्ने र पशुपालन एउटै घरमा हुँदा घरभित्रै अतिफोहोर हुन्थ्यो । जसकारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्थ्यो । गाउँमा स्वास्थ्य चौकी नहुँदा सामान्य उपचार गर्न पनि टाढाटाढा जानुपर्ने बाध्यता थियो । कतिले त सामान्य उपचारबाट सम्भव हुने रोग पालेर बस्ने गरेका थिए।

अहिले प्रत्येक बस्ती सुन्दर भएको छ । बगैंचाले सुनमा सुगन्ध थपेको छ । करेसाबारीबाट घरका लागि चाहिने तरकारी कतै खोज्न जान वा किन्न नपर्ने भएको छ । विद्यार्थीको बरालिने समय व्यावहारिक शिक्षामा सदुपयोग भएको छ। प्राथमिक स्वास्थ्योपचार गाउँमै हुन्छ। सडक बनेपछि गाउँमा उत्पादित सामग्री बजारसम्म पुर्‍याउन सहज भएको छ। यसले गाउँलेको आर्थिक स्थितिमा उल्लेख्य सुधार भएको छ। गाउँका अन्य भौतिक पूर्वाधार निर्माण पनि व्यवस्थित बनाइएको छ। नमूना बस्ती बनेपछि गाउँ छाड्न चाहनेहरू पनि गाउँमै बस्न थालेका छन् । गाउँमै उत्पादनमूलक काममा लागेका छन् । यसले गाउँलाई थप आत्मनिर्भर बनाएको छ । एउटा बस्तीमा २५ देखि ३० वटा घर बनेको छ। सातै वडामा गरी ३ सय परिवार प्रत्यक्ष लाभान्वित भएका छन् । बस्तीमा आएको परिवर्तनका कारण उनीहरूको सोच नै बदलिएको छ। उनीहरू उत्प्रेरित भएका छन् ।

गाउँसभाबाट कार्यक्रम पास गरेर कुल ५६ लाख रूपैयाँ बजेटमा नमूना बस्तीहरू निर्माण भएको हो । एउटा बस्ती निर्माण गर्न करिब ८ लाख रूपैयाँ खर्च भएको गाउँपालिका अध्यक्ष नरबहादुर रावतले बताउनुभयो । बस्ती निर्माण गर्ने भोलेन्टियरलाई मासिक १० हजार रूपैयाँ दिइएको थियो । नमूनाका लागि बनाइएको बस्तीबाट अरू गाउँका नागरिक पनि प्रभावित भएका छन् । उनीहरूले पनि आफ्नो बस्ती व्यवस्थित र सुन्दर बनाउने पहल थालेका छन् । गाउँपालिकाले पनि क्रमशः नमूना बस्ती बढाउने लक्ष्य लिएको जानकारी दिएको छ।

नमूना बस्ती बनेपछि गाउँ छाड्न चाहनेहरू पनि गाउँमै बस्न थालेका छन्। गाउँमै उत्पादनमूलक काममा लागेका छन् । यसले गाउँलाई थप आत्मनिर्भर बनाएको छ। एउटा बस्तीमा २५ देखि ३० वटा घर बनेको छ।

साँझ/बिहान पैदल हिँड्न मुस्किल पर्थ्यो । प्रकाशको अभावमा दुर्घटना धेरै हुन्थ्यो । चोरी डकैतीका घटना पनि भइरहन्थ्यो । तर अहिले दार्चुलाको मालिकार्जुन गाउँपालिकामा राति पनि झलमल्ल हुन्छ ।



# सौर्य सडकबत्तीले गाउँ झलमल्ल

## मालिकार्जुन गाउँपालिका, दार्चुला

साँझ पर्नेबित्तिकै गाउँ अन्धकार हुन्थ्यो । सडक, चोक/चौतारी र मन्दिरजस्ता सार्वजनिक स्थलमा बिजुली थिएन । साँझ/बिहान पैदल हिँड्न मुस्किल पर्थ्यो । प्रकाशको अभावमा दुर्घटना धेरै हुन्थ्यो ।

चोरी डकैतीका घटना पनि भइरहन्थ्यो । तर अहिले दार्चुलाको मालिकार्जुन गाउँपालिकामा राति पनि झलमल्ल हुन्छ । गाउँपालिकाले जडान गरेको सौर्य सडक बत्तीले गाउँलेलाई हिँडडुल गर्न सहज मात्रै भएको छैन, गाउँ सुरक्षित पनि भएको छ ।

सुरुमा गाउँपालिकाले वडा नम्बर तीनस्थित मालिकार्जुनधाम मन्दिर परिसर, शंकरापुर बजार क्षेत्र, वडानम्बर दुईस्थित मेलखेत र जोलबीबी बजार क्षेत्रमा सौर्यबत्ती जडान गरेको छ ।

बजार क्षेत्र र साँझ/बिहान तथा राति पनि मानिसको चहलहल हुने बिभिन्न २८ स्थानमा सौर्य सडक बत्ती जडान गरेको हो । गाउँसभाबाट कार्यक्रम र बजेट पास गरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा सौर्य सडक बत्ती राखेको मालिकार्जुन गाउँपालिकाका अध्यक्ष नरेन्द्रसिंह धामीले बताउनुभयो ।

सौर्य सडक बत्ती जडान भएपछि समसाँझै बन्द हुने बजार अबेलासम्म खुल्न थालेको छ । दिनभर अरू काम गरेर साँझपख किनमेल गर्नलाई सजिलो भएको छ । व्यापार पनि बढेको व्यापारीहरूले बताएका छन् । यससँगै स्थानीयलाई हिँडडुल गर्न सजिलो भएको छ । विभिन्न कामको सिलसिलामा राति गर्नुपर्ने यात्रा डरमर्नु थियो । अहिले उनीहरू निर्धक्क हिँड्न सक्ने भएका छन् ।

त्यस्तै, सवारी दुर्घटनामा कमी आएको छ । चोरी डकैतीका घटनामा पनि निकै कमी आएको गाउँपालिकाले जनाएको छ । मालिकार्जुन धाममा राखिएको सडक बत्तीले दर्शनार्थीलाई सजिलो भएको छ ।

उज्यालो भएपछि मदिरा सेवन गरेर राति होहल्ला गर्ने घटेका छन् । राति पनि झलमल्ल हुने भएपछि गाउँ शोभा नै बढेको छ । सडकबत्ती जडान भएका क्षेत्रका स्थानीय खुसी भएका छन् ।

अन्य क्षेत्रमा सडक बत्ती राख्ने माग बढेको छ । र, गाउँपालिकाले क्रमशः अरू क्षेत्रमा पनि सौर्य सडक बत्ती जडान गर्ने सोच बनाएको छ ।

गाउँपालिकाको १७ लाख रूपैयाँ बजेट र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको नौ लाख रूपैयाँ सहयोगमा यहाँ सौर्य सडक बत्ती जडान सम्भव भएको हो ।

सौर्य सडक बत्ती जडानका लागि एकपटक मात्रै खर्च लाग्छ । त्यसपछि सामान्य मर्मत गरे सधैं गाउँ/सहर उज्यालो हुन्छ । जलउर्जा नपुगेको र पर्याप्त नभएको गाउँठाउँमा सौर्य उर्जा प्रभावकारी र सस्तो विकल्प हो ।

दिनभर अरू काम गरेर साँझपख किनमेल गर्नलाई सजिलो भएको छ । व्यापार पनि बढेको व्यापारीहरूले बताएका छन् । यससँगै स्थानीयलाई हिँडडुल गर्न सजिलो भएको छ । विभिन्न कामको सिलसिलामा राति गर्नुपर्ने यात्रा डरमर्नु थियो । अहिले उनीहरू निर्धक्क हिँड्न सक्ने भएका छन् ।



‘देशकै गरिब’ र मानव विकास सूचकांकमा सबैभन्दा पछाडि परेको बाजुरा पछिल्लो समय खडेरीका कारण आक्रान्त छ । न अन्नबाली, न नगदेबालीको उत्पादन ! खाद्यान्न अभावकै कारण बाजुराबासी जर्जर दैनिकी बिताउन बाध्य छन् ।

# भोकमरी घटाउन एक घर एक करेसाबारी

**जगनाथ गाउँपालिका, बाजुरा**

‘बाजुरामा भोकमरी’ शीर्षकको समाचार स्वभाविक लाग्ने भइसकेको छ । ‘देशकै गरिब’ र मानव विकास सूचकांकमा सबैभन्दा पछाडि परेको बाजुरा पछिल्लो समय खडेरीका कारण आक्रान्त छ । न अन्नबाली, न नगदेबालीको उत्पादन ! खाद्यान्न अभावकै कारण बाजुराबासी जर्जर दैनिकी बिताउन बाध्य छन् ।

बाजुरामा बढ्दो भोकमरीलाई अन्त्य गर्न जगन्नाथ गाउँपालिकाले ‘एक घर, एक करेसाबारी’ अभियान सुरु गरेको छ । जुन अभियान जगनाथबासीलाई प्रभावकारी भएको छ भने अरू गाउँपालिकाका लागि प्रेरणा बनेको छ ।

जगनाथ गाउँपालिकाले सबै वडाका प्रत्येक घरमा उक्त अभियान चलाएको छ । गाउँपालिकाका १८ सय परिवारले नै अहिले तरकारी खेती सुरु गरेका छन् । उनीहरूलाई तरकारी खेती गर्ने मेसो मिलाइदिएको हो, गाउँपालिका कार्यालयले । गाउँपालिकाले अभियानै चलाएर प्रत्येक घरका लागि तरकारीको बिउविजन मात्रै उपलब्ध गराएन, खेती गर्ने तरिकासँगै सिञ्चाईको पनि व्यवस्था गरिदियो । खडेरीबाट ग्रस्त जमिनमा सिञ्चाईको व्यवस्था गर्ने कुरा चानचुने थिएन ।

प्राविधिक टोली लगेर माटोको प्रकृतिअनुसारको फलफूल र तरकारीको बेर्ना समेत उपलब्ध गराइयो । अहिले कुनै घरमा तरकारी त कुनैमा फलफूलको खेती भइरहेको छ । अधिकांश गाउँमा तरकारीसँगै केरा, स्याउ र कागतीको बेर्ना बाँडिएको छ । हावापानी र माटोअनुसार उपयुक्त जमिन छनोट गरेर तरकारी र फलफूलका बिरुवा उपलब्ध गराइएको हो । अध्ययनअनुसार जगनाथमा स्याउ खेतीको प्रचुर सम्भावना भएको पत्ता लागेको गाउँपालिका अध्यक्ष कालीबहादुर शाहीले जानकारी दिनुभयो ।


गाउँपालिकाले तरकारीको बिऊबिजन खरिद्का लागि प्रतिघर तीन हजार रूपैयाँका दरले वितरण गरेको थियो । जसका लागि कुल ५४ लाख रूपैयाँ बजेट खर्च भएको गाउँपालिकाले जनाएको छ । त्यस्तै फलफूल खेतीका लागि २२ लाख रूपैयाँ लगानी भएको छ । यो खर्च गाउँपालिककाले आफ्नै आन्तरिक आयबाट गरेको जनाएको छ ।

गाउँपालिकाले अघि सारेको कार्यक्रममा स्थानीयले पनि उत्साहका साथ साथ दिए । परिणामतः अहिले जगन्नाथ गाउँपालिका तरकारीमा पूर्णतः आत्मनिर्भर बनेको छ । यहाँ उत्पादित तरकारीले खान मात्रै पुगेको छैन, कृषकहरूले बिक्री गरेर आम्दानीको स्रोत समेत बनाएका छन् । आसपासका नागरिकले किनेर भए पनि ताजा तरकारी खान पाएका छन् । अब क्रमशः फलफूल उत्पादन हुन थालेपछि त झन् राम्रो आम्दानी गर्नसक्नेमा जगन्नाथबासी विश्वस्थ छन् । सुरुमा गाउँपालिकाले अभियान थालेपछि अहिले स्थानीय सबै व्यावसायिकखेतीप्रति आकर्षित भएका छन् ।

पहिला छाक टार्नै मुस्किल भएको ठाउँमा प्रशस्त तरकारी उत्पादन सफल भएको छ । अब छिट्टै फलफूल उत्पादन हुने निश्चित छ । त्यसपछि भोकमरी होइन, जगनाथ फलफूल तथा तरकारीमा आत्मनिर्भर हुनेछ । निर्यात गर्नेछ । र, समद्ध हुनेछ ।

गाउँपालिकाले अघि सारेको कार्यक्रममा स्थानीयले पनि उत्साहका साथ साथ दिए । परिणामतः अहिले जगन्नाथ गाउँपालिका तरकारीमा पूर्णतः आत्मनिर्भर बनेको छ । यहाँ उत्पादित तरकारीले खान मात्रै पुगेको छैन, कृषकहरूले बिक्री गरेर आम्दानीको स्रोत समेत बनाएका छन् ।

*अहिले दुईवटा विद्यालयमा गरी एक सय विद्यार्थीले प्राविधिक शिक्षा लिइरहेका छन् । यहाँ अध्ययन गर्न छिमेकी गाउँपालिकाबाट समेत विद्यार्थी आएका छन् ।*




# गाउँमै प्राविधिक शिक्षा, विद्यार्थी लाभान्वित

**तुर्माखाद गाउँपालिका, अछाम**

अछामको तुर्माखाद गाउँपालिकाले दुईवटा विद्यालयबाट गाउँमै प्राविधिक शिक्षाको सुरुवात गरेको छ । गाउँपालिकाको वडा नम्बर ३ स्थित बसुन्धारा माध्यमिक विद्यालय र वडा नम्बर ८ स्थित धमाली सिद्धेश्वर माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सुरुवात गरेको हो । प्राविधि शिक्षाअन्तरगत कृषि जेटिए र पशु भेटेनरीलगायत अध्यापन सुरु भएपछि गाउँपालिकाभित्र विद्यार्थी एवं अभिभावक खुसी भएका छन् ।

गाउँसभाबाट कार्यक्रम पारित गरेर बजेट बिनियोजन गरी प्राविधिक शिक्षा अध्यापन सुरु भएको हो । जसका लागि गाउँपालिकाले २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । अहिले दुईवटा विद्यालयमा गरी एक सय विद्यार्थीले प्राविधिक शिक्षा लिइरहेका छन् । यहाँ अध्ययन गर्न छिमेकी गाउँपालिकाबाट समेत विद्यार्थी आएका छन् ।

अहिले पनि विद्यालयको भौतिक पूर्वाधार निर्माणको काम भइरहेको छ । पूर्वाधार निर्माणमा स्थानीयलाई समेत सहभागी गराइएको छ । भवन निर्माण भइसकेपछि विद्यार्थीको संख्या बढ्ने निश्चित भएको गाउँपालिकाले जनाएको छ । प्राविधिक शिक्षा अध्ययनका लागि विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

गाउँमा प्राविधिक शिक्षा लिने स्थिति नहुँदा कतिपय विद्यार्थीले रहरै मारेर बस्नुपर्ने बाध्यता थियो । कोहीकोही त एकदिनसम्म हिँडेर विनायक नगरपालिका वा सदरमुकामसम्म प्राविधिक शिक्षाका लागि धाउँथे । घरमै बसेर पढ्न पाइने भएपछि खर्च पनि कम भएको छ । अब चाहना र क्षमता राख्ने विद्यार्थीले गाउँमै प्राविधिक शिक्षा लिन सक्नेछन् । यसबाट गाउँका लागि आवश्यक प्राविधिक उत्पादन हुनेछन् । पशुपालन तथा खेतीपातीका लागि प्राविधिक खोज्न जानुपर्ने वाध्यताबाट तुर्माखाद गाउँपालिका मुक्त हुँदैछ । गाउँपालिकाले क्रमशः अरू विद्यालयमा पनि प्राविधिक शिक्षाको सुरुआत गर्ने तयारी गरिरहेको छ । सकेसम्म गाउँका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति गाउँमै उत्पादन गर्ने गाउँपालिकाको उद्देश्य छ ।

गाउँमा प्राविधिक शिक्षा सुरु भएपछि विद्यार्थी र अभिभावक मात्रै होइन, गाउँमा कृषिकर्म गरिरहेका सबै खुसी भएका छन् । आगामी दिनमा आवश्यक प्राविधिक ज्ञान अभावका कारण भोल्दै आएको समस्या नहुनेमा पशुपालन तथा खेतीकिसानी गरिरहेकाहरू आशावादी छ ।

प्राविधिक शिक्षासँगै गाउँमा व्यावसायिक कृषिको थालनी हुने अपेक्षा गरिएको छ । परम्परागत र निर्वाहमुखी खेती प्रणालीलाई विस्थापित गर्दै आधुनिक, वैज्ञानिक र व्यावसायिक कृषिकर्मका लागि प्राविधिक शिक्षा सार्थक हुने आमअपेक्षा छ ।

**आगामी दिनमा आवश्यक प्राविधिक ज्ञान अभावका कारण भोल्दै आएको समस्या नहुनेमा पशुपालन तथा खेतीकिसानी गरिरहेकाहरू आशावादी छ । प्राविधिक शिक्षासँगै गाउँमा व्यावसायिक कृषिको थालनी हुने अपेक्षा गरिएको छ ।**



सहकारी संस्थामा आवद्ध एक सय २५ कृषकमध्ये ७२ जनालाई गाउँपालिकाको कार्यक्रमबाट प्रत्यक्ष लाभ भएको छ ।

# घाँस बेचेर मासिक २० हजार आम्दानी

**नवदुर्गा गाउँपालिका, डडेलधुरा**

डडेलधुराको नवदुर्गा गाउँपालिका-३ का कृषकले घाँस बेचेरै मासिक २० हजार रूपैयाँसम्म आम्दानी गरेका छन् । उन्नत जातको घाँसका कारण गाई/भैंसीले दिने दुधको मात्रा बढेको छ । जसकारण दुध बिक्रीबाट हुने आम्दानी पनि बढेको छ ।

गाउँपालिकाले सञ्चालन गरेको पशु आहार सेवा र घाँस बिज बिक्री कार्यक्रम सुरु गरेपछि वडाभरका गाउँले लाभान्वित भएका छन् । स्थानीय घाँस तथा पशु विकास कृषि सहकारी संस्थासँगको समन्वय र गाउँपालिका पशुसेवा शाखाको सहयोगमा उक्त कार्यक्रम सुरु भएको हो । सहकारी संस्थामा आवद्ध एक सय २५ कृषकमध्ये ७२ जनालाई गाउँपालिकाको कार्यक्रमबाट प्रत्यक्ष लाभ भएको छ ।

बिऊ बजारीकरणपछि छिमेकी गाउँ तथा गाउँपालिकासँगै छिमेकी जिल्लाहरू: अछाम, कैलाली, कञ्चनपुरका कृषक समेत लाभान्वित भएका छन् । उन्नत जातको घाँसको बिउ उत्पादन हुन थालेपछि त्यस क्षेत्रका कृषकको दैनिकी सहज भएको छ । दुध उत्पादन बढेको छ । र, घाँस उत्पादन तथा बिक्रीप्रति आमकृषकको आकर्षण बढेको छ । कृषि सहकारीले उक्त कार्यक्रममार्फत मंसिरसम्ममा पाँच लाख ५० हजार रूपैयाँ आम्दानी गरिसकेको छ ।

घाँस खेतीबाट गाउँलेलाई बहुआयामिक फाइदा भएको छ । पहिला एक डोको घाँस काट्न जंगल चहार्नुपर्थ्यो । अहिले आफ्नै बारीमा घाँस भएपछि समयको बचत भएको छ । झन्झट पनि ब्यहोर्नु पर्दैन । घाँस काट्न वन जानु पर्दा ब्यहोर्नुपर्ने जोखिमबाट पनि यहाँका कृषक मुक्त भएका छन् ।

घाँस जोहो गर्नुपर्ने समस्याबाट पुरुष भन्दा महिला बढी पीडित थिए । अहिले उनीहरूको दैनिकी नै सहज भएको छ । पहिला बाँझो हुने खेतबारी र पाखापखेरो हरियाली भएको छ । यसले गाउँको सौन्दर्य बढाएको छ । पर्यावरणीय दृष्टिले पनि राम्रो भएको छ । पशुजन्य उत्पादन बढेको छ । पशुहरू स्वस्थ्य भएका छन् ।

गाउँपालिकाले मल र घाँसको बिऊ खरिदका लागि एक लाख ५० हजार रूपैयाँ विनियोजन गरेको थियो । जग्गाको खनजोत कृषक स्वयंले गरेका हुन् । सिँचाइसँगै घाँसको बिऊ बिक्री र बजारीकरणका लागि लागि कृषि सहकारीले सहयोग गरिरहेको छ । नवदुर्गा गाउँपालिकाले पशु स्याहारका लागि ल्याएको कार्यक्रबाट आम गाउँबासी खुसी छन् । त्यस्तै गाउँपालिकाले महको बजारीकरण, मकैको मूल बिऊ उत्पादन जस्ता कृषि कार्यक्रम निकै प्रभावकारी भएको छ ।

गाउँपालिकाले ल्याएको 'घरघरमा स्वास्थ्य सेवाको पहुँच' कार्यक्रम पनि निकै प्रभावकारी भएको छ । गाउँपालिकाका पाँचै वटा वडामा एक/एकजना सामुदायिक स्वास्थ्यकर्मी (अहेव/अनमी) खटाइएका छन् । उनीहरू हरेक दिन आफ्नो सेवा क्षेत्रमा घुमिरहन्छन् । जहाँ स्वास्थ्य समस्या छ, त्यहाँ पुगेर स्वास्थ्योपचार गर्छन् । विशेषगरी, स्वास्थकर्मीले गर्भवती एवं सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तको निरन्तर निगरानी गर्छन् ।

नियमित स्वास्थ्य परीक्षण गरी औषधि दिन्छन् । गाउँमा उपचार सम्भव नभए अस्पताल लैजान सुझाव दिने खोप, पोषण, आहार, सरसफाईलगायत विषयमा सन्देश प्रवाह गर्छन् । गाउँका नागरिकको स्वास्थ्यमा सुधार आएको छ । स्वास्थ्य क्षेत्रमा ल्याएको 'पोषण चौतारी' कार्यक्रमले गाउँका बालबालिका, महिला र वृद्धवृद्धाको स्वास्थ्यमा सुधार आएको छ ।

गाउँपालिकाद्वारा सञ्चालित 'नमूना विद्यालय क्षमता विकास कार्यक्रम' पनि निकै प्रभावकारी भएको छ । डिजिटल प्रविधिबाट अध्यापन र परीक्षा प्रणालीमा एकरूपता ल्याएसँगै गाउँपालिकाको विद्यालय शिक्षामा सुधार आएको छ ।

गाउँसभाबाट कार्यक्रम र बजेट पारित गरेर 'युवा स्वरोजगार कार्यक्रम' सुरु भएको हो । सीपमूलक एवं व्यावसायिक तालिमका लागि गाउँपालिकाबाट २५ लाख रूपैयाँ विनियोजन भएको थियो ।



# गाउँपालिकाले ५५० युवालाई स्वरोजगार बनायो

**कैलारी गाउँपालिका, कैलाली**

कैलालीको कैलारी गाउँपालिकाले सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रम निकै प्रभावकारी भएको छ । बेरोजगार युवालाई सीप सिकाएर स्वरोजगार बनाउने उद्देश्यबाट सञ्चालित कार्यक्रमबाट पाँच सय ५० युवा प्रत्यक्ष लाभान्वित भएका छन् । उनीहरूको आर्यआर्जन बढेको छ । 'गाउँमै केही सकिन्छ' सोच विकास भएको छ । युवाप्रति आश्रित परिवारमा पनि खुसी छाएको छ ।

गाउँपालिकाले सीपयुक्त तालिप प्रदान गरेर बेरोजगार युवालाई काम गर्ने वातावरण निर्माण गरिदिएको हो । काम नभएर भौतारिरहेका पाँच सय ५० युवालाई सीपजन्य तालिम (सिकर्मी, डकर्मी, ईलेक्ट्रिसियन, प्लम्बर, सिलाई/बुनाई, व्यूटीसियन, हस्तकला एवं काष्ठकला, पेन्टिङलगायत) प्रदान गरिएको थियो ।

यससँगै परम्परागत र निर्वाहमुखी खेती प्रणालीलाई विस्थापन गरी व्यावसायिक एवं वैज्ञानिक खेती प्रणाली विकास गर्ने उद्देश्यले व्यावसायिक खरायो, कुखुरा, बाख्रा, गाई/भैंसी, बंगुर र अष्ट्रिच पालनको तालिम दिइएको छ । त्यस्तै, बेमौसमी तरकारी तथा फलफूल खेती, जटिबुटी प्रशोधन, ड्राइभिङ, लाइफ गार्डलगायत तालिम दिइएको कैलारी गाउँपालिकाका अध्यक्ष लाजुराम चौधरीले जानकारी दिनुभयो ।

तालिम पाएका अधिकांश युवाले गाउँमै काम सुरु गरेका छन् । कोहीकोही योजना बनाउँदैछन्, कोही बजेटको जोहोमा लागेका छन् । केही समयअघिसम्म रोजगारी नपाएर विदेशिने सोच बनाएका युवा अहिले गाउँमै व्यावसायिककर्म गर्न उत्प्रेरित भएका छन् । सीप तथा क्षमता विकास भएपछि व्यवसाय सुरु गरेकाहरूको दैनिकी सहज भएको छ । आयआर्जन बढेको छ । सीप विकास तालिमपछि उत्पादित सामग्रीको बिक्री/वितरणको चाँजोपाँजो समेत गाउँपालिकाले नै मिलाइदिएको छ । जसबाट गाउँका युवा झन् व्यवसाय एवं उद्यमका लागि हौसिएका छन् । शैक्षिक योग्यताको प्रमणपत्र भए पनि सीम नहुँदा निराश युवामा बढेको आशा र गाउँमै केही गर्ने उत्प्रेरणा उक्त कार्यक्रमको महत्वपूर्ण सफलता हो ।

गाउँसभाबाट कार्यक्रम र बजेट पारित गरेर 'युवा स्वरोजगार कार्यक्रम' सुरु भएको हो । सीपमूलक एवं व्यावसायिक तालिमका लागि गाउँपालिकाबाट २५ लाख रूपैयाँ विनियोजन भएको थियो । त्यही खर्चमा पाँच सय ५० युवालाई तालिम सम्भव भएको हो । तालिमका लागि स्मार्ट सोसाइटी नामक गैरसरकारी संस्थाले प्राविधिक सहयोग गरेको थियो ।

यस्ता खालका व्यावसायिक कार्यक्रमलाई आगामी दिन बढाउँदै लैजाने गाउँपालिकाको योजना छ । गाउँकै जनशक्ति एवं स्रोत साधनको प्रयोगबाटै गाउँपालिकालाई समद्ध बनाउन सम्भव भएको र त्यसका लागि यस्ता कार्यक्रम निकै प्रभावकारी प्रमाणित भएको गाउँपालिका अध्यक्ष चौधरीको बुझाइ छ । युवा स्वरोजगार कार्यक्रमबाट युवाले रोजगारी मात्रै पाएका छैनन्, वस्तु उत्पादन तथा बिक्रीले गाउँकै आम्दानी बढ्न थालेको छ ।

केही समयअघिसम्म रोजगारी नपाएर विदेशिने सोच बनाएका युवा अहिले गाउँमै व्यावसायिक कर्म गर्न उत्प्रेरित भएका छन् । सीप तथा क्षमता विकास भएपछि व्यवसाय सुरु गरेकाहरूको दैनिकी सहज भएको छ । आयआर्जन बढेको छ ।




गाउँलेमा 'महिनावारी भनेको एउटा स्वाभाविक शारीरिक प्रक्रिया हो' भन्ने कुराको चेतना आएको छ । खास विषय बुझेपछि महिनावारी भएका महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा परिवर्तन आएको छ ।

# छाउपडी प्रथा उन्मुलन अब अभियानबाटै

**भागेश्वर गाउँपालिका, डडेल्धुरा**

खासगरी सुदूरपश्चिम क्षेत्रमा विकराल समस्याका रूपमा रहेको छाउपडी प्रथा उन्मुलनका लागि डडेलधुराको भागेश्वर गाउँपालिकाले ल्याएको चेतनामूलक कार्यक्रम निकै प्रभावकारी बनेको छ । 'मर्यादित छाउपडी वर्ष अभियान' नाम दिइएको कार्यक्रमका कारण गाउँपालिकाका नागरिकमा उल्लेख्य चेतना प्रवाह भएको छ । जसले छाउपडी प्रथा उन्मुलन अभियान निकै सहज बन्दै गएको छ ।

गाउँपालिकाका ५ वटा वडामा उक्त कार्यक्रम सञ्चालित छ । कार्यक्रमअन्तर्गत चेतनामूलक रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण, सडक नाटकसँगै अन्तरक्रिया, तालिम सञ्चालन भएको छ ।

गाउँपालिकाको गाउँसभाबाट कार्यक्रम र बजेट पारित भएर सञ्चालित कार्यक्रमबाट छाउपडी न्यूनीकरणमा निकै प्रगति भएको गाउँपालिकाकी अध्यक्ष कौशिलाकुमारी भट्टले बताउनुभयो ।

कार्यक्रम सञ्चालन भएपछि महिनावारीलाई हेर्ने सामाजिक दृष्टिमा परिवर्तन भएको छ । गाउँलेमा 'महिनावारी भनेको एउटा स्वाभाविक शारीरिक प्रक्रिया हो' भन्ने कुराको चेतना आएको छ । खास विषय बुझेपछि महिनावारी भएका महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा परिवर्तन आएको छ ।

कार्यक्रम सुरु हुनुपूर्व महिनावारी भएका महिलालाई घरभन्दा टाढाको प्रकाश नछिर्ने सानो र फोहोर छाप्रोमा राख्ने चलन थियो । जसका कारण महिलाको स्वास्थ्यमा गम्भीर असर पर्थ्यो । महिनावारी भएकी महिलालाई छुन त के ? हेर्न पनि हुँदैन भन्ने मान्यता थियो । देवीदेवताको मठमन्दिर भएको बाटोबाट हिँडडुल गर्नसमेत निषेध थियो यसबेला महिलालाई । जसले उनीहरूको दैनिकीलाई मात्र प्रभाव पारेको थिएन, आत्मसम्मानमा समेत गम्भीर ठेस पुगेको थियो ।

'महिनावारी भनेको एउटा सामान्य प्रजनन् प्रक्रिया हो । र यस्तो बेला महिलालाई उपेक्षा होइन, झन् बढी माया गर्नु पर्छ' भन्ने चेतना बढेसँगै अहिले भागेश्वरका छाउगोठ बस्ने महिलाको संख्या निकै घटेको छ । भागेश्वर गाउँपालिका अब क्रमशः छाउगोठमुक्त बन्ने संकेत देखिएको छ ।

गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमबाट करिब ७ हजार किशोरी तथा महिलामा चेतना आएको छ । सँगै गाउँपालिकाभर चेतनाको लहर आएको छ । पाँच लाख रूपैयाँ बजेटमा सञ्चालित कार्यक्रमबाट प्राप्त उपलब्धीबाट आफूहरू निकै हौसिएको गाउँपालिकाकी अध्यक्ष भट्टले बताउनुभयो ।

'हाम्रो क्षेत्रमा छाउपडी निकै विकराल समस्याका रूपमा थियो । त्यसलाई न्यूनीकरण गर्दै निवारण गर्नका लागि ल्याएको पहिलो कार्यक्रम निकै प्रभावकारी भएको छ', अध्यक्ष भट्टले भन्नुभयो, 'अबका केही वर्षमा हामी गाउँपालिकालाई छाउपडीमुक्त स्थानीय सरकार बनाएरै छोड्छौं ।'

गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमबाट करिब सात हजार किशोरी तथा महिलामा चेतना आएको छ । सँगै गाउँपालिकाभर चेतनाको लहर आएको छ ।

# आधारभूत स्वास्थ्य सेवा




## पृष्ठभूमि

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा प्राप्त गर्ने हक दिएको छ । यसै गरी प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभुत स्वास्थ्य सेवा स्थानीय तहको कार्य भनेर तोकेको छ । साथै जनस्वास्थ्य ऐन २०७५ ले आधारभुत स्वास्थ्य सेवाको सुची पनि समावेश गरेको छ ।

यसबाहेक नेपालले दिगो विकास लक्षलाई आत्मसात् गर्दै यी लक्षहरुलाई राष्ट्रिय लक्ष मानेको सन्दर्भमा स्वास्थ्य गतिविधिलाई द्रूत रुपमा अगाडि बढाउनुपरेको छ । साथै 'स्वास्थ्यमा सर्वव्यापी पहुँच' को अन्तर्राष्ट्रिय अवधारणाअनुसार समतामूलक स्वास्थ्य सेवा प्रदान गर्ने दायित्व रहेको छ ।

## संस्थागत संरचना

संवैधानिक प्रावधान अनुसार नेपालमा तीन तहको सरकार छ : सङ्घीय, प्रादेशिक तथा स्थानीय । समग्रमा हेर्दा सङ्घीय सरकारको कार्यनीति मापदण्ड, गुणस्तर, अनुगमन तथा सरुवा रोगको नियन्त्रण हो भने प्रदेश सरकारको कार्य स्वास्थ्य सेवाको व्यवस्थापन गर्नु हो । यसै गरी स्थानीय सरकारको कार्य आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नु रहेको छ । तीन तहका सरकारका जिम्मेवारीलाई निम्नअनुसार वर्गीकरण गरिएको पाइन्छ :

- सङ्घीय सरकार : नियमन
- प्रदेश सरकार : व्यवस्थापन
- स्थानीय सरकार : स्वास्थ्य सेवा प्रदान।

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

### आधारभूत स्वास्थ्य सेवा

जनस्वास्थ्य ऐन २०७५ ले आधारभूत स्वास्थ्य सेवाको सूचीमा निम्न सेवाहरु समावेश गरेको छ :

- खोप सेवा
- एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती प्रसूति तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्यजस्ता मातृ नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,
- सरुवा रोगसम्बन्धी सेवा,
- नसर्ने रोग तथा शारीरिक विकलाङ्ग -सम्बन्धी सेवा,
- मानसिक रोगसम्बन्धी सेवा,
- जेष्ठ नागरिक स्वास्थ्यसम्बन्धी सेवा,
- सामान्य आकस्मिक अवस्थाका सेवा,
- स्वास्थ्य प्रवर्द्धन सेवा,
- आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

## स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा

स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य सेवाका सम्बन्धमा नम्नअनुसारको व्यवस्था रहेको छ :

- आधारभुत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य तथा खोप सेवा कानुनी रुपमा उल्लेख भएका सेवाहरु ।
- आधारभुत आकस्मिक स्वास्थ्य सेवाको सुनिश्चितता ।
- एम्बुलेन्स सेवा, रक्त सञ्चार सेवा, सफा पानी पिउने तथा पोषण सेवा तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन ।
- औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन ।
- स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय तथा सहकार्य ।
- औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण तथा वितरण ।
- स्वेच्छिक भएतापनि स्वास्थ्य बिमा पनि सान्दर्भिक हुन आउँछ ।
- स्वास्थ्य सेवाका लागि सेवामा पहुँच, सेवाको उपलब्धता तथा नियमितता र गुणस्तर अति महत्वपुर्ण पक्षहरु हुन् ।

पालिका सभा

गाउँ र नगर स्वास्थ्य समिति

गाउँ र नगर स्वास्थ्य शाखा

वडा कार्यालय | वडा कार्यालय | वडा कार्यालय



स्वास्थ्य चौकी

गाउँघर क्लिनिक



प्राथमिक अस्पताल

सामुदायिक स्वास्थ्य एकाइ



सहरी स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य प्रवर्धन केन्द्र

महिला स्वास्थ्य स्वयम्-सेविका

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका

## सरोकारवालाहरू

स्वास्थ्य बहुपक्षीय कार्य हो । यसैले स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा समुदायका धेरै समूहहरूको संलग्नता आवश्यक हुन्छ । तलको तालिकाले संक्षेपमा यसबारे उल्लेख गर्छ :

| सरोकारवाला | प्रमुख भूमिका तथा दायित्व |
|---|---|
| पालिका | आधारभूत स्वास्थ्य सेवा सुनिश्चितता गर्ने |
| निर्वाचित प्रतिनिधि | सुशासन |
| पालिकामा रहेका स्वास्थ्य संस्था (सरकारी, निजी) | आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने |
| पालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्य कर्मीहरू | स्वास्थ्य सेवा सञ्चालनमा गर्ने जिम्मेवारी |
| पालिकामा बसोबास गर्ने नागरिकहरू | उपलब्ध स्वास्थ्य सेवाको उपयोग |
| क्षेत्रगत निकायहरू (कृषि, शिक्षा, महिला तथा बाल कल्याण, पानी तथा सरसफाइ, सामाजिक सुरक्षा) | स्वास्थ्य क्षेत्रमा बहुपक्षीय समन्वय तथा सहयोग |
| विकासका साझेदारहरू (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामाजिक संस्थाहरू) | स्वास्थ्य प्रणाली सबलीकरण तथा सुशासनका लागि प्राविधिक सहयोग |
| सञ्चार माध्यमहरू | स्वास्थ्य प्रवर्द्धन तथा सूचना |


## अत्यावश्यक चरणहरू

पालिकाले स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्न स्वास्थ्य योजना बनाउनेछ ।

1

प्रत्येक आर्थिक वर्षको योजना चक्रको चरणमा वडा स्तरमा स्वास्थ्यबारे छलफल गरी आवश्यक भएका क्रियाकलापहरू आगामी आर्थिक वर्षको कार्ययोजनामा समावेश गर्नका लागि कार्य पालिकामा पठाउने ।



2

पालिकाका उपप्रमुख या उपाध्यक्षको अध्यक्षतामा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्रस्तावित कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रममा समावेश गर्ने ।

3

पालिकाको सभाले आर्थिक वर्षको योजना तथा कार्यक्रममा प्रस्तुत क्रियाकलापहरूबारे निर्णय गर्ने ।



- आधारभूत स्वास्थ्य सेवा पालिकाहरू लागि हातेपुस्तिका

## स्थानीय योजना तर्जुमाका सात चरणहरू




- पालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक स्वास्थ्यकर्मी, भवन तथा उपकरणहरू औषधी र अन्य सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्नुपर्छ ।
- अन्य आवश्यक स्वास्थ्य सेवा तथा विशिष्टीकृत सेवाका लागि स्थानीय सरकारले सामाजिक स्वास्थ्य बिमा तथा निजी क्षेत्रसँग सहकार्य गर्नु आवश्यक हुन्छ ।
- सुशासनको प्रत्याभूति गर्न नियमित अनुगमन गर्नु आवश्यक हुन्छ ।
- जनस्वास्थ्य कार्यक्रमहरूलाई प्राथमिकतामा राख्दै समुदायमा आधारित स्वास्थ्य प्रवर्द्धनका कार्यहरू अझै जोडका साथ सञ्चालन गर्नुपर्छ ।
- निजी स्वास्थ्य सेवा प्रदायक, औषधी पसल, खाद्यान्न, तथा वातावरणीय प्रदूषण कम गर्न नियमनको संयन्त्र बनाउनुपर्छ ।
- स्वास्थ्यजन्य फोहोर मैलाको एकीकृत व्यवस्थापनका लागि निजी तथा गैरसरकारी संस्थासँग सहकार्य गर्नु आवश्यक हुन्छ ।
- प्रेषण अस्पतालहरूबाट आवश्यक सेवा लिनका लागि प्रेषण प्रणालीको सम्बन्ध लाई सुदृढ गर्नुपर्छ ।
- नागरिकहरूलाई एम्बुलेन्स सेवाको उपलब्धता सुनिश्चित गर्नुपर्छ ।
- स्वास्थ्य सेवा प्रदान गर्दा उपलब्ध अभिलेखन, प्रतिवेदन (DHIS 2) बाट प्राप्त आँकडाका आधारमा तथ्यमा आधारित योजना तर्जुमा गर्न तथा निर्णय गर्न अधिकतम उपयोग गर्नुपर्छ ।
- स्वास्थ्य बिमाको प्रवर्द्धनमार्फत् व्यक्तिगत खर्चको मात्रा न्यून गर्नुपर्छ ।
- आकस्मिक स्वास्थ्य सेवा तथा प्रकोप नियन्त्रणका लागि पूर्वतयारी गर्नुपर्छ ।

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका



### प्रमूख क्रियाकलापहरु

- स्थानीय सरकारले स्थानीय आवश्यकता र प्रमाणका आधारमा प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्छ ।
- यसरी तयार गरिएको वार्षिक कार्यक्रम तथा बजेटका आधारमा वडा तह तथा पालिकामा क्रियाकलापहरु सञ्चालन हुन्छन् ।
- स्थानीय स्वास्थ्य संस्थाहरु वडा अध्यक्षको अध्यक्षता तथा प्रमुख या अध्यक्षको संरक्षकत्वमा रहेको स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन समितिबाट सञ्चालन हुन्छन् । वडामा रहेको स्वास्थ्य संस्थाको अध्यक्ष वडा अध्यक्ष रहने व्यवस्था छ ।
- पालिका अन्तर्गतका स्वास्थ्यसम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन स्वास्थ्य संस्थाहरुसँगको समन्वय तथा सहकार्यमा पालिकाअन्तर्गत रहेको स्वास्थ्य शाखाले गर्छ । हालका लागि पालिकामा एक या एकभन्दा बढी 'स्वास्थ्य संयोजक' को व्यवस्था छ । स्वास्थ्य संयोजकका प्रमुख कार्यहरुमा स्वास्थ्य योजना तर्जुमा गर्ने, वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित कार्यक्रम सञ्चालन गर्ने, सङ्घ तथा प्रदेशबाट प्राप्त ससर्त क्रियाकलापहरु सम्पन्न गर्न सहयोग गर्ने तथा अनुगमन गर्न र प्रतिवेदन तयार गर्न सहयोग गर्नु हो । स्थानीय सरकारका अन्य विभाग, महाशाखा या शाखाको सहयोग तथा समन्वयमा स्वास्थ्यका क्रियाकलापहरु सञ्चालन गर्नुपर्छ ।
- स्वास्थ्यका गतिविधिहरुको अनुगमन तथा समन्वय गर्ने दायित्व पालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीको हुन्छ ।
- आवश्यक प्रतिवेदन सङ्घ तथा सम्बन्धित प्रदेशमा पठाउनुपर्छ ।

### निर्देशक सिद्धान्तहरु

- प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पाउने हक हुनेछ ।
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य सेवा पाउने हक हुनेछ ।
- प्रत्येक व्यक्तिलाई सुसूचित स्वास्थ्य सेवा पाउने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।
- स्वास्थ्य सेवाका सन्दर्भमा दिगो विकास लक्षले निर्दिष्ट गरेअनुसार सेवाबाट कोही पनि छुट्ने छैनन् ।
- नागरिकहरुले आधारभूत स्वास्थ्य सेवाका लागि कुनै किसिमको शुल्क तिर्नु पर्नेछैन ।

## स्वास्थ्य सेवामा हुने खर्चहरु



संरचना र उपकरणहरू



स्वास्थ्यकर्मी



औषधी तथा उपचारका सामग्रीहरु



एम्बुलेन्स सेवा, प्रेषण तथा विशिष्ट अवस्थाहरु




अभिलेख तथा प्रतिवेदन



रोगको प्रकोप नियन्त्रण तथा विपद्को पूर्व तयारी

### बजेट व्यवस्था :

स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक बजेट विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्छन् :


- आधारभुत स्वास्थ्य सेवाका लागि सङ्घ तथा प्रदेशबाट प्राप्त हुने ससर्त अनुदान
- वित्तीय समानीकरण शीर्षकबाट प्राप्त हुने रकम
- पालिकाको आन्तरिक स्रोत
- सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विशिष्ठ तथा सम्पुरक अनुदान
- बिमाबाट प्राप्त हुने रकम

---

### सफलताका कारकहरु

- पालिकाको स्वास्थ्यसम्बन्धी नीति, कार्ययोजना तथा वार्षिक कार्ययोजना र आवश्यकताअनुसार स्वास्थ्यसेवाका लागि बजेट विनियोजन
- ससर्त अनुदानबाट गरिने क्रियाकलापहरुको पूर्ण कार्यान्वयन
- समुदाय तथा संस्थाहरुको संलग्नता
- वार्षिक प्रगति प्रतिवेदन तथा सेवाहरुबारे नागरिकहरुलाई जानकारी
- आधारभूत स्वास्थ्य सेवाका लागि व्यक्ति वा परिवारको शुन्य दायित्व
- स्थानीय स्तरमा नै सम्पूर्ण आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध





### ध्यान दिनुपर्ने कुराहरु

- नागरिकहरुले आधारभुत स्वास्थ्य सेवाका लागि रकम तिर्नुपर्ने अवस्था
- स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध नहुनु
- वार्षिक कार्यक्रम तथा बजेटमा आवश्यक बजेट विनियोजन नहुनु
- आवश्यक स्वास्थ्य सेवामा न्युन पहुच, उपलब्धता, नियमितता र गुणस्तर
- स्वास्थ्यमा कमजोर सुशासन

- आधारभूत स्वास्थ्य सेवा पालिकाहरु लागि हातेपुस्तिका




## विधमान तथा अपेक्षित अवस्था

| हालको अवस्था | तीन वर्षपछि | सन् २०३० सम्म |
|---|---|---|
| नागरिकहरुले आधारभूत स्वास्थ्य सेवाका लागि रकम तिरिरहेको अवस्था | पालिकामा रहेका शतप्रतिशत नागरिकले आधारभूत स्वास्थ्य सेवा सुविधा निशुल्क रुपमा उपलब्ध | पालिकामा रहेका सम्पूर्ण नागरिकहरुलाई निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध |
| आधारभूत स्वास्थ्य सेवामा उल्लेख कुनै कुनै सेवाहरु मात्र पालिकामा उपलब्ध | पालिकामा रहेका स्वास्थ्य संस्थाहरुबाट ८० प्रतिशत आधारभूत स्वास्थ्य सेवा उपलब्ध | सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा पालिका क्षेत्रमा उपलब्ध |
| स्वास्थ्यमा सुशासन सुरुवाती अवस्थामा रहेको | विभिन्न माध्यमहरुबाट स्वास्थ्यमा सुशासनको प्रत्याभूति | स्वास्थ्य सेवामा सुशासनको उच्चतम तहमा प्रत्याभूति |
| स्थानीय स्तरमा विशिष्टीकृत स्वास्थ्य सेवाहरु नभएको | केही विशिष्टीकृत स्वास्थ्य सेवाहरु स्थानीय स्तरमा उपलब्ध | बहुधा विशिष्टीकृत स्वास्थ्य सेवाहरु नियमित रुपमा स्थानीय स्तरमा नै उपलब्ध |
| स्वास्थ्य बिमाबाट केही सीमित व्यक्तिहरु मात्र लाभान्वित | स्वास्थ्य बिमाबाट ९० प्रतिशत नागरिक लाभान्वित | स्वास्थ्य बिमाबाट सम्पूर्ण नागरिकहरु लाभान्वित |

यो हाते पुस्तिका जर्मन बिकास नियोगको
सहयोगमा तयार पारिएको हो ।

# राजस्व सुधार कार्ययोजना
# तर्जुमा विधि




## हातेपुस्तिका

### परिचय

नेपालको संविधान २०७२ ले स्थानीय स्तरमा सेवा प्रवाह र विकासको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यसहित अधिकारसम्पन्न स्थानीय सरकारको व्यवस्था गरेको छ । आम जनताका लागि अत्यावश्यक सेवा तथा सुविधा प्रभावकारी रूपमा प्रवाह गर्नका लागि स्थानीय सरकारलाई स्रोत आवश्यक हुन्छ । विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँटका माध्यमबाट स्थानीय सरकारले सङ्घ र प्रदेशबाट आर्थिक स्रोत प्राप्त गर्छन ।

स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन सङ्घ र प्रदेशबाट प्राप्त अनुदान र राजस्वको हिस्सामात्र पर्याप्त हुँदैन । स्थानीय सरकारले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएअनुरुप आन्तरिक राजस्व सङ्कलन गर्नुपर्छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारले आन्तरिक आय सङ्कलन र परिचालन गर्न सक्ने अधिकार उल्लेख गरिएको छ । आफ्नो अधिकारक्षेत्रभित्र तोकिएका आन्तरिक आय सङ्कलन तथा स्रोत परिचालनलाई दिगो र व्यवस्थित बनाउन स्थानीय सरकारले दीर्घकालीन अवधारणा सोच तथा योजना अवलम्बन गर्नुपर्ने हुन्छ । यस हाते पुस्तिकाले पालिकाको स्थानीय स्रोतको पहिचान र अभिवृद्धिसँग सम्बन्धित केही मान्यता र विधिको परिचय दिनेछ ।

### पृष्ठभूमि

वर्तमान अवस्थामा स्थानीय सरकारको आर्थिक स्रोतको ठूलो हिस्सा सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानका रुपमा प्राप्त वित्तीय हस्तान्तरण रहेको छ । त्यसका अलावा स्थानीय सरकारहरुले सङ्घीय सरकारबाट उठाउने मुख्य करहरु, जस्तै : मूल्य अभिवृद्धिकर तथा आयकरबाट पनि केही स्रोत प्राप्त गर्छन् ।

सङ्घीय सरकार, प्रादेशिक सरकार तथा अन्य स्रोतहरुबाट प्राप्त हुने स्रोतले मात्र स्थानीय सरकारका लागि तोकिएका बृहत् जिम्मेवारी पूरा गर्न र स्थानीय जनताका व्यापक आवश्यकता परिपूर्ति गर्न सम्भव छैन ।

यसर्थ स्थानीय सरकारले आन्तरिक राजस्व बढाउने कार्यलाई विशेष प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यो लक्ष्य प्राप्तिका लागि “राजस्व सुधार कार्ययोजना” (Revenue Improvement Action Plan) एक महत्वपूर्ण औजार बन्न सक्छ जसका सहायताले स्थानीय सरकारले सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने वित्तीय हस्तातरणमाथिको निर्भरता कम गर्दै आफूलाई आर्थिक रुपमा सबल बनाउन सक्छन् ।

## राजस्व सुधार कार्ययोजनाको औचित्य

राजस्व सुधार कार्ययोजनाबाट पालिकाले आफ्नो विद्यमान र सम्भावित आयका बारेमा वस्तुगत जानकारी लिने र आय अभिवृद्धिका लागि चरणबद्ध सुधारका कार्यको थालनी गर्न सक्छन् । यस योजनाले पालिकाको राजस्वमा वृद्धि गर्दै सङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने आर्थिक अनुदानप्रतिको निर्भरतामा कमी ल्याउन मद्दत गर्छ । राजस्व सुधार कार्ययोजनाले :

- पालिकाको विद्यमान राजस्वको अवस्थाको जानकारी लिन सहयोग गर्छ ।
- राजस्व वृद्धिका मुख्य मुद्दा तथा संस्थागत अवरोधको पहिचान गर्छ ।
- राजस्व वृद्धिका लागि अपनाउनुपर्ने उपायको पहिचान गर्छ ।
- समष्टिगत रूपमा राजस्वसँग सम्बन्धित कर्मचारी, जनप्रतिनिधि तथा संस्थाको क्षमता विकासमा सहयोग गर्छ ।
- राजस्व सङ्कलनका कानुनी रूपरेखा र यसको संयन्त्रलाई बलियो बनाउन मद्दत गर्छ ।
- तयार भएको कार्ययोजना (के, कसरी, कहिले र कसले) राजस्व परामर्श समितिले पारित गरेपछि प्रक्रियागत रूपले कार्यान्वयन गर्न मद्दत गर्छ ।

## सरोकारवालाहरू

- पालिकाको राजस्व परामर्श समितिले राजस्व सुधार कार्ययोजना तयार पारी कार्यपालिकाबाट स्वीकृत गर्छ ।
- निर्वाचित जनप्रतिनिधि र वडा समितिका सदस्य तथा वडा अध्यक्षले वडास्तरीय परामर्श भेलाको आयोजना तथा सहजीकरण गर्छन् ।
- राजस्व शाखाका कर्मचारीले तथ्याङ्क सङ्कलन र प्रक्रिया सहजीकरण गर्छन् ।
- निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरू, जस्तै : वाणिज्य सङ्घ तथा महासङ्घ, होटल, ट्रेकिङ, भ्रमण (टुर) र र्‍याफ्टिङ व्यवसायी सङ्घ, व्यापारिक समुदाय तथा समाजका विभिन्न व्यक्तित्वले परामर्श तथा सुझाव प्रदान गर्छन् ।
- सञ्चारकर्मीले तथ्यगत सूचना सम्प्रेषण गर्छन् ।
- राजस्व सुधार कार्ययोजना निर्माण गर्ने प्रक्रियामा समाजका विभिन्न क्षेत्र र समुदायका मानिस, जस्तै : आमा समूह, गैरसरकारी संस्था, नागरिक समाज, युवा र विद्यार्थी आदिको सहभागिता रहनुपर्छ ।



## संस्थागत संरचना

- पालिकासभाले राजस्व सुधार कार्ययोजनाका लागि आवश्यक नीति तर्जुमा गर्छ ।
- राजस्व शाखाले तथ्याङ्क, प्रक्षेपण (अनुमान) र प्रक्रियाको कार्यान्वयन गर्छ ।
- वडा अध्यक्ष, वडासचिव र नगरपालिकाका कर्मचारीहरूले राजस्व परामर्श समितिलाई आवश्यक सूचना सङ्कलन गर्न सहजीकरण गर्ने गर्दछन् तथा राजस्वसम्बन्धी जनचेतनामूलक अभियानको सञ्चालन गर्न, राजस्वका विभिन्न स्रोतका प्रस्तावहरू तयार गरी कार्यान्वयन गर्न र कार्यान्वयनमा भएका क्रियाकलापहरूको निरीक्षण र अनुगमन गर्ने गर्दछन् ।
- पालिकासभाले सबै प्रस्ताव स्वीकृत गर्ने तथा नीति, कार्यक्रम र निर्णयहरू पारित गर्ने गर्छ ।

कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पालिकाका कर्मचारीलगायत जनप्रतिनिधिलाई पनि स्थानीय सरकारको राजस्व परिचालनसम्बन्धी ऐन, कानुन नीति, योजना आदिको ज्ञान हुनु आवश्यक हुन्छ । यसका लागि पालिकाको राजस्व शाखाको प्रभावकारिताका लागि राजस्व शाखामा कार्यरत कर्मचारीमा यस विषयमा आवश्यक ज्ञान हुनु आवश्यक छ ।

## सामान्य सिद्धान्त

- पालिकाले आन्तरिक आय अभिवृद्धि गर्ने कुरालाई विशेष प्राथमिकतामा राख्नुपर्छ ।
- पालिकाले उठाउने राजस्व तथा कर, पालिकाको भौतिक तथा सामाजिक विकासको अवस्थासँग मिल्ने हुनुपर्दछ ।
- करको दर जनताको क्षमताले भ्याउने हुनुपर्छ र उठाएको करको न्यायोचित व्यवस्थापन हुनुपर्छ ।
- निजी क्षेत्रसँग सहकार्य आवश्यक हुन्छ ।
- आन्तरिक आयको संकलन र उपयोगमा पारदर्शिता सुनिश्चित हुनुपर्छ ।
- सङ्घीय र प्रादेशिक सरकारको आर्थिक नीति, कानुन, प्रणाली, योजना र कार्यक्रमलाई ध्यान दिनुपर्छ।
- स्थानीय सरकारबाट तयार भएको सहरी योजना, आवधिक योजना, वार्षिक योजना तथा बजेटसँग अनुरुप हुनुपर्छ ।
- लागत र लाभको मुल्याङ्कन हुनुपर्छ।

---

## राजश्व सुधार कार्ययोजना कार्यान्वयन रणनीति

राजस्व सुधार कार्ययोजना स्वीकृत भएपछि कार्ययोजनाले आत्मसात् गरेको समग्रलक्ष्य, क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरुलाई कार्यतालिका बनाई कार्यान्वयनमा ल्याइने गर्छ । यसका लागि संस्थागत संरचनामा सुधार, कार्य प्रणालीलाई लाभलागतका आधारमा पालिका स्वयम् वा अन्य सेवा प्रदायकमार्फत् कार्यान्वयन, निर्धारित क्षेत्रगत लक्ष्य, जस्तै : करआधार विस्तार, दररेट निर्धारणमा वैज्ञानिक पद्धतिको विकास, करयोग्य सम्पत्ति, आम्दानी र सेवा वा वस्तुको मूल्याङ्कनमा वस्तुपरक पद्धतिको विकास, हालको कर दायरा र दायरा बिस्तारसम्बन्धी लक्ष्य, सङ्कलन प्रणालीलाई सेवाग्राहीमैत्री बनाउने प्रयोजनका लागि अवलम्बन गरिने विधि, प्रविधि, सेवाप्रदायकहरुको उपयोग, प्रतिफल र जोखिममा साझेदारीजस्ता रणनीति र कार्यक्रमको तालिका बनाई जिम्मेवारी निर्धारण गरिन्छ ।

---

## लागत

कार्ययोजना तयारीका लागि बाह्य परामर्शदाता वा विषेशज्ञ तथा कार्यशाला गोष्ठीहरु आवश्यक पर्दछन् । यदि पालिकाको अद्यावधिक पार्श्वचित्र छैन भने यसका लागि कम्तीमा ३ वटा वडा भेला, २ वटा पालिका तहको कार्यशाला तथा कम्तीमा ३ वटा सरोकारवालाहरुसँगको परामर्श भेला र अन्तिममा सबै सरोकारवालाहरुसहितको बृहत् कार्यशाला गोष्ठीको आवश्यकता पर्छ । यसका लागि पालिकाको भौगोलिक अवस्थिति, जनसङ्ख्या तथा घरधुरी सङ्ख्या, उद्योग व्यवसायजस्ता आर्थिक गतिविधिहरुको विद्यमान अवस्थाका आधारमा लागत फरकफरक हुन सक्ने देखिन्छ ।

- राजस्व सुधार कार्य योजना तर्जुमा विधि




## केहि महत्वपूर्ण चरणहरु

कार्ययोजना तयार गर्दाका मूख्य चरणहरु :

- राजस्वसम्बन्धी पालिकाको नीति तथा कानुन र निर्णयको समीक्षा।
- राजस्वसम्बन्धी प्रतिवेदन, कार्यविधि, प्रक्रिया, सङ्कलन विधि, प्रक्षेपण आदिको समीक्षा र विश्लेषण।
- परामर्श कार्यशालामार्फत् राजस्वसँग सम्बन्धित मुख्य समस्याको पहिचान र आधिकारिक सरोकारवालाको पहिचान।
- स्थानीय राजस्व सङ्कलनको प्रणाली, प्रक्रिया, मानवस्रोत, सीप र सम्बन्धित सेवाहरुको व्यवस्थापन र बाधाहरुको पहिचान र विश्लेषण ।
- मस्यौदा कार्ययोजनाको तयारी तथा कार्यशाला र गोष्ठीमार्फत् सरोकारवालासँग सुझाव र प्रतिक्रिया सङ्कलन।
- सङ्कलित सुझावसहितको अन्तिम कार्ययोजना तयार।
- पालिकासभाद्वारा कार्ययोजना स्वीकृत र कार्यान्वयन।
- स्वीकृत कार्ययोजना अनुरुप पालिकाको वार्षिक कार्ययोजनामा समावेश।




## सफल कार्यान्वयनका आधार

कार्ययोजना प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न र आय अभिवृद्धि गर्न निम्न कुराहरुमा ध्यान दिनुपर्छ।

- राजस्व परामर्श समितिको नियमित बैठक ।
- स्थानीय जनतामा पालिकाप्रति विश्वास र भरोसा ।
- आन्तरिक राजश्वमा क्रमिक सुधार भएको सङ्केत ।
- चुस्त राजस्व तथा कर प्रशासन ।
- पालिकाले प्रवाह गर्ने सेवामा क्रमिक सुधार ।
- पालिकाका दीर्धकालिन तथा अल्पकालिन योजना तथा क्रियाकलापमा जनताको सहकार्य र स्वीकार्यता ।
- कार्ययोजनाका लागि जनप्रतिनिधि सम्मिलित कुशल कार्यान्वयन संयन्त्र ।
- कार्ययोजनाहरुको नियमित अनुगमन, समीक्षा र संशोधन

## राजश्व सुधार कार्ययोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन बिधि

स्वीकृत कार्ययोजना, समष्टिगत र क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमअनुसार प्रक्रिया र नतिजामुखी सूचक निर्माण, सोहीबमोजिम कार्य सम्पादन करार गरी सोही सुचकका आधारमा नियमित अनुगमन, मूल्याङ्कन, आवधिक समीक्षासहित कार्ययोजनामा समायोजना गरिन्छ र कार्यान्वयनलाई प्रभावकारी बनाइन्छ। यसका लागि :

- राजस्व परामर्श समितिको नियमित बैठक।
- स्थानीय जनतामा पालिकाप्रति विश्वास र भरोसा।
- चुस्त राजस्व प्रशासन।
- पालिकाको सेवा प्रवाहमा राजश्वलाई आबद्धता।
- पालिकाको दीर्घकालिन तथा अल्पकालीन योजना तथा क्रियाकलापमा सरोकारवालाहरुको स्वीकार्यता र सहकार्य।
- कार्ययोजनाका लागि जनप्रतिनिधि सम्मिलित कार्यान्वयन तथा अनुगमन संयन्त्र।
- कार्ययोजनाहरुको नियमित अनुगमन, समीक्षा र संशोधन।

यो हाते पुस्तिका जर्मन बिकास नियोगको सहयोगमा तयार पारिएको हो ।

## राजस्व सुधार कार्ययोजना र यसबाट प्राप्त हुने उपलब्धि

राजश्व सुधार कार्ययोजनाका माध्यमबाट पालिकाले विद्यमान राजश्वको यथार्थ अवस्था र आगामी दिनमा चाल्नुपर्ने नीतिगत तथा व्यवस्थापकीय निर्णयका लागि सहयोगी सिद्ध हुनेछ। यसले :

- राजस्व वृद्धिका मुख्य मुद्दा तथा संस्थागत अवरोध पहिचान गर्छ।
- राजस्व वृद्धिका लागि अपनाउनुपर्ने उपायहरुको पहिचान गर्छ।
- समष्टिगत रुपमा राजस्वसँग सम्बन्धित कर्मचारी, जनप्रतिनिधि तथा संस्थाको विकासमा सहयोग गर्छ।
- राजस्व सङ्कलनका कानुनी रुपरेखा र यसको संयन्त्रलाई बलियो बनाउन मद्दत गर्छ।
- राजश्व सुधारको क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम सम्बन्धी जिम्मेवारी र समयतालिका स्पष्ट हुने गर्छ।

हाल राजस्व सुधार कार्ययोजना बैंसीसहर, बाँसगढी, नेपालगञ्ज, विदुर नगरपालिकाहरुले सफलतापूर्वक कार्यान्वयन गरिरहेका छन्। यससम्बन्धी अन्य विस्तृत जानकारीका लागि सम्बन्धित नगरपालिकाहरुको वेबपेजमा हेर्न सक्नुहुन्छ।

# पालिकाहरूको दीर्घकालिन विकास योजना तर्जुमा विधि

# हाते पुस्तिका

## दीर्घकालिन विकास योजना के हो ?

दीर्घकालिन विकास योजना निर्वाचित जनप्रतिनिधिले आफ्नो कार्यकालमा पालिकावासीको सामाजिक, आर्थिक र भौतिक विकासका लागि तयार गर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमसहितको विकासको मार्गचित्र हो ।

यस योजनाले आगामी १० वर्षमा गाँउ/नगरको स्वरूप कस्तो हुन्छ र गाँउ/नगरवासीको जीवनस्तर र उत्पादकत्वमा के कस्तो सुधार हुन्छ भन्ने कुराको वस्तुगत आधारमा लेखाजोखा गरिएको हुन्छ ।

यस योजनाका आधारमा स्थानीय सरकार, सरकारी निकाय, निजी व्यवसायी, गैरसरकारी संस्था र स्थानीय उपभोक्ता समितिले आआफ्ना योजना तथा कार्यक्रम तयार गर्छन् र सोहीअनुसार सामाजिक तथा आर्थिक वकास तथा पूर्वाधारमा लगानी गर्दछन् ।

## दीर्घकालिन विकास योजना किन आवश्यक छ ?

गाँउ/नगर क्षेत्रको पूर्वाधार निर्माण, भवन निर्माण, बस्ती विकास र आर्थिक गतिविधिलाई व्यवस्थित रूपमा अघि बढाउन, उपलब्ध जमिनको वैज्ञानिक उपयोग गर्न, सरकारी तथा निजी क्षेत्रबाट हुने लगानीका क्षेत्र पहिचान गर्न र विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्न र तिनको प्राथमिकीकरण गर्नका लागि गाँउ/नगरको दीर्घकालिन विकास योजना अत्यावश्यक छ ।

## यस हाते पुस्तिकाको उद्देश्य के हो ?

यस हाते पुस्तिकाको मुख्य उद्देश्य  स्थानीय जनप्रतिनिधि, कर्मचारी र योजनाकारलाई गाँउ/नगर क्षेत्रको दीर्घकालिन विकास योजनाको महत्व, विधि र उपयोगका बारेमा जानकारी गराउनु हो ।

## यो हाते पुस्तिका कसका लागि उपयोगी हुन्छ ?

यो हाते पुस्तिका तल उल्लिखित सबैका लागि उपयोगी छ :

क. स्थानीय सरकारका निर्वाचित प्रतिनिधि-प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा वडा सदस्यहरू

ख. स्थानीय सरकारका कर्मचारी

ग. योजना तर्जुमा कार्यमा संलग्न हुने परामर्शदाता, योजनाकार तथा प्राविधिक

घ. स्थानीय समूह वा समुदाय -जस्तैः नागरिक समाज उपभोक्त समूह, विद्यार्थी, यूवा आदि)

## दीर्घकालिन विकास विकास योजना कुन नीति तथा कानुनअन्तर्गत तर्जुमा गरिन्छ ?

हाल नेपालमा निम्न नीति तथा कानुनको दायराभित्र रहेर सहरी विकास योजना तर्जुमा  गरिन्छ :

क. राष्ट्रिय सहरी नीति २०६२

ख राष्ट्रिय सहरी विकास रणनीति २०७२

ग. स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ. सम्बन्धित स्थानीय सरकारको कार्यपालिकाको निर्णय




चित्र १ : योजना तर्जुमा कार्यमा संलग्न हुने मुख्य सरोकारवाला

## दीर्घकालिन विकास योजना तर्जुमा कार्यका लागि मुख्य सरोकारवालाहरू को को हुन् ?

गाँउ/नगरको दीर्घकालिन विकास योजना सबै पालिकावासीको चासोको विषय भए तापनि दीर्घकालिन विकास योजना तर्जुमा कार्यमा निम्न सरोकारवालाहरूको मुख्य भूमिका हुन्छ :

क. स्थानीय निर्वाचित प्रतिनिधिहरू (प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, वडा अध्यक्षहरू

ख. स्थानीय सरकारका कर्मचारीहरू

ग. पूर्वाधार निर्माणसँग सम्बन्धित सरकारी निकाय

घ. स्थानीय उद्योग वाणिज्य सङ्घ

ङ. सामाजिक क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था

च. टोलसुधार समिति

छ. राजनीतिकर्मी

ज. नागरिक समाज

झ. सञ्चारकर्मी

ञ. स्थानीय घरजग्गा व्यवसायी

## निर्वाचित जनप्रतिनिधिले दीर्घकालिन विकास योजनाबाट के अपेक्षा गर्ने ?

क. निर्वाचनका बेला जारी घोषणापत्र र नागरिकलाई दिएको आश्वासन र गरेका प्रतिबद्धतालाई विस्तृत रूपमा नीति तथा कार्यक्रममा रूपान्तरण गरिएको दस्तावेज ।

ख. संघीय सरकार, प्रदेश सरकार र दातृ निकायलाई प्रस्तुत गर्न सकिने दस्तावेज ।

ग. स्थानीयस्तरका आयोजनाको छनौट प्राथमिकीकरण गर्ने आधारपत्र ।

घ. निजी क्षेत्रसँग साझेदारी गर्न सम्भाव्य आयोजनाको पहिचान गरिएको दस्तावेज ।

ङ. आफ्नो कार्यकालमा सम्पन्न हुने, सुरुवात हुने र विस्तृत आयोजना प्रतिवेदन तयार मात्र गर्न सकिने आयोजनाको सूची भएको दस्तावेज ।

## दीर्घकालिन विकास योजना तर्जुमा गर्दा पालना गरिने निर्देशक सिद्धान्त के के हुन् ?

नेपालका सन्दर्भमा दीर्घकालिन विकास योजना तर्जुमा गर्दा निम्न निर्देशक सिद्धान्तको पालना गरिन्छ :

- पालिका क्षेत्रभित्र उपलब्ध स्रोत, जस्तैः जमीन, जलस्रोत, जनशक्ति, वित्तीय पुँजी आदिको पहिचान गरी अधिकतम उपयोग गर्ने ।
- दिगो आर्थिक अवसरको खोजी गर्ने ।
- वातावरण संरक्षण तथा विकास र वातावरणबीच सन्तुलन कायम गर्ने ।
- संयुक्त राष्ट्रसङ्घको दीर्घकालीन विकासको लक्ष्यलाई आत्मसात् गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने ।
- स्थानीय सरकारका प्रमुख आर्थिक आधारको पहिचान गर्ने ।
- पालिकाको समग्र विकासमा सवै वर्ग र समूहलाई प्रत्यक्ष रूपमा सहभागी गराउँदै त्यसबाट प्राप्ते प्रतिफल समाजका सबै वर्गसँग पुग्ने अवस्था सुनिश्चित गर्ने ।

## दीर्घकालिन विकास योजनाको कार्यक्षेत्र र दायरा के हो ?

सीमित साधन स्रोत र समयभित्र योजना तर्जुमा गर्नुपर्ने हुनाले योजना तर्जुमा गर्दा निम्न कार्यक्षेत्र र दायरा तोकिन्छ :

पालिकाको आगामी १० वर्षका लागि विद्यमान गांउ तथा सहरी क्षेत्रको सुधार, नयाँ थपिने जनसङ्ख्याका लागि आवास, भौतिक तथा सामाजिक पूर्वाधार, रोजगारी, मनोरञ्जनसहितको व्यवस्थित बस्ती विकास (ग्रामीण तथा सहरी क्षेत्र) को योजना तयार गर्नु नै विकास योजनाको कार्य क्षेत्र हो ।

क्षेत्रगत विकासका विस्तृत योजनाहरू, जस्तै : कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति, उर्जा, जलस्रोत आदि यसमा समावेश गरिएको हुँदैन तर ती योजना तर्जुमा गर्दा गांउ तथा सहरी विकास योजनालाई गुरुयोजनाका रूपमा ग्रहण गर्नुपर्दछ ।

त्यसैगरी, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य यसभित्र पर्दैन, तर विकास योजनाले निर्दिष्ट गरेबमोजिमका स्थानमा मात्र सो प्रतिवेदन तयार गर्न सकिन्छ । उदाहरणका लागि जग्गा एकीकरण आयोजना, निजी क्षेत्रबाट विकास गरिने ओद्योगिक क्षेत्र, सडक सुधार आयोजना, बस टर्मिनल, सभागृह, रङ्गशाला, सहरी उद्यान आदि ठूला आयोजनाहरूको विस्तृत प्रतिवेदन तयार गर्दा सहरी विकास योजनालाई मुख्य आधार मान्नुपर्दछ ।

## दीर्घकालिन योजना तर्जुमा गर्दा कस्तो विधि र प्रक्रिया अपनाइन्छ ?

- स्थानीय सरकार र योजनाकार संस्थाबिच सम्झौता र समझदारी
- पालिकाका अपेक्षा र आवश्यकताका विषयमा विस्तृत छलफल
- विस्तृत कार्यविवरणको निर्माण
- प्राविधिकसहितको योजना टोलीको गठन र परिचालन
- स्थानीय सरकारमा परिचयात्मक बैठकको आयोजना
- पालिका तथा वडा तहमा जनप्रतिनिधिको अध्यक्षतामा योजना समिति गठन
- प्राविधिक टोलीद्वारा स्थलगत अध्ययन र मुख्य सरोकारवालासँग छलफल
- पालिकाको वस्तुस्थिति विश्लेषण (सम्भावना र अवसर को पहिचान)
- पालिकाको दीर्घकालीन लक्ष्य निर्धारणका लागि कार्यशालाको आयोजना
- वडागत अध्ययन र स्थानीयसँग छलफल
- आधार नक्साको अन्तिम रूप तय
- पालिकाको रूपरेखा (प्रोफाइल) तयारी
- योजनाकारद्वारा आगामी १० वर्षका लागि जनसङ्ख्या प्रक्षेपण गरी सो का लागि भौतिक तथा सामाजिक पूर्वाधारको आवश्कताको आँकलन
- भू-उपयोग, सडक सञ्जाल, भौतिक तथा सामाजिक पूर्वाधारको अवस्थिति, प्रस्तावित योजना तथा त्यससँग सम्बधित नक्सा तयारी
- पालिका पदाधिकारीबिच योजनाको मस्यौदा प्रस्तुति र राय सङ्कलन
- प्राप्त रायका आधारमा मस्यौदा प्रतिवेदन परिमार्जन
- अन्तिम मस्यौदा पालिकासमक्ष पेस
- पालिकाबाट प्रतिवेदन स्वीकृति

- स्वीकृत योजनाबारे सरोकारवालालाई जानकारी
- योजना टोली विघटन
- योजनाको दस्तावेजको सार्वजनिकीकरण (प्रचार प्रसार र प्रकाशन)

### दीर्घकालिन विकास योजना तर्जुमा गर्नका लागि प्राविधिक टोली कस्तो हुन्छ ?

दीर्घकालिन विकास योजना तर्जुमाका लागि निम्नानुसार प्राविधिक जनशक्तिको परिचालन गर्ने :

- योजनाकार (क्षेत्रीय विकास/सहरी विकास/ग्रामीण विकास)
- सिभिल इन्जिनियर
- आर्किटेक्ट
- अर्थशास्त्री
- समाजशास्त्री वा मानव शास्त्री
- भौगोलिक सूचना प्रणाली विज्ञ

योजना निर्माण टोलीलाई सघाउन स्थानीय सरकाले एकजना कर्मचारी तोकेर निर्माण अवधिभर योजना निर्माणका गतिविधिमा संलग्न गराउनु पर्दछ । सम्भव भएसम्म स्थानीय विज्ञ र प्राविधिकलाई योजना तर्जुमा कार्यमा संलग्न गराउनुपर्दछ ।

### योजना टोलीले गर्ने मुख्यमुख्य काम के के हुन् ?

योजना टोलीले पाँच चरणमा निम्नलिखित कार्यहरू गर्दछ :

#### पहिलो चरण : परिचयात्मक बैठक र पालिका वडा तहमा योजना समिति गठन

- योजना तर्जुमा प्रक्रियालाई बढी सहभागितामूलक र समावेशी बनाउन पालिकाका कार्यसमिति सदस्य, कर्मचारी, सरोकारवाला सङ्घसंस्था, लब्धप्रतिष्ठित व्यक्तित्वको उपस्थितिमा परिचयात्मक बैठक आयोजना गरी प्रस्तावित योजना तर्जुमा कार्यको प्रक्रिया र विधिबारे जानकारी गराउने ।
- योजना तर्जुमा तथा कार्यन्वयनका लागि पालिका र वडा स्तरमा जनप्रतिनिधिको संयोजकत्वमा योजना समिति गठन गराउने ।
- विभिन्न स्रोतबाट सान्दर्भिक कागजात, प्रतिवेदन, नक्सा आदि सङ्कलन, अध्ययन तथा समीक्षा गर्ने र आधार नक्सा तयार गर्ने ।
- स्थलगत रूपमा रुजु गरी आधार नक्सा अद्यावधिक गर्ने ।
- उद्देश्य, प्रक्रिया र अपेक्षित उपलब्धिका विषयमा विचार विमर्श गर्न छलफल कार्यक्रमहरू आयोजना गर्ने ।

#### दोस्रो चरण : स्थलगत अध्ययन

- स्थलगत निरीक्षण, सर्वेक्षण, आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन गर्न विषयगत सूची तयार गर्ने, नाप जाँच गर्ने, प्रमुख पूर्वाधारको अवस्थिति नक्साङ्कन गर्ने तथा सङ्कलित तथ्याङ्क र सूचनाको पूर्णता परीक्षण गर्ने
- पालिकाका सम्पूर्ण वडाहरूमा रहेका मुख्य आर्थिक, सामाजिक, भौतिक र पुरातात्विक महत्वका पूर्वाधार को स्थलगत भ्रमण गरी अध्ययन गर्ने ।
- सबै वडामा वडा भेला गरी आफ्नो पालिकामा देखेका सम्भावना र अवसरलाई सङ्कलन गर्ने ।
- पालिकाको पार्श्वचित्र तयार गर्न सामाजिक, भौतिक, आर्थिक र अन्य जानकारी सङ्कलन गर्ने ।
- तथ्याङ्क सङ्कलनका लागि प्राथमिक तथा माध्यमिक दुबै विधिको प्रयोग गर्ने ।

#### तेस्रो चरण : पालिकाको वस्तुस्थिति विश्लेषण (सम्भावना र अवसरहरूको पहिचान)

- विभिन्न बैठक, छलफल, वडा भेला, स्थलगत अध्ययन तथा विभिन्न स्रोतबाट प्राप्त जानकारी र दस्तावेजको अध्ययन गरी पालिकाको सम्भावना र अवसरको पहिचान गर्ने ।
- दीर्घकालीन लक्ष्य निर्धारण कार्यशाला आयोजना (पालिकाको स्वरूप, अग्रणी क्षेत्र र मुख्य आयोजनाहरूको पहिचान गर्ने ।
- पालिकाका जनप्रतिनिधि, सरोकारवाला सङ्घसंस्था तथा व्यक्तित्वहरूको उपस्थितिमा दीर्घकालीन लक्ष्य निर्धारण कार्यशाला आयोजना गरी पालिकाको विशेषता, उपलब्ध स्रोतका आधारमा दीर्घकालीन लक्ष्य निर्धारण गर्ने ।
- पालिकाको विशेषता, उपलब्ध स्रोतका आधारमा अग्रणी क्षेत्रको पहिचान गरी सोहीअनुरूपका मुख्य आयोजनाहरूको पहिचान गर्ने ।

## चौथो चरण : योजना तर्जुमा

- आगामी १० वर्षका लागि रणनीतिक योजनासहित भूउपयोग, सडक सञ्जाल, भवन निर्माण, बस्ती विकास, पहिचान गरिएका प्रमुख आर्थिक क्षेत्रको विकास, वातवरण संरक्षण, विपद् व्यवस्थापन, संस्थागत सुदृढीकरणका लागि योजना र कार्यक्रमको प्रस्तावसहित नक्सा तयार गर्ने ।
- विभिन्न क्षेत्रगत आयोजनाको प्राथमिकीकरणसहितको सूची तयार गर्ने ।
- वडास्तरीय र पालिकास्तरीय योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने ।
- गाउँ तथा सहरको सांस्कृतिक र आर्थिक अवस्थाको विश्लेषण गर्ने ।
- पालिकाको आर्थिक र संस्थागत क्षमताको विश्लेषण गर्ने ।
- हालको अवस्थामा दीर्घकालिन विकासको प्रवृत्ति र दिशा विश्लेषण गर्ने ।
- जनसङ्ख्या प्रक्षेपण र सेवाहरूको आवश्यकता अनुमान गर्ने ।
- विकासका अवसर र सम्भावित अरोधवारे अध्ययन गर्ने ।
- विद्यमान भूउपयोग अवस्थाको विश्लेषण गर्ने ।
- सोच निर्धारण, लगानीका प्रमुख क्षेत्र र रणनीतिक आयोजनाको पहिचानका लागि सरोकारवालासँग छलफल तथा कार्यशाला सञ्चालन गर्ने
- पालिकाको भूउपयोगसम्बन्धी क्षेत्रविभाजन र वस्ति विकास तथा विस्तार सहितको भौतिक विकास योजना तयार गर्ने ।
- सामाजिक, आर्थिक, वातावरणीय तथा साङ्गठनिक विकास योजना तर्जुमा गर्ने
- बहुक्षेत्रगत लगानी योजना तयार गर्ने ।
- योजना कार्यान्वयन तथा अनुगमन संयन्त्र प्रस्ताव गर्ने ।

## पाँचौं चरण : योजनाको प्रस्तुति र स्वीकृति

- पालिका जनप्रतिनिधि र कर्मचारीसमक्ष मस्यौदा योजनाको प्रस्तुति र राय सुझाव सङ्कलन गर्ने ।
- पालिका बोर्डमा आवश्यक छलफल गरी प्रतिवेदन स्वीकृत गर्ने ।
- सरोकारवालालाई स्वीकृत योजनाबारे जानकारी गराउने ।
- योजनाको सार्वजनिकीकरण गर्ने, वेबसाइटमा राख्ने र पुस्तक छपाइ गर्ने ।

## दीर्घकालिन विकास योजनाको दस्तावेजमा के के कुरा समावेश हुन्छन् ?

### पहिलो खण्ड : पालिकको रूपरेखा (प्रोफाइल)

यस खण्डमा पालिकाको भौतिक, सामाजिक, वित्तीय र संस्थागत अवस्थाको जानकारी दिने उद्देश्यले विभिन्न प्रकारका विवरण तथा तथ्याङ्कलाई सचित्र प्रस्तुत गरिन्छ । दीर्घकालिन विकास योजना तर्जुमाको पहिलो चरणमा गरिने कार्यअन्तर्गत तयार गरिए तापनि यसलाई एउटा छुट्टै दस्तावेजका रूपमा प्रकाशन गरी उपयोग गर्न पनि सकिन्छ ।

### दोस्रो खण्ड : योजना तथा कार्यक्रमहरू

यो दीर्घकालीन विकास योजनाको मूल दस्तावेज हो । यसमा पालिकाको वर्तमान अवस्थाको विश्लेषणसहित भविष्यका लागि आवश्यक पर्ने सेवा, सुविधा, साधन, स्रोतको अनुमान गरी विभिन्न प्रकारका योजना प्रस्ताव गरिएको हुन्छ । सामान्यतया यसमा निम्न विषय समेटिएको हुन्छ :

- क्षेत्रगत योजना, जस्तैः सामाजिक, आर्थिक, वातावरण, विपद् व्यवस्थापन योजना
- भूउपयोग तथा जग्गा विकास योजना
- बहुक्षेत्रीय लगानी योजना
- योजना कार्यन्वयनका रणनीति
- भवन निर्माण मापदण्ड
- संस्थागत विकास योजना

**तेस्रो खण्ड : नक्साहरू**

पालिकाको केन्द्र र वडा कार्यालयका लागि आवश्यक पर्ने नक्सा यस खण्डमा प्रस्तुत गरिन्छ । पालिका स्तरमा भूउपयोग योजना, सडक सञ्जाल, प्रस्तावित वस्ती विस्तार योजना, वातावरण संरक्षण तथा विपद व्यवस्थापन योजनासहित पालिकाको आर्थिक विकासका लागि महत्वपूर्ण योजनाको खाका प्रस्तुत गरिएको हुन्छ। त्यसैगरी, वडाको नक्सामा वडाको वर्तमान अवस्था र प्रस्तावित आयोजनाको अवस्थिति देखाइन्छ ।

सामान्यतया यस खण्डमा निम्नअनुसारका नक्साहरू समावेश गरिन्छ :

१. पालिकाको अवस्थिति, जनघनत्व, जनसङ्ख्याको वितरण र क्षेत्रीय सम्पर्क

२. आधार नक्सा

३. सडक सञ्जाल

४. भौतिक, सामाजिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी पूर्वाधारको अवस्था

५. वस्ती विकासको प्रवृत्ति, वातावरणीय संवेदनशीलता प्रस्तावित भूउपयोग योजना

६. प्रस्तावित वस्ति विकास योजना

७. प्रस्तावित सडक सञ्जालको योजना

८. विशेष पूर्वाधारको अवधारणा नक्सा

**चौथो खण्ड : आयोजनाको विवरण (प्रोजेक्ट ब्रिफ)**

यस खण्डमा जनप्रतिधिहरू र पालिकावासीसँग गरिएको छलफल र योजनाकारद्वारा प्रस्ताव गरिएका आयोजनाको संक्षिप्त विवरणसहितको सूची प्रस्तुत गरिन्छ। जनप्रतिनिधिले दैनिक रूपमा प्रयोगमा ल्याउने यस खण्डलाई छुट्टै प्रकाशन गर्न सकिन्छ ।

**पाँचौं खण्ड : अनुसूचीहरू**

- अनुसूची १ : दीर्घकालिन विकास योजना टोलीको संक्षिप्त परिचय
- अनुसूची २ : स्थलगत अध्ययनका क्रममा अन्तरक्रिया गरिएका विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था/व्यक्तिको विवरण

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT
giz

# गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

## केन्द्रीय कार्यसमितिको पहिलो बैठकबाट गाउँपालिकामा निर्वाचित

## जनप्रतिनिधिहरुमा जारी

## सदाचार नीति सम्बन्धी आव्हान

- जनताले सजिलै र सोझै अध्ययन गर्न सक्ने पुस्तक बनौं ।
- आफूलाई यस्तो पात्र सम्झौं जसको सम्पति मात्र निष्ठा हुनेछ अनि जसको पहिलो र अन्तिम वाक्य हुनेछ हामी । म होइन ।
- असम्भव कुराहरु नबोलौं : बोलेका कुराहरु पुरा गर्न प्रयत्नसिल रहौं ।
- आफ्ना वाचाहरु प्रति जवाफदेहि बनौं : समयको ख्याल गरौं ।
- प्रत्येक मानिसहरु प्रति विनम्र होऔं : कसैप्रति टाढा र नजिकको व्यवहार नगरौं ।
- कामको प्राथमिकता छुट्याउने गरौ : जटिल काम पहिले र कम जटिल काम पछि सारौं ।
- पहुँचको आधारमा होइन : सामाजिक न्यायको आधारमा काम गरौं ।
- जनताको कुरा झर्को नमानी सुनौं : चित्त बुझ्दो र भरपर्दो जवाफ दिऔं ।
- जनतासँगको घनिष्ठ सम्बन्ध कायम राखौं: नियमित जनता समक्ष पुग्ने वातावरण बनाऔं ।
- दिनचर्या पारदर्शि र स्पष्ट बनाऔं ।
- असल र योग्य मानिसहरुलाई साथमा लिऔं ।
- अपाच्य र भड्किलो जीवनशैली नअपनाऔं : त्यस्तो समारोहहरु आयोजना नगरौं ।
- संविधान र आवश्यक कानूनहरुको राम्रो अध्ययन गरौं : गैर संवैधानिक र गैरकानूनी व्यवहार नगरौं ।
- आफ्नो क्षेत्रको राम्रो अध्ययन गरौं : तथ्यको आधारमा मात्र बहश गरौं ।
- बहाना बनाएर नपन्छौं : केही न केही सकारात्मक काम गरिरहौं ।
- समस्यामा मात्र भन्दा समाधानको बारेमा सोचौं : समस्याको चर्चा गर्न होइन समाधानको लागि भूमिका खेलौं ।
- दलीय स्वार्थ भन्दा माथि उठौं: विवेक पुर्याएर काम गरौं ।